# आधारभूत शिक्षा पाठ्यक्रम

(कक्षा ६–८)

२०६९



# आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८)

**२०६९**

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक :** नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा निहित

वि.सं. २०६९

# भूमिका

अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका माध्यमले सार्वभौम मानवीय मूल्य, सामाजिकीकरण, प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण, सामाजिक समानता, शान्ति, मैत्री, सद्भाव, सहिष्णुता, विश्व बन्धुत्व जस्ता पक्षको बोध गर्न सक्ने, राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र मानव अधिकारलाई सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका तथा आधुनिक परिवेशसँग परिचित भई नेपाली कला, सौन्दर्य, आदर्श र वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विकास गर्ने नागरिकको उत्पादन समसामयिक आवश्यकता हो । आधारभूत शिक्षाको मूल उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचारहरू आदानप्रदान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनुपर्छ । विद्यार्थीमा यस प्रकारका सक्षमता विकास गर्न आधारभूत तहको तेस्रो चरणका लागि सक्षमतामा आधारित पाठ्यक्रम विकास गरिएको छ । भाषिक, तार्किक तथा व्यावहारिक गणितीय सिप विकास र प्रयोग, सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको प्रयोग, जनसङ्ख्या, वातावरण र दिगो विकासको व्यवस्थापनमा सहयोग, वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त, नियम र खोज तथा अनुसन्धानको उपयोग एवम् प्रकृति र जीवबिचको अन्तरसम्बन्ध बोध, स्वस्थ, नैतिक र असल सामाजिक व्यवहारको विकास, स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सामान्य व्यावसायिक सिपको प्रयोग, कला र संस्कृतिको संरक्षण एवम् संवर्धन र व्यावहारिक जीवनमा आइपर्ने समस्याको पहिचान, विश्लेषण तथा समाधान यस तहका मुख्य सक्षमता हुन् ।

विद्यालय तहको पाठ्यक्रमलाई जनआकाङ्क्षा एवम् देशको परिवर्तित सन्दर्भअनुकूल समसामयिक बनाउन राष्ट्रिय पाठ्यक्रम प्रारूप र विद्यालय क्षेत्र सुधार कार्यक्रमअनुकूल हुने गरी समायोजन गर्नुपर्ने आवश्यकता रहेकाले आधारभूत तह तेस्रो चरणका लागि समसामयिक पाठ्यक्रम विकास गर्नुपरेको हो । उक्त प्रयोजन पूर्ति गर्ने उद्देश्यले देशभरका छानिएका १८ जिल्लाका १०० विद्यालयमा परीक्षण गरी शिक्षक, विद्यार्थी, शिक्षाविद् तथा सम्बद्ध सरोकारवालाहरूका राय सुझावसमेतलाई समेटी देशभर लागु गर्नका लागि यो आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८),२०६९ तयार पारिएको हो । यस कार्यमा विश्व विद्यालयका प्राध्यापक, विषय शिक्षक, विद्यार्थी, अभिभावक, केन्द्रका कर्मचारीहरू तथा सम्बद्ध सरोकारवालाहरूको विशेष भूमिका रहेको छ । यसका लागि केन्द्र सबैलाई धन्यवाद दिन्छ ।

पाठ्यक्रम सुधारको कार्य निरन्तर प्रक्रिया भएकाले यस पाठ्यक्रमलाई देशभर प्रभावकारी रूपमा कार्यान्वयन गर्ने शिक्षक, अभिभावक तथा समस्त बुद्धिजीवीहरूको अहम् भूमिका रहने हुँदा यो केन्द्र सम्बद्ध सबैबाट रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

२०६९

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषयसूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| **आधारभूत शिक्षा पाठ्यक्रम** | | |
| (क) | परिचय | i |
| (ख) | सक्षमता | i |
| (ग) | सक्षमतामा आधारित पाठ्यक्रमको औचित्य | ii |
| (घ) | शिक्षाका राष्ट्रिय उद्देश्य | ii |
| (ङ) | शिक्षाको संरचना | iii |
| (च) | शिक्षाको माध्यम | iii |
| (छ) | विषयगत पाठ्यक्रमका अङ्ग | iii |
| (ज) | तहगत सक्षमता | iv |
| (झ) | पाठ्यक्रम ढाँचा | iv |
| (ञ) | खुला तथा वैकल्पिक शिक्षा | vi |
| (ट) | मातृभाषा/स्थानीय विषय/संस्कृत/कला तथा अन्य विषय | vi |
| (ठ) | पठनपाठनको समयावधि | vii |
| (ड) | सिकाइ सहजीकरण प्रक्रिया | vii |
| (ढ) | विद्यार्थी मूल्याङ्कन | vii |
| (ण) | पाठ्यक्रम मूल्याङ्कन | viii |
| (त) | पाठ्यक्रम तथा पाठ्यपुस्तक परीक्षण र कार्यान्वयन योजना | viii |
| १. | नेपाली | १-१८ |
| २. | अङ्ग्रेजी | १९-४९ |
| ३. | गणित | ५०-६७ |
| ४. | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | ६८-९० |
| ५. | विज्ञान तथा वातावरण शिक्षा | ९१-११९ |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा | १२०-१३२ |
| ७. | नैतिक शिक्षा | १३३-१४५ |
| ८. | पेसा, व्यवसाय र प्रविधि शिक्षा | १४६-१६९ |
| ९. | कम्प्युटर | १७०-१८६ |
| १०. | संस्कृत | १८७-२०० |
| ११. | सङ्गीत | २०१-२१० |
| १२. | अनुसूचीहरू | २११-२१३ |

# आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९

## (क) परिचय

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । यही क्रममा परिवर्तित सन्दर्भअनुसार आधारभूत शिक्षा (कक्षा १इ५) को पाठ्यक्रम परिमार्जन भई शैक्षिक सत्र २०६७ बाट मुलुकभरि कार्यान्वयनमा आइसकेको छ । शिक्षा नियमावलीको चौथो संशोधन (२०६६ प५ ⁄७) ले कक्षा १इ८ लाई आधारभूत तह मानेको छ । विद्यालय क्षेत्र सुधार योजनाले कक्षा १इ८ लाई आधारभूत तहका र पमा विकसित गर्ने नीतिगत व्यवस्था गरेको छ भने राष्टि्रय पाठ्यक्रम प्रार प २०६३ ले आधारभूत तहको शैक्षिक संरचना एवम् पाठ्यक्रममा समायोजन गर्ने व्यवस्था गरेको छ । निम्न माध्यमिक तहको पाठ्यक्रम २०५० को सामान्य परिमार्जन २०५८ मा भई कार्यान्वयनमा आएको १० शैक्षिक सत्रसमेत पूरा भइसकेकाले २०६७प३⁄२० को राष्टि्रय पाठ्यक्रम विकास तथा मूल्या ्कन परिषद्को निर्णयअनुसार आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६इ८) को पाठ्यक्रम संरचना परीक्षणका लागि स्वीकृत भएकामा देशका १८ जिल्लाका १०० विद्यालयमा परीक्षण गरी परीक्षणको पृष्ठपोषण समेत समेटी यो पाठ्यक्रम तयार पारिएको हो ।

परिवर्तित सन्दर्भमा भएका विभिन्न अध्ययन अनुसन्धानका प्रतिवेदनमा पाठ्यक्रम परिमार्जनलाई उठाइएको छ । विभिन्न स ्घसंस्था र पेसासृग आबद्ध स ्घ स ्गठनबाट पनि पाठ्यक्रमलाई समसामयिक बनाउन माग हुदै आएको छ । सूचना तथा सञ्चारका माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक तथा समावेशी बनाउन सकारात्मक सल्लाह प्राप्त हुदै आएका छन् । उल्लिखित पक्षबाट प्राप्त रायसुझावका आधारमा पाठ्यक्रमका विषयवस्तुको समायोजन र परिमार्जन गर्नु आवश्यक देखिएको छ । ज्ञानको भण्डारमा आएको विस्तार, पेसा, व्यवसायमा बढेको प्रतिस्पर्धा तथा राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा आएको परिवर्तनले पाठ्यक्रम परिमार्जनको आवश्यकता औंल्याएका छन् । पाठ्यक्रममा समावेश हुने राष्टि्रय उद्देश्य तथा तहगत सक्षमताले शिक्षा पद्धतिमा आवश्यक विधिपप्रविधि तथा मूल्या ्कनका विविध पक्षलाई निर्देश गर्नु जरुरी छ । विषय वस्तुको क्षेत्र तथा क्रमको समतलीय र लम्बीय सन्तुलन मिलाई आधारभूत तह (कक्षा १इ५)को पाठ्यक्रमसृग क्रमागत स्तरीकरण गर्नुपर्ने आवश्यकता पनि रहेको छ । कक्षा ९इ१० को पाठ्यक्रममा पनि समसामयिक सुधार भइरहेको छ । यसर्थ कक्षा १इ५ र कक्षा ९इ१० पाठ्यक्रमबिचको तहगत स ्गति कायम गर्न आधारभूत तह (कक्षा ६इ८) को पाठ्यक्रम परिमार्जन गरिएको छ ।

विद्यालय शिक्षाका मूल दस्तावेजका र पमा रहेका विद्यालय क्षेत्र सुधार कार्यक्रम र राष्टि्रय पाठ्यक्रम प्रार पले विद्यालय शिक्षाको पाठ्यक्रम सक्षमतामा आधारित हुनुपर्ने तथ्य औंल्याएका छन् । विद्यालय शिक्षाबाट प्रदान गरिने सक्षमताहर पहिचान गरी विद्यालय शिक्षालाई स्तरीय, सान्दर्भिक र जीवनोपयोगी तथा सक्षमतामा आधारित बनाउनु आवश्यक देखिएको छ । आधारभूत तह पुरा गरेका व्यक्तिले हासिल गर्नुपर्ने सक्षमता र उक्त सक्षमता प्राप्तिका निमित्त अत्यावश्यक विषयगत सक्षमता तथा सिकाइ उपलब्धि समेतलाई व्यवस्थित गर्ने गरी आधारभूत तहअन्तर्गत कक्षा ६इ८ को सक्षमता निर्धारण गरी पाठ्यक्रम विकास तथा परिर्माजन गर्ने प्रयास भएको हो ।

## *(ख) सक्षमता*

सक्षमता भनेको व्यावहारिक तथा सामाजिक जीवन यापनका लागि व्यक्तिलाई आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति तथा कार्य प्रदर्शन गर्न सक्ने क्षमता र कार्य तत्परताको सम्मिश्रण हो । सिकाइबाट विद्यार्थीमा विकास भएको आचरण, सोचाइ र व्यवहारमा देखिएको परिवर्तन र निश्चित ज्ञान एवम् सिपमा दक्षता प्राप्तिबाट विद्यार्थीको सक्षमता सुनिश्चित गर्न सकिन्छ । व्यक्तिमा भाषिक (Linguistic), तार्किक (Logical), सा ्गीतिक (Musical), शारीरिक (Kinesthetic), दृश्यात्मक (Spatial), अन्तरवैयक्तिक (Interpersonal), अन्तरवैयक्ति (Intrapersonal), प्राकृतिक (Natural), आध्यात्मिक (Spiritual) आदि प्रतिभा हुन्छन् । यस्ता प्रतिभाको प्रस्फुटनका लागि अपेक्षित सक्षमता कुनै एउटा विषयको पाठ्यक्रमले मात्र हासिल गर्न गाह्रो हुन्छ । कुनै एक सक्षमता हासिल गर्न अन्तरविषयक पाठ्यांशको आवश्यकता पर्न सक्छ । सक्षमता शिक्षाका चार स्तम्भका रूपमा रहेका ज्ञान र सूचनाको विस्तार, प्रदर्शन सिप, सकारात्मक प्रवृत्ति विकास तथा मूल्य, मान्यता र विश्वासको प्रयोग पनि हो । सक्षमतालाई ज्ञान(Knowledge), सिप (Skills), प्रवृत्ति (Attitude), मूल्य(Value) र काम गर्ने तत्परता (Ability to do ) वा कुनै विशिष्टीकृत कार्य (Job Specific) का आधारमा वर्गीकरण गरिन्छ । सिप विकासको आधार ज्ञान हो भने व्यक्तिले गर्ने आचरण, व्यवहार तथा

कार्यतत्परता उसको पहिचान हो । सक्षमतालाई परिमाणात्मकभन्दा गुणात्मक कोणबाट हेरिन्छ । व्यक्तिको गुण पहिचानका आधारमा उसको सक्षमता आकलन गर्न सकिन्छ । व्यक्ति काममा सफल हुनका लागि आवश्यक पर्ने सञ्चार, अन्तरवैयक्तिक सम्बन्ध, स्वव्यवस्थापन, तार्किकता, समस्या समाधान आदि आधारभूत सक्षमता (Core Competency) हुन् । साझा सक्षमताका अतिरिक्त खास विषयसृग सम्बन्धित सक्षमता पनि हुन्छन् । विषयगत रुपमा भाषाका सक्षमता भाषिक सामर्थ्य (Competence) र भाषिक कार्य सम्पादन (Performance), गणितका सक्षमता तर्क (Reasoning) र प्रतिक्रिया (Responding), विज्ञानका सक्षमता खोज (Exploration) र वर्णन (Explanation), सामाजिक अध्ययनका सक्षमता अनुशासन (Discipline) र प्रदर्शन (Demonstration), स्वास्थ्य शिक्षाका सक्षमता पूर्वसावधानी (Precaution) र प्रवर्धन (Promotion), शारीरिक शिक्षाका सक्षमता क्रिया (Action) र प्रतिक्रिया (Reaction),पेसागत शिक्षाका सक्षमता सिपयुक्त दक्षता (Skilled Capacity) र प्रतिस्पर्धात्मक कार्य (Competitive Operation) तथा नैतिक शिक्षाका सक्षमता नैतिकता (Ethic) र समानुभूति (Empathy) आदि हुन् ।

पाठ्यक्रमले विद्यार्थीहरुमा निश्चित सक्षमताहरु विकास गर्ने अपेक्षा राखेको हुन्छ । यस्ता सक्षमताहरु विद्यालय शिक्षामा तहगत रुपमा व्यवस्थित गरी विकास गरिन्छ । सक्षमताकै आधारमा पाठ्यक्रममा सिकाइ उपलब्धिहरु तयार गरी तदनुरुप विषयवस्तुको चयन, सिकाइ सहजीकरण प्रक्रियाको निर्धारण तथा मूल्याङ्कन प्रक्रिया निर्दिष्ट गरिन्छ ।

## (ग) सक्षमतामा आधारित पाठ्यक्रमको औचित्य

सक्षमतामा आधारित पाठ्यक्रम सिकारुको दैनिक जीवनयापन र व्यावसायिक क्षेत्रमा आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति, मूल्य र काम गर्ने तत्परतालाई व्यावहारिक रूपले उपयोग गर्न सक्ने बनाउने गरी विकास गरिएको पाठ्यक्रम हो । यसमा काम गरेर सिक्ने क्रियाकलापका माध्यमले व्यवहार निर्माणमा जोड दिने गरी पाठ्यवस्तुको संयोजन गरिन्छ । विद्यार्थीलाई गरेर सिक्ने अवसर प्रदान गरी समय र परिस्थितिअनुसार समायोजन हुन सक्ने बनाउनु यसको मुख्य लक्ष्य हो । विद्यालय क्षेत्र सुधार कार्यक्रम र राष्ट्रिय पाठ्यक्रम प्रारुपले सम्बोधन गरेअनुसार तहगत शिक्षाको प्राप्तिपश्चात् आफ्नो व्यक्तिगत तथा सामाजिक व्यवहार, सामूहिक जीवन पद्धति र परिवर्तित सन्दर्भमा आफूलाई समायोजन गर्ने सामर्थ्य प्राप्त गर्न सक्षमतामा आधारित पाठ्यक्रम आवश्यक पर्छ । यसका माध्यमले विद्यार्थीको उमेर, विकासको स्तर, सिकाइको अवस्था, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन समेतलाई आधार मानी व्यवहारमुखी ज्ञान तथा सिप विकास गर्न सकिन्छ । विद्यार्थीले उमेरअनुसार आफ्नो जीवनमा के कस्ता कार्यहरु सम्पन्न गर्न सक्छन् भन्ने पक्षलाई सम्बोधन गर्न पनि सक्षमतामा आधारित पाठ्यक्रम आवश्यक परेको हो । यसबाट विद्यार्थी मूल्याङ्कन पद्धतिले लक्षित सक्षमता हासिल गर्न सके नसकेको यकिन गरी उपचारात्मक सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्न सहयोग मिल्छ । यसको कार्यान्वयनबाट निर्दिष्ट सक्षमताको व्यावहारिक उपयोग, कार्यमूलक सिप र व्यवहारोपयोगी प्रवृत्तिको अपेक्षा गरिएको छ ।

विस्तृत क्षेत्र पाठ्यक्रमको अवधारणा (Concept of Broad Field Curriculum) अनुसार सक्षमताले विषयगत वैशिष्ट्यभन्दा माथि रहेर सिकाइका व्यापक क्षेत्रलाई समेट्छन् । पाठ्यक्रमको संरचावादी अवधारणा (Concept of Structural Curriculum) अनुसार कक्षा शिक्षणमा प्राप्त हुने सिकाइ उपलब्धिहरुलाई पनि परिणममुखी सक्षमता (Result Oriented Compentency) मानिन्छ । नेपालको सन्दर्भमा एकै प्रकृतिका पाठ्यवस्तुलाई देशभरका विद्यालयमा पठन पाठन गराइने हुदा यस पाठ्यक्रममा व्यापक क्षेत्र पाठ्यक्रम र संरचनावादी पाठ्यक्रमको सम्मिश्रण गरी तहगत सक्षमता र सिकाइ उपलब्धि दुवैलाई अन्योन्याश्रित रूपमा प्रस्तुत गरिएको छ । यसमा सिकाइ उपलब्धिलाई तहगत सक्षमताका अङ्गका रूपमा राखी विभिन्न सिकाइ उपलब्धिको पूर्णताबाट सक्षमता प्राप्ति हुने अपेक्षा गरिएको छ । विषयगत सिकाइ उपलब्धिको समग्रताबाट तहगत सक्षमताको प्राप्ति हुने भएकाले सिकाइ सहजीकरण प्रक्रियामा समेत निरन्तर आकलनका माध्यमले सिकाइ उपलब्धि सुनिश्चिततामा जोड दिनुपर्ने छ ।

## (घ) शिक्षाका राष्ट्रिय उद्देश्य

शिक्षाका राष्ट्रिय उद्देश्यहरु निम्नानुसार हुने छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने

३. स्थानीय र राष्ट्रिय स्तरका व्यवसाय पेसा एवम् रोजगारीका साथै आवश्यकतानुसार अन्तरराष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने

८. स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्व बन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने ।

## (ङ) शिक्षाको संरचना

१. चार वर्ष उमेर पुरा नभएका बाल बालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकाससम्बन्धी शिक्षा दिन सकिने छ भने चार वर्ष उमेर पुरा भइसकेका बाल बालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा प्रदान गरिने छ ।

२. विद्यालय शिक्षा कक्षा १ – १२ को हुने छ । यस प्रकारको शिक्षालाई निम्नानुसार व्यवस्थित गरिने छ :

(क) आधारभूत तह (कक्षा १–८)

(ख) माध्यमिक तह (कक्षा ९–१२)

## (च) शिक्षाको माध्यम

१. विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुन सक्ने छ । तर देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम निम्नबमोजिम हुन सक्ने छ :
(क) आधारभूत शिक्षासम्मको शिक्षा मातृभाषामा दिन सकिने छ ।
(ख) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनुपर्ने छ ।

२. पाठ्यक्रम सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा सूचना, सञ्चार तथा प्रविधि (Information and Communication Technology-ICT) को प्रयोगलाई प्राथमिकता दिई सक्दो उपयोग गरिने छ ।

## (छ) विषयगत पाठ्यक्रमका अङ्ग

(अ) परिचय

(आ) तहगत सक्षमता

(इ) कक्षागत सिकाइ उपलब्धि

(ई) सिप/विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरण

(उ) सिकाइ सहजीकरण प्रक्रिया

(ऊ) विद्यार्थी मूल्याङ्कन प्रक्रिया

### (ज) तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बाल बालिकामा अनतिर्नहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने र सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बाल बालिकाहर आफ्ना विचारहर आदानप्रदान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी,वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका सक्षमताहर निम्नबमोजिम हुने छन् :

१. भाषिक, तार्किक तथा व्यावहारिक गणितीय सिप विकास र प्रयोग
२. सूचना र विचारहर को आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको प्रयोग
३. जनस ्ख्या, वातावरण र दिगो विकासको व्यवस्थापनमा सहयोग
४. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त, नियम र खोज तथा अनुसन्धानको उपयोग एवम् प्रकृति र जीवबिचको अन्तरसम्बन्ध बोध
५. स्वस्थ, नैतिक र असल सामाजिक व्यवहारको विकास
६. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सामान्य व्यावसायिक सिपको प्रयोग
७. कला र संस्कृतिको संरक्षण तथा संवर्धन
८. व्यावहारिक जीवनमा आइपर्ने समस्याको पहिचान, विश्लेषण तथा समाधान ।

### (झ) पाठ्यक्रम ढाँचा

#### (अ) साधारण शिक्षा (कक्षा ६–८)

| क्र.सं. | विषय | साप्ताहिक पाठ्यभार | पूर्णा ्क |
|---|---|---|---|
| १. | नेपाली | ५ | १०० |
| २. | अ ्ग्रेजी | ५ | १०० |
| ३. | गणित | ५ | १०० |
| ४. | सामाजिक अध्ययन र जनस ्ख्या शिक्षा | ५ | १०० |
| ५. | विज्ञान तथा वातावरण | ५ | १०० |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३ | ५० |
| ७. | नैतिक शिक्षा | २ | ५० |
| ८. | पेसा, व्यवसाय र प्रविधि शिक्षा | ५ | १०० |
| ९. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

#### (आ) संस्कृत शिक्षा (कक्षा ६–८)

| क्र.सं. | विषय | साप्ताहिक पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १. | नेपाली | ५ | १०० |
| २. | अ ्ग्रेजी | ५ | १०० |
| ३. | गणित | ५ | १०० |
| ४. | सामाजिक अध्ययन र जनस ्ख्या शिक्षा | ५ | १०० |

| | | | |
|---|---|---|---|
| ५. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ५ | १०० |
| ६. | संस्कृत व्याकरण | ५ | १०० |
| ७.. | पेसा, व्यवसाय र प्रविधि शिक्षा* | ५ | १०० |
| ८. | संस्कृत भाषा | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

*द्रष्टव्य :*

*पेसा,व्यवसाय र प्रविधि शिक्षाअन्तर्गत कर्मकाण्ड वा फलित ज्योतिष, जडिबुटी खेती वा गृह विज्ञान वा सिलाइ बुनाइलगायतका विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

### (इ) गुरुकुल शिक्षा (कक्षा ६–८)

| क्र.सं. | विषय | साप्ताहिक पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १. | नेपाली | ५ | १०० |
| २. | अ ग्रेजी वा संस्कृत भाषा | ५ | १०० |
| ३. | गणित | ५ | १०० |
| ४. | सामाजिक अध्ययन र जनस ख्या शिक्षा | ५ | १०० |
| ५. | संस्कृत व्याकरण | ५ | १०० |
| ६. | वेद वा नीति शास्त्र | ५ | १०० |
| ७. | पेसा, व्यवसाय र प्रविधि शिक्षा* वा विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ५ | १०० |
| ८. | संस्कृत रचना | ५ | १०० |
| जम्मा | | ४० | ८०० |

*द्रष्टव्य :*

१. *पेसा, व्यवसाय र प्रविधि शिक्षाअन्तर्गत कर्मकाण्ड वा फलित ज्योतिष वा जडीबुटी खेती वा गृह विज्ञान विषय अध्ययन अध्यापन गर्न सकिने छ ।
२. वेदविद्याश्रमतर्फ पनि गुरुकुल विद्याश्रमकै पाठ्यक्रम लागु हुने छ ।
३. विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा विषय संस्कृत माध्यमिक विद्यालयतर्फकै लागु हुने छ ।
४. यस पाठ्यक्रममा समावेश नभएका नेपाली, गणित, अ ग्रेजी तथा सामाजिक अध्ययन विषयका पाठ्यक्रम साधारणतर्फका आधारभूत शिक्षाकै पाठ्यक्रम प्रयोग हुने छन् तर पाठ्य पुस्तक तयार गर्दा पूर्वीय दर्शन, हिन्दु धर्म, संस्कृतिअनुसार विषयवस्तु थप गरी अनुकूलन (Adaptation) गर्न सकिने छ ।

### (ई) गोन्पा तथा विहार शिक्षा (कक्षा ६–८)

| क्र.सं. | विषय | साप्ताहिक पाठ्यभार | पूर्णा क |
|---|---|---|---|
| १. | नेपाली | ५ | १०० |
| २. | अ ग्रेजी | ५ | १०० |
| ३. | गणित | ५ | १०० |
| ४. | सामाजिक अध्ययन र जनस ख्या शिक्षा | ५ | १०० |
| ५. | विज्ञान तथा वातावरण | ५ | १०० |
| ६. | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा | ५ | १०० |
| ७. | पेसा, व्यवसाय र प्रविधि शिक्षा* | ५ | १०० |
| ८. | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य** | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

*द्रष्टव्य :*

१. * पेसा, व्यवसाय र प्रविधि शिक्षाका रुपमा कला, कम्प्युटर, जडिबुटी खेती, आयुर्वेद, प्राकृतिक चिकित्सा, थान्का, दीप धूप निर्माण, काष्ठकला, मूर्तिकला, वास्तुकला, कृषि, पशुपालन, सङ्गीत आदि विषयमध्येबाट गुम्बा/विहार स्वयम्ले छानेको एक विषय रहने छ । यसको पाठ्यक्रम, पाठ्य पुस्तक स्थानीय निकायको परामर्शमा गुम्बा/विहार स्वयम्ले व्यवस्था गर्नुपर्ने छ ।

२. **स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषयका रुपमा पठन पाठन हुने विषयको छनोट पाठ्यक्रम निर्माण, पाठ्य पुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा गुम्बा वा विहार वा विद्यालय आफैले गर्ने छ ।

### (उ) मद्रसा शिक्षा (कक्षा ६–८)

| क्र.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १. | नेपाली | ५ | १०० |
| २. | अङ्ग्रेजी | ५ | १०० |
| ३. | गणित | ५ | १०० |
| ४. | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | ५ | १०० |
| ५. | विज्ञान तथा वातावरण | ५ | १०० |
| ६. | आचार शिक्षा (दिनियात) | ५ | १०० |
| ७. | कुर्आन (अरबिक) | ५ | १०० |
| ८. | उर्दु भाषा | ५ | १०० |
| जम्मा | | ४० | ८०० |

*द्रष्टव्य :*

१. सामाजिक अध्ययन (जनसङ्ख्या शिक्षा समेत) विषय उर्दु भाषामा अध्ययन अध्यापन गर्न सकिने छ ।

### (ञ) खुला तथा वैकल्पिक शिक्षा

आधारभूत तहको उद्देश्य प्राप्तिका लागि सञ्चालन हुने खुला तथा वैकल्पिक शिक्षाका लागि समेत यो पाठ्यक्रम संरचना लागु हुने छ । तर त्यस्तो धारको शिक्षा सञ्चालनका लागि विषयगत पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता तथा सिकाइ उपलब्धि हासिल हुने गरी समायोजन (Condense) गर्न सकिने छ । यसरी समायोजन हुने पाठ्यक्रम मूल पाठ्यक्रम सरह स्वीकृत हुनुपर्ने छ ।

### (ट) मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय

१. विद्यालयमा पठन पाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्य पुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैले गर्ने छ ।

२. स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषय वस्तुसम्बन्धी विषय स्थानीय निकायको परार्शमा विद्यालय आफैले छनोट गर्न सक्ने छ । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्य पुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैले गर्ने छ ।

३. मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैले निर्माण गर्ने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोत केन्द्रस्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रुपमा पाठ्यक्रम निर्माण गर्न सकिने छ ।

४. अन्य विषयका रुपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्रअन्तर्गतका विषयहरु, भाषा समूहका विषयहरु, गणित तथा विज्ञान समूहका विषयहरु, परम्परागत चिकित्सा पद्धति,सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठकला, वास्तुकलालगायतका मागमा आधारित विषयहरु पर्ने छन् ।

उपलब्ध साधन र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास गर्दै जाने छ ।

## (ठ) पठन पाठनको समयावधि

एक शैक्षिक वर्षमा कम्तीमा २१० दिन पठन पाठन सञ्चालन हुने छ । कक्षा ६देखि ८ मा वार्षिक १०५० घण्टा पठन पाठन गर्नुपर्ने छ । तोकिएको वार्षिक घण्टा नघट्ने गरी पाठको आवश्यकतानुसार ४५ मिनेटको समयलाई एक घन्टी मानी कक्षा सञ्चालन गर्न सकिने छ ।

## (ड) सिकाइ सहजीकरण प्रक्रिया

१. आधारभूत शिक्षामा सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई शिक्षणमा भन्दा निरन्तर सिकाइमा जोड दिनुपर्ने छ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ । साधारण, संस्कृत, गुरुकुल विद्याश्रम, गोन्पा (गुम्बा) तथा विहार र मद्रसा शिक्षाका पठन पाठनमा आवश्यकताअनुसार कम्प्युटर प्रविधिको पनि उपयोग गर्नुपर्ने छ । यसका लागि शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

२. पठनपाठमा कम्प्युटर प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्न सकिने छ ।

३. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।

## (ढ) विद्यार्थी मूल्याङ्कन

१. आधारभूत तहमा निर्णयात्मक पद्धतिभन्दा बढी निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटकपटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ ।

२. विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण फायल राख्नुपर्ने छ । यसलाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यावहारिक परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्ने छ । विद्यार्थीको उपलब्धिका बारेमा आवधिक रूपमा विद्यालयमा छलफल गर्ने व्यवस्था गर्नुपर्ने छ । व्यक्तिगत प्रगति विवरण फायलमा त्यसको अभिलेख राख्ने व्यवस्था पनि गर्नुपर्ने छ ।

३. विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य निर्दिष्ट सक्षमताका आधारमा विद्यार्थी उपलब्धिको नियमित मूल्याङ्कन गरी सोको अभिलेखका आधारमा कक्षोन्नति गर्नु हो । विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीको सिकाइ उपलब्धिको वास्तविक अवस्था पहिचान गरी सुधारात्मक शिक्षण गर्नुपर्ने छ ।

४. आधारभूत तह (कक्षा ६ र ७) मा ६० प्रतिशत भारको आवधिक मूल्याङ्कन र ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कनका माध्यमले विद्यार्थी उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ । निरन्तर मूल्याङ्कनअन्तर्गत प्रयोगात्मक कार्य, विद्यार्थीको कक्षा सहभागिता, सिकाइ व्यवहारमा आएको परिवर्तन, सिकाइ सम्बद्ध सिर्जनात्मक कार्यहरू आदि पर्ने छन् । यसलाई शिक्षकले निरन्तर मूल्याङ्कनका रूपमा सम्पन्न गर्नुपर्ने छ । यस्तो मूल्याङ्कन गर्दा विद्यार्थीले गरेको प्रगतिका आधारमा उनीहरूलाई क, ख र ग श्रेणीमा वर्गीकरण गर्नुपर्ने छ । यससम्बन्धी थप व्यवस्था विषयगत पाठ्यक्रमको मूल्याङ्कन खण्डमा उल्लेख गरिएको छ । विद्यार्थी मनोविज्ञानलाई दृष्टिगत गरी विद्यार्थी मूल्याङ्कन प्रणालीमा समसामयिक सुधार समेत गर्दै लगिने छ ।

५. आधारभूत तहको अन्तमा जिल्लास्तरीय परीक्षा सञ्चालन गरिने छ । उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ । यसका लागि विशिष्टीकरण तालिका निर्माण गरिने छ । कक्षा ६ र ७ मा आवधिक मूल्याङ्कन (लिखित र प्रयोगात्मक) र प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलन दुवै मूल्याङ्कनमा अलग अलग उत्तीर्ण हुनुपर्ने छ । प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलनतर्फ अक्षराङ्क पद्धतिबाट अभिलेखीकरण गरिने छ । विद्यार्थीले दिएको जवाफ वा गरेको कार्य पूर्णरूपमा मिलेकामा वा अधिकांश मिलेमा वा मापन गर्न खोजिएको विषय वस्तुलाई शतप्रतिशत मान्दा त्यसको ८० प्रतिशतभन्दा माथिल्लो उपलब्धि हासिल गरेमा क, दिएको जवाफ वा गरेको कार्य औसतभन्दा बढी मिलेकामा वा मापन गर्न खोजिएको विषयवस्तुलाई शतप्रतिशत मान्दा त्यसको ६० देखि ७९ प्रतिशतसम्मको उपलब्धि हासिल गरेमा ख, दिएको जवाफ वा गरेको कार्य औसतभन्दा कम मिलेकोमा वा मापन गर्न खोजिएको विषय वस्तुलाई शतप्रतिशत मान्दा त्यसको ४० देखि ५९

प्रतिशतसम्मको उपलब्धि हासिल गरेमा ग श्रेणी निर्धारण गरिने छ । यस्तो श्रेणी निर्धारण गर्न निश्चित आधार वा मापदण्ड तयार गर्नुपर्ने छ । कक्षा उत्तीर्ण हुन प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलनतर्फ न्यूनतम ग श्रेणी प्राप्त गर्नुपर्ने छ । यसरी विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोगात्मक कार्य वा परियोजना कार्य, कक्षा सहभागिता, सिकाइ व्यवहारमा आएको परिवर्तन, सिकाइ सम्बद्ध सिर्जनात्मक कार्यहर ,कक्षा कार्य, उपलब्धि परीक्षा (साप्ताहिक परीक्षा,एकाइ परीक्षा,मासिक परीक्षा) लगायत शिक्षकले मूल्या ्कन गर्न चाहेका अन्य पक्ष समेतको मूल्याङ्कन गर्नुपर्ने छ । पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धिमा ग श्रेणीभन्दा कम उपलब्धि हासिल गर्ने विद्यार्थीका लागि सुधारात्मक शिक्षणको व्यवस्था गर्नुपर्ने छ ।

६. लिखित परीक्षाका लागि १०० पूर्णा ्कका लागि तिन घण्टा र सोभन्दा कम पूर्णाङ्क हुने विषयमा सोही अनुपातमा समय निर्धारण हुने छ ।

७. विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहर का लागि उपयुक्त हुने मूल्या ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

## (ण) पाठ्यक्रम मूल्याङ्कन

१. पाठ्यक्रमको मूल्या ्कनका आधार निम्नानुसार हुने छन् :

(अ) विद्यार्थीको उपलब्धि स्तर
(आ) शिक्षकको कार्य सम्पादन स्तर
(इ) पठन पाठनमा उपयोग गरिएको समय
(ई) विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव
(उ) अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा र प्रतिक्रिया
(ऊ) सरोकारवालाको विद्यालयप्रतिको धारणा

उपर्युक्त पक्षमा समेतका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्या ्कन गरिने छ । व्यक्ति, परिवार र समाजमा परेको प्रभाव समेतका आधारमा राष्ट्रिय स्तरमा पाठ्यक्रमको मूल्या ्कन गरिने छ ।

२. पाठ्यक्रमको प्रभावकारिताको अवस्थाको निर्क्योल गर्नका लागि आवधिक र पमा विषयगत, कक्षागत र तहगत राष्ट्रिय उपलब्धि स्तर मापन गरिने छ ।

३. यस पाठ्यक्रमलाई समसामयिक, स्तरीय, गुणात्मक, बाल केन्द्रित, जीवनोपयोगी र समावेशी बनाउन क्षेत्रीय तथा जिल्ला पाठ्यक्रम समन्वय समितिहर ले विभिन्न गोष्ठी, सेमिनार, अन्तर्क्रिया, समीक्षा आदि विविध माध्यमबाट सम्बद्ध विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाविद्, राजनीतिज्ञ, व्यापारी, विशेषज्ञ, नीतिनिर्माता, उद्योगी एवम् व्यवसायी लगायत सबै सरोकारवालाहर को सुझाव स ्कलन गरी पाठ्यक्रम विकास केन्द्रमा पठाउने व्यवस्था गर्नुपर्ने छ ।

## (त) पाठ्यक्रम तथा पाठ्य पुस्तक परीक्षण र कार्यान्वयन योजना

परीक्षण योजना

| वर्ष | २०६८४६९ | २०६९४७० | २०७०४७१ |
|---|---|---|---|
| कक्षा | ६ | ७ | ८ |

कार्यान्वयन योजना

| वर्ष | २०७० | २०७१ | २०७२ |
|---|---|---|---|
| कक्षा | ६ | ७ | ८ |

# नेपाली

## १. परिचय

नेपाली भाषा सरकारी कामकाजको भाषा हुनुका साथै विद्यालय तहको शिक्षाको प्रमुख माध्यमका रूपमा रहँदै आएको छ । त्यसैले विद्यालय तहको शैक्षिक क्रियाकलापमा नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ । विद्यालय तहको प्रारम्भिक कक्षादेखि अनिवार्य रूपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले सिकाइ गर्नु आवश्यक हुन्छ । यस विषयलाई अनिवार्य विषयका रूपमा अध्ययन अध्यापन गर्नुको उद्देश्य नेपाली भाषामा भाषिक सिपको विकास गराउनु हो । विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै नेपाली भाषा अध्यापनको मुख्य उद्देश्य हो । भाषिक सामर्थ्य र सम्पादनलाई भाषाका मुख्य सक्षमता मानिन्छ । त्यसैले यस पाठ्यक्रमलाई मूलत: भाषिक सिप विकासका पक्षमा केन्द्रित गरिएको छ । यसका लागि पाठ्यक्रमले निम्न लिखित पक्षहरूमा जोड दिएको छ :

- पाठ्यक्रमलाई समयसापेक्ष, उपयोगी र व्यवहारमूलक बनाउने
- सक्षमतामा आधारित भाषिक सिपगत उद्देश्य निर्धारण गरी उपयुक्त पाठ्यवस्तुको छनोट एवम् सिमाङ्कन गर्ने
- विद्यार्थीको पूर्वक्षमतामा आधारित रही माध्यमिक शिक्षाको पूर्वाधार निर्माण गर्न सिकाइको आवश्यकता, रुचि र मानसिक दक्षताअनुरूप पाठ्यवस्तुको विस्तारमा सचेतता अपनाउने
- भाषिक सिपहरूको अभ्यासका लागि विविध क्षेत्रबाट उपयुक्त विषयवस्तु छनोटको अपेक्षा गरिएकाले सामाजिक, ऐतिहासिक, राजनीतिक, सांस्कृतिक, कला, विज्ञान/प्रविधि जस्ता विविध क्षेत्रका विधाबाट भाषिक सिपको अभ्यास गराउने
- भाषिक क्षमता अभिवृद्धिका लागि पुरकका रूपमा कार्यमूलक व्याकरणलाई समावेश गर्ने
- विधाको क्षेत्र र क्रमलाई विस्तृत रूपमा स्पष्ट पार्ने
- पठन कौशल, रचना कौशल, शब्द भण्डार जस्ता पक्षमा जोड दिने
- सन्तुलित र प्रभावकारी भाषाको मूल्याङ्कनका लागि पाठ्यवस्तुअनुरूप अङ्क भार निर्देश गर्ने
- पाठ्य सामग्रीको प्रकृति र उद्देश्यअनुरूपको सिकाइ क्रियाकलाप गर्ने ।

## २. तहगत सक्षमता

यस तहको अन्तमा विद्यार्थीहरू निम्न लिखित सक्षमता हासिल गर्न समर्थ हुने छन् :

१. मौखिक, लिखित एवम् सञ्चार माध्यमका विषयवस्तुको सुनाइ र पढाइ

२. प्रचलित विधागत र सूचनामूलक सामग्रीहरूको सुनाइ र पढाइ

३. सिकेका कुराको विभिन्न माध्यमबाट अभिव्यक्ति

CDC

४.	वैयक्तिक र सामाजिक उद्देश्य परिपूर्तिका लागि विविध ढाँचा र शैलीको लेखन
५.	भाषिक विविधता पहिचानसहित परिस्थिति र सन्दर्भअनुकूलको अभिव्यक्ति
६.	अन्तरभाषिक तथा सांस्कृतिक विशेषताअनुरूप शिष्ट भाषाशैलीको प्रयोग
७.	सञ्चार शिल्प र सिकाइका लागि भाषाको प्रयोग
८.	निर्देशित तथा स्वतन्त्र रचनाको प्रस्तुति
९.	नेपाली भाषाका भाषिक विशेषताप्रति सचेतता र तदनुरूप प्रयोग
१०.	दैनिक व्यवहारमा आत्मविश्वासका साथ भाषाको प्रयोग
११.	विचारको अभिव्यक्तिमा स्पष्टता तथा विश्लेषणात्मक प्रतिक्रिया
१२.	योजना, सोधखोज, विश्लेषण, मूल्याङ्कनका आधारमा धारणा निर्माण
१३.	प्रभावकारी सिकाइ, रचनात्मक सोच तथा प्रत्यक्ष सम्पर्कबाट विचारहरूको सिर्जना र समस्या समाधान ।

## ३. कक्षागत सिकाइ उपलब्धिहरू

### कक्षा : ६

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सिपहरूमा सक्षम हुने छन् :

CDC

### सुनाइ र बोलाइ

१.	शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरू सुनी तिनको भिन्नता पहिल्याउन
२.	शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न
३.	अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न
४.	सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न
५.	सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन
६.	कविता, गीत, कथा, वर्णन र जीवनी सुनेर प्रतिक्रिया जनाउन
७.	स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदिमा प्रभावकारी ढङ्गले भाग लिन
८.	आफूले देखेसुनेका, अनुभव गरेका वस्तु, वातावरण र घटनाका विषयमा वर्णन गर्न
९.	सिलसिला र हाउभाउ मिलाई बोल्न
१०.	अनुभवका आधारमा सन्दर्भ र प्रसङ्ग मिलाई मौखिक रूपमा प्रश्नोत्तर गर्न
११.	भाषिक मौलिकता पहिचान गर्ने गरी वक्ताहरूको अभिव्यक्ति सुन्न ।

### पढाइ

१.	लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न

२.	विभिन्न विधाका पाठहरू आशयअनुसार पढ्न

३.	मुख्यमुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न
४.	विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको मौनवाचन गर्न
५.	प्रतिक्रिया दिन सक्ने गरी विभिन्न विधाका पाठहरू सस्वरवाचन गर्न
६.	पाठमा प्रयुक्त शब्दहरूको अर्थ बुझी पढ्न
७.	विभिन्न विधाका पाठहरू पढी शब्द भण्डार वृद्धि गर्न
८.	विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न ।

**लेखाइ**

१	हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न
२.	लेख्यचिह्नहरूको ठिकसँग प्रयोग गर्न
३.	शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न
४.	आफूले सुनेका, देखेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणको लिखित वर्णन गर्न
५.	सुनेका, पढेका विषयवस्तुको सार लेख्न
६.	अनुच्छेद, चिठी र निवेदन सिलसिला मिलाई लेख्न
७.	आफ्नो रुचिअनुसारका विषयमा स-साना मौलिक रचना गर्न
८.	वाक्यमा सङ्गति मिलाई तिनको उपयुक्त प्रयोग गर्न
९.	विशिष्ट अंशको भाव विस्तार/व्याख्या गर्न
१०.	व्याकरणसम्मत वाक्य रचना गर्न ।

CDC

**कक्षा : ७**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सिपहरूमा सक्षम हुने छन् :

**सुनाइ र बोलाइ**

१.	शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याई शब्द उच्चारण गर्न
२.	सुनेका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न
३.	अरूले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न
४.	सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न
५.	सामान्य मौखिक वर्णनहरू सुनी मुख्यमुख्य कुरा बताउन

६. साहित्यिक विधाका पाठहरू सुनेर सो सम्बन्धी प्रतिक्रिया जनाउन
७. स्तरअनुसारका मौखिक अभिव्यक्तिहरू (कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल) ध्यानपूर्वक सुनी तिनमा भाग लिन
८. आफूले देखेसुनेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न
९. हाउभाउ मिलाई उपयुक्त ढङ्गले बोल्न
१०. मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ र अभिनयमा ध्यान दिन
११. वक्ताको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न ।

**पढाइ**

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न
२. विभिन्न पाठहरू पढी तिनका मुख्यमुख्य कुराहरू बताउन
३. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको मौन वाचन गर्न
४. विभिन्न प्रयोजनका लागि कथा, कविता, प्रबन्ध र जीवनीका पाठहरू पढ्न
५. विभिन्न स्रोतका सामग्रीबाट शब्द भण्डारको वृद्धि गर्न
६. पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न
७. पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न
८. विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न ।

**लेखाइ**

१. हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न
२. लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गर्न
३. सफा र स्पष्टसँग लेख्न र लेखेका कुरा दोहोऱ्याई सच्याउन
४. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न
५. आफूले देखेका, सुनेका, अनुभव गरेका वस्तु, घटना तथा वातावरणका विषयमा लिखित वर्णन गर्न
६. सुनेका र पढेका विषयवस्तुको सार लेख्न
७. अनुच्छेद, चिठी, निवेदन, कथा, प्रबन्ध, जीवनी र वादविवाद सिलसिला मिलाई लेख्न
८. आफ्नो रुचिअनुसारका विषयमा मौलिक रचना गर्न
९. शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न
१०. विशिष्ट अंशहरूको भाव विस्तार/ व्याख्या गर्न

११. व्याकरणसम्मत वाक्य रचना गर्न
१२. पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न
१३. परियोजना कार्यको माध्यमले भाषिक समस्या समाधान गर्न ।

**कक्षा : ८**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सीपहरूमा सक्षम हुने छन् :

## सुनाइ र बोलाइ

१. शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याउन र सोहीअनुरूप शब्द उच्चारण गर्न
२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न
३. अरूले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न
४. सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न
५. विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न
६. साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन
७. कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल जस्ता मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन
८. आफूले देखेसुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न
९. मौखिक अभिव्यक्ति सुनेर प्रतिक्रिया दिन तथा हाउभाउ र अभिनयको ख्याल गर्न
१०. भन्न चाहेका कुरालाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्न
११. समुदायका व्यक्तिहरूसँग शिष्टतापूर्वक कुराकानी गर्न
१२. वक्ताहरूको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न ।

## पढाइ

१. लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न
२. पाठमा व्यक्त भावअनुसार गति, यति, लय मिलाई पढ्न
३. पाठहरू पढी तिनका मुख्यमुख्य कुराहरू बताउन
४. विभिन्न उद्देश्यले लिखित सामग्रीहरूको मौन वाचन गर्न
५. विभिन्न प्रयोजनका लागि प्रबन्ध/निबन्ध, जीवनी र कथा पढ्न
६. साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न र प्रतिक्रिया जनाउन
७. विभिन्न स्रोतका सामग्री तथा विधाका पाठहरू पढी शब्द भण्डार वृद्धि गर्न
८. पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न



CDC

९.	उखान टुक्काहरूको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न ।

**लेखाइ**

१.	हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न
२.	विभिन्न चिह्नको उपयुक्त ढङ्गले प्रयोग गर्न
३.	शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न
४.	आफूले देखेसुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न
५.	सुनेका र पढेका विषयवस्तुको सारांश लेख्न
६.	विभिन्न विषयहरूमा अनुच्छेद, चिठी, निवेदन, निमन्त्रणा पत्र, समवेदना, कथा, जीवनी र वादविवाद सिलसिला मिलाई लेख्न
७.	स्तरअनुसारका विषयहरूमा सिलसिला मिलाएर प्रबन्ध लेख्न
८.	आफ्ना रुचिअनुसारका विषयमा मौलिक रचना गर्न
९.	शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न
१०.	पाठका विशिष्ट अंशहरूको भाव विस्तार/व्याख्या गर्न
११.	व्याकरणसम्मत वाक्य रचना गर्न
१२.	पाठमा प्रयुक्त उखानटुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न
१३.	परियोजना कार्यको माध्यमले भाषिक समस्या समाधान गर्न ।

## ४.	विधाको क्षेत्र र क्रम तालिका

| क्र.सं | विधा | | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १. | प्रबन्ध/ निबन्ध | (क) सामाजिक/सांस्कृतिक<br>(ख) प्राकृतिक/वातावरणीय<br>(ग) कलात्मक/कलासम्बन्धी<br>(घ) वैज्ञानिक/प्राविधिक | (क) सामाजिक/सांस्कृतिक<br>(ख प्राकृतिक/वातावरणीय<br>(ग) कलात्मक/कला सम्बन्धी<br>(घ) वैज्ञानिक/प्राविधिक | (क) सामाजिक/सांस्कृतिक<br>(ख प्राकृतिक/वातावरणीय<br>(ग) कलात्मक/कला सम्बन्धी<br>(घ) वैज्ञानिक/प्राविधिक |

CDC

| | | | | |
|---|---|---|---|---|
| २. | कथा | (क) लोककथा/नीतिकथा<br>(ख) पौराणिक/ऐतिहासिक कथा | (क) लोककथा/नीतिकथा<br>(ख) पौराणिक/ऐतिहासिक कथा<br>(ग) सामाजिक कथा | (क) लोककथा/नीतिकथा<br>(ख) पौराणिक/ऐतिहासिक कथा<br>(ग) सामाजिक कथा |
| ३. | जीवनी | राष्ट्रिय र अन्तरराष्ट्रिय<br>(क) साहित्यकार/कलाकार<br>(ख) आविष्कारक<br>(ग) प्रेरक व्यक्तित्व/विचारक | राष्ट्रिय र अन्तरराष्ट्रिय<br>(क) साहित्यकार/कलाकार<br>(ख) आविष्कारक<br>(ग) प्रेरक व्यक्तित्व/विचारक | राष्ट्रिय र अन्तरराष्ट्रिय<br>(क) साहित्यकार/कलाकार<br>(ख) आविष्कारक<br>(ग) प्रेरक व्यक्तित्व/विचारक |
| ४. | चिठी | (क) घरायसी<br>(ख) कार्यालयीय | (क) घरायसी<br>(ख) कार्यालयीय | (क) घरायसी<br>(ख) कार्यालयीय |
| ५. | रूपक | (क) संवाद<br>(ख) वादविवाद | (क) संवाद<br>(ख) वादविवाद | (क) संवाद/ एकाङ्की<br>(ख) वादविवाद |
| ६. | कविता | (क) छन्दोब्दध कविता<br>(ख) लोक कविता | (क) छन्दोबद्ध कविता<br>(ख) लोक कविता<br>(ग) गीति कविता | (क) छन्दोबद्ध कविता<br>(ख) लोक कविता<br>(ग) गीति कविता<br>(घ) गद्य कविता |
| ७. | कार्यमूलक व्याकरण<br>(अ) सङ्गति | (क) लिङ्ग<br>(ख) वचन<br>(ग) पुरुष<br>(घ) आदर | (क) लिङ्ग<br>(ख) वचन<br>(ग) पुरुष<br>(घ) आदर | (क) लिङ्ग<br>(ख) वचन<br>(ग) पुरुष<br>(घ) आदर |
| | (आ) काल | (क) वर्तमान<br>(ख) भूत<br>(ग) भविष्यत् | (क) वर्तमान<br>(ख) भूत<br>(ग) भविष्यत् | (क) वर्तमान<br>(ख) भूत<br>(ग) भविष्यत् |
| | (इ) पक्ष | (क) अपूर्ण<br>(ख) पूर्ण | (क) अपूर्ण<br>(ख) पूर्ण<br>(ग) अज्ञात<br>(घ) अभ्यस्त | (क) अपूर्ण<br>(ख) पूर्ण<br>(ग) अज्ञात<br>(घ) अभ्यस्त |
| | (ई) अर्थ वा भाव | (क) आज्ञार्थ<br>(ख) सम्भावनार्थ | (क) आज्ञार्थ<br>(ख) सम्भावनार्थ | (क) आज्ञार्थ<br>(ख) इच्छार्थ<br>(ग) सम्भावनार्थ |

CDC

| | | | | |
|---|---|---|---|---|
| | (उ) वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरुष, आदर र करण/ अकरणका आधारमा | लिङ्ग, वचन, पुरुष, आदर र करण/ अकरणका आधारमा | लिङ्ग, वचन, पुरुष, आदर र करण/ अकरण, काल र पक्षका आधारमा |
| | (ऊ) वाच्य परिवर्तन | | (क) कर्तृवाच्य<br>(ख) कर्मवाच्य | (क) कर्तृवाच्य<br>(ख) कर्मवाच्य<br>(ग) भाववाच्य |
| | (ए) शब्दवर्ग | (क) नाम<br>(ख) सर्वनाम<br>(ग) विशेषण<br>(घ) क्रियापद | (क) नाम<br>(ख) सर्वनाम<br>(ग) विशेषण<br>(घ) क्रियापद<br>(ङ) क्रियायोगी<br>(च) नामयोगी<br>(छ) संयोजक<br>(ज) निपात<br>(झ) विस्मयाधिबोधक | (क) नाम<br>(ख) सर्वनाम<br>(ग) विशेषण<br>(घ) क्रियापद<br>(ङ) क्रियायोगी<br>(च) नामयोगी<br>(छ) संयोजक<br>(ज) निपात<br>(झ) विस्मयादिबोधक |
| | (ऐ) कारक र विभक्ति | (क) विभक्ति (ले, लाई, द्वारा, देखि, बाट, मा)<br>को, का, की/रो, रा, री/ नो, ना, नीको प्रयोग | (क) कारक (कर्ता र कर्म)<br>(ख) विभक्ति (ले, लाई, द्वारा, देखि बाट, मा)<br>को, का, की/रो, रा, री/नो, ना, नीको प्रयोग | (क) कारक (कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण)<br>(ख) विभक्ति (ले, लाई, द्वारा, देखि, बाट, मा)<br>को, का, की/ रो, रा, री/नो, ना, नी, को प्रयोग<br>(ग) विभक्ति नियम (सरल र तिर्यक्) को प्रयोग |

CDC

| | | | | |
|---|---|---|---|---|
| | (ओ) उच्चारण (वर्णगत, शब्दगत) | (क)<br>क/ग, च/ज, ट/ड, त/द, प/ब, क/ख, च/छ, ट/ठ, त/थ, प/फ ध्वनिको उच्चारण<br>(ख)<br>कर/गर,चरा/जरा,टालो, डालो, तह/दह, पल/बल, कप/खप, चल/छल, टप/ठप, तल/थल, पर्सि/फर्सी जस्ता शब्द जोडीको उच्चारण | (क)<br>ख/घ, छ/झ, ठ/ढ, थ/ध, फ/भ, ग/घ, ज/झ, ड/ढ, द/ध, ब/भ ध्वनिको उच्चारण<br>(ख)<br>खर/घर, छुरा/झुरा, ठाडे/ढाडे, थाक/धाक, फल/भल, गरी/घरी, जार/झार, डब/ढब, दन्न/धन्न, बरबर/भरभर जस्ता शब्द जोडीको उच्चारण | (क)<br>क/ग,च/ज,ट/ड,त/द,प/ब, क/ख, च/छ, ट/ठ, त/थ, प/फ, ख/घ, छ/झ, ठ/ढ, थ/ध,फ/भ, ग/घ, ज/झ, ड/ढ, द/ध, ब/भ, र/ड,अ/आ,ट/त,ठ/थ, ड/द, ढ/ध, न/ण ध्वनिको उच्चारण<br>(ख) तातो/टाटो, ठाम/थाम, डर/दर, जन/धन, गुन/गुण सत्य, कन्या, अव्यय, अन्याय, अन्य, मत्त, शुद्ध, बुद्ध, ब्रह्म जस्ता शब्दको उच्चारण |
| | (औ) लेख्य चिह्न | (क) पूर्णविराम<br>(ख) प्रश्न चिह्न<br>(ग) अल्पविराम<br>(घ) उद्गार चिह्न | (क) पूर्णविराम<br>(ख) प्रश्न चिह्न<br>(ग) अल्पविराम<br>(घ) उद्गार चिह्न<br>(ङ) योजक चिह्न<br>(च) कोष्ठक चिह्न | (क) पूर्णविराम<br>(ख) प्रश्न चिह्न<br>(ग) अल्पविराम<br>(घ) अर्धविराम<br>(ङ) उद्गार चिह्न<br>(च) योजक चिह्न<br>(छ) कोष्ठक चिह्न<br>(ज) उद्धरण चिह्न<br>(झ) निर्देश चिह्न |

CDC

| | | | | |
|---|---|---|---|---|
| | (अं) वर्ण विन्यास | पाठमा प्रयुक्त शब्दहरूमा वर्ण विन्यासको उपयुक्त प्रयोग<br>(क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>(ख) य / ए<br>(ग) ब / व<br>(घ) श / ष / स<br>(ङ) ग्यँ / ज्ञ<br>(च) ञ /ण /न<br>(छ) पदयोग र पद वियोग | पाठमा प्रयुक्त शब्दहरूमा वर्ण विन्यासको उपयुक्त प्रयोग<br>(क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>(ख) य / ए<br>(ग) ब / व<br>(घ) श / ष / स<br>(ङ) ग्यँ / ज्ञ<br>(च) रि / ऋ<br>(छ) छ / क्ष<br>(ज) ञ /ण / न<br>(झ) पदयोग र पद वियोग | पाठमा प्रयुक्त शब्दहरूमा वर्ण विन्यासको उपयुक्त प्रयोग<br>(क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>(ख) य / ए<br>(ग) ब / व<br>(घ) श / ष / स<br>(ङ) ग्यँ / ज्ञ<br>(च) रि / ऋ<br>(छ) छ / क्ष<br>(ज) ञ /ण / न<br>(झ) शिरविन्दु / चन्द्रविन्दु<br>(ञ) विसर्ग<br>(ट) पदयोग र पद वियोग |
| ८. | शब्द भण्डार र उखान टुक्का (पाठमा प्रयुक्त शब्दहरूका साथै उखान र टुक्कासमेत) | (क) पर्यायवाची<br>(ख) विपरीतार्थी<br>(ग) पारिभाषिक/प्राविधिक<br>(घ) अनुकरणात्मक | क) पर्यायवाची<br>(ख) विपरीतार्थी<br>(ग) अनेकार्थी<br>(घ) पारिभाषिक/प्राविधिक<br>(ङ) अनुकरणात्मक<br>(च) उखान र टुक्का | क) पर्यायवाची<br>(ख) विपरीतार्थी<br>(ग) अनेकार्थी<br>(घ) समावेशक-समावेश्य<br>(ङ) पारिभाषिक / प्राविधिक<br>(च) अनुकरणात्मक<br>(छ) उखान र टुक्का |

## स्पष्टीकरण

(क) कथा : कक्षा ६ मा लोक/नीतिकथा, पौराणिक/ऐतिहासिक कथा तथा कक्षा ७ र ८ मा लोककथा/नीतिकथा, पौराणिक/ऐतिहासिक र आधुनिक कथाहरू (सामाजिक, बाल मनोवैज्ञानिक) समाविष्ट हुने छन् ।

(ख) कविता : छन्दोबद्ध, लोक, गीति र मुक्त कविताको छनोटलाई जोड दिइने छ । यस्ता कविता लयात्मक, सरल र स्तर सुहाउँदा हुने छन् ।

(ग) प्रबन्ध/निबन्ध : सामाजिक/सांस्कृतिक, प्राकृतिक तथा वातावरणीय, कलात्मक, वैज्ञानिक/प्राविधिक जस्ता विषय क्षेत्रबाट प्रबन्ध/ निबन्धहरू संयोजन गरिने छन् ।

(घ) रूपक : यसअन्तर्गत मौखिक अभिव्यक्तिसँग सम्बन्धित संवाद/ एकाङ्की र वादविवादलाई लिइएको छ । विद्यार्थीहरूको अनुभवको सेरोफेरोसँग सम्बन्धित स्तर सुहाउँदो विषयवस्तुमा आधारित भएर मौखिक अभिव्यक्तिको विविध पक्षको विकासका लागि यिनको संयोजन गरिने छ ।

(ङ) जीवनी : यसअन्तर्गत साहित्यकार/कलाकार, आविष्कारक, प्रेरक व्यक्तित्व/ विचारकका राष्ट्रिय र अन्तरराष्ट्रिय जीवनीहरू रहने छन् । जीवनीहरू कक्षाअनुसार विषय क्षेत्रको सन्तुलन मिलाई राखिने छन् ।

(च) चिठी : यसअन्तर्गत घरायसी र कार्यालयीय चिठी पर्दछन् । कार्यालयीय चिठी भन्नाले विद्यालय र अन्य कार्यालयसँग सम्बद्ध निवेदन समेत बुझिने छ ।

(छ) कार्यमूलक व्याकरण : कक्षा ६-८ मा व्याकरण समावेश गर्नुको अभिप्राय यसको सैद्धान्तिक ज्ञान गराउनु होइन । विधाका पाठहरूको प्रकृतिअनुसारका व्याकरण तत्त्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकासका लागि यसलाई समावेश गरिएको हो । व्याकरण भनेको भाषा प्रयोगमा अन्तर्निहित संरचना एवम् व्यवस्था भएकाले यसलाई पाठभन्दा अलग राखेर हेर्नु उपयुक्त हुँदैन । तसर्थ क्षेत्र र क्रम तालिकामा उल्लेख गरिए पनि व्याकरणलाई पाठसँग एकीकृत गरी सिकाइ गर्ने दृष्टिकोण लिइने छ ।

यस तहमा शब्दहरूको शब्दोच्चारण समावेश गर्नुको उद्देश्य विद्यार्थीमा रहेका भाषिक र भाषिकागत त्रुटि सच्याउनु हो । कक्षा सिकाइका क्रममा विद्यार्थीमा देखिने विभिन्न प्रकारका ध्वनिगत र वर्णगत त्रुटिलाई उच्चारण अभ्यास गराउने क्रममा सस्वरवाचन गराउने तथा ध्वनि युग्म र शब्द युग्मको उच्चारण गराउने क्रियाकलाप समावेश गरिएको छ ।

(ज) शब्द भण्डार : पाठमा प्रयुक्त शब्दहरूलाई केन्द्रबिन्दु मानी विभिन्न विषय क्षेत्रका शब्द भण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको छ । शब्दका विभिन्न अर्थसम्बन्धहरू र विषय क्षेत्रगत विविधतालाई ख्याल राखी शब्दहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगमा जोड दिइने छ । यस क्रममा प्रयुक्त र तत्सम्बन्धी उखान टुक्काहरूको प्रयोगलाई पनि समावेश गरिने छ । पर्यायवाची शब्द भन्नाले धेरै शब्दका एउटै अर्थ हुने र विपरीतार्थक भन्नाले उल्टो अर्थ दिने शब्द हुन् । शब्दकोशमा एकभन्दा बढी अर्थ दिइएका शब्द अनेकार्थी हुन् । समावेशक र समावेश्य शब्दका रूपमा जनावर (समावेशक) र बाघ, भालु, गाई, भैँसी आदि (समावेश्य) लाई लिन सकिन्छ । परिभाषाद्वारा अर्थ लगाइने पारिभाषिक र प्रविधिसँग सम्बद्ध शब्द प्राविधिक शब्द हुन् । आवाज, दृश्य आदिको अनुकरणसम्बद्ध अनुकरणात्मक शब्द हुन् । शब्दभण्डार वृद्धिको प्रयोजनका लागि यस्ता शब्द समावेश गरिएका हुन्छन् ।

## ५. विधाका पाठहरूको वितरण

निम्न लिखित विधामा कक्षागत रूपमा पाठहरूको वितरण गरिएको छ :

| विधा | पाठ सङ्ख्या | | |
|---|---|---|---|
| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| कथा | ६ | ६ | ६ |

CDC

| | | | |
|---|---|---|---|
| कविता | ३ | ४ | ४ |
| प्रबन्ध / निबन्ध | ४ | ४ | ४ |
| रूपक | २ | २ | २ |
| जीवनी | ३ | ३ | ४ |
| चिठी | २ | २ | २ |
| जम्मा | २० | २१ | २२ |

समग्रमा विभिन्न विधाका पाठहरू समावेश गर्दा विषय क्षेत्र र अभिव्यक्तिगत विविधताका बिच सन्तुलन, भाषाको समसामयिक प्रयोग, स्तर, रुचि आदिलाई ध्यान दिइने छ ।

## ६. सिकाइ सहजीकरण प्रक्रिया

भाषा सिकाइ विषयवस्तुको सिकाइ नभई विषयवस्तुका माध्यमबाट भाषिक सिपहरूको सिकाइ भएकाले यो अरू विषयको सिकाइका तुलनामा केही जटिल हुन्छ । भाषा सिकाइमा विभिन्न क्षेत्र तथा स्रोतका विषयवस्तुको विधागत विविध प्रस्तुतिलाई भाषिक सिपको अभ्यासको आधार सामग्री बनाउनुपर्ने हुन्छ । तसर्थ सामान्यतया प्रत्येक विधाका पाठहरूबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइका कार्यकलापहरू गराउन सकिने छ । यस क्रममा सबै पाठलाई श्रुतिबोध, शब्दोच्चारण, पठनबोध, मौखिक अभिव्यक्ति, लिखित अभिव्यक्ति, शब्द भण्डार, वर्ण विन्यास आदिको अभ्यासका लागि उपयोग गर्नुपर्छ । विधाका पाठहरूलाई प्रस्तुति, शैली र प्रकृतिअनुसार भाषातत्त्व/व्याकरणको अभ्यास गराउन समेत उपयोग गर्नु आवश्यक
छ । यसरी सबै विधालाई विविध भाषिक क्षमता विकास गर्न उपयोग गर्न सकिए पनि विधाविशेषको प्रकृति र प्रयोजनअनुसार निम्नानुसारको सिकाइ प्रक्रिया अपनाउनु आवश्यक छ । अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका बालबालिकाहरूका लागि उपयुक्त हुने सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।

### कथा

कथा सिकाइको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । कथनात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुतः कथा सिकाइका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सिपको अभ्यास गराउनुपर्छ । यस क्रममा कथा श्रवण, कथा कथन, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौनपठन, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटना क्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन, अनुलेखन जस्ता कार्यकलाप गराउनुपर्छ ।

### कविता

कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सिप विकास गर्नु हो । अतः कविता सिकाइ गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका

CDC

क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु पनि उपयुक्त हुन्छ ।

**प्रबन्ध / निबन्ध**

यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्ध/ निबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा निबन्ध लेखनको अभ्यास गराउनुपर्छ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त गद्यांशको सस्वर पठन, बुँदा टिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक छ ।

**रूपक**

रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको सिकाइ गर्दा निर्दिष्ट संवाद/ एकाङ्की तथा वादविवादलाई परिस्थिति, पात्र तथा भावानुकूल वाचन, अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । यस क्रममा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह, अवरोह, आघात, गति, यति आदिको ख्याल गर्नुपर्छ । रूपक विधाको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, हाउभाउ पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, संवाद लेखन, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुति लेखन, अनुलेखन आदि क्रियाकलाप समेत गराउनुपर्छ ।

**जीवनी**

| 7 | Asking for and giving permission and expressing obligation | Will you let me stay till tomorrow? You may stay but you mustn't talk. You have to finish by four o'clock. He had to leave early. Must I do every thing? You ought to work hard. I should go now. | A festival A social event | Group work Reading Developing a small paragraphs Language games Project work | Written/oral work Answering questions Listening comprehension activities | 10 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 8 | Comparing | It's like a river, but smaller. It isn't as big as a house. It is the biggest of all. | Seasons of the year<br>A passage with different pictures | Group work: reading/ writing<br>Describing a pictures | Developing paragraphs<br>Listening comprehension activities | 10 |
| 9 | Requesting and replying politely | Would you mind closing the window, please?<br>Could you possibly come tomorrow?<br>Please help me to lift this.<br>Certainly/sure.. No I'm afraid not, because I'm busy. | At the headmaster's desk<br>At the school canteen<br>At the hospital | Reading and writing<br>Completing incomplete sentences<br>Matching | Developing a short dialogue with 6 exchanges<br>Completing an incomplete dialogue | 10 |
| 10 | Predicting | It's going to rain. You might be late. | Going on a picnic<br>Trekking | Elicitation<br>Guessing<br>Pair/individual work | Sentence construction on the given structure | 5 |
| 11 | Stating intention | I'm working late tonight. | Writing a diary | Elicitation<br>Guessing<br>Pair/individual work | Cloze exercises<br>Substitution table<br>Paragraph writing | 5 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 12 | Expressing degrees of probability | Perhaps he's ill. May be he can't come. I'll definitely do it. I certainly won't forget. I'll probably come. | Swimming<br>Plane crash<br>Disappearance of wild animals<br>Accident | Reading<br>Writing | Comprehension questions | 5 |
| 13 | Making suggestions, giving advice and replying | How about playing chess? Why can't we play football? Would you like to look at the photos? You should stay at home. Why don't you stay in bed? I think I will. What a good idea! | Sports day<br>School day<br>Mountaineering | Role play on dialogues<br>Essay competition | Questions answers<br>Observation on students' performance during role play<br>Listening comprehension activities | 15 |
| 14 | Inviting and replying | Would you like to come with us? I'm having a party, can you come? Thank you that would be great. I'm very sorry. I 'm afraid I 'm busy. | Celebrations<br>Father's day<br>Mother's day<br>Birthday<br>Anniversary<br>Family get together. | Practice on drafting invitation letters<br>Composing telephone dialogues | Writing competition<br>Observing students' performance | 10 |
| 15 | Sating purpose | I came to see you. He went to see a doctor. | At the zoo<br>At any offices/ organization | Writing and enacting dialogues | Elicitation<br>Guessing<br>Pair/individual work | 10 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 16 | Expressing wishes | I wish I had a bicycle. | A poem<br>An essay | Developing sentences to paragraphs | Sentence constructions | 5 |
| 17 | Instructing | Press the button on the right. Turn the knob. Don't forge to close the door. | Leaflet on doing/preparing something | Role play<br>Group work<br>Individual work | Observation on students' performance | 10 |
| 18 | Describing positions | It's at the back of the room. (at the front of, in the middle of, to the left of, inside, out side) | My village<br>A place where many tourists visit | Reading<br>Writing<br>Group work<br>Project work | Observation on students' performance | 10 |
| 19 | Measuring height, weight and distance | How tall is the tree? It's about twenty meters high (wide, deep, long). It's very heavy. It's about 30 kg. How far is Pokhara? It is 200 km. It isn't far. It takes 4 hours by car. | Geographical description of a place<br>Bhimsen Stambha | Reading comprehension<br>Role play<br>Developing dialogue in groups | Oral /written answers<br>Observation on students' performance | 10 |
| 20 | Expressing preference | I'll have either; I like neither tea nor coffee. I don't like either. I prefer rotis. I'd rather play badminton. | A visit to a restaurant | Reading<br>Role play<br>Developing dialogue in groups | Oral /written answers<br>Observation on students' performance | 5 |
| 21 | Narrating events | While I was coming to school, I saw a mongoose. I was reading when the light went out. | A narrative story<br>An experience | Reading<br>Narrating<br>Oral games<br>Ordering<br>Chain story | Skeleton story<br>Reading comprehension activities | 15 |

### 7.3 Grade 8

| S.N. | Function | Language/grammar | Topics | Activities | Evaluation | period |
|---|---|---|---|---|---|---|
| 1 | Asking formally for information | Excuse me; I wonder if you could tell me the way to the post office. | The post office<br>Visiting a new place | Role play<br>Field visit<br>Group work | Observation on students' performance | 5 |
| 2 | Asking for a repeat of information | Excuse me.<br>I beg your pardon.<br>Could you please say it again? | Telephone conversation<br>Extract of drama | Role play | Observation on students' performance | 5 |
| 3 | Asking for and giving permission, expressing obligation | Would you mind if I open the window?<br>Am I allowed to borrow a book?<br>You have got to come now.<br>I ought to go now. | A visit to a zoo/library/ science exhibition hall | Demonstration and discussion | | 10 |
| 4 | Requesting and replying | Can you give me a hand please? I'm sorry but I have to go out. Can you tell me how to solve this problem? | At bus park/ supermarket<br>In classroom | Pair work<br>Problem solving<br>Role play | Observation on students' performance | 5 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5 | Identifying people, places and objects | The man who was waiting here has gone.<br>This is the house which I bought last year.<br>The book that I need is on the shelf. | A national hero<br>A famous place<br>A laptop, computer, etc | Reading comprehension<br>Question answer<br>Substitution table | Written tasks for reading comprehension<br>Observation for spoken skills<br>And exercises for listening comprehension | 10 |
| 6 | Inviting and replying | How about coming for meal tomorrow?<br>I wonder if you are free on Saturday.<br>Thank you very much but I'm afraid that I need to finish my homework. | Festivals<br>Social celebration | Reading comprehension<br>Question answer<br>Substitution table | For reading comprehension:<br>Short question<br>Matching<br>Fill in the space<br>True false<br>MCQs | 10 |
| 7 | Getting things done | Can you make the radio work?<br>She made Gopal stay in. I got/had my food prepared. | Profession (mechanics, plumber, electrician, tailor, etc) | Group work<br>Project work<br>Role play<br>Grammar exercise | Observation on students' performance | 10 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 8 | Reporting | He said that he wanted to go. He told her to sit down. She asked me if I was tired. He asked me where I was going. | News report/story<br>Radio report<br>Hostel rules | Group work<br>Project work<br>Role play<br>Grammar exercise | Written tasks for reading<br>Observation for spoken skills<br>And exercises for listening comprehension | 10 |
| 9 | Describing people, places, objects and actions | The children in red uniform are waiting for the bus. I've visited Chandan Nath temple twice. | Sports persons<br>Literary personality<br>Famous place | Group work<br>Project work<br>Role play<br>Grammar exercise | For reading comprehension: short question<br>Matching<br>Fill in the space<br>True falseMCQ | 15 |
| 10 | Expressing conditions | If you go there, you can see Mt. Makalu.<br>If the temperature falls the plants will die.When the bell rings, you can go. | Health population and environment | Project work<br>Group work<br>Writing activities | Observation on students' performance | 10 |
| 11 | Comparing | Mt. Everest is the highest mountain in the world.<br>Ahmad is much taller than his brother.<br>Radhika is nearly as beautiful as Ramita. | A story of two brothers/sisters<br>Tourism<br>Mountaineering | Group work<br>Project work<br>Role play<br>Grammar exercise | Written tasks for reading<br>Observation for spoken skills<br>And exercises for listening comprehension | 5 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 12 | Expressing degree of probability | Certainly , may be, perhaps | Debate on a current issues | Reading comprehension on Sentence construction | Observation on students' performance | 5 |
| 13 | Expressing condolen-ces | I'm sorry that you were ill yesterday. I'm sorry to hear that your mother died. Hard luck! | Accident, death, Air crash | Reading newspaper, Group work Practice on writing condolence | Observation on students' performance | 5 |
| 14 | Expressing likes/dislikes | What would you like to do? Would you prefer to swim or play volleyball? I'd like to play volleyball. | Me and my friend Hobby Games/sports | Debate contest Writing practice | Observation on students' performance | 10 |
| 15 | Stating intention/predicting | You must be feeling hungry! I'm planning to visit Butwal next week. I'm off to work. | Weather forecasting Travelling | Reading Writing | Writing tasks Reading comprehension | 10 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 16 | Persuading and reminding | Do come. Don’t forget to write! Remember to come next week. | Counseling<br>My grandfather | Speaking on a particular issues<br>Role play | Observing the way of speaking : pronunciation, tone | 10 |
| 17 | Describing habits | I used to eat rice but now I eat noodles. | My childhood<br>Changing society | Reading comprehensi on<br>Writing paragraphs | Comprehension questions | 10 |
| 18 | Expressing ability | I can speak English. I was able to buy a ticket. | Tourism in Nepal<br>Playing musical instrument | Reading<br>Writing<br>Oratory contest<br>Games | Performance in language games<br>Written tasks | 10 |
| 19 | Giving reasons | I came late because it was raining. I came by taxi in order to save time. | Village or town<br>Science or culture<br>An experience | Debate competition | Observation on students’ performance | 10 |
| 20 | Answering in brief | I hope so. I hope not. So do I. I expect so. Not often. Sometimes. Never, Always. Occasionally. | At a hotel/ Restaurant | Role play<br>Simulation<br>Reading | Observation on students’ performance | 10 |

# गणित

## १. परिचय

आजको युग सूचना तथा प्रविधिको युग हो । प्रविधि र गणितकाबिच घनिष्ट सम्बन्ध हुन्छ । गणितीय ज्ञानले सूचना तथा प्रविधिबारे मानिसलाई समालोचनात्मक भई सोच्ने, तार्किक निर्णय दिने क्षमता विकासमा सहयोग पुऱ्याउँछ । दैनिक जीवनमा आइपर्ने समस्यालाई तार्किक ढङ्गले समाधान गर्न, सूचना तथा तथ्याङ्कलाई प्रस्तुत गर्न सक्ने तथा प्राप्त सूचनालाई विश्लेषण गरेर उपयोग गर्न गणितीय ज्ञान तथा सिपले सहयोग गर्दछ । गणितीय ढाँचा, क्रिया र प्रक्रियाले विद्यार्थीमा कारण खोज्ने, औचित्यपूर्ण निर्णय दिने, विचार प्रस्ट राख्ने व्यावहारिक गणितीय समस्या समाधान गर्ने जस्ता सक्षमताहरू विकास गर्ने विषयवस्तु समावेश भएका छन् । यस तहको अध्ययनले माध्यमिक तहको शिक्षा प्राप्त गर्ने पूर्वाधार विकास गर्ने छ । साथै यहाँ गणितीय विषयवस्तुहरू विद्यार्थीको क्षमता, उमेर, स्तर अनुकूल हुने गरी समावेश भएका छन् । सक्षमतामा आधारित यस तहको पाठ्यक्रममा गणित विषयका सिकाइ क्षेत्रहरू निम्नानुसार समावेश गरिएका छन् :

| | | |
|---|---|---|
| १. ज्यामिति | २. निर्देशाङ्क ज्यामिति | ३. क्षेत्रमिति |
| ४. स्थानान्तरण | ५. समूह | ६. अङ्क गणित |
| ७. तथ्याङ्क शास्त्र | ८. बीज गणित | |

## २. तहगत सक्षमताहरू

यस तहको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सक्षमताहरू हासिल गर्न समर्थ हुने छन् :

१. ज्यामितीय आकृतिहरूको रचना र केही साधारण सम्बन्धको परीक्षण

२. ज्यामितीय ठोस आकारहरूको नमुना तयारी

३. दैनिक जीवनका सरल अङ्क गणितीय व्यावहारिक समस्याहरूको समाधान

४. तथ्याङ्क सङ्कलन, प्रस्तुति र प्राप्त सूचनाको सम्प्रेषण

५. समूहको प्रयोगबाट सरल व्यावहारिक समस्याको समाधान

६. बीजीय अभिव्यञ्जक तथा समीकरण सम्बन्धी सरल समस्याहरू समाधान गर्ने सिपको विकास ।

## ३. कक्षागत सिकाइ उपलब्धिहरू

**कक्षा : ६**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. प्रतिच्छेदित र समानान्तर रेखाहरू छुट्याउन तथा सेटस्क्वायरको प्रयोगद्वारा समानान्तर रेखाहरूको रचना गर्न

२. लम्ब, रेखाखण्डको अर्धक, लम्बार्धक तथा सेटस्क्वायरको प्रयोगद्वारा लम्ब रेखाहरूको रचना गर्न ।

३. कोणहरूको वर्गीकरण गर्न तथा सेटस्क्वायरको प्रयोगद्वारा $30^o$, $45^o$, $60^o$ र $90^o$ का कोणहरू रचना गर्न

४. त्रिभुजको वर्गीकरण गर्न

५. कम्पास तथा रूलरको प्रयोगद्वारा वर्ग र समबाहु त्रिभुजको रचना गर्न

६. बहुभुजको परिचय दिन

७. ठोसको परिचय दिन, नियमित ठोस वस्तुका सतह, किनारा, कुना पहिचान गर्न तथा घन र षड्मुखाका खोक्रा नमुना तयार गर्न

८. अक्ष र निर्देशाङ्कको परिचय दिई पहिलो चतुर्थांशमा विन्दुहरू अङ्कन गर्न

९. त्रिभुजको परिमिति निकाल्न

१०. वर्ग गन्ती गरेर नियमित समतल आकृतिको क्षेत्रफल आँकलन गर्न, आयत र वर्गको क्षेत्रफल तथा षड्मुखा र घनको आयतन सम्बन्धी सरल समस्या समाधान गर्न

११. स्थानान्तरणको परिचय दिन

१२. सममिति चित्रहरू चिन्न तथा बहुभुजबाट ढाँचा तयार पार्न

१३. समूहलाई जनाउने तरिकाहरू बताउन, समूहका सदस्यको गणनात्मकता पत्ता लगाउन तथा समतुल्य, बराबर, सीमित र असिमित समूहको परिचय दिन ।

१४. पूर्ण सङ्ख्याको परिचय दिन, भाज्यताको परीक्षण गर्न तथा कोष्ठसहित सरलीकरण गर्न ।

१५. रूढ र संयुक्त सङ्ख्या छुट्याउन तथा गुणनखण्ड र अपवर्त्यहरू निकाल्न ।

१६. (०-१००) सम्मको वर्ग सङ्ख्या पहिचान गर्न

१७. रूढ खण्डीकरणबाट म.स.र ल.स. निकाल्न

१८. पूर्णाङ्क तथा अनुपातिक सङ्ख्याको परिचय दिन

१९. भिन्नको सरलीकरण गर्न

२०. दशमलबको शून्यान्त गर्न, दशमलव सङ्ख्याको गुणन गर्न, दशमलब सङ्ख्यालाई पूर्णाङ्कले भाग गर्न तथा दशमलव र भिन्न एक अर्कामा रूपान्तर गर्न

२१. प्रतिशत र अनुपातको सम्बन्ध बताउन तथा अनुपात र समानुपातको परिचय दिन

२२. नाफा तथा नोक्सानका समस्या हल गर्न
२३. प्रत्यक्ष विचरणमा आधारित ऐकिक नियमका समस्या समाधान गर्न
२४. साधारण ब्याजको परिचय दिन र ऐकिक नियमद्वारा साधारण ब्याज निकाल्न
२५. आँकडा सङ्कलन गरी बारम्बारता तालिका तथा साधारण स्तम्भ चित्रको निर्माण गर्न
२६. बीजीय अभिव्यञ्जकको परिचय तथा तत्सम्बन्धी समस्या हल गर्न, बीजीय अभिव्यञ्जकहरूका चार क्रियाहरू गर्न
२७. एक चलयुक्त रेखीय समीकरणको हल गर्न, असमानता र ट्रिकोटोमी नियमको परिचय दिन ।

**कक्षा : ७**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. कम्पासको प्रयोगबाट $60^{\circ}$, $120^{\circ}$, $30^{\circ}$, $90^{\circ}$, $45^{\circ}$, $135^{\circ}$, $75^{\circ}$, $105^{\circ}$ का कोणहरू खिच्न
२. दिएको कोणसँग बराबर हुने गरी कोणको रचना गर्न
३. शीर्षाभिमुख, आशन्न, समपूरक, परिपुरक, एकान्तर, सङ्गत र क्रमागत भित्री कोणहरूका जोडाको परिचय दिन
४. शीर्षाभिमुख कोण, सरलकोण, पूर्णकोण सम्बन्धी केही सामान्य ज्यामितीय तथ्यहरूको परीक्षण गर्न
५. त्रिभुज, आयत, वर्ग, समवाहु चतुर्भुज, सामानान्तर चतुर्भुजका विशेषताहरू पत्ता लगाई रचना गर्न
६. नियमित बहुभुजका भित्री तथा बाहिरी कोणहरूको नाप निकाल्न
७. समरूप र अनुरूप आकृतिहरूको परिचय दिन
८. वृतका भागहरूको परिचय दिन
९. टेट्राहेड्रन, अक्टाहेड्रन, सोली र बेलनाका खोका नमुना तयार गर्न
१०. लेखाचित्रमा विन्दुको निर्देशाङ्क पत्ता लगाउन तथा विन्दुहरू अङ्कन गर्न
११. वर्ग र आयतको परिमिति निकाल्न तथा षड्मुखा र घनको सतहको क्षेत्रफल सम्बन्धी समस्या हल गर्न
१२. परावर्तन, परिक्रमण र विस्थापनको परिचय दिन
१३. रेखा र विन्दु सममितिको परिचय दिन, बहुभुज तथा अन्य सरल ढाँचामा आधारित टेसिलेसन तयार पार्न
१४. नक्सा पढ्न, दिशास्थिति र स्केल ड्इङ्को परिचय दिन
१५. सर्वव्यापक समूह, उपसमूह, अलग्गिएका र खप्टिएका समूहहरू छुट्याउन तथा समूहको संयोजन तथा प्रतिच्छेदन पत्ता लगाई भेन चित्रमा प्रस्तुत गर्न

१६. रूढ खण्डीकरण र भाग विधिद्वारा वर्गमूल निकाल्न तथा रूढ खण्डीकरणद्वारा घनमूल पत्ता लगाउन, सङ्ख्याको घन निकाल्न र भाग विधिद्वारा म.स. र ल.स. निकाल्न

१७. पञ्चआधार र द्विआधार सङ्ख्याकङ्न पद्धतिको परिचय दिन

१८. पूर्णाङ्कका चार साधारण नियम प्रयोग गरी सरल गर्न

१९. अनुपातिक सङ्ख्याका विशेषताहरू बताउन तथा अनुपातिक र अनानुपातिक सङ्ख्याहरू छुट्याउन

२०. दशमलव सङ्ख्याको सरलीकरण गर्न तथा भिन्न र दशमलव सङ्ख्या सम्बन्धी शाब्दिक समस्याहरू हल गर्न

२१. प्रतिशत, अनुपात र समानुपातका सरल समस्याहरू हल गर्न

२२. नाफा र नोक्सान सम्बन्धी समस्याहरू हल गर्न

२३. प्रत्यक्ष तथा अप्रत्यक्ष विचरणमा आधारित ऐकिक नियमका साधारण समस्याहरू हल गर्न

२४. सूत्र प्रयोग गरेर साधारण ब्याज निकाल्न

२५. बहुस्तम्भ चित्र खिच्न, असमूहगत तथा समूहगत आँकडाको परिचय दिई असमूहगत आँकडाबाट अङ्क गणितीय मध्यक निकाल्न

२६. बीजीय अभिव्यजकको गुणन र भाग गर्न, बहुपदीय अभिव्यजकको वर्गीकरण गर्न र बहुपदीयहरूको गुणन र भाग गर्न

२७. घाताङ्कका साधारण नियम बताउन

२८. एक चलयुक्त रेखीय समीकरणका समस्याहरू हल गर्न तथा असमानतालाई सङ्ख्या रेखामा देखाउन

२९. फलन यन्त्रबाट दुई चलयुक्त रेखीय समीकरणमा चल राशिबिचको सम्बन्ध देखाउन

३०. दुई चलयुक्त रेखीय समीकरणको लेखाचित्र खिच्न ।

**कक्षा : ८**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. दुई सरलरेखाहरू प्रतिच्छेदन हुँदा बन्ने आसन्न तथा शीर्षाभिमुख कोणहरूको सम्बन्धको परीक्षण तथा प्रयोग गर्न

२. समानान्तर रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने सङ्गत कोण, एकान्तर कोण र क्रमागत भित्री कोणहरूको सम्बन्धको खोजी गर्न

३. त्रिभुजका भित्री कोणहरूको योगफल $180^{\circ}$ हुन्छ भन्ने तथ्यको परीक्षण गर्न तथा समद्विवाहु र समवाहु त्रिभुजका विशेषताहरूको खोजी र परीक्षण गर्न

४. नियमित बहुभुज (पञ्चभुज, षडभुज र अष्टभुज) को रचना गर्न

५. समानान्तर चतुर्भुज, वर्ग र आयतका गुणहरूको परीक्षण गर्न

६. आयतको रचना गर्न

७. त्रिभुजहरू अनुरूप तथा समरूप हुने अवस्थाहरू बताई समरूप त्रिभुज सम्बन्धी समस्याहरू हल गर्न

८. वृत्तको परिधि र व्यासको सम्बन्ध पहिचान गर्न तथा वृत्तको क्षेत्रफल सम्बन्धी समस्या हल गर्न

९. त्रिभुजाकार प्रिज्म र पिरामिडको परिचय दिई घन, षड्मुखा, टेट्राहेड्रन, सोली र वेलनाका जालीहरू तयार पार्न

१०. पाइथागोरस साध्यको परिचय दिन र सूत्र प्रयोग गरी दुई विन्दु बिचको दुरी निकाल्न

११. सूत्र प्रयोग गरी त्रिभुज र चतुर्भुजको क्षेत्रफल निकाल्न

१२. षड्मुखा र घनको आयतन सम्बन्धी समस्या हल गर्न

१३. निर्देशाङ्कका आधारमा परावर्तन, परिक्रमण र विस्थापन गर्न

१४. दिशास्थिति र स्केल ड्इङको प्रयोग गर्न

१५. समूहहरूको फरक र समूहको पुरक पत्ता लगाउन तथा भेनचित्रको प्रयोग गरी सरल शाब्दिक समस्याहरू समाधान गर्न

१६. पञ्चआधार र द्विआधारबाट दशमलव पद्धतिमा रूपान्तर गर्न

१७. कोष्ठसहित पूर्णाङ्कको सरलीकरण गर्न

१८. सङ्ख्याहरूलाई वैज्ञानिक सङ्केतमा लेख्न

१९. वास्तविक सङ्ख्या पद्धतिको परिचय दिन तथा दशमलव र अनानुपातिक सङ्ख्याहरू छुट्याउन

२०. अनुपात, समानुपात र प्रतिशत सम्बन्धी सरल व्यावहारिक समस्याहरू समाधान गर्न

२१. छुट र मूल्य अभिवृद्धि करसहितका नाफा र नोक्सान सम्बन्धी सरल समस्याहरू समाधान गर्न

२२. ऐकिक नियम प्रयोग गरी सरल समस्याहरू समाधान गर्न

२३. साधारण ब्याज सम्बन्धी व्यावहारिक समस्याहरू समाधान गर्न

२४. असमूहगत आँकडाको मध्यिका, रित र विस्तार निकाल्न तथा वृत्तचित्र र रेखाचित्र खिच्न

२५. बीजीय अभिव्यञ्जकको खण्डीकरण गर्न ( $a^2 - b^2$, पूर्ण वर्ग हुने त्रिपदीय, $ax^2 \pm bx \pm c$ स्वरूपको त्रिपदीय) तथा खण्डीकरण विधिद्वारा बीजीय अभिव्यजकका ल.स.र म.स. निकाल्न

२६. $(a \pm b)^3$ को ज्यामितीय धारणा दिन र प्रयोग गर्न

२७. चार साधारण क्रिया प्रयोग गरी दुई पदसम्मका बीजीय अभिव्यजकहरूको सरलीकरण गर्न

२८. घाताङ्कका नियम सम्मिलित साधारण सरलीकरण गर्न

२९. एक चलयुक्त रेखीय समीकरणका समस्याहरू हल गर्न, एक चलयुक्त रेखीय असमानताको हल गर्न र सङ्ख्यारेखामा देखाउन

३०. दुई चलयुक्त युगपतरेखीय समीकरण लेखाचित्रद्वारा हल गर्न

३१. वर्ग समीकरणको परिचय दिन तथा खण्डीकरण विधिद्वारा हल गर्न ।

## ४. विषय वस्तुको क्षेत्र र क्रम

| क्षेत्र | एकाइ | कक्षा ६ | अ. घन्टी | कक्षा ७ | अ. घन्टी | कक्षा ८ | अ. घन्टी |
|---|---|---|---|---|---|---|---|
| १. ज्यामिति | १. रेखा र कोण | ▪ प्रतिच्छेदित र समानान्तर रेखाहरू<br>▪ लम्ब रेखाहरू<br>▪ कम्पासको प्रयोगबाट रेखाखण्डको अर्धक र लम्बार्धकको रचना<br>▪ समानान्तर र लम्बरेखाहरूको रचना (सेटस्क्वायर प्रयोग गरेर)<br>▪ कोणको वर्गीकरण (न्यूनकोण, अधिक कोण, समकोण, सरल कोण र बृहत् कोण)<br>▪ कोणको रचना र नाप<br>– सेटस्क्वायर र कम्पासको | १३ | ▪ कम्पासको प्रयोगद्वारा कोणहरूको रचना (60º, 120º, 30º, 90º, 45º, 135º, 75º र 105º)<br>▪ कोण सम्बन्धी रचना<br>– दिइएको कोणसँग बराबर हुने कोणको रचना (कम्पासको प्रयोगबाट)<br>▪ कोणका जोडाहरूको परिचय<br>– आसन्न कोणहरू<br>– शीर्षाभिमुख कोणहरू<br>– समपूरक कोणहरू<br>– परिपूरक कोणहरू<br>– एकान्तर कोणहरू<br>– सङ्गत कोणहरू<br>– क्रमागत भित्री कोणहरू<br>▪ निम्न लिखित प्रयोगात्मक तथ्यहरूको परीक्षण | १५ | ▪ एउटा सरल रेखाले अर्को सरल रेखालाई प्रतिच्छेदन गर्दा बन्ने जोडा कोणहरूको सम्बन्धको परीक्षण तथा प्रयोग<br>– आसन्न कोणहरू<br>– शीर्षाभिमुख कोणहरू<br>▪ समानान्तर रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने निम्न लिखित कोणहरूको सम्बन्धको खोजी<br>– एकान्तर कोणहरू<br>– क्रमागत भित्री कोणहरू<br>– सङ्गत कोणहरू | ८ |

| क्षेत्र | एकाइ | कक्षा ६ | अ. घन्टी | कक्षा ७ | अ. घन्टी | कक्षा ८ | अ. घन्टी |
|---|---|---|---|---|---|---|---|
| | | – प्रयोगद्वारा 30°, 45°, 60° र 90° का कोणहरू | | – शीर्षाभिमुख कोणहरू बराबर हुन्छन् । <br>– सरल रेखाको कुनै विन्दुमा एकैतिर रहेका कोणहरूको योगफल 180° हुन्छ । <br>– कुनै विन्दुको वरिपरि एक परिक्रमणमा बनेका कोणहरूको योगफल 360° हुन्छ । | | | |
| | २. त्रिभुज, चतुर्भुज र बहुभुजहरू | ▪ भुजा र कोणका आधारमा त्रिभुजको वर्गीकरण <br>▪ कम्पास र रूलरको प्रयोगद्वारा वर्ग (एउटा भुजा दिइएमा) र समबाहु त्रिभुजको रचना <br>▪ बहुभुजको परिचय | १२ | ▪ त्रिभुजको रचना <br>– दुई भुजा र तिनीहरूबिचको कोण दिइएमा <br>– कुनै एउटा भुजा र त्यसमा बनेका दुई कोण दिइएमा <br>– तिनओटै भुजा दिइएमा <br>– चतुर्भुजको परिचय र प्रकार <br>▪ आयत, वर्ग, समानान्तर चतुर्भुज र समबाहु चतुर्भुजका गुणहरूको खोजी <br>▪ चतुर्भुजको रचना (कम्पासको प्रयोगबाट) | १२ | ▪ त्रिभुजका कोणहरूको योगफल 180° हुन्छ भन्ने तथ्यको खोजी र परीक्षण <br>▪ समद्विबाहु र समबाहु त्रिभुजका विशेषताहरूको खोजी तथा परीक्षण <br>– समद्विबाहु त्रिभुजका आधारका कोणहरू बराबर हुन्छन् <br>– समद्विबाहु | १८ |

| क्षेत्र | एकाइ | कक्षा ६ | अ. घन्टी | कक्षा ७ | अ. घन्टी | कक्षा ८ | अ. घन्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | – आयत (आसन्न भुजा दिइएमा)<br>– समबाहु चतुर्भुज (भुजा र कोण दिइएमा)<br>– समानान्तरु चतुर्भुज (आसन्न भुजा र तिनीहरूबीचको कोण दिइएमा)<br>– नियमित बहुभुजको भित्री तथा बाहिरी कोणहरूको नाप | | त्रिभुजमा शीर्षविन्दुबाट आधारको मध्यविन्दुसम्म खिचिएको रेखा आधारसँग लम्ब हुन्छ<br>– समबाहु त्रिभुजका सबै कोणहरू बराबर हुन्छन्<br>– समकोणी समद्विबाहु त्रिभुजका प्रत्येक आधार कोणहरू $45^o$ हुन्छन्<br>▪ नियमित बहुभुजको रचना (पञ्चभुज, षष्ठभुज, अष्टभुज)<br>▪ समानान्तर चतुर्भुज, वर्ग र आयतका गुणहरूको परीक्षण<br>▪ आयतको रचना<br>– दुई विकर्ण र तिनीहरूबिचको | |

| क्षेत्र | एकाइ | कक्षा ६ | अ. घन्टी | कक्षा ७ | अ. घन्टी | कक्षा ८ | अ. घन्टी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कोण दिइएमा<br>– एउटा भुजा, एउटा विकर्ण र त्यसले त्यही भुजासँग बनाएको कोण दिइएमा | |
| | ३. समरूपता र अनुरूपता | | | ▪ समरूप र अनुरूप आकृतिहरूको परिचय | ३ | ▪ त्रिभुजहरू अनुरूप हुने अवस्थाहरूको परीक्षण<br>▪ त्रिभुजहरू समरूप हुने अवस्थाहरू<br>▪ समरूप त्रिभुज सम्बन्धी समस्याहरू | ५ |
| | ४. वृत्त | | | ▪ वृत्त र यसका विभिन्न भागहरूको परिचय | ३ | ▪ वृत्तको परिधि र व्यासको सम्बन्धको खोजी<br>▪ वृत्तको क्षेत्रफल | ५ |
| | ५. ठोस आकारहरू | ▪ ठोस आकार र तिनका सतह, किनारा र कुनाको परिचय<br>▪ घन, षड्मुखा, सोली, गोला र बेलनाको परिचय तथा घन र | ६ | ▪ टेट्राहेड्रन, अक्टाहेड्रन, सोली र बेलनाका खोक्रा नमुना | ६ | ▪ त्रिभुजाकार प्रिज्म र पिरामिडको परिचय<br>▪ घन,षड्मुखा, टेट्राहेड्रन, सोली र बेलनाका जालीहरू | ६ |

| क्षेत्र | एकाइ | कक्षा ६ | अ. घन्टी | कक्षा ७ | अ. घन्टी | कक्षा ८ | अ. घन्टी |
|---|---|---|---|---|---|---|---|
| | | षड्मुखाका खोक्रा नमुनाहरू | | | | | |
| २. निर्देशाङ्क ज्यामिति | ६. निर्देशाङ्कहरू | ▪ अक्ष र निर्देशाङ्कको परिचय<br>▪ पहिलो चतुर्थांशमा विन्दुहरू अङ्कन गर्ने । | ६ | ▪ चतुर्थाशहरू<br>▪ लेखाचित्रमा दिइएका विन्दुहरूको निर्देशाङ्क<br>▪ दिइएका विन्दुलाई लेखाचित्रमा अङ्कन | ५ | ▪ पाइथागोरस साध्य र सोको प्रयोग<br>▪ दुई विन्दुबिचको दुरी | ६ |
| ३. क्षेत्रमिति | ७. परिमिति, क्षेत्रफल र आयतन | ▪ नापद्वारा त्रिभुजको परिमिति<br>▪ वर्ग गन्ती गरेर नियमित तथा अनियमित आकारहरूको क्षेत्रफल<br>▪ आयत र वर्गको क्षेत्रफल (सूत्र प्रयोग गरेर)<br>▪ षड्मुखा र घनको आयतन सम्बन्धी सरल समस्याहरू | १२ | ▪ वर्ग र आयतको परिमिति (सूत्र प्रयोग गरेर)<br>▪ षड्मुखा र घनको सतहको क्षेत्रफल (सूत्र प्रयोग गरेर) | १० | ▪ त्रिभुज र चतुर्भुजको क्षेत्रफल (सूत्र प्रयोग गरेर)<br>▪ षड्मुखा र घनको आयतन सम्बन्धी समस्या | ८ |
| ४. स्थानान्तरण | ८. स्थानान्तरण | ▪ स्थानान्तरणको परिचय | ३ | ▪ परावर्तन, परिक्रमण र विस्थापनको परिचय | ५ | ▪ निर्देशाङ्कद्वारा परावर्तन, परिक्रमण र विस्थापन | ५ |
| | ९. सममिति र | ▪ सममितीय चित्रहरू | ६ | ▪ रेखा र विन्दु सममिति | ६ | | |

| क्षेत्र | एकाइ | कक्षा ६ | अ. घन्टी | कक्षा ७ | अ. घन्टी | कक्षा ८ | अ. घन्टी |
|---|---|---|---|---|---|---|---|
| | टेसिलेसन | ▪ बहुभुजका ढाँचाहरू | | ▪ बहुभुजका ढाँचाहरूबाट टेसिलेसन | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १०. दिशास्थिति र स्केल ड्रइङ | | | ▪ स्केल ड्रइङको परिचय<br>▪ नक्सा पढ्ने<br>▪ दिशास्थिति | ५ | ▪ दिशास्थिति र स्केल ड्रइङको प्रयोग | ५ |
| ५. समूह | ११. समूह | ▪ परिचय<br>▪ सङ्केतहरू<br>▪ समूहलाई जनाउने तरिकाहरू<br>▪ समूहका सदस्यको गणना<br>▪ खाली समूह<br>▪ समतुल्य र बराबर समूहहरू<br>▪ सीमित तथा असीमित समूहहरू | १५ | ▪ सर्वव्यापक समूह<br>▪ उपसमूहहरू<br>▪ भेनचित्रको परिचय<br>▪ अलग्गिएका र खप्टिएका समूहहरू<br>▪ उपयुक्त र अनुपयुक्त उपसमूहहरू<br>▪ समूहको संयोजन<br>▪ समूहको प्रतिच्छेदन | १२ | ▪ समूहहरूको फरक<br>▪ समूहको पूरक<br>▪ भेनचित्रको प्रयोगबाट सरल शाब्दिक समस्याहरू (दुई समूह मात्र) | १० |
| ६. अङ्क गणित | १२. पूर्ण सङ्ख्या | ▪ पूर्ण सङ्ख्याको विकास<br>▪ कोष्ठहरूसहित सरलीकरण<br>▪ भाज्यताको परीक्षण (२, ३, ५, ७, १० र ११ मात्र)<br>▪ रूढ र सङ्युक्त सङ्ख्या<br>▪ गुणन खण्ड र अपवर्त्यहरू<br>▪ रूढ खण्डीकरण | २३ | ▪ सङ्ख्याको वर्ग र वर्गमूल (पूर्ण वर्गसङ्ख्याहरूको रूढ खण्डीकरण र भाग विधिद्वारा वर्गमूल)<br>▪ सङ्ख्याको घन र घनमूल (रूढ खण्डीकरणद्वारा)<br>▪ म. स. र ल. स. (भाग विधिद्वारा)<br>▪ पञ्चआधार र द्विआधार सङ्ख्याङ्कन पद्धतिको परिचय | १५ | ▪ पञ्चआधार र द्विआधार दशमलव पद्धतीमा रूपान्तरण<br>▪ दशमलव पद्धतिलाई द्विआधार पद्धतिमा रूपान्तरण<br>▪ दशमलव पद्धतिलाई पञ्चआधार पद्धतिमा रूपान्तरण | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ▪ वर्गमूल तालिका (०-१००) बाट ०-१०० सम्मका पूर्णवर्ग सङ्ख्याहरूको वर्गमूल<br>▪ म.स. र ल.स. (रूढ खण्डीकरणबाट) | | | | | |
| | १३. पूर्णाङ्क | ▪ पूर्णाङ्कको परिचय | २ | ▪ पूर्णाङ्कको चार साधारण नियम (सरलीकरण) | ५ | ▪ कोष्ठसहित पूर्णाङ्कको सरलीकरण | ४ |
| | १४. अनुपातिक सङ्ख्याहरू | ▪ अनुपातिक सङ्ख्याहरूको परिचय | ३ | ▪ अनुपातिक सङ्ख्याका विशेषताहरू | ३ | ▪ सङ्ख्याको वैज्ञानिक सङ्केत (scientific notation) | ८ |
| | १५. वास्तविक सङ्ख्याहरू | | | ▪ अनानुपातिक सङ्ख्याहरूको परिचय तथा विशेषता | ३ | ▪ वास्तविक सङ्ख्या पद्धति<br>▪ दशमलव र अनानुपातिक सङ्ख्याहरू | ५ |
| | १६. भिन्न र दशमलव | ▪ भिन्नमा चार साधारण क्रियाहरू<br>▪ भिन्नको सरलीकरण<br>▪ दशमलवको गुणन<br>▪ दशमलवलाई पूर्णाङ्कले भाग | १५ | ▪ भिन्नका शाब्दिक समस्या<br>▪ अन्त्य, अनन्त र पुनरावृत्त दशमलवहरू<br>▪ दशमलवको सरलीकरण<br>▪ दशमलवका शाब्दिक समस्या | ८ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ▪ भिन्न र दशमलवको एक अर्कामा रूपान्तर<br>▪ दशमलवको शून्यान्त | | | | | |
| | १७. अनुपात, समानुपात र प्रतिशत | ▪ भिन्न र प्रतिशत<br>▪ अनुपात र समानुपातको परिचय | ६ | ▪ प्रतिशतका सरल समस्याहरू<br>▪ अनुपात र समानुपातका सरल समस्याहरू | ६ | ▪ अनुपात र समानुपात सम्बन्धी थप समस्याहरू<br>▪ प्रतिशतसम्बन्धी सरल व्यावहारिक समस्याहरू (कर र छुटसहित) | ५ |
| | १८. नाफा र नोक्सान | ▪ परिचय<br>▪ प्रतिशत नभएका नाफा र नोक्सानका समस्याहरू | ६ | ▪ प्रतिशतसहितका नाफा र नोक्सानका समस्याहरू | ५ | ▪ नाफा र नोक्सान (छुट र मू.अ.क. सहित) का सरल समस्याहरू | ८ |
| | १९. ऐकिक नियम | ▪ प्रत्यक्ष विचरण र ऐकिक नियम | ५ | ▪ प्रत्यक्ष तथा अप्रत्यक्ष विचरण र ऐकिक नियम | ५ | ▪ ऐकिक नियमका सरल समस्याहरू | ६ |
| | २०. साधारण ब्याज | ▪ साधारण ब्याजको परिचय<br>▪ ऐकिक नियमद्वारा साधारण ब्याज | ६ | ▪ सूत्र प्रयोग गरेर साधारण ब्याज | ५ | ▪ साधारण ब्याजसम्बन्धी व्यावहारिक समस्या | ७ |
| ७. तथ्याङ्क शास्त्र | २१.तथ्याङ्क शास्त्र | ▪ तथ्याङ्कको सङ्कलन (मिलान चिह्न, बारम्बारता)<br>▪ बारम्बारता तालिका | ८ | ▪ सञ्चित बारम्बारता तालिका<br>▪ बहुस्तम्भ चित्र<br>▪ असमूहगत तथ समूहगत आँकडा | १० | ▪ असमूह गत आँकडाको मध्यक, मध्यिका, रित र विस्तार (range) वृत्तचित्र (Pie | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ▪ साधारण स्तम्भ चित्र | | ▪ असमू गत आँकडाको अङ्क गणितीय मध्यक | | chart ) र<br><br>रेखाचित्र (Line graph) बाट सूचना लिन दिन | |
| ८. बीज गणित | २२. बीज गणितीय अभिव्यञ्जक | ▪ परिचय<br>▪ बीजीय अभिव्यञ्जकको मान र तत्सम्बन्धी समस्या<br>▪ बीजीय अभिव्यञ्जकको जोड, घटाउ र तत्सम्बन्धी समस्या<br>▪ बीजीय अभिव्यञ्जकको गुणन (एक पदीयहरूको, दुई पदीयलाई एक पदीयले)<br>▪ बीजीय अभिव्यञ्जकको गुणन र भाग (दुई पदीय अभिव्यञ्जकलाई एकपदीय अभिव्यञ्जकले) | १८ | ▪ बहुपदीयको परिचय तथा वर्गीकरण<br>▪ बीजीय अभिव्यञ्जकको गुणन र भाग (दुई पदीयले त्रिप दीयलाई)<br>▪ $(a \pm b)^2$ को ज्यामितीय धारणा र प्रयोग<br>▪ बहु पदीयहरूको गुणन र भाग (दुईपदीयसम्म मात्र) | १२ | ▪ खण्डीकरण $a^2 - b^2$, पूर्ण वर्ग हुने त्रिपदीय, $ax^2 \pm bx \pm c$ स्वरूपको त्रिपदीय)<br>▪ $(a \pm b)^3$ को ज्यामितीय धारणा र प्रयोग<br>▪ बीजीय अभिव्यञ्जकको म.स. र ल.स. (खण्डीकरणद्वारा)<br>▪ अनुपातिक बीजीय अभिव्यञ्जक (परिचय, चार साधारण क्रियाहरू र दुई पदसम्मको सरलीकरण) | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २३. घाताङ्क | | | ▪ घाताङ्कका नियम ($a^m \times a^n = a^{m+n}$, $a^m \div a^n = a^{m-n}$, $a^0 = 1$, जहाँ m र n पूर्ण सङ्ख्या) | ६ | ▪ घाताङ्कका थप नियम र साधारण सरलीकरण | ८ |
| | २४. समीकरण, असमानता र लेखाचित्र | ▪ एक चलयुक्त रेखीय समीकरणको हल र तत्सम्बन्धी सरल समस्याहरू<br>▪ असमानता र ट्रिकोटोमी नियम ( =, ≠, <, >) | १० | ▪ एक चलयुक्त रेखीय समीकरणका समस्या<br>▪ असमानतालाई सङ्ख्यारेखामा देखाउने<br>▪ फलन यन्त्रबाट दुई चलयुक्त रेखीय समीकरणमा चल राशिको सम्बन्ध<br>▪ दुई चलयुक्त रेखीय समीकरणको लेखाचित्र | १० | ▪ एक चलयुक्त रेखीय समीकरणका थप समस्या<br>▪ एक चलयुक्त रेखीय असमानताको हल र हल समूहलाई सङ्ख्या रेखामा देखाउन<br>▪ दुई चलयुक्त युगपतरेखीय समीकरणको लेखाचित्र विधिबाट हल<br>▪ वर्गसमीकरणको परिचय तथा खण्डीकरणद्वारा हल | १२ |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

आधारभूत तह कक्षा ६–८ को गणित शिक्षणमा विद्यार्थीहरूलाई गरेर सिक्ने अवसर प्राप्त हुने गरी सहजीकरण क्रियाकलापहरू छनोट गर्नुपर्दछ । दैनिक जीवनका उदाहरणबाट विषयवस्तु प्रारम्भ गरी धारणा विकसित गराउन सके सिकाइ सहज र अर्थपूर्ण हुन जान्छ । विद्यार्थीहरूमा विकसित अवधारणा तथा प्राप्त सिपहरूमा पर्याप्त अभ्यासको अवसर प्रदान गरी सिकेका कुराहरूमा स्थायित्व कायम गर्न सहयोग गर्नुपर्दछ । त्यसैगरी प्राप्त गरेका ज्ञान र सिपलाई दैनिक जीवनका समस्या समाधानमा प्रयोग गर्ने उदाहरणहरूको खोजी तथा अभ्यासमा पनि विद्यार्थीहरूलाई संलग्न गराइनु आवश्यक हुन्छ ।

गणितको सिकाइलाई अर्थपूर्ण र रोचक बनाउन उपयुक्त सामग्री तथा चित्रहरूको प्रयोग गर्नुका साथै प्रयोगात्मक कार्य तथा खोजी (Investigation) लाई पनि विषयवस्तुको स्वरूपअनुरूप आवश्यक स्थान दिनुपर्ने छ ।

सिकाइ सहजीकरण विधि तथा क्रियाकलापहरू छनोट गर्दा प्रदर्शन, छलफल, प्रश्नोत्तर, परियोजना कार्य, प्रयोगात्मक, खोज, निर्देशनात्मक खोजजस्ता विधिहरूलाई कक्षा वातावरण अनुकूल प्रयोग गर्नुपर्ने हुन्छ । यसबाट गणितीय धारणालाई आगमनात्मक तरिका (Inductive Method) ले स्थापित गर्न विद्यार्थीहरू सक्षम हुनुका साथै समस्या समाधानको सिप विकास गर्न पनि सहयोग पुग्ने छ ।

गणित सिकाइका सिलसिलामा विद्यार्थीहरूले अभ्यासका क्रममा गर्ने त्रुटिहरूलाई विश्लेषण गरी आवश्यक सुधारात्मक उपायहरूका निरन्तर अवलम्बन गर्नुपर्दछ ।

## ६. मूल्याङ्कन प्रक्रिया

सक्षमतामा आधारित यस तहको पाठ्यक्रमले सिकाइ मूल्याङ्कनका लागि १०० पूर्णाङ्क कायम गरिएको छ । आधारभूत तह, तेस्रो चरण (कक्षा ६-८) को गणित शिक्षणमा गरिने मूल्याङ्कनका मुख्य उद्देश्यहरू तल लेखिए अनुरूप हुने छन् :

- निश्चित सिकाइ उपलब्धिहरू विद्यार्थीले हासिल गर्न सके वा नसकेको परीक्षण गर्ने
- गणितको नयाँ पाठ सिक्न आवश्यक पूर्वाधार तयार भए वा नभएको जाँच्ने
- सिकाइ सहजीकरणलाई प्रभावकारी बनाउन पृष्ठपोषण प्रदान गर्ने
- विद्यार्थी स्वयम्लाई आफूले गरेको प्रगति सम्बन्धी पृष्ठपोषण दिने
- विद्यार्थीहरूलाई उनीहरूको उपलब्धि मापन गरी सोअनुसार स्तर निर्धारण गर्ने ।

मूल्याङ्कनबाट प्राप्त जानकारीका आधारमा सिकाइलाई निरन्तर सुधारका लागि पृष्ठपोषण प्रदान गर्न सकेमा मात्र मूल्याङ्कनको सही प्रयोग हुन सक्छ । तसर्थ मूल्याङ्कनलाई सिकाइ सहजीकरण

क्रियाकलापको अभिन्न अङ्गका रूपमा उपयोग गर्नुपर्दछ । त्यसैले आधारभूत तह (तेस्रो चरण) मा विद्यार्थीका कार्य तथा उनीहरूको प्रगतिको निरन्तर मूल्याङ्कन गरिनु आवश्यक हुन्छ ।

विद्यार्थीको निर्णयात्मक मूल्याङ्कनलाई पनि वर्षको अन्त्यमा लिइने परीक्षामा आधारित मात्र नबनाई विद्यार्थीका दैनिक क्रियाकलाप, प्रयोगात्मक तथा व्यावहारिक समस्या समाधानको सिप र क्षमतामा आएको परिवर्तन तथा सुधारलगायत विभिन्न समयमा लिइएका त्रैमासिक र अन्तिम परीक्षासमेतमा आधारित बनाइनुपर्छ । कक्षा ६ र ७ मा निर्माणात्मक र निर्णयात्मक दुवै मूल्याङ्कनका आधारमा विद्यार्थीलाई कक्षान्नोति गरिने छ । कक्षा ८ मा  पाठ्यक्रम विकास केन्द्रले तयार पारेको विशिष्टीकरण तालिकाले तोकेबमोजिमको ढाँचाअनुसार सञ्चालन हुने जिल्लास्तरीय परीक्षामा सहभागी भई उत्तीर्ण हुनुपर्ने छ ।

कक्षा ६ र ७ मा ६० प्रतिशत निर्णयात्मक (आवधिक परीक्षा) पद्धतिबाट र ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन (निर्माणात्मक) पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ । तर कक्षा ८ को सहजीकरण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ  र यस तहको अन्त्यमा लिइने वाह्य परीक्षामा भने शतप्रतिशत नै लिखित परीक्षा सञ्चालन गरिने छ ।

## Lower Secondary Level Final Examination
## Specification Grid - 2069

**Sub : Mathematics** **Class - 8**

| S.N | Areas | Level of Objectives | Knowledge & Understanding | | | | Skills | | | | Problem Solving | | Total No. Questions | Total Marks | Time Allocations | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Types of Questions | Very Short | | Short | | Short | | Longs | | Longs | | | | | |
| | | Topics | No of ques. | Marks | No of ques. | Marks | No of ques. | Marks | No of ques. | Marks | No of ques. | Marks | | | | |
| 1 | GEOMETRY | 1. Line & Angles | 1 | 1 | | | 1 | 2 | | | | | 10 | 22 | 40 Minutes | |
| | | 2. Triangle, Parallelogram and Polygon | | | 1 | 2 | | | 2 | 8 | | | | | | |
| | | 3. Similarity and Congruency | | | | | 2 | 4 | | | | | | | | |
| | | 4. Circle | 1 | 1 | | | 1 | 2 | | | | | | | | |
| | | 5. Solid Shapes | | | | | 1 | 2 | | | | | | | | |
| 2 | CO-ORDINATE GEOMETRY | 6. Co-ordinates | 1 | 1 | | | 1 | 2 | | | | | 2 | 3 | 5 Minutes | |
| 3 | MENSURATION | 7. Perimeter, Area and Volume | | | 1 | 2 | | | | | 1 | 4 | 2 | 6 | 11 Minutes | |
| 4 | TRANSFORMATION | 8. Transformation | | | | | | | 1 | 4 | | | 2 | 5 | 9 Minutes | |
| | | 9. Bearing and Scale Drawing | 1 | 1 | | | | | | | | | | | | |
| 5 | SET | 10. Set | 1 | 1 | | | 1 | 2 | | | 1 | 4 | 3 | 7 | 13 Minutes | |
| 6 | ARITHMETIC | 11. Whole Number<br>12. Integer<br>13. Rational Number<br>14. Real Number | 1 | 1 | | | 1 | 2 | 1 | 4 | | | 3 | 7 | 38 Minutes | |
| | | 15. Ratio, Proportion & Percentage | | | | | 1 | 2 | | | | | 4 | 14 | | |
| | | 16. Profit & Loss | | | | | | | | | 1 | 4 | | | | |
| | | 17. Unitary Method | | | | | | | | | 1 | 4 | | | | |
| | | 18. Simple Interest | | | | | | | 1 | 4 | | | | | | |
| 7 | STATISTICS | 19. Statistics | 1 | 1 | | | 1 | 2 | 1 | 4 | | | 3 | 7 | 13 Minutes | |
| 8 | ALGEBRA | 20. Algebraic Expression | 1 | 1 | 1 | 2 | | | 3 | 12 | | | 12 | 29 | 51 Minutes | |
| | | 21. Indices | 1 | 1 | | | 2 | 4 | | | | | | | | |
| | | 22. Equation, Inequality & Graphs | 1 | 1 | | | 2 | 4 | 1 | 4 | | | | | | |
| | | **Total** | **10** | **10** | **3** | **6** | **14** | **28** | **10** | **40** | **4** | **16** | **41** | **100** | **180 Minutes** | |

**Question Group, No of Question, Mark & Time allocation**

| Question Group | No of questions | Mark for each question | Total Marks | Time Allocation | Remarks |
|---|---|---|---|---|---|
| Group-A (Very-short) | 10 | 1 | 10 | 18 Minutes | |
| Group-B (Short) | 17 | 2 | 34 | 62 Minutes | |
| Group-C (Long) | 14 | 4 | 56 | 100 Minutes | |

# सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा

## १.परिचय

समयको परिवर्तनसँगै देशको आर्थिक, सामाजिक, राजनीतिक, ज्ञान विज्ञान जस्ता क्षेत्रमा पनि क्रमश: परिवर्तन भइरहन्छ । त्यस्ता परिवर्तनहरूको जानकारी मानव समुदायलाई दिने कार्य शिक्षाका माध्यमद्वारा नै सम्भव हुन सक्छ भन्ने कुरामा कसैको दुई मत हुन सक्दैन । शिक्षालाई समयसापेक्ष बनाउन यसको मेरुदण्डको रूपमा रहेको पाठ्यक्रमको सुधार हुनु आवश्यक हुन्छ । त्यसमा पनि विद्यार्थीहरूलाई सामाजिक अध्ययन र जनसङ्ख्या जस्तो व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति सिकाउने विषयमा यस प्रकारका सुधारहरू हुन अझ बढी आवश्यक हुन्छ ।

माथिका यिनै तथ्यलाई हृदयङ्गम गरी राष्ट्रिय शिक्षा आयोगले साविकमा भइरहेको शिक्षाको ढाँचामा परिवर्तन गरी सामाजिक अध्ययनलाई कक्षा १ देखि १० सम्म नै अनिवार्य विषयका रूपमा लागु गर्न सिफारिस गरेको छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले पनि यसलाई निरन्तरता दिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ र २०६७।०३।२० को राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को निर्णयअनुसार जनसङ्ख्या शिक्षा विषयसमेत सामाजिक अध्ययनमा एकीकृत गर्ने व्यवस्था गरेको हुँदा सोअनुरूप एकीकृत रूपमा सामाजिक अध्ययन तथा जनसङ्ख्या शिक्षा विषयको पाठ्यक्रम तयार गरिएको छ । विषय वस्तु विस्तृतीकरण समेत विकास गरेर यस विषयबाट अझ विस्तृत रूपमा विद्यार्थीहरूलाई एक असल नागरिक भई जीवन यापन गर्न मदत मिलोस् भन्ने अपेक्षा गरिएको छ । यसका लागि साप्ताहिक ५ पाठ्यभार र पूर्णाङ्क १०० निर्धारण गरिएको छ जसमा ६० प्रतिशत आवधिक मूल्याङ्कन र ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कनबाट गरिने छ । दुवै प्रकारको मूल्याङ्कन अन्तर्गत ७५ प्रतिशत सैद्धान्तिक र २५ प्रतिशत प्रयोगात्मक हुने छ । यसअनुसार आवधिक मूल्याङ्कन अन्तर्गत ४५ अङ्क सैद्धान्तिक र १५ अङ्क प्रयोगात्मक हुने छ । यस पाठ्यक्रममा निम्न लिखित विषयवस्तु र क्षेत्रहरू समावेश भएका छन् :

- हामी र हाम्रो समाज
- सामाजिक समस्या र समाधान
- हाम्रो पृथ्वी
- हाम्रो आर्थिक क्रियाकलाप
- जनसङ्ख्याको परिचय र जनसाङ्ख्यिक अवस्था
- हाम्रो सामाजिक मूल्य र मान्यता
- नागरिक चेतना
- हाम्रो विगत
- हाम्रो अन्तरराष्ट्रिय सम्बन्ध र सहयोग
- जनसङ्ख्या वृद्धि र व्यवस्थापन

यस पाठ्यक्रमबाट विद्यार्थीहरूमा सामुदायिक भावना विकसित हुन सकोस्, विद्यार्थीहरूले आफ्नो मुलुकको वास्तविक विकासका अवधारणा बुझ्न सकून्, आफ्ना सामाजिक मूल्य तथा मान्यतासँग परिचित भई एक लगनशील, कर्तव्यनिष्ठ, इमान्दार र असल नागरिक बनून्, नेपाल र विश्वको भौगोलिक परिवर्तन, विगतका ऐतिहासिक घटना क्रमबाट पाठ सिकी वर्तमान अवस्थामा आफूलाई परिवर्तन गर्न सकून्, तीव्र गतिमा वृद्धि भइरहेको जनसङ्ख्या व्यवस्थापनमा व्यावहारिक सिप प्राप्त होस्, आर्थिक क्रियाकलापसँग परिचित भई श्रमप्रति लगनशील हुन सकून्, अन्तरराष्ट्रिय समझदारी बढाउन यसका विषय वस्तुबाट मदत लिन सकून्, विश्व परिस्थितिका नयाँ परिवर्तनहरूको जानकारी राख्दै स्वतन्त्र, समानता र विश्वबन्धुत्वको भावनाअनुरूप आफूलाई समायोजन गर्न सकून्, विश्वमा

विकसित विज्ञान र प्रविधिबाट मानव समाजमा परेका प्रभावहरूलाई व्यवहारमा ल्याई विद्यार्थीहरूबाट मुलुकको विकासमा टेवा मिलोस् भन्ने उद्देश्य राखिएको छ । यसका विषय क्षेत्रलाई आधारभूत तहदेखि माध्यमिक तहसम्म क्रमबद्ध गर्ने प्रयास गरिएको छ । पाठ्यक्रम निर्माण गर्ने क्रममा कार्यदलले विषयविद्, अनुभवी शिक्षक एवम् लेखकहरूको राय सुझावका आधारमा पाठ्यक्रम परिमार्जन गरेको छ । अझ पनि यसलाई स्तरीय र उपयोगी बनाउन रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ ।

## २. तहगत सक्षमता

**यस तहको अन्त्यमा विद्यार्थीहरूले निम्नानुसारका सक्षमताहरू हासिल गर्ने छन् :**

१. हाम्रा सामाजिक मूल्य तथा मान्यताको सम्मान, संरक्षण, संवर्धन र पालना
२. आफ्नो सांस्कृतिक, भौगोलिक, ऐतिहासिक तथा आर्थिक परिस्थितिहरूको ज्ञान र सिप हासिल गरी सक्रिय जीवनका लागि उपयोग
३. आफ्नो र आफूभन्दा भिन्न समाज र संस्कृतिका मानिसहरूसँग प्रभावकारी र उपयुक्त ढङ्गले सञ्चार तथा स्थानीय, राष्ट्रिय एवम् विश्वव्यापी रूपमा योगदान
४. नेपालीपनप्रति गौरव
५. कलात्मक, सांस्कृतिक, बौद्धिक जस्ता रचनात्मक कार्यहरूमा सहभागिता
६. आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रही र तिनको जवाफदेही ढङ्गले परिपालना
७. समाज र भूगोलको अन्तर सम्बन्ध पहिचान र सोअनुसार समायोजन
८. प्राप्त आर्थिक ज्ञान र सिपको माध्यमबाट सीमित स्रोत र साधनको प्रयोग गरी वैयक्तिक वृद्धि र सामाजिक उन्नतिका अभ्यासमा संलग्नता
९. सामाजिक सम्बन्ध र द्वन्द्वका कारणहरू पहिचान गरी द्वन्द्व समाधानको विभिन्न उपायहरू अवलम्बन
१०. जनसाङ्ख्यिक पक्षहरू तथा व्यवस्थापनको जानकारी हासिल गरी गुणस्तरीय जीवन निर्माणका क्रियाकलापमा सहभागिता
११. अरूको विचारको सम्मान, रचनात्मक प्रतिक्रिया र सहयोग एवम् समानुभूतिको अभिव्यक्ति
१२. सामाजिक, भौगोलिक, सांस्कृतिक विविधताको पहिचान र सम्मान
१३. शान्ति, सद्भाव, सहकार्य, सहयोग, समझदारी, विश्वबन्धुत्व र मानव अधिकारको मर्मअनुरूप मर्यादापूर्ण सामाजिक व्यवहार ।

## ३. कक्षागत सिकाइ उपलब्धि

### कक्षा ६

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. समाज र समुदायको परिचय र समाज निर्माणका आधारहरू उल्लेख गर्न
२. गाविस/नगरपालिकाको परिचय, संरचना र कार्यहरू उल्लेख गर्न
३. आफ्नो गाविस/नगरपालिकामा भएका विकास कार्यहरू प्रस्तुत गर्न

४. विकासको पूर्वाधारको रूपमा शिक्षा र स्वास्थ्यको परिचय, महत्तव र विकासको अवस्था उल्लेख गर्न
५. विभिन्न प्रकारका चाडपर्वहरूको सम्मान गर्न र संरक्षण कार्यमा सहयोग गर्न
६. राष्ट्रिय गौरवका आधारहरूको पहिचान गरी सोअनुरूप आचरण गर्न
७. विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा स्थलहरूको खोजी र संरक्षण गर्न
८. शैक्षिक तथा सामाजिक क्षेत्रमा काम गरेका राष्ट्रिय व्यक्तितत्वहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन
९. लैङ्गिक विभेद, छुवाछुत, घरेलु हिंसा, बालश्रम आदि जस्ता सामाजिक समस्या तथा विकृतिहरूको पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न
१०. परिवार, कक्षा कोठा र विद्यालयमा हुने द्वन्द्वको पहिचान गरी त्यसको उचित व्यवस्थापनमा सहभागी हुन
११. संविधानको परिचय दिई सङ्घीय लोकतन्त्रिक गणतन्त्रको अवधारणा व्यक्त गर्न
१२. नागरिक अधिकारको पहिचान गरी असल नागरिक बन्न
१३. ट्राफिक नियमको जानकारी लिई पालना गर्न र अरूलाई सहयोग गर्न
१४. पृथ्वीको परिचय दिई यसको दैनिक र वार्षिक गतिले मानव जीवनमा पार्ने प्रभाव प्रस्तुत गर्न
१५. अक्षांश र देशान्तर रेखाको परिचय दिन
१६. नेपालको प्राकृतिक स्वरूप, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप व्यवस्थापनले सामाजिक जनजीवनमा पारेको प्रभाव व्यक्त गर्न,
१७. एसिया महाद्वीपको प्राकृतिक र आर्थिक अवस्था तथा सामाजिक जनजीवनको वर्णन गर्न
१८. नेपालको नक्सा बनाउन र भौगोलिक तथ्यहरू भर्न
१९. प्राचीन नेपालको राजनीतिक, सामाजिक, आर्थिक र कलासंस्कृतिको अध्ययन र खोजी गर्न
२०. नाइल नदी र सिन्धु उपत्यका सभ्यताको वर्णन गर्न र त्यसले मानव जीवनमा पारेको प्रभाव एवम् ल्याएको परिवर्तन उल्लेख गर्न
२१. नेपालको कृषि र सेवा क्षेत्रको वर्तमान अवस्था, महत्त्व, विकासमा देखिएका समस्या र समाधानका उपायहरू उल्लेख गर्न
२२. नेपालको अन्तरराष्ट्रिय सम्बन्ध र सहयोगको अवस्था तथा महत्त्व व्यक्त गर्न
२३. सार्क सङ्गठनको परिचय, उद्देश्य र आवश्यकता तथा महत्त्व पत्ता लगाउन
२४. सामाजिक अध्ययनको विषय वस्तुसँग सम्बन्धित समसामयिक गतिविधिहरूको जानकारी लिन र सोअनुरूप समायोजित हुन
२५. जनसङ्ख्याको परिचय दिई यसका प्रमुख तत्त्वहरू उल्लेख गरी नेपालको जनसङ्ख्याको बनोट र वितरण वर्णन गर्न
२६. नेपालको जनसङ्ख्याको अन्य विषयहरूसँगको सम्बन्ध उल्लेख गर्न
२७. तीव्र जनसङ्ख्या वृद्धिका असरहरू पहिचान गरी जनसङ्ख्या व्यवस्थापन सम्बन्धी समस्या समाधानका उपय र यसमा स्थानीय निकायहरूको भूमिका उल्लेख गर्न ।

**कक्षा ७**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. समाजको उत्पत्ति, विकास क्रमसँग परिचित भई सामाजिकीकरण प्रक्रियामा संलग्न हुन
२. जिल्ला विकास समितिको परिचय दिई त्यसको संरचना र कार्यहरू उल्लेख गर्न
३. जिल्लामा भएका विकास कार्यहरूको खोजी गरी विकासको अवस्था पत्ता लगाउन
४. विकासका पूर्वाधारको रूपमा यातायात र सञ्चारको परिचय दिई तिनको महत्त्व र विकासको अवस्था उल्लेख गर्न
५. समाजका विभिन्न धार्मिक तथा सामाजिक संस्कारहरूको खोजी गरी तिनको क्षणमा सहयोग गर्न
६. राष्ट्रिय सरोकारका विषयप्रति सचेत हुँदै राष्ट्रको सम्मान र राष्ट्रियताको जगेर्ना गर्न
७. लोक गीत, लोक नृत्य, लोक बाजा, गरगहना, पहिरन आदि जस्ता हाम्रा सांस्कृतिक रीतिरिवाजहरूको खोजी र संरक्षण गर्न
८. नेपालका ऐतिहासिक र वैज्ञानिक व्यक्तितत्वहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन,
९. अन्धविश्वास, फजुल खर्च, मानव बेचबिखन आदि जस्ता सामाजिक समस्या र विकृतिको पहिचान गरी समाधान कार्यमा सहयोग गर्न
१०. सामाजिक समस्या समाधानमा विद्यालय र राष्ट्रिय सामाजिक सङ्घसंस्थाहरूले खेल्न सक्ने भूमिका उल्लेख गर्न
११. परिवार र छरछिमेकमा हुने द्वन्द्व व्यवस्थापनमा सहयोग गर्न
१२. शान्तिको अवधारणासँग परिचित भई सोहीअनुरूप व्यवहार गर्न
१३. राज्यका आधारभूत तत्त्वहरू उल्लेख गरी नेपालको वर्तमान संविधानमा उल्लिखित मौलिक हकहरूको वर्णन गर्न
१४. बाल अधिकारको उपयोग गर्न र संरक्षणका लागि भएका प्रयासहरू खोजी गर्न
१५. लोकतान्त्रिक संस्कार विकसित गरी सबैमा समान व्यवहार गर्न र सामाजिक नियम पालना गर्न
१६. अक्षांश र देशान्तरको परिचय दिन
१७. धरातलीय स्वरूपमा परिवर्तन ल्याउने आन्तरिक र बाह्य तत्त्वहरू उल्लेख गर्न
१८. नेपालको हिमाली, पहाडी र तराई प्रदेशको भौगोलिक विवरण दिन र नेपालको नक्सा सम्बन्धी कार्य गर्न
१९. युरोप र अस्ट्रेलिया महाद्वीपको भौतिक तथा आर्थिक अवस्था र सामाजिक जनजीवन उल्लेख गरी नक्सामा भौगोलिक तथ्यहरू भर्न
२०. जलवायु परिवर्तनले सामाजिक जनजीवनमा पारेको प्रभाव वर्णन गर्न
२१. विपत् पूर्वअवस्था, विपत्को अवस्था र विपत्पछिको अवस्थाको व्यवस्थापन गर्न
२२. मध्यकालीन नेपालको सामाजिक, राजनीतिक, आर्थिक पक्ष र कला संस्कृतिको वर्णन गर्न
२३. मेसोपोटामिया र ह्वाङ्हो सभ्यताको सङ्क्षिप्त वर्णन गरी त्यसले जनजीवनमा पारेको प्रभाव उल्लेख गर्न

२४. नेपालको प्राकृतिक स्रोत साधनहरूको वर्तमान अवस्था बताउन र सदुपयोग गर्न

२५. नेपालको उद्योग र व्यापारको वर्तमान अवस्था, महत्त्व र यसका विकासमा देखिएका समस्या र समाधानका उपायहरू उल्लेख गर्न

२६. सार्कमा नेपालको भूमिका उल्लेख गरी यसका गतिविधिहरू खोजी गर्न

२७. भूपरिवेष्ठित राष्ट्रको परिचय, समस्या तथा न्यूनीकरणका उपायहरू उल्लेख गर्न

२८. सामाजिक अध्ययनको विषय वस्तुसँग सम्बन्धित समसमायिक गतिविधिहरूको जानकारी लिन र सोअनुरूप समायोजित हुन

२९. जनसङ्ख्या शिक्षाको परिचय, महत्त्व बताई यसको क्षेत्र तथा विकास क्रम उल्लेख गर्न

३०. जनसङ्ख्या तथ्याङ्कका स्रोतहरूको परिचय दिई जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरू उल्लेख गर्न

३१. नेपालको जनसाङ्खियक स्थिति पहिचान गरी जनसङ्ख्या व्यवस्थापनमा संलग्न विभिन्न राष्ट्रिय सङ्घसंस्थाको भूमिका उल्लेख गर्न ।

**कक्षा ८**

**यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

१. विकास क्षेत्र र सङ्घीय राज्यको अवधारणा व्यक्त गर्न

२. विकासको अवधारणा बताई विकासका पूर्वाधारको रूपमा रहेको खानेपानी, ऊर्जा तथा जनशक्तिको परिचय, महत्त्व र विकासको अवस्था वर्णन गर्न

३. हाम्रो देशमा भएका प्रमुख विकास कार्यहरूको खोजी गरी विकासको वर्तमान अवस्था पत्ता लगाउन

४. नेपालको सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनहरूको खोजी गरी संरक्षण कार्यमा सहभागी हुन

५. विविधतामा एकताको रूपमा नेपालको परिचय दिई सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न

६. नेपालको राष्ट्रिय सम्पदाहरूको पहिचान गरी संरक्षण कार्यमा सहयोग गर्न

७. विभिन्न अन्तरराष्ट्रिय व्यक्तितत्वहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन

८. विभिन्न सामाजिक समस्या तथा विकृति पहिचान गरी समाधानका उपायहरू पत्ता लगाउन र उक्त कार्यमा विभिन्न अन्तरराष्ट्रिय सङ्घसंस्थाहरूको भूमिका उल्लेख गर्न

९. समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपायहरू खोजी गरी द्वन्द्व व्यवस्थापनमा सहयोग गर्न

१०. सामाजिक नियमको पालना गरी मानव अधिकारको उपयोग र संरक्षण गर्न

११. समावेशीकरणको अवधारणाअनुरूप व्यवहार गर्न

१२. वर्तमान संविधानका विशेषताहरू पत्ता लगाई देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको परिचय दिन

१३. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा नागरिकले खेल्नुपर्ने भूमिका बताउन र सोअनुरूप व्यवहार गर्न

१४. अक्षांश, देशान्तर, प्रतिलोम, दुरी, मौसम, हावापानी आदिको परिचय दिन र यिनीहरूको प्रभाव बताउन

१५. ऋतु परिवर्तन र यसको असर वर्णन गर्न

१६. जलवायु परिवर्तनका तत्त्वहरू उल्लेख गरी भूकम्प र हावाहुरीबाट बच्ने तरिका अवलम्बन गर्न

१७. नेपालको जिल्ला, अञ्चल र विकास क्षेत्रको भौगोलक स्वरूपको नक्सा कार्य गर्न

१८. उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिकाको भौतिक तथा आर्थिक अवस्था र सामाजिक जनजीवन उल्लेख गरी नक्सामा भौगोलिक तथ्यहरू भर्न

१९. आधुनिक नेपालको एकीकरण अभियान र यसमा जनताको भूमिका उल्लेख गर्न

२०. सुगौली सन्धिपछिको नेपालको राजनीतिक अवस्था र राणाकालीन नेपालको राजनीतिक, आर्थिक र सामाजिक सुधार वर्णन गर्न

२१. वि.सं. २००७ देखि हालसम्मको प्रमुख राजनीतिक घटना क्रम र यस समयमा भएका सामाजिक तथा आर्थिक उपलब्धि उल्लेख गर्न

२२. ग्रिस र रोमको सभ्यता तथा पुनर्जागरणकालमा भएका सुधारहरू र मानव चेतनामा आएको परिवर्तनको वर्णन गर्न

२३. नेपालको पर्यटन उद्योग र वैदेशिक व्यापारको वर्तमान अवस्था, महत्त्व, समस्या र समाधानका उपायहरू उल्लेख गर्न

२४. सहकारिता,मुद्रा, बैङ्क, मूल्य निर्धारण, बचत, लगानी, पुँजी निर्माण, आन्तरिक एवम् वैदेशिक रोजगार आदिको अवधारणा बताउन र व्यावहारिक उपयोग गर्न

२५. मित्रराष्ट्रहरूको परिचय दिन तथा नेपालसँगको आपसी सम्बन्ध र सहयोग खोजी गर्न

२६. संयुक्त राष्ट्रसङ्घमा नेपालको सहभागिता उल्लेख गर्न

२७. सामाजिक अध्ययनको विषयवस्तुसँग सम्बन्धित समसमायिक गतिविधिहरूको जानकारी लिन र सोअनुरूप समायोजित हुन

२८. जनसाङ्ख्यिक प्रक्रिया उल्लेख गरी जनसङ्ख्यिक दरहरूको मापन उल्लेख गर्न

२९. नेपालको बसाइँसराइका कारणहरू उल्लेख गर्न

३०. जनसङ्ख्या वृद्धिका कारण गुणस्तरीय जीवनमा ह्रास, गुणस्तरीय जीवन विकासका उपायहरू र पारिवारिक जीवन शिक्षाका बारेमा वर्णन गर्न

३१. जनसङ्ख्या व्यवस्थापनमा अन्तरराष्ट्रिय सङ्घसंस्थाहरूको भूमिका उल्लेख गर्न ।

## ४.विषय वस्तुको क्षेत्र र क्रम

| एकाइ/क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | अनुमानित घन्टी | कैफियत |
|---|---|---|---|---|---|
| १. हामी र हाम्रो समाज | • समाज/समुदायको परिचय<br>• समाज निर्माणका आधार<br>• गाविस/नगरपालिकाको परिचय, गठन र कार्यहरू<br>• गाविस/नगरपालिका भित्र भएका विकास कार्यहरू<br>• विकासको पूर्वाधारका रूपमा शिक्षा र स्वास्थ्य | • समाजको उत्पत्ति र विकास क्रम<br>• सामाजिकीकरण<br>• जिल्ला विकास समितिको परिचय, गठन, काम, कर्तव्य र अधिकार<br>• जिल्लामा भएका विकास कार्यहरू<br>• विकासका पूर्वाधारका रूपमा यातायात र सञ्चार | • विकास क्षेत्र<br>• सङ्घीय राज्यको अवधारणा<br>• विकासको पूर्वाधारका रूपमा खानेपानी, ऊर्जा र जनशक्ति<br>• विकासको अवधारणा<br>• हाम्रो देशमा भएका प्रमुख विकास कार्यहरू | १४ | |
| २.हाम्रो सामाजिक मूल्य र मान्यता | • हाम्रा चाडपर्वहरू<br>• हाम्रो राष्ट्रिय गौरव<br>• हाम्रा सांस्कृतिक तथा धार्मिक सम्पदाहरू (स्थान)<br>• राष्ट्रिय व्यक्तित्वहरू (शिक्षासेवी, समाजसेवी) | • हाम्रा धार्मिक तथा सामाजिक संस्कारहरू<br>• राष्ट्रको सम्मान र राष्ट्रियताको जगेर्नी (राष्ट्रिय अखण्डता, आत्मसम्मान, स्वाभिमान, सहअस्तित्व)<br>• सांस्कृतिक रीतिरिवाज (लोक गीत, लोक बाजा, लोक धुन, लोक नृत्य, गरगहना, विशेष पहिरन)<br>• राष्ट्रिय व्यक्तित्वहरू (वैज्ञानिक, ऐतिहासिक) | • सामाजिक परम्परा र प्रचलन (गुठी, भेजा, पर्म, पैँचो, ढिकुटी, बडघर, रोधी आदि)<br>• नेपालमा प्रचलित सामाजिक तथा धार्मिक परम्परा<br>• विविधताको सम्मान, सामाजिक सद्भाव र सहिष्णुता (धार्मिक, भाषिक, सांस्कृतिक, जातीय, भाषिक, वर्गीय, क्षेत्रीय, सांस्कृतिक, भौगोलिक, पहिरन, वर्ण आदि)<br>• राष्ट्रिय सम्पदाहरूको संरक्षण<br>• अन्तरराट्रिय व्यक्तित्वहरू | १६ | |
| ३.सामाजिक समस्या र समाधान | • सामाजिक समस्या र विकृति<br>- लैङ्गिक विभेद (तेस्रो लिङ्गीसमेत)<br>- छुवाछुत | • सामाजिक समस्या र विकृति<br>- अन्धविश्वास (बोक्सी, धामीझाँक्री आदि)<br>- फजुल खर्च | • सामाजिक समास्या र विकृतिहरू<br>- दाइजो प्रथा<br>- लागु पदार्थ दुर्व्यसन | १६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - घरेलु हिंसा<br>- बालश्रम<br>● सामाजिक समस्या र विकृति समाधानका उपायहरू<br>- सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार र स्थानीय सङ्घसंस्थाको भूमिका<br>● द्वन्द्व र यसको व्यवस्थापन<br>- परिवार, कक्षाकोठा र विद्यालय (कारण, विश्लेषण र समाधान)<br>● द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका (समभाव, सकारात्मक सोच) | - मानव बेचबिखन<br>● सामाजिक समस्या र विकृतिबाट बच्ने उपाय<br>● सामाजिक समस्या समाधानमा विद्यालय र राष्ट्रिय सङ्घसंस्थाको भूमिका<br>● द्वन्द्व व्यवस्थापन<br>- परिवार र छरछिमेकमा द्वन्द्व व्यवस्थापनमा सहयोग<br>- द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका (सकारात्मक सञ्चार, प्रभावकारी सञ्चार)<br>● शान्तिको आवश्यकता | - भ्रष्टाचार<br>- बौद्धिक पलायन<br>● सामाजिक समस्या र विकृति हटाउने उपायहरू<br>● सामाजिक समस्या र विकृति समाधानमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका<br>● द्वन्द्व र यसको व्यवस्थापन<br>- समाज (कारण, विश्लेषण र समाधान)<br>- सञ्चारको भूमिका (दोहोरो सञ्चार, वार्ता, मध्यस्थता, सम्झौता)<br>- दिगो विकास र सुशासन | | |
| ४. नागरिक चेतना | ● संविधानको परिचय<br>● नागरिक अधिकार<br>● नागरिकको परिचय<br>● नागरिक कर्तव्य<br>● ट्राफिक नियम<br>● राष्ट्र, राष्ट्रियता सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवधारणा | ● राज्यका आधारभूत तत्वहरू : भूमि, जनसङ्ख्या, सरकार, सार्वभौमसत्ता र संविधान<br>● संविधानमा उल्लिखित मौलिक हकहरू<br>● बाल अधिकार र यसको संरक्षणका निम्ति भएका प्रयासहरू<br>● सामाजिक नियम<br>● समान व्यवहार<br>● लोकतान्त्रिक संस्कार | ● सामाजिक नियमको पालना<br>● मानव अधिकार (महिला अधिकारसमेत)<br>● समावेशीकरण (लैङ्गिक,जातीय, क्षेत्रीय, भाषिक,वर्गीय, धार्मिक, अपाङ्गता आदि)<br>● वर्तमान संविधानका विशेषताहरू<br>● व्यवस्थापिका, कार्यपालिका र न्यायपलिका<br>● लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा नागरिकले खेल्नुपर्ने भूमिका | १९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. हाम्रो पृथ्वी | • पृथ्वीको परिचय (गोलार्ध, पृथ्वीको दैनिक र वार्षिक गतिको प्रभाव)<br>• अक्षांश रेखा र देशान्तर रेखाको परिचय<br>• नेपालको भोगोलिक स्वरूप (स्थिति, सिमाना, क्षेत्रफल, जनसङ्ख्या आदि)<br>• प्रकृतिक स्वरूप (नदी, ताल, हिमाल, हावापानी, वनस्पति आदि)<br>• सामाजिक जनजीवन (वेशभूषा, लवाइखवाइ, बसोबास आदि)<br>• नेपालको नक्सा बनाउने र भौगोलिक तथ्यहरू भर्ने<br>• एसिया महाद्वीपको भौतिक, आर्थिक र सामाजिक जनजीवन<br>• एसिया महाद्वीपको नक्सामा भौगोलिक तथ्यहरू भर्ने<br>• जलवायु परिवर्तनको परिचय<br>• विपत् व्यवस्थापन (आग लागि, डढेलो, बाढीपहिरो) | • अक्षांश र देशान्तरको परिचय<br>• धरातलीय स्वरूप र यसमा परिवर्तन ल्याउने आन्तरिक र बाह्य तत्वहरू<br>• नेपालको हिमाल, पहाड र तराईको भौगोलिक विवरण (धरातलीय स्वरूप, हावापानी, आर्थिक गतिविधि, सामाजिक रहनसहन आदि)<br>• नेपालको नक्सा बनाउने र भौगोलिक तथ्यहरू भर्ने<br>• युरोप र अस्ट्रेलिया महादेशको भौतिक, आर्थिक र सामाजिक जनजीवन<br>• युरोप र अस्ट्रेलिया महाद्वीपको भौगोलिक तथ्यहरू भर्ने<br>• जलवायु परिवर्तन र यसले पार्ने प्रभाव<br>• विपत् वयवस्थापन (महामारी, दुर्घटना) | • अक्षांश र देशान्तरको प्रभाव<br>• प्रतिलोम (विपरीत विन्दु र दुरीको परिचय<br>• ऋतु परिवर्तन र यसको असर<br>• मौसम र हावापानीको परिचय<br>• तापक्रम र यसमा प्रभाव पार्ने तत्वहरू<br>• नेपालको जिल्ला, अञ्चल र विकास क्षेत्र<br>• नेपालको नक्सा बनाउने र भौगोलिक तथ्यहरू भर्ने<br>• उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महाद्वीपको भौतिक, आर्थिक र सामाजिक जनजीवन<br>• उत्तरअमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशको नक्सामा भौगोलिक तथ्यहरू भर्ने<br>• जलवायु परिवर्तनका तत्वहरू<br>• विपत् व्यवस्थापन (भूकम्प, हावाहुरी) | २० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. हाम्रो विगत | ● प्राचीन नेपाल (काठमाडौँ र सिँजा उपत्यका )<br>- राजनीतिक अवस्था<br>- सामाजिक आवस्था<br>- आर्थिक अवस्था<br>- कला र संस्कृति<br>- मानव सभ्यता<br>- नाइल नदी र सिन्धु उपत्यकाको सभ्यता एवम् यसले मानव जीवनमा पारेको प्रभाव | ● मध्यकालीन नेपाल (काठमाडौँ उपत्यका, सिम्रौनगढ (मिथिला), सेन राज्य (मकवानपुर, उदयपुर र चौदण्डी), बाइसी, चौबिसी)<br>- राजनीतिक अवस्था<br>- सामाजिक अवस्था<br>- आर्थिक अवस्था<br>- कला र संस्कृति<br>● मानव सभ्यता<br>● मेसोपोटामिया र ह्वाङ्हो नदीको सभ्यता र यसले मानव जीवनमा पारेको प्रभाव | ● आधुनिक नेपाल<br>- नेपालको एकीकरण (जनताको सहभागिता र भूमिकासमेत)<br>- सुगौली सन्धिपछिको राजनीतिक अवस्था<br>- राणाकालीन राजनीतिक क्रियाकलाप र सामाजिक तथा आर्थिक सुधार<br>- वि.सं.२००७ देखि हालसम्मको प्रमुख राजनीतिक घटनाक्रम र सामाजिक तथा आर्थिक उपलब्धि<br>● मानव सभ्यता<br>- युनानी (ग्रिस) को सभ्यता र यसले मानव जीवनमा पारेको प्रभाव<br>- पुनर्जागरण | १७ | |
| ७. हाम्रो आर्थिक क्रियाकलाप | ● नेपालको आर्थिक क्रियाकलापको परिचय<br>● कृषि क्रियाकलाप<br>- परिचय<br>- महत्त्व<br>- समस्या र समाधानका उपायहरू<br>● सेवा<br>- परिचय<br>- महत्त्व<br>- प्रकार (सरकारी र गैरसरकारी)<br>- समस्या र समाधानका उपायहरू | ● नेपालको प्राकृतिक स्रोत साधनहरू र तिनको सदुपयोग (भूमि, जल, वन, खनिज)<br>● औद्योगिक क्रियाकलाप<br>● व्यापारिक क्रियाकलाप<br>● कृषि, उद्योग र व्यापारबीच सम्बन्ध | ● पर्यटन उद्योग<br>● वैदेशिक व्यापार<br>● सहकारिता, बैङ्कको अवधारणा र व्यावहारिक प्रयोग<br>● मुद्राको सामान्य अवधारणा तथा व्यावहारिक प्रयोग<br>● बजारमा वस्तुको मूल्य निर्धारण/ मूल्य वृद्धि<br>● बचत, लगानी र पुँजी निर्माणको सामान्य अवधारणा र व्यावहारिक प्रयोग<br>● रोजगारको अवस्था | १५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. हाम्रो अन्तरराष्ट्रिय सम्बन्ध र सहयोग | ● अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगको परिचय<br>● सार्क र नेपाल<br>- सार्कको परिचय, उद्देश्य, आवश्यकता र महत्त्व<br>● सामाजिक अध्ययनको विषयवस्तुसँग सम्बन्धित विश्वको समसामयिक गतिविधि | ● सार्क र नेपाल<br>- सार्कमा नेपालको भूमिका<br>- सार्क गतिविधि<br>● भूपरिवेष्ठित देशको परिचय, समस्या र समाधानका उपायहरू<br>● सामाजिक अध्ययनको विषयवस्तुसँग सम्बन्धित विश्वको समसामयिक गतिविधि | ● मित्र राष्ट्रहरूको परिचय, नेपालसँग तिनीहरूको सम्बन्ध र सहयोग<br>● संयुक्त राष्ट्रसङ्घ र नेपाल<br>● अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको योगदान<br>● कुटनीतिक नियोग र यसको कार्य<br>● सामाजिक अध्ययनको विषयवस्तुसँग सम्बन्धित विश्वको समसामयिक गतिविधि | १४ | |
| ९. जनसङ्ख्याको परिचय र जनसाङ्ख्यिक अवस्था | ● जनसङ्ख्याको परिचय<br>● जनसङ्ख्यिक तत्त्वहरू (जन्मदर, मृत्युदर, बसाइँ सराइ)<br>● जनसङ्ख्याको अन्य विषयहरूसँगको सम्बन्ध<br>● हाम्रो देशको जनसङ्ख्याको आकार<br>● जनसङ्ख्याको बनोट (उमेर र लिङ्ग)<br>● जनसङ्ख्याको वितरण | ● जनसङ्ख्या शिक्षाको परिचय र महत्त्व<br>● जनसङ्ख्या शिक्षाका क्षेत्रहरू<br>● जनसङ्ख्या शिक्षाको विकास क्रम<br>● जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू<br>● नेपालमा जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्वहरू ( आकार, वृद्धि, बनोट र वितरण)<br>● नेपालको जनसाङ्ख्यिक स्थिति<br>● नेपालमा जनसङ्ख्याको जनसङ्ख्याको बनोट (जातजाति, भाषा)<br>● जनसङ्ख्याको वितरण (हिमाल, पहाड र तराई) | ● जनसाङ्ख्यिकको अवधारणा<br>● जनसाङ्ख्यिक प्रक्रिया तत्त्वहरू र आधारभूत मापन<br>● जनसाङ्ख्यिक परिवर्तनका निर्धारकहरू<br>● नेपालको जनसङ्ख्याको बनोट (साक्षरता र पेसा)<br>● नेपालमा जनसङ्ख्याको वितरण र महत्त्व (विकास क्षेत्र, ग्रामीण र सहरी)<br>● नेपालमा बसाइँ सराइ (परिचय, कारणहरू : आन्तरिक र वाह्य)<br>● विश्व जनसङ्ख्याको आकार र वृद्धिदर | २२ | |
| १०. जनसङ्ख्या वृद्धि र व्यवस्थापन | ● तिव्र जनसङ्ख्या वृद्धि<br>● तिव्र जनसङ्ख्या वृद्धिका कारण र असरहरू | ● नेपालमा तिव्र जनसङ्ख्या वृद्धिदर<br>● तीव्र जनसङ्ख्या वृद्धिदरका कारण र असरहरू | ● तिव्र जनसङ्ख्या वृद्धिदरलाई व्यवस्थापन गर्ने उपायहरू | २२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | • जनसङ्ख्या व्यवस्थापन परिचय<br>• जनसङ्ख्या व्यवस्थापनमा देखापरेका समस्याहरू<br>• जनसङ्ख्या व्यवस्थापनका उपायहरू<br>• जनसङ्ख्या व्यवस्थापनमा स्थानीय निकाय/सङ्घसंस्थाहरूको भूमिका | • जनसङ्ख्या व्यवस्थापन<br>• गुणस्तरीय जीवनयापनका उपायहरू<br>• जनसङ्ख्या व्यवस्थापनका उपायहरू<br>• नेपालको जनसङ्ख्या व्यवस्थापनमा राष्ट्रिय निकाय/सङ्घसंस्थाहरूको भूमिका | • जनसङ्ख्या व्यवस्थापन र गुणस्तरीय जीवनको अन्तर सम्बन्ध<br>• नेपालमा जनसङ्ख्या व्यवस्थापनमा देखा परेका समस्याहरू<br>• नेपालमा जनसङ्ख्या व्यवस्थापनका उपायहरू<br>• जनसङ्ख्या व्यवस्थापनमा अन्तरराष्ट्रिय निकाय/सङ्घसंस्था हरूको भूमिका | | |
| | | | जम्मा | १७५ | |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

सामाजिक अध्ययनको पाठ्यक्रम विभिन्न दसओटा क्षेत्रलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको क्रियाकलाप गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्दछ । विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर आ-आफ्नो टोल, समुदायहरूसँग सम्बन्ध राखी क्रियाकलापहरू गराउनुपर्दछ । यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी विद्यार्थीहरूलाई आफ्ना समुदायमा खोज गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गरिनुपर्दछ । सामाजिक अध्ययनले विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, फोटोजस्ता सिर्जनशील वस्तुहरूमार्फत् भाव अभिव्यक्त गरून् भन्ने लक्ष्य राखेको छ । यी सबै सिपहरूको विकास गर्न सबै विद्यार्थीहरू सक्षम नहुन पनि सक्छन्, त्यसैले उनीहरूलाई आफ्ना रुचिअनुसारका सिपहरूको विकास गर्न प्रोत्साहित गर्नुपर्छ । यसका निम्ति शिक्षकद्वारा निर्मित वार्षिक कार्ययोजनाको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई 'गर र सिक' भन्ने धारणाको अभिवृद्धि गराउनु नै यसको मूल लक्ष्य हो । यो विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने केही सम्भावित विधिहरू तल दिइएका छन् तर यी नमुना मात्र हुन् :

**(क) प्रश्नोत्तर विधि**

कुनै शीर्षक तथा विषयवस्तुमा स्पष्ट हुनका लागि यो विधि प्रभावकारी मानिन्छ । प्रश्नोत्तर विधि अन्तर्गत विषयवस्तुको परीधीभित्र रहेर शिक्षकले विद्यार्थीलाई, विद्यार्थीले शिक्षकलाई, एउटा विद्यार्थीले अर्का विद्यार्थीलाई, एउट समूहले अर्को समूहलाई प्रश्न गर्ने र उत्तर दिने प्रक्रिया हो । यस विधिमा थोरै समयमा उत्तर दिन सकिने गरी प्रश्न गनुपर्दछ । एक प्रश्न र अर्को प्रश्नबिच तालमेल हुने गरी सोध्नुपर्दछ । शिक्षकले विद्यार्थीलाई प्रश्न सोध्दा समूहमा सोध्ने र व्यक्तिगत उत्तर लिने गरेमा कक्षाका सम्पूर्ण विद्यार्थीको ध्यानकार्षण गर्न सजिलो हुन्छ ।

**(ख) प्रदर्शन विधि**

शिक्षकले कुनै शैक्षिक सामग्री प्रदर्शन गरेर त्यसको माध्यमबाट विद्यार्थीलाई सिकाउने र विद्यार्थीले आफूले व्यक्तिगत तथा समूहगत रुपमा तयार गरेका कार्यको विवरण देखाउने वा प्रस्तुत गर्ने विधि नै प्रदर्शन विधि हो । विषयवस्तुको प्रकृति, कक्षाकोठाको बनोट आदिलाई ध्यान दिई यो विधि प्रयोग गरेमा सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन सकिन्छ ।

**(ग) समस्या समाधान विधि**

विद्यार्थीहरूलाई विषयवस्तुसँग सम्बन्धित गरेर कुनै समस्या दिने र ती समस्या समाधानको उपाय पहिचान गराउने प्रक्रिया नै समस्या समाधान विधि हो । यसमा समस्याको सही पहिचान, समाधानका विभिन्न विकल्पको खोजी, विकल्पहरूको विश्लेषण, उपयुक्त विकल्पको छनोट र कार्यान्वयन आदि चरण हुन सक्छन् । विषयवस्तुको प्रकृति, स्थानीय परिवेश, विद्यार्थीको सिकाई स्तर आदिको आधारमा व्यक्तिगत वा समूहगत रूपमा समस्या समाधन गर्न दिन सकिन्छ ।

**(घ) अवलोकन विधि**

यो विधि सामाजिक अध्ययनमा सबैभन्दा प्रभावकारी र बढी प्रयोग गर्न सकिने विधि हो । विद्यार्थीलाई दिइएको कार्य, सहभागिता, व्यवहार परिवर्तन आदिको अवलोकन गरी तत्काल सुधारका लागि पृष्ठपोषण समेत दिन सकिन्छ । यो विधि पनि शिक्षकले विद्यार्थीको, एक विद्यार्थीले अर्को विद्यार्थीको, एउटा समूहले अर्को समूहको अवलोकन गर्ने गराउने गर्नुपर्दछ ।

**(ङ) छलफल विधि**

यो विधिबाट दुइ वा दुईभन्दा बढी व्यक्तिबिच विषयवस्तुमा आधारित भएर छलफल गराई निष्कर्ष निकाल्न लगाउन सकिन्छ । यसमा शिक्षक र विद्यार्थी, विद्यार्थी विद्यार्थीबीच, विद्यार्थी र स्रोत व्यक्तिबिच, विद्यार्थी र सरोकारवालाबिच छलफल गराउन सकिन्छ । विषयवस्तुको प्रकृति र स्थान, स्रोतसाधन आदिको आधारमा विभिन्न तरिकाले छलफल गराउन सकिन्छ ।

**(छ) खोज विधि**

विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउन यो विधि प्रभावकारी हुन्छ । सामाजिक अध्ययनसँग समबन्धित समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको खोजी गरी सबैलाई जानकारी गराउनको लागि यो विधि प्रयोग गर्नुपर्दछ ।

**(ज) अभिनय विधि**

यो विधि विशेष गरेर तल्ला कक्षाहरूमा प्रभावकारी मानिन्छ । कुनै व्यक्ति(पात्र), जीव जनावर आदिका बारेमा ज्ञान, सिप हासिल गराउन तिनीहरूको नक्कल गर्न लगाएर यो विधि प्रयोग गरिन्छ । यसमा कक्षामा कसैलाई पनि नकारात्मक प्रभाव पर्ने गरी अभिनय गराउनु हुँदैन ।

**(झ) परियोजना कार्य विधि**

विद्यार्थीलाई व्यक्तिगत तथा समूहगत रुपमा निश्चित समयभित्रमा कुनै काम सम्पन्न गराउने कार्य नै परियोजना कार्य हो । यो कार्य कक्षाभित्र वा कक्षाबाहिर गराउन सकिन्छ । यसमा मुख्य गरेर काम (task), समय(time) र व्यक्तिको सङ्ख्या (लumber of person) लाई ध्यान

दिनुपर्दछ । अर्थात तोकिएको काम, तोकिएको समयभित्र तोकिएको व्यक्तिहरूले सम्पन्न गरिसक्नुपर्दछ । यसमा पनि विषयवस्तुको प्रकृति, विद्यार्थीको उमेर र सिकाइ स्तर, स्थानीय परिवेश आदिलाई ध्यानमा राखी परियोजना कार्य दिनुपर्दछ ।

**(ञ) कथाकथन/वाचन विधि**

कुनै पनि विषयवस्तु वा घटनालाई कथात्मक तरिकाले प्रस्तुति गर्ने विधि नै कथाकथान विधि हो । यो विधिले विद्यार्थीहरूको ध्यान आकर्षण गर्न सजिलो हुन्छ । सुरुमा शिक्षकले कथाको माध्यमबाट विषयवस्तु वा घटनालाई प्रस्तुत गर्ने र पछि विद्यार्थीहरूलाई पनि त्यस प्रकारको सिपको विकास गराई विषयवस्तु तथा घटनालाई कथामा ढालेर प्रस्तुत गर्ने सिपको विकास गराउन सकिन्छ ।

**(ट) घटना अध्ययन विधि**

समाजमा घट्ने गरेका घटना र त्यसले व्यक्ति वा समाजलाई पार्ने प्रभावका बारेमा खोजी गर्ने, अध्ययन गर्ने सिपको विकास गराउने विधि नै घटना अध्ययन विधि हो । यसलाई सुरुमा शिक्षकले समाजमा घटेका सामाजिक अध्ययनका विषयवस्तुसँग सम्बन्धित घटनाहरू सङ्कलन गरेर प्रस्तुत गर्ने र विस्तारै विद्यार्थीहरूलाई पनि त्यस प्रकारको सिपको विकास गराउनुपर्दछ ।

**(ठ) समालोचनात्मक चिन्तन विधिहरू**

समालोचनात्मक चिन्तन सिप विधि पछिल्लो समयमा विकास गरिएको विधिको रूपमा लिइन्छ । यसअन्तर्गत विशेष गरेर निम्न लिखित विधिहरू पर्दछन् । ती विधि र प्रयोग गर्ने तरिका सङ्क्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ ।

- **मष्तिष्क मन्थन (brain storming)**

A method for generating many ideas about a topic. विद्यार्थीलाई थुप्रै र विभिन्न खालका कुरा सोच्न सिकाउने विधि । यसमा विद्यार्थीहरूले एउटा निश्चित धारणा बनाउनु पूर्व शिक्षकलाई आफ्नो राय व्यक्त गर्न दिँदैन । विद्यार्थीलाई थुप्रै कुरा सोच्न दिमाग खुला राख्न मद्दत गर्छ । महत्त्वपूर्ण र नयाँ विचार निकाल्न उपयोगी यो विधि एक्लै, समूहमा, सानो समूहमा सञ्चालन गर्न सकिन्छ । यसलाई १० मिनेट भित्रै सिध्याउँदा बढी प्रभावकारी मानिन्छ ।

**चरणहरू**

**पहिलो चरण :** मस्तिष्क मन्थनका बारेमा सम्पूर्ण कक्षालाई बताउने

**दोस्रो चरण :** पाठ वा समस्या बुझिने गरी बताउने

**तेस्रो चरण :** विद्यार्थीहरूलाई निश्चित समय तोकी सो समयभित्र समस्या समाधान गरिसक्न भन्ने

**चौथो चरण :** समयस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, विचारमा थप कुरा राख्न लगाउने

**पाँचौँ चरण :** उनीहरूले भनेका कुरा टिप्ने

**छैटौँ चरण :** पछि, विद्यार्थीलाई एक्लाएक्लै वा जोडीमा विचार मन्थन गर्न लगाउने

- **सङ्गठित सिंहावलोकन (structure overview)**

विद्यार्थीमा उत्सुकता जगाउन उनीहरूलाई मुख्य अवधारणाका बारेमा बताउन र पाठबाट सिक्न तयार बनाउन पाठको सुरुवातमा दिइने छोटो व्याख्यान हो । ६ देखि ६० जनासम्म सहभागीहरूमा सञ्चालन गर्न सकिने यस विधिमा सामान्यतया ५ मिनेटभन्दा बढी समय खर्च गर्नुहुँदैन ।

**चरणहरू**

**पहिलो चरण :** पाठका बारेमा चाखलाग्दा वा विद्यार्थीले जाने बुझेका विषयवस्तु पत्ता लगाउने । पाठबाट सिक्नका लागि विद्यार्थीहरूले बुझ्नुपर्ने अवधारणा र शब्दका बारेमा सोच्ने र यिनीहरूको विवरण तयार पार्ने

**दोस्रो चरण :** विद्यार्थीको ध्यान आकर्षित गर्ने खालका नक्सा, डायग्राम तयार गर्ने र त्यससँग सम्बन्धित कुनै वस्तु कक्षा कोठामा लैजाने ।

**तेस्रो चरण :** पाँच मिनेट भित्रमा प्रस्तुत गर्न सकिने गरी मुख्य बुँदा समावेश भएको छोटो प्रस्तुती तयारी गर्ने ।

**चौथो चरण :** प्रस्तुती गर्दा विद्यार्थीलाई व्यस्त, अन्तरक्रियात्मक बनाउनुका साथै उनीहरूलाई प्रश्न सोध्ने र टिप्पणी गर्न हौसला दिने गर्नुपर्दछ ।

**पाँचौं चरण** : थप कुरा पछि गरौंला भनेर प्रस्तुती अन्त गर्ने जसले उनीहरूमा कौतुहलता जाग्छ ।

- **जिग्सअ (Jigsaw):**

सहयोगात्मक विधिहरूमध्ये प्रमुख विधिका रूपमा जिग्सअलाई लिन सकिन्छ । यस विधिमा विद्यार्थीहरूले सिक्नको लागि एक अर्कालाई सहयोग गर्नुपर्दछ । यस विधिमा मातृ समूह र विज्ञ समूह रहन्छ । यस विधिमा शिक्षकले क्रियाकलाप सञ्चालन गर्नुअघि पाठका बारेमा कार्यसूची तयार गर्नुपर्दछ । यस विधिले सबै विद्यार्थीलाई सबै सामग्री पढ्न सहयोग गर्दछ । विज्ञ समूहमा रहेर सिकेका कुरा मातृ समूहमा एक अर्कालाई सिकाउँदा उनीहरू विज्ञ बन्दछन् । सानो देखि ठुलो कक्षासम्म सञ्चालन गर्न सकिने यस विधिमा जान्ने नजान्ने केटा केटी सबै खालका विद्यार्थीलाई राख्नुपर्दछ । यस विधिलाई निम्नानुसारका चरणहरू पार गरी गर्न सकिन्छ ।

**प्रथम चरण :** शिक्षकले विज्ञ समूहका लागि प्रश्न सेट तयारी गर्नुपर्दछ । जति विज्ञ समूह हुन्छ, त्यति नै प्रश्न सेट तयारी गर्नुपर्दछ । हरेक समूहका प्रश्न उनीहरूले जुन खण्ड पढ्ने हो त्यही खण्डको पाठ्य सामग्रीमा आधारित हुनुपर्दछ ।

**दोस्रो चरण** :शिक्षकले विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने । यो समूहमा ४ वा ५ जना विद्यार्थी हुन्छन् । यो समूहमा घुलमिल हुने र सिकाइ वातावरणलाई सौहार्दपूर्ण वनाउने अवसर प्रदान गर्नुपर्दछ ।

**तेस्रो चरण :** शिक्षकले मातृ समूहका विद्यार्थीहरूलाई विज्ञ समूहमा बाँडी काम लगाउँछन् । प्रत्येक विज्ञ समूहलाई छुट्टाछुट्टै प्रश्न दिन्छन् । प्रत्येक मातृ समूहका कम्तीमा १/१ जनालाई विज्ञ समूहमा राखी विज्ञ समूह निर्माण गर्न सकिन्छ । शिक्षकले हरेक विज्ञ समूहमा एक एक जना नेताको छनोट गर्छन् ।

**चौथो चरण:** शिक्षकले विद्यार्थीहरूलाई आफ्नो समूहको भागमा परेको प्रश्नको जवाफ खोज्न र त्यसको तयारीको कार्य गर्न लगाउँछन् । मातृ समूहमा फर्केर कसरी प्रस्तुत हुने भनेर तयारीको कार्य गर्छन् । विज्ञ समूहमा शिक्षकले उनीहरूको वरिपरि घुमी घुमी काम लगाउने र उनीहरूले नवुझेका कुरा वताईदिने काम गर्नुपर्दछ ।

**पाँचौं चरण :** विज्ञहरूले आफ्नो मातृ समूहमा फर्केर छलफललाई अघि वढाउँछन् । प्रत्येक व्यक्तिलाई आफ्नो भागमा परेको विषयको छलफल गर्न निश्चित समय दिइन्छ । मातृ समूहका हरेकले आफ्नो विज्ञता प्रस्तुत गर्न मौका दिइन्छ, साथै छलफल र प्रश्नोत्तरलाई बढी प्रश्रय दिइन्छ ।

**सोच-जोडीमा छलफल-आदान प्रदान (think- pair- share)**

यो विशेषगरी लगाव जगाउने अथवा पाठप्रति विद्यार्थीको उत्सुकता जगाउन प्रयोग गरिन्छ जसमा विद्यार्थीहरूलाई सिर्जनशील भएर छलफलको विषयबारे चिन्तन गर्न र आफ्ना विचारहरू अरूहरूसँग आदानप्रदान गर्न प्रोत्साहित गरिन्छ ।

**चरणहरू**

**पहिलो चरण :** शिक्षकले दिएको प्रश्नहरूका बारेमा तोकिएको समयसिमामा व्यक्तिगत सोच विचार गर्ने ।

**दोस्रो चरण :** आफ्नो जोडीसँग छलफल गरी साझा विचार बताउने ।

**तेस्रो चरण :** अन्त्यमा २ वा ३ जोडीले आफ्ना विचार सबै सामु प्रस्तुत गर्ने । जोडीबाट प्रस्तुत विचार Chalk board मा टिप्दै जानुपर्दछ ।

- **शब्दार्थ चित्र (semantic map):** एउटा चित्रात्मक प्रस्तुति जसमा मुख्य विचारका छायाका रूपमा विभिन्न वुँदालाई प्रस्तुत गर्न सकिन्छ । पाठमा भएका मुख्य शब्दहरू चिनाउन यो रणनीतिको उपयोग गरिन्छ । यसमा शुरुमा शिक्षकले विद्यार्थीलाई कुनै एक मुख्य वस्तुसँग जोडेर प्रश्न गर्ने र त्यसलाई गोलो घेरा बनाई त्यसमा लेख्ने । फेरि त्यो शब्द चित्रसँग सम्वन्धित प्रश्न वा सन्दर्भ जोड्दै अर्को शब्द चित्र बनाउने क्रमश: शब्द चित्र थप्दै जाने ।
- **जोडीमा पढाइ र जोडीमा सारांश (paired reading-paired summarizing)**

यो जोडीमा पाठ्यांश पढ्ने विधि हो । दुई जनादेखि दुई सय विद्यार्थी माझ सजिलै सञ्चालन गर्न सकिने यस विधिमा सामान्य किसिमले पठनभन्दा ३/४ गुणा समय लाग्छ । समय बचाउनका लागि सुरुमा चारदेखि ६ अनुच्छेद जोडीमा पठाई/सारांश अभ्यास गर्न लगाएर चिन्तनलाई उत्साहित गर्ने हेतुले यो क्रियाकलाप गराइन्छ । जसले पाठ्यांश बुझ्नका लागि प्रोत्साहन दिन्छ ।

**चरणहरू**

**पहिलो चरण** : ठिक्कको लम्बाईको सूचनामूलक पाठ्यांश छान्नुहोस् । पाठ्यांश छोटाछोटा अनुच्छेद भएको हुनुपर्दछ ।

**दोस्रो चरण :** विद्यार्थीहरूलाई निम्नानुसार गरेर देखाउनुहोस् :

(क) कुनै हरफ ठुलो स्वरले पढ्नुहोस् र त्यसको सारांश निकाल्नुहोस् । सारांशको विशेषताका बारेमा बताउनुहोस् । यो मूल पाठयांश भन्दा छोटो हुन्छ तर यसले सबै महत्त्वपूर्ण विचार समेटेको हुन्छ ।

(ख) पाठ्यांशका बारेमा विद्यार्थीहरूलाई २ ओटा प्रश्न सोध्नुहोस् । यो विधि अपनाउँदा गर्नुपर्ने अर्को काम प्रश्न सोध्नु हो भनेर भन्नुहोस् ।

**तेस्रो चरण** : विद्यार्थीहरूलाई जोडी बनाउन लगाउनुहोस् । पहिले एक जना विद्यार्थीले अनुच्छेद वा चिनो लगाएको खण्ड तपाईंले गरे जस्तै गरी पढ्नुपर्छ र सारांश निकाल्नुपर्छ भनी विद्यार्थीलाई बताउनुहोस् । सबै जनाले यसो गर्न समय तोक्नुहोस् । त्यसपछि विद्यार्थीहरूले बुझे कि बुझेनन् भन्ने कुरा जाँच्नका लागि केही विद्यार्थीलाई सारांश प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक परे सुझाव दिनुहोस् ।

अब जोडीको अर्को विद्यार्थीलाई आफ्नो जोडीले भर्खरै पढेको र सारांश निकालेको हरफका बारेमा प्रश्न सोध्न लगाउनुहोस् ।

**चौथो चरण :** उनीहरूलाई कति समय दिने हो, त्यो पनि बताइदिने । (पछि समय थप गर्दा पनि राम्रै हुन्छ)

**पाँचौं चरण** : विद्यार्थीले तयार पारेका केही विचार प्रस्तुतीकरण गर्न लगाउनुहोस् । यी लेख विद्यार्थीले आफ्नो जर्नलमा पनि राख्न सक्छ ।

- **संक्षिप्त लेखन (quick write)**

सङ्क्षिप्त लेखन भनेको कुनै विषयको सम्बन्धमा आफूलाई लागेका कुरा तुरुन्तै लेख्ने काम हो । छलफलका क्रममा विचारहरू हत्तारमा निस्कन्छन् । त्यसरी व्यक्त भएका राम्रा विचारलाई तत्कालै टिपोट गरिएन भने विर्सिन्छन् । यो अनौपचारिक हुन्छ । यसको उद्देश्य आफ्ना विचारलाई लिपिवद्ध गर्नु हो । यस्तो लेखाइमा शैलीको उति चिन्ता गरिँदैन । जतिसुकै विद्यार्थीहरूबिच सञ्चालन गर्न सकिने यस विधिमा ५ देखि १० मिनेटमा क्रियाकलाप गर्न सकिन्छ ।

**चरणहरू**

**पहिलो चरण** : आफूले दिन लागेको विषयमा आफ्नो छोटो विचार लेख भनेर विद्यार्थीलाई भन्ने । तोकिएको समयमा उनीहरूले नरोकिइकन निरन्तर लेख्नुपर्दछ भनेर भन्ने ।

**दोस्रो चरण** : विद्यार्थीहरूलाई विषय दिने ।

**तेस्रो चरण :** उनीहरूलाई कति समय दिने हो, त्यो पनि बताइदिने । (पछि समय थप गर्दा पनि राम्रै हुन्छ)

**चौथो चरण** : विद्यार्थीले तयार गरेका केही विचार प्रस्तुतीकरण गर्न लगाउने । यी लेख विद्यार्थीले आफ्नो जर्नलमा पनि राख्न सक्छ ।

- **मान्यता (value line)**

यो एउटा सहयोगात्मक सिकाइ क्रियाकलाप हो । जुन फरकफरक जवाफ आउन सक्ने विषयमा विद्यार्थीहरूको विचार प्रकट गर्न लगाउन उपयोग गरिन्छ । यसमा कुनै भनाइमा सहमति वा असहमति व्यक्त गरिन्छ । विचारमा रहन सक्ने विभेद पहिचान गर्न सक्नु तथा विभेदको सम्मान गर्न सक्नु राम्रो गुण हो । अरू साथीहरूको असहमति भए पनि आफ्नो मान्यतामा अडिग हुनु विद्यार्थीका लागि राम्रो कुरा हो । यस अभ्यासले विद्यार्थीलाई कुनै विषयमा ध्यान दिन र त्यस विषयमा आफ्नो धारणा बनाउन, त्यस विषयमा अरूका विचार भिन्न हुन सक्छन् भन्ने कुरा स्वीकार गर्न, आफ्नो विचारको पक्षमा उभिन र आफूले त्यसो गर्नुका कारण प्रस्तुत गर्न मदत गर्छ । ६ देखि ६० जनासम्म विद्यार्थी माझ यो काम १५ मिनेटमा गर्न सकिन्छ ।

**चरणहरू**

**पहिलो चरण :** शिक्षकले पुरै कक्षालाई प्रश्न गर्छन् । प्रश्न त्यस्तो विषयमा सोध्नुपर्छ, जसका बारेमा कसैले त्यसको पक्षमा कडा समर्थन र कसैले कडा विरोध गर्न सक्छन् । यस क्रियाकलापका लागि गरिने प्रश्न यस्तो हुन सक्छ जस्तै "सांस्कृतिक सम्पदा संरक्षणमा सरकार वा जनता कस्तो भूमिका महत्त्वपूर्ण हुन्छ ।"

**दोस्रो चरण :** हरेक विद्यार्थीले यो प्रश्नको जवाफ एक्लाएक्लै सोच्नेछन् र आफ्नो जवाफ कापीमा लेख्नेछन् ।

**तेस्रो चरण :** शिक्षक र एकजना विद्यार्थी कक्षा कोठाको विपरीत दिशामा बस्नेछन् । छलफल गर्न लागिएको विषयमा उनीहरूका विचार बिल्कुल फरक छन् । एउटाको धारणा अर्काको धारणको ठिक उल्टो छ ।

**चौथो चरण** : विद्यार्थीहरूलाई आफूलाई मनपर्ने विचार भएको व्यक्तितिर उभिन लगाउने । यसो गर्दा पुरै कक्षा २ भागमा विभाजित हुन्छ ।

**पाँचौँ चरण :** विद्यार्थीहरूलाई सोधिएको प्रश्नका बारेमा आफ्नो समूहका विद्यार्थीहरूसँग छलफल गर्न लगाउने । एउटा समूहमा सबैको मत एकै हुनुपर्ने । मत फरक भए अर्कोमा पठाउने ।

**छैटौँ चरण** : दुवै समूहका विद्यार्थीहरूले छलफल जारी राख्ने छन् ।

**सातौँ चरण** : शिक्षकले हरेक समूहका एकएक जना विद्यार्थीलाई उनीहरूको समूहको विचार व्यक्त गर्न लगाउने छन्, उनीहरूका विचार सुनिसकेपछि कुनै विद्यार्थीले आफ्नो विचार फेर्न चाहन्छ भने उसलाई त्यसो गर्न दिनुपर्छ र ऊ फरक समूहमा प्रवेश गर्दछ ।

- **घुलमिल/स्थिर/जोडी (Mix/freeze/pair)**

  कागन (१९९४) का अनुसार यो विधि विद्यार्थीहरूले नयाँ साथीहरूसँग मिलेर तोकिएको काम सम्पन्न गर्ने रमाइलो तरिका हो । एक ठाउँबाट अर्को ठाउँमा जाँदा विद्यार्थीहरूले पुनर्ताजगी प्राप्त गर्छन् र उनीहरू ज्यादा फुर्तिला हुन्छन् । संयोगका आधारमा छानिएका साथीसँग मिलेर समस्या समाधान गर्नाले सामाजिक सिप खासगरी समस्या समाधान गर्न मिलेर काम गर्ने क्षमता बढ्छ । ६ देखि ६० जनासम्म विद्यार्थी समूहमा गर्न सकिने यस विधिमा २ देखि ५ मिनेटमा क्रियाकलाप गरि सक्नु पर्दछ ।

**चरणहरू**

**पहिलो चरण** : क्रियाकलाप सुरु हुनु अगावै प्रश्नका बारेमा विचार गर्नुहोस् ।

**दोस्रो चरण :** क्रियाकलाप सुरु हुन अगावै स्पष्ट निर्देशन दिनुहोस् । विद्यार्थीहरूलाई इसारा गर्ने वित्तिकै उनीहरूले उठेर कोठामा घुम्नुपर्छ । रोकिनुभन्दा रोकिनुपर्छ र सबैभन्दा नजिक उभिएको साथीसँग जोडी बाँधिनुपर्छ भनी बताइदिनुहोस् ।

**तेस्रो चरण** : हिड्न इसारा गर्नुहोस् । उनीहरूलाई एक मिनेट जति हिँड्न लगाउनुहोस् । त्यसपछि 'रोकिउ' भन्नुहोस् । उनीहरूले के काम गर्नुपर्ने हो सो बताइदिनुस् ।

**चौथो चरण** : उक्त काम यति समय भित्रमा जोडीमा गरी सक्नुपर्छ भनी बताइदिनुपर्छ । त्यसपछि उनीहरूलाई आ-आफ्नो सीटमा गएर बस्न भन्नुपर्छ ।

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो तथा अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमी कमजोरीलाई राम्ररी केलाई शिक्षकद्वारा सहयोग पुर्‍याई समाधान गरिदिनु उचित हुन्छ । कक्षामा विभिन्न प्रकारका अपाङ्गता भएका विद्यार्थीहरू भएमा उनीहरूलाई अनुकूल हुने गरी क्रियाकलाप गराउनुपर्दछ ।

### ६.विद्यार्थी मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रममा समावेश गरिएका सिकाइ उपलब्धि र विषय वस्तुहरूका आधारमा विद्यार्थीहरूले प्राप्त गरेका सिकाइ उपलब्धिहरूको मूल्याङ्कन गरिनुपर्दछ । उपलब्धि मूल्याङ्कनका आधारहरू निम्नानुसार निर्धारण गरिएका छन् :

१. सिकाइ उपलब्धि अनुरूप विद्यार्थीहरूले विषयवस्तुको ज्ञान हासिल गर्न सकेका छन् कि छैनन् भन्ने सम्बन्धमा निरन्तर मूल्याङ्कन गरिरहनुपर्छ ।
२. हरेक एकाइको अध्यापन समाप्त भएपछि उक्त एकाइको बुँदागत रूपमा उत्तर दिन सक्षम भएनभएको पत्ता लगाई आवश्यक सहयोग पुर्‍याउनुपर्दछ आदि मात्र अर्को एकाइ सुरु गर्नुपर्दछ ।
३. यसरी गरिएको मूल्याङ्कनका आधारमा शिक्षण सिकाइमा आवश्यक सुधार गरी अध्यापनलाई अझ प्रभावकारी बनाउनुपर्दछ ।

४. विद्यार्थीहरूले सिकेका ज्ञान, सिप र व्यवहारका कुराहरू अभिभावकलाई पनि जानकारी गराउने र विद्यालय तथा घरमा विद्यार्थीले गर्ने क्रियाकलापका बारेमा शिक्षक-अभिभावकबिच अन्तरक्रिया गरेर सिकाइमा सुधार ल्याउन सकिन्छ ।

५. सामाजिक अध्ययन विषयको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले समुदायमा खोज गरेका विषय वस्तुहरू उनीहरूका आफ्नै सिर्जनाहरू, गीत, कविता, कथा, प्रतिवेदन, चिठी, समाचार, नाटक, सम्पादकीय, चित्र, तालिका, नक्सा, ग्राफहरू जस्ता विभिन्न कार्यहरूको शिक्षकद्वारा अवलोकन गरी उनीहरूका सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नुपर्दछ र मूल्याङ्कनको अभिलेख पनि राख्नुपर्दछ ।

६. मूल्याङ्कन कार्यका लागि ज्ञान र बोध, प्रयोगात्मक तथा खोजमूलक सिप, समालोचनात्मक चिन्तन सिप र अभिवृत्ति पक्षलाई सँगैसँगै समेटिएको हुनुपर्दछ ।

## मूल्याङ्कनका प्रकार

(क) निरन्तर मूल्याङ्कन ४० प्रतिशत
- अवलोकन
- गृहकार्य
- साप्तहिक परीक्षा
- मासिक परीक्षा
- एकाइ परीक्षा
- कक्षा परीक्षा आदि

(ख) निर्णयात्मक मूल्याङ्कन ६० प्रतिशत
- पहिलो त्रैमासिक परीक्षा १० प्रतिशत (६ अङ्क)
- दोस्रो त्रैमासिक परीक्षा ३० प्रतिशत (१८ अङ्क)
- अन्तिम परीक्षा ६० प्रतिशत (३६ अङ्क)

निर्णयात्मक मूल्याङ्कनका आधारहरू निम्नानुसार तय गरिएका छन् :

| किसिम | प्रश्नको प्रकार | अङ्कभार तथा प्रतिशत |
|---|---|---|
| लिखित मूल्याङ्कन | (क) अति सङ्क्षिप्त उत्तर आउने प्रश्न | ६ |
| | (ख) सङ्क्षिप्त उत्तर आउने प्रश्न | २५ |
| | (ग) लामो उत्तर आउने प्रश्न | १४ |
| प्रयोगात्मक मूल्याङ्कन | | १५ |
| | जम्मा | ६० |
| निरन्तर मूल्याङ्कन | | ४० (प्रतिशतमा) |
| | कुल जम्मा | १०० |

प्रयोगात्मक मूल्याङ्कनका आधार निम्नानुसार हुने छ :

- लिखित परीक्षा जस्तो निश्चित समयभित्र मात्र मूल्याङ्कन नगरी नियमित रूपमा विद्यार्थीले गरेको कार्य र व्यवहार परिवर्तनको मूल्याङ्कन गरी अभिलेख राख्दै जानुपर्दछ ।
- विद्यार्थीहरूको कार्यसञ्चयिका फायल (portfolio) बनाई उनीहरूले गरेका कार्य र उनीहरूमा भएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ ।
- प्रत्येक एकाइबाट कम्तीमा एकएक ओटा कार्य गराई मूल्याङ्कन गर्नुपर्दछ ।

- विद्यार्थीले गरेका सामुदायिक कार्य, कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, सिपमूलक कार्य, खोजमूलक कार्य आदिलाई प्रयोगात्मक मूल्याङ्कनको प्रमुख आधार मान्नुपर्दछ ।
- विद्याथीले गरेका कार्यलाई निम्नानुसार वर्गीकरण गरी अङ्क प्रदान गर्नुपर्दछ :

| | | |
|---|---|---|
| - | प्रयोगात्मक मूल्याङ्कन फायल | ५ अङ्क |
| - | परियोजना कार्य र क्षेत्र भ्रमण | ५ अङ्क |
| - | सकारात्मक व्यवहार परिवर्तन र हाजिरी | ५ अङ्क |
| | जम्मा | १५ अङ्क |

**नोट :**

- निरन्तर विद्यार्थी मूल्याङ्कनअन्तर्गत सैद्धान्तिक र प्रयोगात्मक दुवै मूल्याङ्कनबाट प्राप्त उपलब्धिलाई **क, ख र ग** मा श्रेणी विभाजन गरी अभिलेख राख्नुपर्ने छ भने आवधिक मूल्याङ्कनअन्तर्गत दुवै प्रकारको मूल्याङ्कनमा अङ्क प्रदान गर्नुपर्ने छ ।
- निरन्तर मूल्याङ्कनको मुख्य आधार प्रयोगात्मक कार्य वा परियोजना कार्य, कक्षा सहभागिता, सिर्जनात्मक कार्य, कक्षा कार्य, उपलब्धि परीक्षा, सिकाइ वयवहारमा आएको परिवर्तन आदि हुने छन् ।
- आवधिक मूल्याङ्कनअन्तर्गत प्रत्येक त्रैमासिक र वार्षिक मूल्याङ्कनमा १०० पूर्णाङ्कको परीक्षा सञ्चालन गरी तोकिएअनुसारको प्रतिशतमा परिणत गर्न सकिने छ ।
- अपाङ्गता भएका विद्यार्थीहरूलाई उनीहरू अनुकूल मूल्याङ्कन साधन प्रयोग गरी मूल्याङ्कन गर्नुपर्नेछ ।
- प्रयोगात्मक मूल्याङ्कनलाई स्पष्ट पार्न प्रयोगात्मक मूल्याङ्कन पुस्तिका विकास गरी प्रयोगमा ल्याइने छ ।

**एकाइगत पाठ्यभार वितरण तालिका**

| एकाइ शीर्षक | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | घन्टी | घन्टी | घन्टी |
| १.हामी र हाम्रो समाज | १४ | १४ | १४ |
| २.हाम्रो सामाजिक मूल्य र मान्यता | १६ | १६ | १६ |
| ३.सामाजिक समस्या र समाधान | १६ | १६ | १६ |
| ४.नागरिक चेतना | १९ | १९ | १९ |
| ५.हाम्रो पृथ्वी | २० | २० | २० |
| ६.हाम्रो विगत | १७ | १७ | १७ |
| ७.हाम्रो आर्थिक क्रियाकलाप | १५ | १५ | १५ |
| ८.हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | १४ | १४ | १४ |
| ९.जनसङ्ख्याको परिचय र जनसाङ्खियक अवस्था | २२ | २२ | २२ |
| १०.जनसङ्ख्या वृद्धि र व्यवस्थापन | २२ | २२ | २२ |
| जम्मा | १७५ | १७५ | १७५ |

# आधारभूत तह (कक्षा ८)
# विशिष्टीकरण तालिका (सैद्धान्तिक)

विषय : सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा

| एकाइ क्षेत्र | घन्टी | ज्ञान र बोध | | | प्रयोगात्मक तथा खोजमूलक सिप | | | समालोचनात्मक चिन्तन सिप | | | अभिवृत्ति | | | प्रश्न सङ्ख्या | | | अङ्क भार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | ७५ | |
| १. हामी र हाम्रो समाज | १४ | १ | १ | | | | | | | | | | | १ | १ | | ७ | सैद्धान्तिक ७५ अङ्क र प्रयोगात्मक २५ अङ्क गरी जम्मा १०० अङ्क हुनेछ भने **उत्तीर्णाङ्क** सैद्धान्तिकमा ३० अङ्क र प्रयोगात्मकमा १० अङ्क प्राप्त गर्नुपर्नेछ। |
| २. हाम्रो सामाजिक मूल्य र मान्यता | १६ | | | | | | | १ | | | | १ | | १ | १ | | ७ | |
| ३. सामाजिक समस्या र समाधान | १६ | १ | | | | १ | | | | | | | | १ | १ | | ७ | |
| ४. नागरिक चेतना | १९ | १ | | | | | | | | १ | | | | १ | | १ | ९ | |
| ५. हाम्रो पृथ्वी | २० | | | | १ | | १ | | | | | | | १ | | १ | ९ | |
| ६. हाम्रो विगत | १७ | १ | | | | | | | १ | | | | | १ | १ | | ७ | |
| ७. हाम्रो आर्थिक क्रियाकलाप | १५ | १ | १ | | | | | | | | | | | १ | १ | | ७ | |
| ८. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | १४ | १ | १ | | | | | | | | | | | १ | १ | | ७ | |
| ९. जनसङ्ख्याको परिचय र जनसाङ्ख्यिक अवस्थाा | २२ | | | १ | | | | | | | | | | | | १ | ८ | |
| १०. जनसङ्ख्या वृद्धि र व्यवस्थापन | २२ | १ | | | | १ | | | | | | | | १ | १ | | ७ | |
| जम्मा | १७५ | ७ | ३ | १ | १ | २ | १ | १ | १ | १ | | १ | | ९ | ७ | ३ | ७५ | |

| प्रश्नका प्रकार | प्रश्नको सङ्ख्या र **अङ्क भार** | समय |
|---|---|---|
| अति सङ्क्षिप्त उत्तर आउन | ९ प्रश्न x **१ अङ्क = ९अङ्क** | अति सङ्क्षिप्त उत्तर आउने ९ x १.९ = १७ मिनेट |
| सङ्क्षिप्त उत्तर आउने | ७ प्रश्न x **६ अङ्क = ४२ अङ्क** | सङ्क्षिप्त उत्तर आउने ७ x १० = ७० मिनेट |
| लामो उत्तर आउने | ३ प्रश्न x **८ अङ्क = २४ अङ्क** | लामो उत्तर आउने ३ x १६ = ४८ मिनेट |
| | १९ प्रश्न = **७५** अङ्क | जम्मा १३५ मिनेट |

## प्रयोगात्मक मूल्याङ्कनको विशिष्टीकरण तालिका

**विषय : सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा** **आधारभूत तह (कक्षा –८)**

| विद्यार्थीको नाम | सिर्जनात्मक कार्य ५ | | | | | सिपमूलक कार्य ५ | | | | | खोजमूलक कार्य ५ | | | | | सामुदायिक कार्यमा सहभागिता ५ | | | | | नमुना व्यवहार प्रदर्शन ५ | | | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अ उ* ५ | उ* ४ | म * ३ | सा * २ | नि* १ | अ उ * ५ | उ* ४ | म* ३ | सा* २ | नि* १ | अ उ* ५ | उ* ४ | म* ३ | सा* २ | नि* १ | अ उ* ५ | उ* ४ | म* ३ | स* २ | नि* १ | अ उ* ५ | उ* ४ | म* ३ | सा* २ | नि*१ | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

*** अ उ = अति उत्तम, उ = उत्तम, म = मध्यम, सा = सामान्य, नि = निम्न**

**नोटः माथि उल्लिखित शीर्षकभित्र निम्न लिखित कुराहरू पर्दछन् :**

**सिर्जनात्मक कार्य** : कथा, कविता, गीत, वक्तृत्वकला, संवाद, भूमिका अभिनय, चिठी,सम्पादकीय आदि ।

**सीपमूलक कार्य** : सूची, तालिका,स्तम्भचित्र, वृत्तचित्र, समयरेखा, नक्सा, योजना, प्रश्नावली, प्रतिवेदन आदि निर्माण ।

**खोजमूलक कार्य** : अवलोकन, अन्तर्वार्ता, तथ्याङ्क सङ्कलन, समाचार सङ्कलन, विश्लेषण आदि ।

**सामुदायिक कार्यमा सहभागिता** : विभिन्न सामुदायिक कार्य (बाटो, चौतारो, धारा,विद्यालय आदि निर्माण र सरसफाइ, अरूलाई सहयोग गर्ने, विवाह, व्रतबन्ध जस्ता कार्यमा सहयोग र सहभागिता आदि)

**नमुना व्यवहार प्रदर्शन** : नेतृत्व लिने, मिलेर काम गर्ने, अरूप्रति सहिष्णु हुने, समन्वय गर्ने, उल्लेखनीय प्रतिभा प्रदर्शन गर्ने, समाजमा उत्कृष्ट व्यवहार प्रदर्शन आदि ।

**पुनश्च** : विद्यार्थीले गरेका कार्यको नियमित रूपमा अभिलेख राखी सोको आधारमा मूल्याङ्कन गर्नुपर्दछ । **प्रयोगात्मक मूल्याङ्कनको उत्तीर्णाङ्क १० अङ्क हुने छ ।**

# विज्ञान तथा वातावरण

## १. परिचय

हाम्रो जीवनका हरेक क्रियाकलापलाई विज्ञानले निर्देशित गरेको हुन्छ । संसारमा भइरहेको अकल्पनीय विकास विज्ञान र प्रविधिको कारणबाट नै सम्भव भएको हो । परिवर्तित संसारमा आफूलाई अनुकूल बनाउन, प्राप्त स्रोत र साधनहरूको सही रूपमा उपयोग गर्न, सक्षम हुन, विज्ञान र प्रविधिको विकासले सिर्जना गरेका अवसरहरूलाई आत्मसात गर्न र वातावरण परिवर्तनप्रति सचेत हुन वैज्ञानिक सुझबुझको जरूरत पर्दछ ।

वैज्ञानिक सुझबुझसहितको असल र दक्ष नागरिक तयार गर्न बालबालिकाहरूमा सानै उमेरदेखि विज्ञान तथा प्रविधि र वातावरणसँग परिचित गराई उनीहरूमा वैज्ञानिक सोच, चिन्तन र अभिवृत्तिप्रति सकारात्मक भावनाको विकास गर्नु आवश्यक छ । यही तथ्यलाई हृदयङ्गम गरी परिवर्तित सन्दर्भअनुसार आधारभूत तह (कक्षा ६ - ८) को विज्ञान तथा वातावरण विषयको पाठ्यक्रम तयार गरिएको छ ।

विज्ञान विषय प्रयोगमुखी हुन्छ । त्यसैले यो पाठ्यक्रमले शिक्षण क्रियाकलापका लागि निर्धारण गरेको समयको २० प्रतिशत समय प्रयोगात्मक क्रियाकलापका लागि निर्धारण गरेको छ । प्रयोगात्मक शिक्षणले बालबालिकाहरूमा प्रत्यक्ष सिकाइ अनुभव गराउने क्रियाकलापहरूमा जोड दिएको छ ।

विद्यार्थीहरूलाई विज्ञान विषयको कुनकुन पक्षका कतिसम्म ज्ञान र सिप हासिल गराउने भन्ने कुरा महत्त्वपूर्ण हुने हुँदा प्रत्येक कक्षामा विज्ञान विषयलाई भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान, भू तथा अन्तरिक्ष विज्ञान तथा वातावरण शिक्षा गरी मुख्य पाँच ओटा विषय क्षेत्रमा विभाजन गरी पाठ्यक्रममा प्रस्तुत गरिएको छ ।

## २. तहगत सक्षमताहरू

यस तहको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सक्षमताहरू हासिल गर्न समर्थ हुने छन् :

१. वरपरका वस्तु तथा घटनाहरूका तथ्य, प्रक्रिया र असरहरूको अवलोकन र प्रस्तुतीकरण

२. वैज्ञानिक धारणा (scientific concept), तथ्य, सिद्धान्त र नियमहरूको ज्ञान प्राप्त गरी दैनिक जीवनमा प्रयोग

३. विज्ञान प्रक्रियागत सिपहरू (science process skills) को विकास र प्रयोग

४. शक्तिका विभिन्न स्रोतहरूको पहिचान गरी यसको उचित प्रयोग र संरक्षण गर्न उन्मुखता

५. पदार्थका गुणहरूको जानकारी लिई व्यवहारमा प्रयोग

६. जीवित वस्तुहरू र वातावरणबिचको अन्तरसम्बन्धको पहिचान

७. वातावरणको महत्त्व बुझी त्यसको संरक्षण र संवर्धन गर्न उन्मुख

८. जीवित वस्तुहरूको जीवन प्रक्रिया र जीवनचक्रको प्रस्तुतीकरण

९. नेपालमा पाइने केही महत्त्वपूर्ण बिरुवाहरू र जनावरहरूको गुण र महत्त्व बुझी तिनीहरूको संरक्षणप्रति सचेत

१०. पृथ्वी र अन्तरिक्ष सम्बन्धी तथ्य तथा प्रकृति सम्बन्धी खोजी र तुलना ।

## ३. कक्षागत सिकाइ उपलब्धिहरू

**कक्षा : ६**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

**भौतिक विज्ञान**

**१. नाप**

- दैनिक जीवनमा नापको आवश्यकता बताउन नाप र एकाइको प्रयोग गर्न
- स्थानीय नाप र प्रामाणिक नापको परिचय दिन
- नापका विभिन्न प्रणालीहरू (FPS, CGS, MKS) को परिचय र अन्तरसम्बन्ध उल्लेख गर्न
- लम्बाइ, पिण्ड र समयका ठुला र साना एकाइहरूबिचको सम्बन्ध देखाउन र प्रयोग गर्न
- मापनका साधारण उपकरणहरू चिन्न र प्रयोग गर्न ।

**२. बल र गति**

- बलको परिचय दिई यसका नाप र एकाइहरू व्यक्त गर्न
- बलका विभिन्न असरहरू वर्णन गर्न
- बलको प्रयोगबाट वस्तुलाई विश्राम र चाल अवस्थामा ल्याउने परिवर्तन प्रदर्शन गर्न
- चालका प्रकारहरूको वर्णन गर्न ।

**३. सरल यन्त्र**

- दैनिक जीवनमा प्रयोग हुने सरल यन्त्रहरू (उपकरण) को नाम र उपयोगिता बताउन ।

**४. ताप**

- तापका विभिन्न स्रोतहरू बताउन र वर्णन गर्न
- दैनिक जीवनमा तापका असरहरू (आयतन र अवस्थामा परिवर्तन) प्रदर्शन गर्न
- ताप शक्तिको शोषण गर्ने विभिन्न वस्तुहरू र यसको उपयोगिता वर्णन गरी प्रदर्शन गर्न
- ताप शक्तिको उपयोगिता वर्णन गर्न ।

**५. प्रकाश**

- प्रकाशका विभिन्न स्रोतहरू बताउन
- दिप्त र अदिप्त वस्तुको परिभाषा दिन र त्यस्ता वस्तुहरू चिन्न
- पारदर्शक, अपारदर्शक र अर्ध पारदर्शक वस्तुका गुणहरू र उपयोगिता बताउन र प्रदर्शन गर्न
- प्रकाश सरल रेखामा जाने क्रिया प्रयोग गरी देखाउन र व्याख्या गर्न ।

**६. ध्वनि**

- ध्वनिको परिचय दिई यसका स्रोतहरू बताउन
- वस्तु र ठोकाइअनुसार त्यसबाट निस्कने ध्वनिमा भिन्नता प्रदर्शन गर्न

- तरङ्गको सामान्य परिचय दिन
- विभिन्न माध्यममा हुने ध्वनिको प्रसारण व्याख्या गर्न र प्रदर्शन गर्न (प्रयोगद्वारा प्रभावित गरी देखाउन) ।

**७. चुम्बक**

- चुम्बकको परिचय दिई त्यसका गुणहरू बताउन र प्रदर्शन गर्न
- चुम्बकीय र अचुम्बकीय वस्तुहरू छुट्याउन
- चुम्बकमा चुम्बकीय ध्रुवहरू चिन्ने विधि वर्णन र प्रदर्शन गर्न
- चुम्बकीय क्षेत्र व्याख्या गर्न र पत्ता लगाउन ।

**८. विद्युत्**

- विद्युत्को परिचय दिन र स्रोत पहिचान गर्न
- साधारण विद्युत् परिपथ तयार पार्न र व्याख्या गर्न
- सुचालक, अचालक र अर्धचालक वस्तुहरू छुट्याउन ।

## रसायन विज्ञान

**९. पदार्थ**

- पदार्थको परिचय दिन र पदार्थका भौतिक गुणहरू (आयतन र पिण्ड) व्यक्त गर्न
- पदार्थका विभिन्न अवस्था (ठोस, तरल र ग्यास) र तिनीहरूबिचको अन्तर सम्बन्ध प्रयोग गरी देखाउन
- पदार्थको अवस्था परिवर्तनको प्रदर्शन गर्न र उपयोगिता बताउन
- तत्त्व, यौगिक र मिश्रणको उदाहरणसहित परिभाषा दिई सामान्य वर्गीकरण गर्न

**१०. मिश्रण**

- मिश्रणको परिचय दिई समान र असमान मिश्रणको उदाहरणसहित व्याख्या गर्न
- असमान मिश्रणमा भएका अवयवहरू छुट्याउने केही सरल विधिहरू (थिग्र्याउने, छान्ने, निफन्ने, चाल्ने, चुम्बकीय विधि) प्रयोगद्वारा देखाउन ।

**११. हावा**

- हावालाई मिश्रणका रूपमा परिचय दिई यसको बनोट वर्णन गर्न
- हावाका गुणहरू व्यक्त गर्न
- हावामा रहेका केही प्रमुख ग्यासको परिचय र महत्त्व बताई प्रदर्शन गर्न ।

**१२. धातु र अधातु**

- धातु र अधातुको परिचय दिन
- दैनिक जीवनमा धातु र अधातुको उपयोगिता व्यक्त गर्न
- दैनिक जीवनमा प्रयोग हुने केही धातुहरू (फलाम, तामा, सुन, चाँदी) को सामान्य परिचय दिन ।

### १३. केही उपयोगी रसायनहरू

- दैनिक जीवनमा उपयोगी केही रसायनहरू (खानेसोडा, घिउ, चुक अमिलो, चिनी, खानेनुन) को परिचय र उपयोगिता व्यक्त गर्न ।

## जीव विज्ञान

### १४. जीवहरू

- जनावर र बिरुवाबिच भिन्नता (physiological) छुट्याउन
- जनावर र बिरुवालाई अनुकूलताका आधारमा सरल वर्गीकरण गर्न
- विभिन्न बासस्थानमा पाइने जीवहरूको अवलोकन गरी वर्णन गर्न
- एकदलीय र दुई दलीय बिरुवाहरूको सामान्य भिन्नता छुट्याउन
- ढाड नभएका जनावरहरूको वर्गीकरण गर्न ।

### १५. कोष र तन्तु

- कोषको बनोटका बारेमा सामान्य प्रस्तुति
- जनावर कोष र बिरुवा कोषको अध्ययन गरी भिन्नता छुट्याउन
- कोषका कार्यहरू वर्णन गर्न ।

### १६. जीवन प्रक्रिया

- बिरुवाको जरा, काण्ड र पातको सामान्य कार्यहरू व्यक्त गर्न
- बिरुवामा हुने शोषण, परिवहन र उत्स्वेदन क्रियाको व्याख्या र प्रदर्शन गर्न ।

## भू तथा अन्तरिक्ष विज्ञान

### १७. पृथ्वीको बनावट

- पृथ्वीको बाहिरी र आन्तरिक बनावटको वर्णन गर्न ।

### १८. मौसम र हावापानी

- मौसम, यसका प्रकार र यसलाई असर पार्ने तत्त्वहरूको व्याख्या गर्न
- प्रकृतिमा हुने जलचक्रको वर्णन गर्न र प्रदर्शन गरी देखाउन ।

### १९. पृथ्वी र अन्तरिक्ष

- सौर्यमण्डलको परिचय दिन र यसका सदस्यहरूको छोटकरीमा व्याख्या गर्न
- सूर्य, पृथ्वी र चन्द्रमाको आकार, साइज र आपसी दुरीको तुलना गर्न
- छायाको परिचय, बन्ने कारण र प्रकार प्रदर्शन गर्न
- ग्रहण लाग्ने कारण र अवस्था व्याख्या गरी सूर्य र चन्द्र ग्रहणको सचित्र वर्णन गर्न ।

## वातावरण शिक्षा

### २०. वातावरण र यसको सन्तुलन

- वातावरणको परिचय दिई महत्त्व व्यक्त गर्न
- अजैविक र जैविक अवयवको परिचय दिन र यिनीहरूबिचको अन्तर सम्बन्ध पहिल्याई वर्णन गर्न
- वातावरण सन्तुलनको परिचय, महत्त्व र आवश्यकता बुझी वातावरण सन्तुलनमा योगदान गर्न
- प्राकृतिक स्रोतको परिचय र महत्त्व बताउन ।

### २१. वातवारण ह्रास तथा यसको संरक्षण

- वातावरण ह्रासको अर्थ बताई वातावरण ह्रास हुनुका कारणहरू (प्राकृतिक र मानवीय) को वर्णन गर्न
- प्राकृतिक प्रकोप (बाढी, पहिरो, भूक्षय र आगलागी) हुने कारणहरू र यसबाट बच्ने उपायहरू व्यक्त गर्न
- वातावरण संरक्षणको आवश्यकता महसुस गरी यसको संरक्षणमा तत्परता देखाउन
- आफ्नो विद्यालय र समुदायमा वातावरण संरक्षणका क्रियाकलापहरू सञ्चालन गर्न
- नेपालका संरक्षित क्षेत्रहरूको सामान्य परिचय दिन ।

### २२. वातावरण र दिगो विकास

- दिगो विकासको परिचय र महत्त्व बताउन
- जनसङ्ख्या, वातावरण र विकासबिचको अन्तर सम्बन्ध व्याख्या गर्न
- दिगो विकासका लागि स्थानीय स्तरमा गरिएका प्रयासहरूको व्याख्या गर्न ।

**कक्षा : ७**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

## भौतिक विज्ञान

### १. नाप

- नापका SI प्रणालीको परिचय दिई आधारभूत नाप र त्यसका एकाइहरूको प्रयोग गर्न
- नियमित र अनियमित समतल सतहको क्षेत्रफल निकाल्न
- नियमित र अनियमित ठोस वस्तुहरूको आयतन नाप्न
- तरल पदार्थको आयतन नाप्ने विधि बताउन र आयतन नाप्न
- क्षेत्रफल र आयतन सम्बन्धी साधारण गणितीय समस्याहरू समाधान गर्न ।

### २. बल र गति

- बलका प्रकारहरूको व्याख्या गर्न
- दुरी र स्थानान्तरको परिचय दिन

- वेग र गतिको परिभाषा दिई समान र असमान गतिको व्याख्या गर्न
- प्रवेगको परिभाषा दिन
- वेग र गति सम्बन्धी साधारण गणितीय समस्याहरू समाधान गर्न ।

**३. सरल यन्त्र**

- विभिन्न किसिमका (उत्तोलक, घिर्नी, पाङ्ग्रा बिँड, छड्के सतह, फेसो र पेच) सरल यन्त्रको परिभाषा दिई पहिचान गर्न
- सरल यन्त्रका उपयोगिताहरू बताई प्रयोग गर्न ।

**४. चाप**

- चापको परिचय दिई दैनिक जीवनमा चापको उदाहरण र उपयोगिता व्याख्या गर्न
- चाप सम्बन्धी सरल गणितीय समस्याहरू समाधान गर्न ।

**५. शक्ति, कार्य र सामर्थ्य**

- शक्ति, कार्य र सामर्थ्यको परिचय दिन
- शक्तिका प्रकारहरू व्याख्या गर्न ।

**६. ताप**

- ताप प्रसारण हुने विभिन्न विधिहरू व्याख्या र प्रदर्शन गर्न
- तापक्रमको परिचय दिई तापक्रम मापक यन्त्र (thermometer) को प्रयोग गरी  तापक्रम नाप्न ।

**७. प्रकाश**

- प्रकाशको परावर्तनको परिभाषा दिई परावर्तनका किसिम र त्यसका असरहरू बताउन
- प्रकाश परावर्तनका नियमहरू बताउन र प्रदर्शन गर्न
- परावर्तन सम्बन्धी सामान्य उपकरणहरू (पेरिस्कोप, केलिडोस्कोप) बनाउन र कायपद्धति वर्णन गर्न ।

**८. ध्वनि**

- ध्वनि तरङ्ग (लङगिच्युडिनल वेभ) को उत्पत्ति र प्रसारणबारे बताउन
- ध्वनि प्रसारणलाई असर पार्ने तत्त्वहरूको व्याख्या गर्न
- विभिन्न माध्यममा ध्वनिको वेग फरक हुने कुरा प्रदर्शन गर्न ।

**९. चुम्बक**

- प्राकृतिक र कृत्रिम चुम्बकको फरक छुट्याई तिनका उपयोगिता बताउन
- चुम्बक बनाउने केही विधिहरू वर्णन गर्न र प्रदर्शन गर्न ।

**१०. विद्युत्**

- स्थिति विद्युत् (static electricity) को परिचय, प्रदर्शन र असर व्याख्या गर्न

- सरल विद्युत् परिपथको चित्र कोर्न र त्यसमा प्रयोग हुने सङ्केतहरू चिनाउन
- सेलको समूहीकरणको तरिका र महत्त्व बताउन ।

**रसायन विज्ञान**

**११. पदार्थ**

- पदार्थको सामान्य अवस्था र गुणको व्याख्या गर्न
- केही साधारण पेरिपोडिक तालिकामा भएका (पारमाणविक सङ्ख्या १ देखि २० सम्मका) तत्त्वहरूको नाम र सङ्केत लेख्न
- यौगिकको परिभाषा दिन र केही यौगिकहरूको अणुसूत्र लेख्न
- अणु र परमाणुको सामान्य परिचय दिई अणुसुत्र लेख्न
- भौतिक र रासायनिक परिवर्तनको परिभाषा दिई तिनीहरूबिच फरक छुट्याउन ।

**१२. मिश्रण**

- ठोस र तरलको मिश्रण छुट्याउने तरिकाहरू (वाष्पीकरण, ऊर्ध्वपातन, सेन्ट्रिफ्युजिङ र मणिभीकरण) को वर्णन र प्रदर्शन गर्न
- मिश्रणको उपयोगिता वर्णन गर्न
- घोलको परिचय दिई फिक्का र गाढा घोल छुट्याउन
- सन्तृप्त, असन्तृप्त र अतिसन्तृप्त घोलको उदाहरणसहित परिचय दिन र प्रदर्शन गर्न
- दैनिक जीवनमा घोलको उपयोगिता वर्णन गर्न ।

**१३. धातु र अधातु**

- धातु, अधातु र मिश्रित धातु (सल्फर, आयोडिन, पित्तल, काँस) का गुणहरू बताई तिनीहरूबिच भिन्नता छुट्याउन ।

**१४. केही उपयोगी रसायनहरू**

- फिनायल, डेटोल, डिटरजेन्ट र रासायनिक मलको परिचय र उपयोगिता व्याख्या गर्न ।

**जीव विज्ञान**

**१५. जनावरहरूको वर्गीकरण**

- ढाड भएका जनावरहरूको वर्गीकरण गरी तुलना गर्न
- भ्यागुताको जीवनचक्र सचित्र वर्णन गर्न
- फुल फुल्ने र नफुल्नेका आधारमा बिरुवाको वर्गीकरण गरी फुल फुल्ने बिरुवाका विभिन्न भागको बनोट र कार्य सचित्र वर्णन गर्न
- फुलको बनोट र कार्य सचित्र वर्णन गर्न र प्रयोग गरी देखाउन ।

**१६. कोष र तन्तु**

- जनावर र बिरुवाकोषका अवयवहरू (organels) को कार्य वर्णन गर्न

- एककोषीय जीव (अमिवा) र बहु कोषीय जीव (हाइड्रा) को शरीर रचनाबारे सामान्य परिचय दिन ।

**१७. जीवन प्रक्रिया**

- श्वासप्रश्वासको परिचय दिन र जनावर र बिरुवामा हुने श्वासप्रश्वासका अङ्गहरू (स्टोमाटा, गिल, स्पाइराकल, फोक्सो) को वर्णन गर्न
- जनावर र बिरुवामा हुने श्वासप्रश्वास क्रियाको सामान्य वर्णन गर्न
- जनावर र बिरुवामा हुने निष्कासन क्रियाको परिचय दिन र वर्णन गर्न
- मानव शरीरमा पाचन प्रणालीको परिचय दिन र वर्णन गर्न ।

## भू तथा अन्तरिक्ष विज्ञान

**१८. पृथ्वीको बनावट**

- चट्टानको परिभाषा दिई यसको बनावट र भौतिक गुणहरू व्याख्या गर्न
- विभिन्न प्रकारका चट्टानहरूको परिचय दिई महत्त्व र उपयोगिता बताउन
- नेपालमा पाइने केही महत्त्वपूर्ण चट्टानहरूको पहिचान गर्न ।

**१९. मौसम र हावापानी**

- बादल, हिउँ र तुसारोको परिचय दिन
- पृथ्वीको वायुमण्डलीय तह र यसको बनावट व्याख्या गर्न
- हावाको चाल, यसका कारणहरू र असरको प्रदर्शन र व्याख्या गर्न
- मौसमको पूर्वअनुमान गर्ने सरल उपायहरू वर्णन गर्न र स्थानीय मौसम अनुमान गर्न
- मौसमलाई प्रभाव पर्ने तत्त्वहरूको मापन गर्ने यन्त्रहरूको परिचय र उपयोग बताउन ।

**२०. पृथ्वी र अन्तरिक्ष**

- सौर्यमण्डल र यसका सदस्यहरूको परिचय (आकार, दुरी, दिन र वर्ष) दिन
- उत्तरी गोलार्धका ग्रह र ताराको सामान्य परिचय दिई यिनीहरूबिचको भिन्नता (सतह, रङ, तापक्रम, साइज) वर्णन गर्न
- केही प्रमुख तारामण्डलको परिचय दिन ।

## वातावरण शिक्षा

**२१. वातावरण र यसको सन्तुलन**

- प्राकृतिक स्रोतको वर्गीकरण (अनन्त, नवीकरणीय, अनवीकरणीय) गरी वर्णन गर्न
- प्राकृतिक स्रोत/सम्पदाको तुलनात्मक अध्ययन गरी यसको वर्तमान अवस्था बताउन
- जलस्रोत, जलाधार र सिमसारको परिचय, महत्त्व, आवश्यकता र संरक्षणका उपायहरू वर्णन गर्न

- वातावरण सन्तुलन गर्ने आधारभूत कारक तत्त्वहरू पहिल्याई तिनको आवश्यकताको व्याख्या गर्न
- उत्पादक, उपभोक्ता र विच्छेदकबिचको सन्तुलन पहिल्याई तिनको आवश्यकता वर्णन गर्न
- वातावरण सन्तुलनमा मानिसको भूमिकाको व्याख्या गर्न ।

**२२. वातावरण ह्रास तथा यसको संरक्षण**

- वन विनाश हुने कारणहरू वर्णन गर्न
- प्राकृतिक स्रोतको विनाश र यसबाट वातावरणमा पर्ने असरको व्याख्या गर्न
- प्राकृतिक प्रकोप (भूकम्प र ज्वालामुखी) बाट वातावरणमा पर्ने असर र बच्ने उपायहरू व्याख्या गर्न
- वातावरणीय सरसफाइका तीन मुख्य पक्षहरू न्यूनीकरण, पुन: उपयोग र पुनर्चक्रण (reduce, reuse and recycle) को जानकारी हासिल गरी प्रयोग गर्न उन्मुख हुन
- वातावरण संरक्षण तथा संवर्धनमा राष्ट्रिय निकायको भूमिका र अन्तरराष्ट्रिय निकायहरूको सूची तयार गर्न ।

**२३. वातावरण र दिगो विकास**

- दिगो विकासको अवधारणा व्याख्या गर्न
- प्रकृतिमैत्री विकास अवधारणाको आवश्यकता र महत्त्व बताउन
- नेपालको सन्दर्भमा दिगो विकासका लागि गरिएका प्रयासहरूको व्याख्या गर्न ।

**कक्षा : ८**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

**भौतिक विज्ञान**

**१. नाप**

- आधारभूत र तत्जन्य एकाइको परिभाषा दिन
- पिण्ड, तौल र समयका नापहरू चिन्न ।

**२. गति र प्रवेग**

- औसत गति र सापेक्षिक गतिको व्याख्या गर्न
- प्रवेग र गति ह्रासको परिचय दिन
- गति र प्रवेग सम्बन्धी समीकरण लेख्न र प्रयोग गर्न
- गति र प्रवेग सम्बन्धी सरल गणितीय समस्याहरू हल गर्न ।

## ३. सरल यन्त्र

- उत्तोलकको परिचय दिई यसको कार्यसिद्धान्त वर्णन गर्न
- उत्तोलकको उदाहरण दिई यसमा हुने यान्त्रिक फाइदा, गति अनुपात र कार्यक्षमताको परिचय दिन
- उत्तोलकमा हुने यान्त्रिक फाइदा, गति अनुपात, कार्यक्षमता सम्बन्धी सरल गणितीय समस्याहरू समाधान गर्न ।

## ४. चाप

- वायुमण्डलीय चापको परिचय दिन र यसको महत्त्व वर्णन गर्न
- तरल पदार्थको चापको परिचय दिन
- तरलको चाप नाप्ने सूत्र बनाई (derive) चाप सम्बन्धी सरल गणितीय समस्याहरू समाधान गर्न ।
- वस्तुको घनत्व र सापेक्षिक घनत्वको परिचय दिई सूत्र लेख्न
- घनत्वको आधामा बस्तुको उत्रने र डुब्ने क्रिया व्याख्या गर्न
- घनत्व सम्बन्धी साधारण गणितीय समस्या समाधान गर्न ।

## ५. शक्ति, कार्य र सामर्थ्य

- शक्ति, कार्य र सामर्थ्यबिचको सम्बन्ध र भिन्नता बताउन
- शक्तिको सामान्य रूपान्तरणको व्याख्या गरी प्रदर्शन गर्न
- शक्ति, कार्य र सामर्थ्य नाप्ने सूत्र लेखी सरल गणितीय समस्या समाधान गर्न ।

## ६. ताप

- ताप र तापक्रमको परिचय दिई सम्बन्ध देखाउन
- तापक्रमका एकाइहरू (सेल्सियस, फरेन्हाइट) निर्धारण गर्ने विधि बताउन र ती एकाइहरूबिचको अन्तर सम्बन्ध देखाई रूपान्तरण गर्न
- साधारण र क्लिनिकल तापक्रम मापक यन्त्र (thermometer) को बनोट र कार्य प्रणाली व्याख्या गर्न ।

## ७. प्रकाश

- ऐना र यसका प्रकारहरू (समतल र गोलाकार) को परिचय दिई वक्र ऐनाबाट हुने परावर्तनको प्रदर्शन गर्न
- वास्तविक र अवास्तविक आकृतिको परिचय दिन र प्रदर्शन गर्न
- गोलाकार ऐनाबाट विभिन्न दुरीमा (अनन्तमा र बक्रताको केन्द्र पछाडि) रहेका वस्तुको आकृति बनाई प्रदर्शन गर्न र किरण रेखाचित्र खिच्न

- गोलाकार ऐनाको उपयोगिता वर्णन गर्न
- प्रकाशको आवर्तनको परिभाषासहित परिचय दिन ।

**८. ध्वनि**

- ध्वनि सम्बन्धी शब्दावलीहरू (गति, आवृत्ति र तरङ्ग लम्बाइ) को परिचय दिन
- प्रतिध्वनि र गुञ्जयमान असरको परिचय दिन, असर बताउन र फरक छुट्याउन ।

**९. चुम्बक**

- चुम्बकत्वको आणविक सिद्धान्तको वर्णन गर्न
- चुम्बकीय उपपादनको परिभाषा दिन, प्रदर्शन गर्न र वर्णन गर्न
- चुम्बकीय शक्तिको ह्रासको कारण र चुम्बकीय शक्ति संरक्षणका उपायहरू बताउन ।

**१०. विद्युत्**

- साधारण सेल र ड्राइ सेलको समान्य बनोट र उपयोगिता वर्णन र प्रदर्शन गर्न
- गार्हस्थ विद्युतीकरण तथा यसका उपकरणहरूको परिचय दिन
- फ्युज र एम.सी.बी.को परिचय र यसको प्रयोग बताउन ।

**रसायन विज्ञान**

**११. पदार्थ**

- परमाणुको बनोटको मोडल देखाई इलेक्ट्रोन, प्रोटोन र न्युट्रोनका गुणहरू बताउन
- यौगिकहरूको अणु सुत्र लेख्न
- मेन्डलिभको पेरियोडिक तालिकाको सामान्य परिचय दिन
- संयुज्यता परिभाषित गर्न र पहिलो २० ओटा तत्त्वहरूको इलेक्ट्रोनिक विन्यास हेरी संयुज्यता पत्ता लगाउन
- पारमाणविक भार र पारमाणविक सङ्ख्याको परिभाषा दिई यसका आधारमा प्रोटोन, न्युट्रोन र इलेक्ट्रोनको सङ्ख्या पत्ता लगाउन
- आणविक भारको परिभाषा दिन र आणविक भार हिसाब गरी निकाल्न
- रासायनिक प्रतिक्रिया र समीकरणको परिभाषा दिई केही सामान्य रासायनिक प्रतिक्रियाहरूलाई शब्द र सूत्र समीकरणमा व्यक्त गर्न ।

**१२. मिश्रण**

- फ्याक्सनल आसवन क्रिया (fractional distillation), स्टिम आसवन क्रिया (stem distillation) र क्रोमाटाग्राफी विधिको परिचय दिन र प्रदर्शन गर्न ।

**१३. धातु र अधातु**

- साधारण पेरियोडिक टेबलमा तत्त्वहरूलाई धातु, अधातु र अर्ध धातुमा छुट्याउन

- हाम्रा प्रचलनका केही धातु, अधातु र अर्ध धातुहरू (सुन, चाँदी, फलाम, तामा, आल्मोनियम, सिलिकन, गन्धक) को परिचय, भौतिक गुण, रासायनिक गुण र उपयोगिता बताउन ।

**१४. अम्ल, क्षार र लवण**

- अम्ल, क्षार र लवणको परिचय दिन, गुणहरू वर्णन गर्न र उपयोगिता बताउन
- सूचक (indicator) को सामान्य परिचय दिई अम्ल, क्षार र लवण छुट्याउन, लिटमसको प्रयोग गर्न
- बिरुवाका विभिन्न भागका रसहरूबाट लिटमस बनाउन
- पि. एच. ($P^H$) स्केलको सामान्य परिचय र प्रयोग बताउन ।

**१५. केही उपयोगी रसायनहरू**

- पानीका भौतिक र रासायनियक गुणहरूको व्याख्या गरी कडा र नरम पानीको परिभाषा दिन र छुट्याउन
- कडा पानीका प्रकारहरू बताई पानीको कडापन हटाउने सरल विधिहरू रासायनियक प्रतिक्रियासहित (उमालेर र धुने सोडा हालेर) वर्णन र प्रदर्शन गर्न
- सोडियम कार्बोनेट, सोडियम वाई कार्बोनेट र ग्लिसरलको परिचय, गुण र उपयोगिता बताउन ।

## जीव विज्ञान

**१६. जीवहरू**

- केही सूक्ष्म जीवहरू (ब्याक्टेरिया, भाइरस र फन्जाइ) को सामान्य परिचय दिन
- बिरुवाका रूपान्तरित अङ्गहरू (जरा, काण्ड र पात) को बनोट र कार्यहरू वर्णन गर्न
- बिउको छराइ (dispersal of seed)) का तरिकाहरू व्याख्या गर्न
- बिउको अङ्कुरण हुन आवश्यक अवस्थाहरू (हावा, पानी, ताप) को वर्णन गरी बिउ अङ्कुरण क्रिया प्रदर्शन र व्याख्या गर्न
- बिउको बनोट प्रदर्शन गर्न र बिउका विभिन्न भागका कार्य बताउन
- फुल फुल्ने बिरुवाको जीवन चक्रको प्रदर्शन र वर्णन गर्न ।

**१७. कोष र तन्तु**

- इपिथिलियम तन्तु (जनावर) र मेरिस्टमेटिक तन्तु (वनस्पति) को परिचय दिई वर्णन गर्न
- मानव शरीरमा कोष, तन्तु र अङ्गको अन्तर सम्बन्धको व्याख्या गर्न ।

**१८. जीवन प्रक्रिया**

- बिरुवा र जनावरमा हुने अमैथुनिक र मैथुनिक प्रजनन क्रियाको वर्णन गर्न
- मानव रक्त सञ्चार प्रणालीको परिचय दिन र प्रक्रिया वर्णन गर्न
- बिरुवामा हुने प्रकाश संश्लेषण क्रियाको परिचय दिन र प्रयोग गर्न ।

## भू- तथा अन्तरिक्ष विज्ञान

### १९. पृथ्वीको बनोट

- खनिजको परिभाषा दिन, यसका भौतिक गुणहरू बताउन र यसबाट हुने फाइदाहरूको व्याख्या गर्न
- नेपालमा पाइने प्रमुख खनिजहरू (फलाम, तामा, सिसा, चुनढुङ्गा, ग्रेफाइट र जिङ्क) को सामान्य परिचय दिन
- माटो बन्ने प्रक्रिया व्याख्या गर्न र आफ्नो वरपर रहेका माटोको प्रोफाइल देखाउन
- भूक्षय र निक्षेपण क्रियाको व्याख्या गरी माटोको संरक्षण गर्ने उपायहरू बताउन ।

### २०. मौसम र हावापानी

- हावापानीको परिभाषा दिई यसलाई असर पार्ने तत्त्वहरूको व्याख्या गर्न
- नेपालको हावापानी सम्बन्धी सामान्य जानकारी दिन
- मनसुन बन्ने प्रक्रिया, नेपालमा आउने मनसुन र मनसुनबाट हुने असरबारे व्याख्या गर्न ।

### २१. पृथ्वी र अन्तरिक्ष

- पृथ्वीको उत्पत्तिबारे केही परिकल्पनाहरूको व्याख्या गर्न
- विभिन्न ऋतुमा सूर्य र पृथ्वीको स्थिति परिवर्तनको व्याख्या गर्न
- चन्द्रमा र पृथ्वीको स्थितिका आधारमा चन्द्रकलाको विभिन्न स्थितिको वर्णन गर्न ।

## वातावरण शिक्षा

### २२. वातावरण र यसको सन्तुलन

- खाद्यान्न, बासस्थान, जडिबुटी र अन्य प्राकृतिक स्रोतहरूमा मानिसको निर्भरता वर्णन गर्न
- नेपालका विभिन्न राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रको सूची तयार पारी संक्षिप्त परिचय दिन
- वनजङ्गलको वर्तमान स्थिति बुझी त्यसको महत्त्व र आवश्यकता वर्णन गर्न
- प्रकाष्ठ तथा विशेष महत्त्वका जडिबुटी जस्ता वन पैदावारको विवरण तयार गरी संरक्षित वन पैदावारको जानकारी दिन
- पशुपन्छीहरूको महत्त्व र आवश्यकता बताउन र लोप हुन लागेका पशुपन्छीहरूको सूची तयार गर्न
- नेपालका केही संरक्षित पशुपन्छीहरूको सामान्य परिचय दिन ।

### २३. वातावरण ह्रास तथा यसको संरक्षण

- वातावरणीय प्रदूषण (वायु, जल, जमिन र ध्वनि) र यसका असरहरूको व्याख्या गर्न

- हरित गृह प्रभावको व्याख्या गर्न र यसले गर्दा हुने तापक्रम वृद्धिले गर्दा वातावरणमा पर्ने असरको वर्णन गर्न
- जलवायु परिवर्तन, यसका असरहरू र प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरमा गर्न सक्ने प्रयासहरू पहिचान गर्न
- अम्लिय वर्षा हुने कारण र यसको असरबारे व्याख्या गर्न
- वातावरण संरक्षण गर्ने उपायहरूको व्याख्या गर्न
- प्रकोपका किसिमका सामान्य परिचय दिन र कारणहरू बताउन
- जोखिम न्यूनीकरण गर्ने उपायहरू बताउन र प्रकोप व्यवस्थापनका उपायहरू व्याख्या गर्न
- राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC), आइ.यु.सि.एन. (IUCN), विश्व वन्यजन्तु कोष (WWF), संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (UNEP) र इसिमोड (ICIMOD) को सामान्य परिचय र भूमिका बताउन ।

**२४. वातावरण र दिगो विकास**

- जैविक विविधताको परिचय दिन
- दिगो विकासका सिद्धान्तहरूको व्याख्या गर्न
- विश्वको सन्दर्भमा दिगो विकासका प्रयासहरू र यसको महत्त्वको व्याख्या गर्न ।

## ४. विषय वस्तुको क्षेत्र र क्रम तालिका

### १. भौतिक विज्ञान

| क्षेत्र तथा एकाइ | कक्षा ६ | अ.घन्टी | | कक्षा ७ | अ.घन्टी | | कक्षा ८ | अ.घन्टी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विषय वस्तु | सै. | प्र. | विषय वस्तु | सै. | प्र. | विषय वस्तु | सै. | प्र. |
| नाप | • नापको आवश्यकता<br>• नाप र एकाइ<br>• स्थानीय नाप र प्रामाणिक नाप<br>• FPS, CGS, MKS प्रणालीको परिचय र अन्तर सम्बन्ध<br>• लम्बाइ, पिण्ड र समयको नाप र मापनका साधारण उपकरणहरू | ६ | १ | • SI नाप प्रणाली<br>• नियमित र अनियमित समतल सतहको क्षेत्रफल<br>• तरल पदार्थको आयतन<br>• नियमित र अनियमित ठोस वस्तुको आयतन<br>• साधारण गणितीय समस्याहरू | ५ | १ | • आधारभूत र तत्जन्य एकाइको परिचय<br>• पिण्ड, तौल र समयका नापहरू | ३ | १ |
| बल र गति | • बलको परिचय<br>• बलको नाप, एकाइ<br>• बलको असर<br>• वस्तुको चाल | ५ | १ | • बलका प्रकार<br>• दुरी र स्थानान्तरण<br>• वेग र गति (समान र असमान)<br>• प्रवेग<br>• साधारण गणितीय समस्याहरू | ५ | १ | • औसत र सापेक्षिक गति<br>• प्रवेग र गति ह्रास<br>• गति र प्रवेग सम्बन्धी समीकरण<br>• साधारण गणितीय समस्याहरू | ४ | १ |
| सरल यन्त्र | • दैनिक जीवनमा प्रयोग हुने सरल यन्त्रहरू (उपकरणहरू)<br>• सरल यन्त्रहरूको उपयोगिता | ३ | १ | • सरल यन्त्रको परिचय<br>• सरल यन्त्रको प्रकार र उपयोगिता | ३ | १ | • उत्तोलकको कार्य सिद्धान्त<br>• उत्तोलकमा यान्त्रिक फाइदा, गति अनुपात र कार्यक्षमता | ४ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | • साधारण गणितीय समस्याहरू | | |
| **चाप** | | | | • चापको परिचय<br>• चापको मापन (P = F/A)<br>• दैनिक जीवनमा चापको उपयोगिता<br>• साधारण गणितीय समस्याहरू | ३ | १ | • वायुमण्डलीय चाप र यसको महत्त्व<br>• तरलको चाप र यसको मापन<br>• साधारण गणितीय समस्याहरू<br>• वस्तुको घनत्व र सापेक्षिक घनत्व (परिचय, सूत्र)<br>• उत्रने र डुब्ने क्रिया<br>• साधारण गणितीय समस्याहरू | ५ | १ |
| **शक्ति, कार्य र सामर्थ्य** | | | | • कार्य र सामर्थ्यको परिचय<br>• शक्तिका प्रकार | ३ | | • शक्ति, कार्य र सामर्थ्यको अन्तर सम्बन्ध<br>• शक्तिको सामान्य रूपान्तरण<br>• साधारण गणितीय समस्याहरू | ३ | १ |
| **ताप** | • तापको स्रोत<br>• तापको असर (आयतन र अवस्थामा परिवर्तन)<br>• पदार्थको रङका आधारमा तापको शोषण (absorption of heat)<br>• तापको उपयोगिता | ५ | १ | • तापको प्रसारण (सञ्चालन, संवाहन र विकिरण)<br>• थर्मसको बनावट र कार्य<br>• तापक्रमको परिचय<br>• तापक्रममापक यन्त्र (thermometer) | ४ | १ | • ताप र तापक्रमको सम्बन्ध<br>• तापक्रमको एकाइ (°C र °F) र तिनीहरूका बिचको सम्बन्ध र रूपान्तरण<br>• तापक्रममापक यन्त्रको बनोट र कार्यप्रणाली (साधारण र क्लिनिकल) | ४ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रकाश** | • प्रकाशको स्रोत<br>• दिप्त र अदिप्त वस्तु<br>• पारदर्शक, अपारदर्शक र अर्ध पारदर्शक वस्तु<br>• प्रकाशको प्रसारण (transmission of light) | ५ | १ | • प्रकाशको परावर्तन (नियमित र अनियमित)<br>• परावर्तनका नियमहरू<br>• परावर्तन सम्बन्धी सामान्य उपकरणहरू (पेरिस्कोप, केलिडस्कोप) | ४ | १ | • ऐना र यसका प्रकारहरू<br>• गोलाकार ऐना (कन्केभ तथा कन्भेक्स) बाट हुने परावर्तन<br>• वास्तविक र अवास्तविक आकृति<br>• गोलाकार ऐनाबाट बन्ने आकृति<br>• गोलाकार ऐनाको उपयोगिता<br>• प्रकाशको आवर्तनको परिचय | ५ | १ |
| **ध्वनि** | • ध्वनिको परिचय<br>• स्रोतहरू<br>• तरङ्गको सामान्य परिचय<br>• ध्वनिको प्रसारण र माध्यम | ५ | १ | • ध्वनि तरङ्ग<br>• ध्वनिको प्रसारणलाई असर पार्ने तत्वहरू<br>• विभिन्न माध्यममा ध्वनिको वेग | ३ | १ | • ध्वनि सम्बन्धी शब्दावलीहरूको परिचय र अन्तर सम्बन्ध<br>• ध्वनिको परावर्तन (प्रतिध्वनि र गुञ्जयमान असर) | २ | १ |
| **चुम्बक** | • चुम्बकको परिचय<br>• चुम्बकीय र अचुम्बकीय वस्तुहरू<br>• चुम्बकीय ध्रुव र क्षेत्र<br>• चुम्बकका गुणहरू | ४ | २ | • प्राकृतिक र कृत्रिम चुम्बक<br>• चुम्बक बनाउने विधि<br>• चुम्बकको उपयोगिता | ३ | १ | • चुम्बकत्वको आणविक सिद्धान्त<br>• चुम्बकीय उपपादन (magnetic induction)<br>• चुम्बकीय शक्तिको ह्रास | २ | |
| **विद्युत्** | • परिचय र स्रोत | ३ | १ | • स्थीति विद्युत्को परिचय र | ३ | १ | • साधारण सेल, ड्राइ सेल | ४ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | • साधारण विद्युत् परिपथ (सुचालक, अचालक, अर्धचालक) | | | यसको असर (चट्याङ)<br>• धारा विद्युत्को परिचय<br>• विद्युत् परिपथमा प्रयोग हुने सङ्केतहरू<br>• सेलको समानान्तर र क्रमिक जडान | | | • उपयोगिता<br>• गार्हस्थ विद्युतीकरण र उपकरणहरू<br>• फ्युज र एम.सी.बी | | |
| | **जम्मा** | **३६** | **९** | | **३६** | **९** | | **३६** | **९** |

## २. रसायन विज्ञान

| **क्षेत्र तथा एकाइ** | **कक्षा ६** | **अ.घन्टी** | | **कक्षा ७** | **अ.घन्टी** | | **कक्षा ८** | **अ.घन्टी** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **विषय वस्तु** | **सै.** | **प्र.** | **विषय वस्तु** | **सै.** | **प्र.** | **विषय वस्तु** | **सै.** | **प्र.** |
| **पदार्थ** | • पदार्थको परिचय र अवस्था (state of matter)<br>• अवस्था परिवर्तन<br>• पदार्थका भौतिक गुणहरू<br>• पदार्थको सामान्य वर्गीकरण (तत्त्व, यौगिक र मिश्रण ) | ९ | २ | • पदार्थको अवस्था र गुण<br>• पारमाणविक सङ्ख्या १ देखि २० सम्मका तत्त्वहरू र तिनको सङ्केत<br>• यौगिक<br>• अणु र परमाणुको सामान्य परिचय<br>• पदार्थमा हुने परिवर्तन (भौतिक र रासायनिक) | १२ | २ | • परमाणुको बनोट (इलेक्ट्रोन, प्रोटोन र न्युट्रोन)<br>• परमाणुमा इलेक्ट्रोनिक विन्यास (पहिलो २० ओटा) र संयुज्यता<br>• अणु सूत्र<br>• पेरियोडिक टेबलको सामान्य परिचय<br>• पारमाणविक सङ्ख्या र पारमाणविक भार<br>• आणविक भार<br>• सामान्य रासायनिक प्रतिक्रिया | १० | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | (शब्द समीकरण र सूत्र समीकरण) | | |
| **मिश्रण** | • मिश्रणको परिचय<br>• मिश्रणको प्रकार (असमान र समान)<br>• मिश्रण छुट्याउने तरिका (थिग्र्याउने, छान्ने, निफन्ने, चाल्ने, चुम्बकीय विधि)<br>• हावाको बनोट र गुण<br>• हावामा रहेका प्रमुख ग्यासहरूको परिचय, महत्व र उपयोगिता | १४ | ४ | • मिश्रण छुट्याउने तरिकाहरू (वाष्पीकरण, ऊर्ध्वपातन, सेन्ट्रिफ्युजिङ, मणिभीकरण)<br>• मिश्रणको उपयोगिता<br>• घोलको परिचय<br>• फिक्का र गाढा घोल<br>• असंतृप्त, संतृप्त र अतिसंतृप्त घोल<br>• दैनिक जीवनमा घोलको उपयोगिता | ११ | ३ | • मिश्रण छुट्याउने तरिका (फ्याक्सनल आसवन क्रिया, स्टिम आसवन क्रिया र क्रोमाटोग्राफी) | ४ | २ |
| **धातु र अधातु** | • धातु र अधातुको परिचय<br>• उपयोगिता<br>दैनिक जीवनमा प्रयोग हुने केही धातुहरूको परिचय (फलाम, तामा, सुन, चाँदी) | ४ | १ | • धातु, अधातु र मिश्रित धातुका गुण र भिन्नता<br>• केही उपयोगी अधातु र मिश्रित धातुहरू<br>(सल्फर, आयोडिन, पित्तल, काँस) | ४ | २ | • तत्वहरूलाइ धातु र अधातुमा वर्गीकरण<br>• हाम्रा उपयोगी केही धातु र अधातुहरूको परिचय, गुण र उपयोगिता (सुन, चाँदी, फलाम, तामा, आल्मोनियम, सिलिकन, गन्धक) | ७ | १ |
| **अम्ल, क्षार र लवण** | | | | | | | **अम्ल, क्षार र लवण**<br>• परिचय<br>• सामान्य गुण<br>• उपयोगिता | ४ | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | • सूचक (indicator) (लिट्मस र पी.एच. (P$^{H}$ स्केल) | | |
| **केही उपयोगी रसायनहरू** | केही उपयोगी रसायनहरूको सामान्य परिचय र उपयोग (खाने सोडा, घिउ, चुक अमिलो, चिनी, खाने नुन) | ५ | १ | केही उपयोगी रसायनहरूको सामान्य परिचय र उपयोग (फिनायल, बेकिङ पाउडर, डेटोल, डिटरजेन्ट, रासायनिक मल) | ५ | १ | • पानीका गुणहरू<br>• कडा र नरम पानी<br>• कडा पानीका प्रकारहरू<br>• कडापन हटाउने तरिका (उमालेर, लुगा धुने सोडा हाल्ने)<br>• सोडियम कार्बोनेट, सोडियम वाई कार्बोनेट र ग्लिसरल | ७ | १ |
| | **जम्मा** | ३२ | ८ | | ३२ | ८ | | ३२ | ८ |

## ३. जीव विज्ञान

| क्षेत्र तथा एकाइ | कक्षा ६ | अ.घन्टी | | कक्षा ७ | अ.घन्टी | | कक्षा ८ | अ.घन्टी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **विषय वस्तु** | **सै.** | **प्र.** | **विषय वस्तु** | **सै.** | **प्र.** | **विषय वस्तु** | **सै.** | **प्र.** |
| **जीवहरू** | • जनावर र बिरुवाबिच भिन्नता<br>• जनावर र बिरुवाको सरल वर्गीकरण (अनुकूलताको आधारमा)<br>• ढाड नभएका जनावरहरूको वर्गीकरण<br>• एकदलीय र द्विदलीय | १२ | २ | • ढाड भएका जनावरहरूको वर्गीकरण<br>• भ्यागुताको जीवन चक्र<br>• बिरुवाको वर्गीकरण (फूल फुल्ने र नफुल्ने)<br>• फुल फुल्ने बिरुवाको बनोट र विभिन्न भागका कार्यहरू | १२ | २ | केही सुक्ष्म जीवहरू (ब्याक्टेरिया, भाइरस र फन्जाई) को सामान्य परिचय<br>• बिरुवाका रूपान्तरित अङ्गहरू (जरा, काण्ड, पात)<br>• बिउको छराई (dispersal of seed) | १२ | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बिरुवाहरू | | | • फुलको बनोट र कार्यहरू | | | • बिउको बनोट, अङ्कुरण र विभिन्न भागका कार्य<br>• फुल फुल्ने बिरुवाको जीवनचक्र | | |
| **कोष र तन्तु** | • कोषको बनोट<br>• जनावर र बिरुवा कोषको अध्ययन<br>• जनावर र बिरुवा कोषको फरक<br>• कोषका कार्यहरू | ६ | ३ | • कोषका अवयवका कार्यहरू<br>• एक कोषीय र बहु कोषीय जीवहरूको सामान्य अध्ययन<br>• अमिवा<br>• हाइड्रा | ६ | ३ | • तन्तुका प्रकार (इपिथेलियम तन्तु र मेरिस्टमेटिक तन्तु)<br>• मानव शरीरमा कोष, तन्तु र अङ्गको अन्तर सम्बन्ध | ६ | ३ |
| **जीवन प्रक्रिया** | • विरुवाका विभिन्न भागका बनावट र कार्य<br>• परिवहन र शोषण<br>• उत्स्वेदन (transpiration) | १० | २ | • बिरुवा र जनावरमा श्वास प्रश्वास क्रिया<br>• मानव पाचन प्रणाली | १० | २ | • प्रजनन (अमैथुनिक र मैथुनिक)<br>• मानव रक्त सञ्चार प्रणाली<br>• प्रकाश संश्लेषण क्रिया | १० | २ |
| | **जम्मा** | २८ | ७ | | २८ | ७ | | २८ | ७ |

## ४. भू: तथा अन्तरिक्ष विज्ञान

| **क्षेत्र तथा एकाइ** | **कक्षा ६** | **अ.घन्टी** | | **कक्षा ७** | **अ.घन्टी** | | **कक्षा ८** | **अ.घन्टी** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **विषय वस्तु** | **सै.** | **प्र.** | **विषय वस्तु** | **सै.** | **प्र.** | **विषय वस्तु** | **सै.** | **प्र.** |
| **पृथ्वीको बनावट** | • पृथ्वीको बाहिरी बनावट (पहाड, उपत्यका, उच्च समस्थली मैदान, नदी, ताल, | ५ | १ | • चट्टान (परिभाषा, बनावट र भौतिक गुणहरू)<br>• चट्टानका प्रकारहरू | ५ | १ | • खनिज (परिभाषा, गुणहरू र उपयोगिता)<br>• नेपालमा पाइने प्रमुख खनिजहरू | ६ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | समुद्र)<br>● पृथ्वीको आन्तरिक बनावट (क्रस्ट, मेनटल र कोर) | | | (आग्नेय, परिवर्तित, पत्रे) र गुणहरू<br>● चट्टानको महत्व र उपयोगिता<br>● चट्टानको पहिचान (नेपालमा पाइने) | | | ● माटो बन्ने प्रक्रिया र माटोको प्रोफाइल<br>● भूक्षय र निक्षेपण<br>● माटोको संरक्षण | | |
| **मौसम र हावा-पानी** | ● मौसम र यसलाई प्रभाव पार्ने तत्वहरू (तापक्रम, सापेक्षिक आद्रता र वर्षा)<br>● मौसमका प्रकारहरू<br>● जलचक्र | ६ | २ | ● बादल, पानी, हिउँ र तुसारो<br>● पृथ्वीको वायुमण्डलीय तह र हावाको चाल (कारणहरू र असरहरू)<br>● मौसमका तत्वहरू मापन गर्ने यन्त्रहरू<br>● मौसमको पूर्वानुमान | ५ | १ | ● हावापानी : परिभाषा<br>● हावापानीलाई असर पार्ने तत्वहरू<br>● नेपालको हावापानी<br>● मनसुन : नेपालमा आउने मनसुन<br>● मनसुन बन्ने प्रक्रिया र यसको प्रभाव | ५ | १ |
| **पृथ्वी र अन्तरिक्ष** | ● सौर्यमण्डल र यसका सदस्यहरू<br>● सूर्य, पृथ्वी र चन्द्रमाको आकार, साइज र आपसी दुरी<br>● छाया<br>● ग्रहण (सूर्य र चन्द्र ग्रहण) कारण र अवस्था | ५ | १ | ● सौर्यमण्डलका ग्रहहरूको सामान्य तुलनात्मक अध्ययन (आकार, दुरी, दिन र वर्ष)<br>● ग्रह, र ताराबिच भिन्नता<br>● केही प्रमुख तारामण्डलको परिचय | ६ | २ | ● पृथ्वीको उत्पत्ति सम्बन्धी परिकल्पना<br>● पृथ्वीमा जीवहरूको उत्पत्ति हुनाका कारणहरू<br>● पृथ्वी र सूर्यको स्थिति परिवर्तन<br>● चन्द्रमाको कला | ५ | २ |
| | **जम्मा** | १६ | ४ | | १६ | ४ | | १६ | ४ |

## ५. वातावरण शिक्षा

| क्षेत्र तथा | कक्षा ६ | अ.घन्टी | कक्षा ७ | अ.घन्टी | कक्षा ८ | अ.घन्टी |
|---|---|---|---|---|---|---|

| एकाइ | विषय वस्तु | सै. | प्र. | विषय वस्तु | सै. | प्र. | विषय वस्तु | सै. | प्र. |
|---|---|---|---|---|---|---|---|---|---|
| **वातावरण र यसको सन्तुलन** | वातावरणीय प्रमुख पक्षहरूको अवधारणा र यसको सन्तुलन<br>● वातावरणको परिचय र महत्त्व<br>● अजैविक अवयवहरू - प्रकाश, तापक्रम, हावा, पानी र माटो<br>● जैविक अवयवहरू - उत्पादक, उपभोक्ता र विच्छेदक<br>● वातावरण सन्तुलनको परिचय, महत्त्व र आवश्यकता<br>● प्राकृतिक स्रोतको परिचय र महत्त्व<br>● प्राकृतिक स्रोतको स्थिति - वनस्पति, जमिन, पशुपन्छी, जलस्रोत र खनिज | १० | २ | प्राकृतिक स्रोत र वातावरण सन्तुलनका कारक तत्त्वहरू<br>● प्राकृतिक स्रोतको वर्गीकरण (अनन्त, नवीकरणीय, अनवीकरणीय)<br>● प्राकृतिक स्रोत/सम्पदाको महत्त्व र आवश्यकता<br>● जलस्रोत, जलाधार र सिमसारको परिचय, महत्त्व, आवश्यकता र संरक्षणका उपायहरू<br>● वातावरण सन्तुलनका आधारभूत तत्त्वहरू - हावा, पानी, जमिन, वनस्पति र जीव जन्तु<br>● जीव समुदाय- उत्पादक, उपभोक्ता र विच्छेदकबिचको सन्तुलन<br>● वातावरण सन्तुलनमा मानिसको योगदान | १० | २ | प्राकृतिक सम्पदा र यसमा मानिसको निर्भरता<br>● खाद्यान्न, वासस्थान, जडीबुटी र अन्य प्राकृतिक स्रोत<br>● राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रको सूची र सङ्क्षिप्त विवरण<br>● वन जङ्गलको स्थिति (वर्तमान स्थिति, महत्त्व र आवश्यकता)<br>● वन पैदावर प्रकाष्ठ तथा विशेष महत्त्वका जडीबुटीहरू र संरक्षित वनपैदावारहरू<br>● पशुपन्छीहरूको वर्तमान स्थिति, महत्त्व, आवश्यकता, लोप हुन लागेका पशुपन्छीहरूको परिचय | १० | २ |
| **वातावरण ह्रास तथा यसको संरक्षण** | वातवारण ह्रास हुनुका कारण, असर र नियन्त्रणका उपायहरू<br>● वातावरण ह्रासको अवधारणा<br>● वातावरण ह्रास हुनुका कारण र असरहरू | १२ | ३ | वातावरण ह्रासका कारण र असरहरू<br>● मानवीय : वन विनाश, सहरीकरण, औद्योगिकीकरण<br>● प्राकृतिक स्रोतको विनाश (वनस्पति, पशुपन्छी, जलस्रोत, | १२ | ३ | मानिसको क्रियाकलापबाट वातावरणमा हुने असर र यसको नियन्त्रण<br>● वातावरणीय प्रदूषण जल, वायु, ध्वनि, जमिन र यसबाट हुने असर<br>● हरित गृह प्रभाव र जलवायु परिवर्तन | १२ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (क) प्राकृतिक<br>(ख) मानवीय<br>• प्राकृतिक प्रकोप (बाढी, पहिरो, आगलागी ) हुने कारणहरू र यिनबाट बच्ने उपायहरू<br>• वातावरण संरक्षणको आवश्यकता<br>• नेपालका संरक्षण क्षेत्रहरूको सामान्य परिचय<br>• स्थानीय स्तरमा गरिएका वातावरण संरक्षण तथा संवर्धनका प्रयासहरू | | | इन्धन, हावा, जमिन, खनिज पदार्थ र यसबाट वातावरणमा पर्ने असर<br>• प्राकृतिक प्रकोपको किसिम (भूकम्प र ज्वालामुखी)<br>• भूकम्प र ज्वालामुखीबाट वातावरणमा पर्ने असर र बच्ने उपायहरू<br>• वातावरण संरक्षण तथा संवर्धनमा स्थानीय स्तरमा गरिएका र गर्न सकिने उपायहरू<br>• वातावरणीय सरसफाइ : न्यूनीकरण, पुनप्रयोग र पुनर्चक्रण (reduce, reuse, recycle)<br>• वातावरण संरक्षणमा योगदान गर्ने सरकारी निकाय-वन मन्त्रालय र वातावरण मन्त्रालयको परिचय | | | • अम्लिय वर्षा प्रकोप र प्रकोप व्यवस्थापन<br>• प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गर्ने उपायहरू र व्यवस्थापनका उपायहरू<br>• वातावरण संरक्षण गर्ने उपायहरू<br>• वातावरण संरक्षण र संवर्धनमा संलग्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घसंस्थाहरू<br>• राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC)<br>• आइ.यू.सी.एन.(IUCN)<br>• विश्व वन्यजन्तु कोष (WWF)<br>• संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (UNEP)<br>• इसिमोड (ICIMOD)<br>• वातावरण संरक्षण र संवर्धनमा संलग्न उक्त निकाय र मन्त्रालयबिच हुने समन्वयहरू | | |
| **वातावरण र दिगो विकास** | • दिगो विकासको परिचय<br>• दिगो विकासको महत्व<br>• जनसङ्ख्या, वातावरण र विकासबिचको अन्तर सम्बन्ध<br>• दिगो विकासका लागि स्थानीय स्तरमा गरिएका प्रयासहरू | ६ | २ | • दिगो विकासको अवधारणा<br>• नेपालको सन्दर्भमा दिगो विकासका प्रयासहरू<br>• प्रकृति मैत्री विकास (nature – friendly development) | ६ | २ | • जैविक विविधता (biodiversity)<br>• दिगो विकासका सिद्धान्तहरू<br>• विश्वको सन्दर्भमा दिगो विकासका प्रयासहरू र यसको महत्व | ६ | २ |
| | **जम्मा** | **२८** | **७** | | **२८** | **७** | | **२८** | **७** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## पठनपाठन व्यवस्था

कक्षा ६-८ को विज्ञान तथा वातावरण विषयको शिक्षण गर्नका लागि पाठ्यभार ५ निर्धारण गरिएको छ। वर्षभरिमा कम्तीमा १७५ घन्टी पढाइ हुनुपर्ने छ। जसमध्ये १४० घन्टी (८० प्रतिशत समय) सैद्धान्तिक शिक्षण क्रियाकलापका लागि र ३५ घन्टी (२० प्रतिशत समय) प्रयोगात्मक शिक्षण क्रियाकलापका लागि व्यवस्था गरिएको छ।

विभिन्न क्षेत्रअन्तर्गत शिक्षण क्रियाकलापको समय (घन्टी) विभाजन निम्नानुसार गरिएको छ :

| क्षेत्र | भार प्रतिशत | सैद्धान्तिक शिक्षण (घन्टी) | प्रयोगात्मक शिक्षण (घन्टी) |
|---|---|---|---|
| १. भौतिक विज्ञान | २६.०० | ३६ | ९ |
| २. रसायन विज्ञान | २२.५० | ३२ | ८ |
| ३. जीव विज्ञान | २०.०० | २८ | ७ |
| ४. भू: तथा अन्तरिक्ष विज्ञान | ११.५० | १६ | ४ |
| ५. वातावरण शिक्षा | २०.०० | २८ | ७ |
| जम्मा - | १००.०० | १४० | ३५ |

## ५. शिक्षण सहजीकरण प्रक्रिया

शिक्षणलाई प्रभावकारी र दिगो बनाउन शिक्षण सहजीकरण क्रियाकलापको महत्त्वपूर्ण भूमिका हुन्छ। शिक्षण सहजीकरणले विद्यार्थीमा समझदारी, क्रियात्मक सोचाइ तथा प्रयोगात्मक सिप र अभिवृत्तिको विकास गर्दछ। त्यसैले कुनै एकाइका लागि विषय वस्तुको प्रकृति हेरेर सहजीकरणका लागि खास शिक्षण विधि अपनाउनुपर्ने हुन्छ। शिक्षकले कुनै पनि शिक्षण विधि अपनाउनुभन्दा पहिले निम्न लिखित कुरामा ध्यान दिन राम्रो हुन्छ :

(क) विद्यार्थीको बुझ्ने क्षमता

(ख) आफूले रोजेका विधिहरूबाट अध्यापन सफल हुने विश्वास

(ग) सफलता प्राप्तिका लागि विद्यार्थीमा अभिरुचि जागरण

(घ) विद्यार्थीमा सिर्जनशील रूपमा विचार गर्ने र सहयोग गर्ने भावना

(ङ) विद्यार्थीमा भएको क्षमताको प्रस्फुरण

विज्ञान विषयको शिक्षण सिकाइ प्रक्रियामा निम्न लिखित शिक्षण क्रियाकलापहरू प्रयोग गर्न सकिन्छ :

- छलफल
- प्रदर्शन
- प्रश्नोत्तर
- स्थलगत अध्ययन
- प्रयोगात्मक कार्य
- अवलोकन
- लघु परियोजना
- अन्वेषण
- समस्या समाधान
- भूमिका अभिनय
- खोज विधि आदि।

माथिका शिक्षण क्रियाकलापहरू विषय वस्तुको प्रकृति र परिस्थितिअनुसार एकभन्दा बढी प्रयोग गर्नुपर्छ। स्थानीय परिवेश वातावरण र शैक्षिक सामग्रीको उपलब्धता आदिका आधारमा उपर्युक्त बाहेकका अन्य शिक्षण क्रियाकलाप पनि अपनाउन सकिने छ। अपाङ्गता भएका विद्यार्थीहरूको अवस्थाको आधारमा उपयुक्त विधि तथा शिक्षण सामग्रीको प्रयोग गरी सिकाउनुपर्ने छ।

**प्रयोगात्मक कार्य**

प्रयोगात्मक क्रियाकलाप गराउँदा प्रयोगात्मक कार्यको प्रकृतिअनुसार विद्यार्थीहरूमा अवलोकन गर्ने (observing), सञ्चार गर्ने (communicating), वर्गीकरण गर्ने (classifying), मापन गर्ने (measuring), अनुमान गर्ने (inferring), भविष्यवाणी गर्ने (predicting), मोडेल बनाउने (making model), चरणबद्धरूपले परिभाषित गर्ने (define operationally) र अन्वेषण गर्ने (investigating) जस्ता विज्ञानसँग सम्बन्धित वैज्ञानिक प्रक्रियागत सिपहरू (science process skills) अनिवार्य रूपमा गराउनुपर्दछ । प्रयोगात्मक कार्यको प्रकृति र स्वरूपअनुसार उपयुक्त हुने क्रियाकलापहरू कक्षा अगाडि वा पछाडि पनि गर्न सकिने छ । यो प्रयोजनका लागि कुल पाठ्य घन्टीको २० प्रतिशत समय दिनु अनिवार्य छ ।

## ६. मूल्याङ्कन प्रक्रिया

विज्ञान विषयको सिकाइ उपलब्धि मूल्याङ्कनका लागि सैद्धान्तिक परीक्षा र प्रयोगात्मक परीक्षाको व्यवस्था गरिएको छ । सैद्धान्तिक पक्षको मूल्याङ्कनका लागि कक्षामा विद्यार्थीहरूको विषयगत छलफलमा सहभागिता, गृहकार्य, प्रश्नोत्तर, प्रयोगात्मक क्रियाकलापहरूमा सहभागिता, प्रयोगात्मक क्रियाकलापका अभिलेखहरू र विभिन्न किसिमका परीक्षाहरू आदिको प्रयोग गर्नुपर्छ । यस विषयमा ७५ पूर्णाङ्कको सैद्धान्तिक परीक्षा र २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा हुने छ । कक्षा ६ र ७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षाद्वारा विद्यार्थी लेखाजोखा गरिने छ । आवधिक परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ । निरन्तर विद्यार्थीको मूल्याङ्कनअन्तर्गत प्रयोगात्मक कार्यका लागि १० अङ्क भारको विभिन्न प्रयोगात्मक क्रियाकलाप गर्न लगाई मूल्याङ्कन गर्नुपर्दछ । कक्षा ८ को मूल्याङ्कन जिल्लास्तरीय रूपमा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको विशिष्टीकरण तालिका बमोजिम आवधिक परीक्षाबाट गरिने छ । तथापि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाद्वारा विद्यार्थीहरूको उपलब्धिको लेखाजोखा वर्षभरि नै गर्न अनिवार्य छ । अपाङ्गता भएका विद्याथीहरूको अपाङ्गताको प्रकृति हेरी उपयुक्त मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्न सकिने छ ।

७५ पूर्णाङ्कको सैद्धान्तिक परीक्षाका लागि अङ्कभार निम्नानुसार विभाजन गरिएको छ :

| क्र.सं. | विषय क्षेत्र | अङ्क भार |
|---|---|---|
| १ | भौतिक विज्ञान | २५.० |
| २ | रसायन विज्ञान | १५.० |
| ३ | जीव विज्ञान | १५.० |
| ४ | भू: तथा अन्तरिक्ष विज्ञान | ५.० |
| ५ | वातावरण शिक्षा | १५.० |
| | जम्मा - | ७५.०० |

त्यसै गरी प्रयोगात्मक पक्षको मूल्याङ्कन गर्दा पाँच ओटै क्षेत्रलाई समेट्नुपर्दछ । मूल्याङ्कन गर्दा निम्नानुसारका आधारहरू लिनुपर्छ :

चित्राङ्कन/नामाङ्कन/सङ्कलन एवम् दिइएका वस्तु/चार्ट/चित्र अवलोकन र पहिचान तथा लक्षणहरूको वर्णन

प्रयोगात्मक कार्यको अभिलेख
सामग्री निर्माण र प्रयोग
लघु परियोजना कार्य
मौखिक परीक्षा

२५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षाका लागि अङ्कभार निम्नानुसार विभाजन गरिएको छ :

| **क्र.सं.** | **विवरण** | **अङ्कभार** |
|---|---|---|
| १. | चित्राङ्कन/नामाङ्कन/लक्षण वर्णन | ५ |
| २. | प्रयोगात्मक कार्यको अभिलेख | ५ |
| ३. | सामग्री निर्माण र प्रयोग | ५ |
| ४. | लघु परियोजना कार्य | ६ |
| ५. | मौखिक परीक्षा | ४ |
| | जम्मा - | २५ |

प्रयोगात्मक मूल्याङ्कन गर्दा प्रक्रियागत सिप (process skill) को विकासलाई जोड (focus) दिनु अनिवार्य छ ।

***द्रष्टव्य : सैद्धान्तिक परीक्षाको उत्तीर्णाङ्क ३० र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क १० हुने छ ।***

## विशिष्टिकरण तालिका

## विज्ञान र वातावरण (सैद्धान्तिक)

**कक्षा : ८** | **पूर्णाङ्क: ७५**

**समय : २ घन्टा १५ मिनेट** | **उत्तीर्णाङ्क : ३०**

| विषय क्षेत्र | क्षेत्र तथा एकाइ | प्रश्न सङ्ख्या | उपप्रश्न सङ्ख्या | पूर्णाङ्क | ज्ञान तह (K) 30% | बोध तह (U) 40% | प्रयोग तह (A) 20% | उच्च तह (H.A) 10% | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| **भौतिक विज्ञान** | नाप, बल र गति | | | | | | | | |
| | सरल यन्त्र, चाप, कार्य, शक्ति र सामर्थ्य | | | | | | | | |
| | ताप, प्रकाश | | | | | | | | |
| | ध्वनि, चुम्बक, विद्युत | ५ | १० | २५ | ७.५ | १० | ५ | २.५ | |
| **रसायन विज्ञान** | पदार्थ | | | | | | | | |
| | मिश्रण<br>धातु र अधातु | ३ | ६ | १५ | ४.५ | ६ | ३ | १.५ | |
| | अम्ल, क्षार र लवण<br>केही उपयोगी रसायनहरू | | | | | | | | |
| **जीव विज्ञान** | जीवहरू | | | | | | | | |
| | कोष र तन्तु | ३ | ६ | १५ | ४.५ | ६ | ३ | १.५ | |
| | जीवन प्रक्रिया | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **भू तथा अन्तरिक्ष विज्ञान** | पृथ्वीको बनावट<br>मौसम र हावापानी<br>पृथ्वी र अन्तरिक्ष | १ | २ | ५ | १.५ | २ | ० | १.५ | |
| **वातावरण शिक्षा** | वातावरण र यसको सन्तुलन | ३ | ६ | १५ | ४.५ | ६ | ३ | १.५ | |
| | वातावरण ह्रास तथा यसको संरक्षण | | | | | | | | |
| | वातावरण र दिगो विकास | | | | | | | | |
| | **जम्मा** | **१५** | **३०** | **७५** | **२२.५** | **३०** | **१४** | **८.५** | |

**नोट :**

- जम्मा १५ ओटा मुख्य प्रश्नहरू हुने छन् र प्रत्येक प्रश्नको दुई ओटा उपप्रश्न हुने छन् । प्रत्येक मुख्य प्रश्नको अङ्कभार ५ र प्रत्येक उपप्रश्नको अङ्कभार २ वा ३ हुने छ ।
- प्रश्न पत्र निर्माण गर्दा सबै एकाइहरूलाई समेट्नुपर्दछ ।
- प्रश्न निर्माण गर्दा ज्ञान, बोध, प्रयोग र उच्च तह (विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

# स्वास्थ्य तथा शारीरिक शिक्षा

## १. परिचय

स्वास्थ्य शिक्षा मानिसको जीवनसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषयवस्तु हो । संविधानमा समेत यसलाई मौलिक हकका रूपमा उल्लेख गरिएको छ । स्वस्थ जीवनयापन गर्न पाउनु सबै नागरिकको अधिकार भएकाले यो विषय विद्‌यालय शिक्षाको पाठ्‌यक्रममा अनिवार्य विषयका रूपमा अध्यापन हुँदै आएको छ ।

स्वास्थ्य शिक्षामार्फत् विद्यार्थीमा स्वास्थ्य सम्बन्धी आवश्यक ज्ञान, सिप तथा अवधारणाको विकास गराउनुका साथै स्वस्थ बानीको विकास गरी स्वास्थ्यसम्बन्धी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने उद्‌देश्यबाट आधारभूत तह कक्षा ६-८ को पाठ्‌यक्रम तयार पारिएको छ ।

शारीरिक शिक्षा आधारभूत रूपमा शारीरिक क्रियाकलाप तथा खेलकुदसँग सम्बन्धित छ । यसको सम्बन्ध व्यक्तिको शारीरिक पक्षमा मात्र सीमित नभई मानसिक, सामाजिक, तथा संवेगात्मक पक्षमा पनि त्यतिकै प्रगाढ रहेको पाइन्छ । हुर्कदो उमेरमा शारीरिक क्रियाकलापमा संलग्न नहुनाले अर्थात् नियमित व्यायामको अभ्यास नगर्नाले जवानीमै शारीरिक दुर्वलता सम्बन्धी थुप्रै समस्याहरू भोग्नुपर्ने हुँदा विद्‌यालय शिक्षामा यो विषयको पठनपाठनको विशेष महत्त्व रहेको छ ।

शारीरिक शिक्षा विषय पठनपाठन गर्नुको मुख्य लक्ष्य, शारीरिक क्रियाकलापको माध्यमबाट शारीरिक रूपले तन्दुरूस्त, मानसिक रूपमा सचेत, संवेगात्मक तवरले सन्तुलित र सामाजिक तवरले सक्रिय तथा चेतनशील नागरिक तयार गर्नु हो ।

## स्वास्थ्य शिक्षा

### २. तहगत सक्षमता

यस तहको अन्त्यमा विद्‌यार्थीहरू निम्न लिखित सक्षमताहरू हासिल गर्न समर्थ हुने छन् :

१. शरीर विज्ञानको महत्त्व बुझी स्वस्थ शरीर निर्माणका लागि पोषणयुक्त खाद्‌य पदार्थको उपयोग
२. रोगहरूको पहिचान गरी रोकथामका उपाय अवलम्बन
३. उमेरअनुसार हुने शारीरिक परिवर्तनको महत्त्व बुझी स्वस्थ प्रजनन व्यवहार
४. लागुपदार्थ, मद्‌यपान र धूमपानका असरबाट बच्न र बचाउन
५. विभिन्न दुर्घटनाबाट बच्ने उपाय अवलम्बन गरी सामान्य प्राथमिक उपचार
६. पारिवारिक तथा सामुदायिक स्वास्थ्यमा योगदान ।

### ३. कक्षागत सिकाइ उपलब्धिहरू

**कक्षा : ६**

कक्षा ६ को अन्त्यमा विद्‌यार्थीहरू निम्न लिखित कार्यमा सक्षम हुने छन् :

१. आफ्नो शरीरका विभिन्न अङ्‌गहरूको सरसफाइ गर्न

२. शरीरलाई स्वस्थ राख्ने आवश्यक उपायहरू अपनाउन
३. खानाको वर्गीकरण गरी यसको महत्त्व बताउन
४. सर्ने र नसर्ने रोगहको परिचय दिँदै त्यसबाट बच्ने उपायहरू अपनाउन
५. किशोरावस्थाको परिवर्तन र यौन शिक्षाको महत्त्व बताउन
६. महिला र पुरुषको प्रजनन अङ्गहरूसँग परिचित हुँदै प्रजनन अङ्गको सरसफाइ गर्न
७. लागु पदार्थ तथा धूमपानको दुष्परिणामबाट बच्न
८. फोहोरमैलाको वर्गीकरण गरी यसका उचित व्यवस्थापन गर्न
९. सुरक्षा तथा प्राथमिक उपचारको महत्त्व बताउन
१०. पारिवारिक तथा सामुदायिक स्वास्थ्यको परिचय दिन ।

**कक्षा : ७**

कक्षा ७ को अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. मानव शरीरका विभिन्न प्रणालीहरूको बनावट र कार्य बताउन
२. शरीरको हेरचाह गर्ने तरिकाहरू प्रदर्शन गर्न
३. पौष्टिक तत्त्वको पहिचान गरी सन्तुलित भोजन ग्रहण गर्न
४. विभिन्न किसिमका सर्ने र नसर्ने रोगहरूबाट बच्न
५. प्रजनन अङ्गको सङ्क्रमणबाट सुरक्षित हुने उपाय अपनाउन
६. लागु पदार्थ, मद्यपान तथा धूमपानबाट टाढा रहन
७. वातावरण स्वस्थ्य राख्ने उपाय अपनाउन
८. विभिन्न किसिमका दुर्घटनामा सुरक्षाका उपाय अपनाइ प्राथमिक उपचार गर्न
९. पारिवारिक र सामुदायिक स्वास्थ्यको महत्त्व बताउन ।

**कक्षा : ८**

कक्षा ८ को अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. मानव शरीरको विभिन्न प्रणालीहरूको बनावट र कार्य बताउन
२. शरीर स्वस्थ राख्ने उपायहरू अपनाउन
३. कुपोषणबाट बच्नका लागि पौष्टिक तत्त्व जोगाउने तरिका अवलम्बन गर्न
४. विभिन्न किसिमका सर्ने र नसर्ने रोगहरूको परिचय दिई तिनबाट बच्न
५. यौन तथा प्रजनन स्वास्थ्यको आवश्यकता पहिचान गरी बृहत् यौनिकता शिक्षाको परिचय दिन
६. लागु पदार्थ, मद्यपान तथा धूमपानको असरबाट बच्न
७. वातावरण दूषित हुने तत्त्वहरूको पहिचान गरी स्वस्थ वातावरणका लागि योगदान दिन
८. विभिन्न किसिमका दुर्घटनामा प्राथमिक उपचार गर्न
९. समुदायमा उपलब्ध स्वास्थ्य सेवाहरूको पहिचान गरी उपयोग गर्न ।

## ४. विषयस्तुको क्षेत्र र क्रम तालिका

| क्षेत्र | कक्षा ६ | पा.घ. | कक्षा ७ | पा.घ | कक्षा ८ | पा.घ |
|---|---|---|---|---|---|---|
| १. मानव शरीर | (क) मानव शरीरको परिचय<br>- कोष, तन्तु<br>(ख) निम्न लिखित अङ्गहरूको परिचय, महत्त्व र सरसफाइ<br>• आँखा<br>• नाक<br>• कान<br>• छाला<br>• दाँत | ५ | (क) मानव शरीरका निम्न लिखित प्रणालीहरूको परिचय र बनावट कार्य<br>• अस्थिपञ्जर प्रणाली<br>• मांसपेशी प्रणाली<br>• पाचन प्रणाली<br>• श्वासप्रश्वास प्रणाली<br>• मूत्र प्रणाली | ६ | (क) निम्न लिखित प्रणालीहरूको परिचय र बनावट कार्य<br>• रक्तसञ्चार प्रणाली<br>• ग्रन्थी प्रणाली<br>• स्नायु प्रणाली<br>• प्रजनन प्रणाली | ४ |
| २. व्यक्तिगत स्वास्थ्य | (क) व्यक्तिगत स्वास्थ्यको परिचय<br>(ख) शरीरको हेरचाह तथा शरीर स्वस्थ राख्ने उपायहरू<br>• केशको हेरचाह<br>• अनुहारको हेरचाह<br>• सफा र शुद्ध पिउने पानी<br>• नियमित आराम निद्रा, व्यायाम र मनोरञ्जन<br>• सफा लुगाफाटाको प्रयोग | ४ | (क) शरीरको हेरचाह, शरीर स्वस्थ राख्नुपर्ने कारणहरू र उपायहरू<br>(ख) आँखा, कान र नाकको हेरचाह तथा सरसफाइ<br>(ग) पोषण स्थिति<br>(घ) शारीरिक अवस्था<br>(ङ) मानसिक अवस्था | ५ | (क) शरीर सफा राख्ने उपायहरू<br>(ख) नियमित स्वास्थ्य परीक्षण | ३ |
| ३. पोषण | (क) खानाको परिचय तथा महत्त्व<br>(ख) खानाको वर्गीकरण र काम<br>(ग) सन्तुलित भोजनको परिचय | ४ | (क) पौष्टिक तत्त्वको परिचय र महत्त्व, स्रोत र कार्यहरू<br>• कार्बोहाइड्रट, प्रोटिन, भिटामिन,चिल्लो पदार्थ (fats), भिटामिन A,D, E, K भिटामिन B, C, खनिज,फलाम,<br>• आयोडिनका<br>(ख) सन्तुलित भोजन र महत्त्व<br>(ग) प्याकेटका खाना (जङ्क) को परिचय | ४ | (क) कुपोषणको परिचय<br>(ख) कुपोषणबाट लाग्ने रोग जस्तै : सुकेनाश, रक्तअल्पता, रतन्धो, स्कर्भी, ख्याउटे रोगहरूको सामान्य परिचय<br>(ग) स्थानीय उपलब्ध खानाबाट सन्तुलित भोजनको तयार पार्ने तरिका | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | (घ) खाना पकाउँदा पोषणको संरक्षण गर्ने तरिकाहरू<br>(ङ) प्याकेटका खानाका बेफाइदाहरू | |
| ४. रोग | (क) रोगको परिचय र किसिम<br>• सर्ने रोग<br>• नसर्ने रोग<br>(ख) निम्न लिखित रोगहरू, सर्ने तरिका, कारण, लक्षण र बच्ने उपायहरू<br>• झाडापखाला<br>• गोलो जुका<br>• लुतो<br>• आँखा पाक्नु<br>• रुघाखोकी<br>• रेबिज<br>• आउँ<br>• कमलपित्त<br>• टाइफाइड<br>• एचआईभी र एड्स | ६ | (क) सरुवा रोग, यसका कारण, सर्ने माध्यम, सरुवा रोगको प्रक्रिया र चक्र<br>(ख) निम्न लिखित रोगहरूको लक्षण, सर्ने तरिका र बच्ने उपायहरू<br>• धनुष्टङ्कार<br>• नाम्ले जुका<br>• अङ्कुशे जुका<br>• भ्यागुते रोग<br>• पोलियो<br>• निमोनिया<br>• कालाजार<br>• औलोज्वरो<br>• एचआईभी र एड्स<br>• भिरङ्गी<br>• सुजाक | ७ | (क) सरुवा रोगहरूबाट बच्ने उपायहरू<br>• सुरक्षित पानीको प्रयोग<br>• सुरक्षित तथा सन्तुलित खाना<br>• सरसफाइ<br>• सुइ, खोप<br>(ख) केही सर्ने रोगहरूको लक्षण, कारण सर्ने तरिका बच्ने उपाय र रोकथाम<br>• मेनिन्जाइटिस<br>• इन्सेफलाइटिस<br>• हेपाटाइटिस बी.<br>• एचआईभी र एड्स<br>(ग) विभिन्न नसर्ने रोगहरूको लक्षण, कारण र बच्ने उपायहरू<br>• दम<br>• पत्थरी<br>• क्यान्सर<br>• मधुमेह<br>• मुटु सम्बन्धी रोगहरू (मुटु र रक्त नली) | ८ |
| ५. किशोरावस्था, यौन तथा प्रजनन स्वास्थ्य | (क) किशोरावस्थाको परिचय<br>• किशोरावस्थामा आउने परिवर्तनहरू<br>(ख) यौनिकता शिक्षा र यसको महत्त्व<br>(ग) यौन तथा प्रजनन स्वास्थ्यको अवधारणा र महत्त्व | ५ | (क) किशोरावस्थाको चरणहरू<br>(ख) यौन अभिमुखीकरण<br>(ग) प्रजनन स्वास्थ्य शिक्षाको आवश्यकता र प्रजनन प्रक्रिया<br>• शुक्रकीट उत्पादन प्रक्रिया | ६ | (क) किशोर किशोरीहरूको जिम्वेवारी<br>(ख) सुरक्षित यौन व्यवहार<br>(ग) प्रजनन स्वास्थ्य<br>(घ) सुरक्षित गर्भपतनको अवधारणा | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • महिला र पुरुषका बाहिरी प्रजनन अङ्गहरूको बनोट<br>• प्रजनन अङ्गहरूको सरसफाइ र यसको महत्त्व | | • स्वप्नदोष<br>• डिम्ब उत्पादन र रजस्वला<br>• गर्भधारण<br>• प्रजनन अङ्गमा हुने सङ्क्रमण र रोकथामका उपायहरू | | (ङ) गर्भ निरोधाको अवधारणा, तरिका र साधनहरू<br>(च) प्रजनन स्वास्थ्य सेवा तथा सुविधाहरू<br>(छ) बृहत् यौनिकता शिक्षाको परिचय, महत्त्व र क्षेत्रहरू | |
| ६. मद्यपान, लागु पदार्थ र धूमपान | (क) लागु पदार्थ, मद्यपान र धूमपानको परिचय<br>(ख) लागु पदार्थ प्रयोगको दुष्परिणाम र यसबाट बच्ने उपायहरू | ४ | (क) लागु पदार्थ धूमपान र मद्यपान सुरु गर्ने कारणहरू र यसबाट टाढा रहने उपायहरू | २ | (क) लागु पदार्थ, मद्यपान र धूमपानका किसिमहरू, यसबाट स्वास्थ्यमा पर्ने असरहरू तथा यसबाट बच्ने उपायहरू | ३ |
| ७. वातावरणीय स्वास्थ्य | (क) वातावरणीय स्वास्थ्यको परिचय<br>(ख) पानीको आवश्यकता र महत्त्व, स्रोतहरू र दूषित हुने कारणहरू<br>(ग) ठोस फोहोरमैलाको स्रोत : भान्साकोठा, घरवरपर, घरभन्दा बाहिर, विद्यालय ।<br>(क) फोहोरमैलाबाट हुने हानि<br>(ख) फोहोरमैला व्यवस्थापन गर्ने उपायहरू<br>(ग) चर्पीको महत्त्व र आवश्यकता | ६ | (क) पानी दूषित हुनाले स्वास्थ्यमा हुने हानि<br>(ख) शरीरमा पानीको मात्रा कमी भएमा हुने हानिहरू<br>(क) ठोस फोहोरमैला वर्गीकरण<br>- कुहिने वस्तुहरू<br>- नकुहिने वस्तुहरू<br>(ख) फोहोरमैलाको व्यवस्थापन, (थुपार्न,गाड्न मल बनाउन<br>(ग) प्राङ्गारिक मल बनाउने तरिका<br>(घ) चर्पीको परिचय/उचित प्रकारको चर्पीको प्रयोग जथाभावी दिसापिसाब गर्नाले हुने हानिहरू<br>(ङ) फोहोरमैलाको पुन: प्रयोग | ५ | (क) दूषित पानीबाट सर्ने रोगहरू<br>(ख) दूषित पानीलाई शुद्ध बनाउने तरिकाहरू, (उमालेर, फिल्टर गरेर, रासायनिक प्रक्रिया)<br>(ग) ठोस फोहोर मैला व्यवस्थापन<br>- कम गर्नु<br>- पुन: प्रयोग गर्नु<br>- पुन: चक्रमा<br>(क) हावाको महत्त्व र आवश्यकता हावा दूषित हुने कारणहरू<br>(ख) दूषित हावाबाट फैलने रोगहरू<br>(ग) हावा दूषित हुन नदिने उपायहरू<br>(घ) कोलाहलको परिचय<br>(ङ) स्वास्थ्यमा हुने असरहरू र बच्ने उपायहरू | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. सुरक्षा तथा प्राथमिक उपचार | (क) सुरक्षा शिक्षाको परिचय<br>(ख) प्राथमिक उपचारको परिचय, र महत्व<br>(ग) दुर्घटनाबाट बच्ने उपाय तथा प्राथमिक उपचार<br>• घाउ<br>• रक्तस्राव<br>• नाथ्रो फुट्नु<br>• काँडा वा चक्कुले छाला छेड्नु<br>• बौलाहा कुकुरले टोक्नु<br>• पानीमा डुब्नु | ६ | (क) दुर्घटनाबाट सुरक्षा तथा बच्ने उपाय<br>(ख) प्राथमिक उपचारको उद्देश्य र प्राथमिक उपचार<br>• पोल्नु<br>• आँखा,नाक, कान र घाँटीमा बाह्य वस्तु अड्किनु<br>• लु लाग्नु<br>• हिउँले खानु<br>• सडक दुर्घटनामा पर्नु<br>• दाँत भाँचिनु | ५ | (क) निम्न लिखित दुर्घटनाबाट बच्ने उपाय तथा प्राथमिक उपचार<br>• मर्कनु/हाड भाँचिनु<br>• करेन्ट लाग्नु<br>• लेक लाग्नु<br>• बेहोस हुनु<br>• सर्पले डस्नु | ५ |
| ९. पारिवारिक र सामुदायिक स्वास्थ्य | (क) पारिवारिक स्वास्थ्यको परिचय<br>(ख) सामुदायिक स्वास्थ्यको परिचय र महत्व<br>(ग) सामुदायिक स्वास्थ्य समस्याहरू र समाधानका उपायहरू<br>• अन्धविश्वास र अज्ञानता<br>• धूमपान र लागु पदार्थ | ४ | (क) पारिवारिक स्वास्थ्यको अवधारणा र महत्व<br>(ख) सामुदायिक स्वास्थ्य समस्या र समाधानका उपायहरू<br>• उच्च जनसङ्ख्या वृद्धि<br>• वातावरण प्रदूषण<br>• रोगको व्यापकता<br>• कुपोषण<br>• गरिबी | ४ | (क) पारिवारिक स्वास्थ्यसँग सम्बन्धित विषयमा परिवार र सामुदायिक सम्बन्ध<br>(ख) समुदायमा उपलब्ध स्वास्थ्य सेवाहरूको उपयोग<br>• उपस्वास्थ्य चौकी<br>• स्वास्थ्य चौकी<br>• प्राथमिक स्वास्थ्य केन्द्र<br>• आयुर्वेद अस्पताल<br>• होमियोप्याथी अस्पताल<br>• अस्पताल<br>(ग) युवा मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा<br>(घ) एचआईभी सङ्क्रमितप्रतिको व्यवहार र परामर्श | ४ |

# शारीरिक शिक्षा

## २. तहगत सक्षमता

यस तहको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सक्षमताहरू हासिल गर्न समर्थ हुने छन् :

१. स्वस्थ र फुर्तिलो शरीरका लागि कसरत, कवाज, व्यायाम तथा योगाभ्यास
२. खेल नियमको पालना गरी विभिन्न खेलहरू प्रदर्शन
३. एथलेटिक्सका विभिन्न इभेन्ट्सहरूमा उपयुक्त सिपहरू प्रदर्शन ।

## ३. कक्षागत सिकाइ उपलब्धि

**कक्षा : ६**

कक्षा ६ को अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. विभिन्न प्रकारका शारीरिक कसरत गर्न
२. कवाजका विभिन्न क्रियाकलापहरू गर्न
३. शारीरिक व्यायाम सिलसिलाबद्ध रूपमा गर्न
४. योगको परिचय दिँदै विभिन्न योगासनको अभ्यास गर्न
५. विभिन्न खेलका आधारभूत सिपहरू प्रदर्शन गर्न
६. एथलेटिक्सका इभेन्ट्सहरूमा अभ्यास गर्न ।

**कक्षा : ७**

कक्षा ७ को अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. जिउ तताउने विभिन्न किसिमका कसरत गर्न
२. कवाजका विभिन्न क्रियाकलाप गर्न
३. विभिन्न शारीरिक व्यायामहरूका लागि मादल र ड्रमको प्रयोग गर्न
४. योगको परिचय दिँदै विभिन्न योगासनको अभ्यास गर्न
५. भलिबल, फुटबल र बास्केटबलका आधारभूत सिप प्रदर्शन गर्न
६. एथलेटिक्सका विभिन्न इभेन्ट्सहरू प्रदर्शन गर्न ।

**कक्षा : ८**

कक्षा ८ को अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. कसरतका विभिन्न क्रियाकलापहरू गर्न
२. ड्रम ताल मिलाई कवाज र शारीरिक व्यायाम अभ्यास गर्न
३. मादल र ड्रमको तालमा शारीरिक व्यायाम गर्न
४. योगको परिचय दिँदै विभिन्न योगासनको अभ्यास गर्न
५. एथलेटिक्सका विभिन्न इभेन्ट्सहरू नियमपूर्वक खेल्न ।

## ४. विषयवस्तुको क्षेत्र र क्रम तालिका

| क्षेत्र | कक्षा ६ | पा.घ | कक्षा ७ | पा.घ | कक्षा ८ | पा.घ |
|---|---|---|---|---|---|---|
| १. कसरत | १. स्थिर अवस्थामा जगिङ<br>२. पाखुराको कसरत<br>३. कम्मरको कसरत<br>४. छाती र ढाडको कसरत<br>५. जोडीमा काँधमा हात राखी निहुरिने कसरत | ६ | १. जिउ तताउने कसरत<br>२. पैतालाको कसरत<br>३. खुट्टाको गोलीगाँठाको कसरत<br>४. ढाड र हात खुट्टाको कसरत<br>५. पेट र तिघ्राको कसरत<br>६. जोडीमा पैताला जोडी उठ्ने कसरत | ६ | १. जिउ तताउने कसरत<br>२. कुम, घुँडा र कम्मरको कसरत<br>३. पाखुरा र छातीको कसरत<br>५. ढाडको कसरत | ६ |
| २. कवाज | (क) कवाजको परिचय, कभरअप, गोडाफाट, सतर्क, दायाँ फर्क,पुरा फर्क, बायाँ फर्क, गोडा चाल अगाडि बढ् दायाँ नजर, बायाँ नजर, सिधा नजर | ४ | कवाजमा ड्रमको प्रयोग | ४ | ड्रमको तालमा कवाजको अभ्यास र तितर वितर र छुट्टी | ४ |
| ३. शारीरिक व्यायाम | १. शरीर तन्काउने व्यायाम<br>२. हात खुट्टाको व्यायाम<br>३. पाखुराको व्यायाम<br>४. छातीको व्यायाम<br>५. कम्मरको व्यायाम<br>६. ढाडको व्यायाम<br>७. छाती र कम्मरको व्यायाम<br>८. कुम र घाँटीको व्यायाम<br>९. छातीको व्यायाम<br>१०. शरीर घुमाउने व्यायाम<br>११. शरीर उफार्ने व्यायाम<br>१२. जिउ चिस्याउने व्यायाम (क)<br>१२) जिउ चिस्याउने व्यायाम (ख) | ८ | शारीरिक व्यायाममा मादल र ड्रमको प्रयोग | ८ | सङ्गीतको तालमा पि.टी.नं १ देखि १२ सम्मको शारीरिक व्यायामको अभ्यास | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. योग | निम्न लिखित योगको परिचय र महत्त्व तथा अभ्यास<br>• पद्मासन<br>• बज्रासन<br>• धनुरासन<br>• मण्डुकासन<br>• सवासन | ३ | निम्न लिखित योगासनको परिचय र महत्त्व तथा अभ्यास<br>• अर्धमच्छेन्द्रासन<br>• गोमुखासन<br>• भुजङ्गासन<br>• मत्यासन<br>• सुप्त बज्रासन<br>• योग मुद्रासन<br>• पवन मुक्तासन<br>• मर्कटासन | ४ | निम्न लिखित योगासनको परिचय र महत्त्व तथा अभ्यास<br>• प्राणायाम (सूर्य नमस्कार)<br>• सेतुबन्दासन<br>• मकरासन<br>• हलासन<br>• भस्त्रिका<br>• कपालभाती<br>• अनुलोम विलोम | ३ |
| ५. खेल | ५.१ भलिबलका आधारभूत सिपहरू डिगिङ- भलिङ<br>५.२ फुटबल खेलका आधारभूत सिपहरू : पासिङ - ट्रयापिङ पाँच जनाको फुटबल (गोलकिपर नराखेर)<br>५.३ बास्केटबल खेलका आधारभूत सिपहरू : चेस्टपास ड्रिबलिङ<br>५.३ डज बल : पासिङ, समात्ने<br>५.४ कबड्डी : रेडिङ - चेन ट्रयापिङ<br>५.५ घेरामा खोखो : खो दिने र लखेट्ने | १५ | ५.१ भलिबलका आधारभूत सिपहरू: डिगिङ, अन्डरह्यान्ड सर्भिस<br>५.२ फुटबल खेलका आधारभूत सिपहरू : किकिङ, ट्रयापिङ, हेडिङ, ३ वा ७ जनाको फुटवल (किपर नराखेर)<br>५.३ बास्केटबल खेलका आधारभूत सिपहरू अन्डरह्यान्ड पास, ओभरहेडपास<br>५.४ पोर्टबल<br>५.५ डज बल हान्ने, छल्ने, पास<br>५.६ कबड्डी : डजिङ, किकिङ<br>५.७ खोखो : छल्ने, पोलमा हान्ने | १२ | ५.१ भलिबल खेलका आधारभूत सिपहरू : ओभरहेड सर्भिस, सेटिङ<br>• भलिबल खेलका साधारण नियमहरू<br>५.२ फुटबल खेलका आधारभूत सिपहरू : ड्रिबलिङ, थ्रोइङ, गोल किपिङ<br>• फुटबल खेलका साधारण नियमहरू<br>५.३ बास्केटबलका आधारभूत सिपहरू : बाउन्स पास, वनहेन्ड पास<br>५.४ पोर्टबल<br>५.५ डजबल : पास, टिमवर्क नियमहरू<br>५.६ कबड्डी खेलको अभ्यास र नियमहरू<br>५.७ खोखो खेलका आधारभूत सिपको अभ्यास र नियमहरू<br>५.८ क्रिकेटको सामान्य परिचय | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. एथलेटिक्स | ६.१ छोटो दौड<br>६.२ लङ्गजम्प<br>६.३ साधारण रिले<br>६.४ एथलेटिक्सका लागि कसरतहरू : बन्द खोल उफ्र, डज दौड, विभिन्न स्थितिबाट दौड सुरु गर्ने, उठबस (स्क्वाट थ्रस्ट) | ८ | ६.१ मझौला दौड<br>६.२ हाइजम्प<br>६.३ सटपट<br>६.४ रिले खेल : नाघ्दै जाने रिले, साथीलाई बोकी हिँड्ने रिले | १० | ६.१ लामो दौड<br>६.२ रिले दौड : (ब्याटन प्रयोग गरेर)<br>६.३ लङजम्प : चरणहरू<br>६.४ हाइजम्प : चरणहरू<br>६.५ सटपट : चरणहरू<br>६.६ एथलेटिक्सका कसरतहरू नाघ्ने छिर्ने जोडीमा गोडाको कसरत | ८ |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

स्वास्थ्य शिक्षाको मूल्याङ्कन व्यावहारिक ज्ञान, सिप र धारणामा आधारित भएको हुँदा शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी केन्द्रित हुनुपर्छ । शिक्षक सहजकर्ताका रूपमा प्रस्तुत भई स्वास्थ्य सम्बन्धी ज्ञान,सिप र धारणका व्यावहारिक अनुभवहरू विद्यार्थीहरूसामु प्रस्तुत गर्न उनीहरूलाई उत्प्रेरित गर्नुपर्छ । स्वास्थ्य शिक्षा शिक्षण गर्न निम्न लिखित विधिहरू उपयोगी हुन्छन् :

१. **समूहमा छलफल** (Group Discussion) २. **मस्तिष्क मन्थन** (Brain Storming)

३. **अभिनय** (Role Play) ४. **खेल तथा प्रतिरूप** (Game and simulation)

५. **वादविवाद** (Debate) ६. **परियोजना कार्य** (Project Work)

७. **अध्ययन भ्रमण** (Field Trip) ८. **समस्या अध्ययन** (Case Study)

स्वास्थ्य शिक्षा विषयका विभिन्न ज्ञान, अभिवृत्ति र सिपहरू सिकाउन विविध प्रकारका क्रियाकलापहरू गराउन सकिन्छ । केही उपयोगी क्रियाकलापहरू निम्न लिखित रहेका छन् :

- **वर्णन गराउने** : विद्यार्थीहरूले आफूले देखेका, अनुभव गरेका कुराहरू (जस्तै : पोस्टर, चित्र, खानेकुरा, ठाउँ, सरसफाइ फोहोरमैला आदिका) बारेमा वर्णन गर्न लगाउने ।
- **अवलोकन गराउने** : विद्यार्थीलाई उनीहरूको सरसफाइको स्थिति, पोसाक तथा कक्षाकोठा, विद्यालयको हाता, शौचालय, खानेपानीको धारा आदि अवलोकन गर्न लगाई प्रतिवेदन तयार गर्न लगाउने ।
- **अभ्यास गर्न लगाउने** : स्वास्थ्य शिक्षाअन्तर्गत सिकेका सिपहरूको अभ्यास गर्न लगाउने (जस्तै : हातखुट्टा धुन लगाउने, दाँत सफा गर्न लगाउने कक्षाकोठा सरसफाइ गर्ने आदि ।)

| | | |
|---|---|---|
| – चित्र बनाउन लगाउने | : | मानव शरीरका विभिन्न अङ्ग, पोषणयुक्त खानेकुराको चित्र, बनाउन लगाउने । |
| – अनुभव वा प्रतिवेदन भन्न लगाउने | : | विद्यार्थीले तयार पारेका प्रतिवेदन, अवलोकनका अनुभव कक्षामा मैखिक रूपमा प्रस्तुत गर्न लगाउने । |

शारीरिक शिक्षा विषयको शिक्षण पूर्णतया प्रयोगात्मक हुने भएकाले विद्यार्थीहरूलाई शिक्षण गर्दा सिप सिकाउने र त्यसको अभ्यास गराउनेतर्फ शिक्षण सिकाइ केन्द्रित हुनुपर्छ । सिप शिक्षण गर्दा प्रदर्शन विधि उपयुक्त हुन्छ । प्रदर्शन विधिमा कुन कार्य कसरी गर्ने भनी गरेर देखाइन्छ । शिक्षकले प्रदर्शन गर्दा सबै विद्यार्थीहरूले देखिने गरी गर्नुपर्छ । यसका लागि विद्यार्थीहरूलाई चन्द्राकारमा राख्नु उपयुक्त हुन्छ । प्रदर्शनपछि विद्यार्थीहरूलाई सो कार्यको अभ्यास गराउनुपर्छ । अभ्यास गराउँदा शिक्षकको सक्रिय सहभागिता हुनु आवश्यक छ । यदि अभ्यासका क्रममा विद्यार्थीहरूले सही ढङ्गले सिपलाई ग्रहण गर्न नसकेमा शिक्षकले उक्त कार्य पुनः प्रदर्शन गरी देखाइदिनुपर्दछ । यदि एक दुई जना विद्यार्थीले मात्र गल्ती गर्छन् भने व्यक्तिगत रूपमा सुधार गरे पुग्छ तर धेरै विद्यार्थीले गल्ती गरेका छन् भने पुनः प्रदर्शन गर्नुपर्छ । खेलका नियम, इतिहास तथा प्रक्रियाका विषयमा व्याख्यान पनि गर्नुपर्दछ । यसर्थ शारीरिक शिक्षामा व्याख्यान, प्रदर्शन र सहभागिता विधिलाई विषयवस्तुको प्रकृतिअनुरूप अवलम्बन गरिन्छ । शारीरिक शिक्षा शिक्षण गर्दा विद्यार्थीहरूलाई शिक्षकको निर्देशन र नियन्त्रणमा संलग्न गराइएको हुनुपर्छ । यसरी क्रियाकलाप गराउँदा सुरक्षाको अवस्थालाई विशेष ध्यान दिनुपर्दछ ।

संस्कृत शिक्षातर्फ विज्ञान तथा स्वास्थ्य शारीरिक शिक्षालाई प्रदान गरिएको जम्मा १०० अङ्कमध्ये २५ अङ्कको स्वास्थ्य शारीरिकमा स्वास्थ्य शिक्षाका लागि १५ र शारीरिक शिक्षाका लागि १० अङ्कको मूल्याङ्कन हुने गरी अध्ययन अध्यापन गराइनुपर्दछ । स्वास्थ्य शिक्षाका लागि तल  मूल्याङ्कन खण्डमा दिइएको विषय क्षेत्रमध्ये पोषण,रोग, लागु पदार्थ, धूमपान र प्राथमिक उपचार र शारीरिक शिक्षाका लागि खेल र एथलेटिक्सका खण्डहरूको मात्रै अध्ययन अध्यापन गराउनुपर्नेछ ।

## ६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

आधारभूत तह कक्षा ६-८ मा स्वास्थ्य तथा शारीरिक शिक्षालाई पूर्णाङ्क ५० छुट्याइएको छ । कक्षा ६ र ७ को अन्तिम परीक्षा विद्यालय आफैँले लिने गर्दछ भने कक्षा ८ को अन्तिम परीक्षा सम्बन्धित जिल्लाले सञ्चालन गर्दछ । स्वास्थ्य तथा शारीरिक शिक्षाको सैद्धान्तिक र प्रयोगात्मक गरी परीक्षा सञ्चालन गरिन्छ । यस विषयमा परीक्षामा सोधिने प्रश्नपत्रको ढाँचा निम्नानुसार हुने छ । यो विषयमा सैद्धान्तिक ३० अङ्क र प्रयोगात्मक २० अङ्कको परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गरिने छ । यो विषयको परीक्षाको उत्तीर्णाङ्क प्रतिशत ४० (२० अङ्क) कायम गरिएको छ । मूल्याङ्कनका लागि निम्नानुसारको मूल्याङ्कन तालिकाको प्रयोग गरिने छ ।

**सैद्धान्तिक परीक्षा**

स्वास्थ्य तथा शारीरिक शिक्षाको पूर्णाङ्क ३० को सैद्धान्तिक परीक्षणको पूर्णाङ्क २० को स्वास्थ्य शिक्षाको परीक्षामा निम्नानुसार प्रश्नहरू सोधिने छ :

| एकाइ | सोधिने प्रश्न | पूर्णाङ्क प्रतिप्रश्न | जम्मा अङ्क |
|---|---|---|---|
| (क) मानव शरीर | १ | १ × २ | २ |
| (ख) व्यक्तिगत स्वास्थ्य | १ | १ × २ | २ |
| (ग) पोषण | १ | १ × २ | २ |
| (घ) रोग | २ | २ × २ | ४ |
| (ङ) यौन तथा प्रजनन स्वास्थ्य | १ | १ × २ | २ |
| (च) लागु पदार्थ र धूमपान | १ | १ × २ | २ |
| (छ) वातावरणीय स्वास्थ्य | १ | १ × २ | २ |
| (ज) सुरक्षा तथा प्राथमिक उपचार | १ | १ × २ | २ |
| (झ) सामुदायिक स्वास्थ्य | १ | १ × २ | २ |
| जम्मा प्रश्न सङ्ख्या | १० | | २० |

त्यस्तै पूर्णाङ्क १० को शारीरिक शिक्षाको परीक्षामा निम्नानुसार प्रश्नहरू सोधिने छ :

| एकाइ | सोधिने प्रश्न | गर्नुपर्ने सङ्ख्या | पूर्णाङ्क प्रतिप्रश्न | जम्मा अङ्क |
|---|---|---|---|---|
| (क) कसरत | २ | १ | १ × १ | १ |
| (ख) कवाज | २ | १ | १ × १ | १ |
| (ग) शारीरिक व्यायाम | २ | १ | १ × १ | १ |
| (घ) योग | २ | १ | १ × १ | १ |
| (ङ) खेल | २ | २ | २ × २ | ४ |
| (च) एथलेटिक्स | २ | १ | १ × २ | २ |
| जम्मा प्रश्न सङ्ख्या | १२ | ७ | ............... | १० |

**आन्तरिक तथा प्रयोगात्मक परीक्षा**

स्वास्थ्य तथा शारीरिक शिक्षामध्ये स्वास्थ्य शिक्षातर्फबाट पूर्णाङ्क ५ र शारीरिक शिक्षातर्फ पूर्णाङ्क १५ को मूल्याङ्कन गर्नुपर्दछ । स्वास्थ्य शिक्षाको पूर्णाङ्क ५ का लागि देहायअनुसारका आधारमा मूल्याङ्कन गरिनुपर्छ ।

(क) स्वास्थ्य शिक्षातर्फ

| सि.नं. | कार्य | पूर्णाङ्क |
|---|---|---|
| १. | विषयवस्तुको सङ्गठन<br>- परिचय<br>- उद्देश्य<br>- मुख्य विवरण<br>- निष्कर्ष | २ |
| २. | प्रस्तुति | ३ |
| | जम्मा | ५ |

(ख) शारीरिक शिक्षातर्फ

शारीरिक शिक्षाको आन्तरिक र प्रयोगात्मक परीक्षाका लागि १५ अङ्कका लागि सम्बन्धित शिक्षकले निम्नानुसारका आधारमा मूल्याङ्कन गर्नुपर्ने छ ।

| सि.नं. | कार्य | पूर्णाङ्क |
|---|---|---|
| १. | खेलकुद सम्बन्धी सिप | १० |
| २. | सहभागिता | ५ |
| | जम्मा | १५ |

# नैतिक शिक्षा

## १. परिचय

नागरिकहरूमा समुचित एवम् जीवनोपयोगी शिक्षाको व्यवस्था भएमा नै राष्ट्रको सर्वाङ्गीण उन्नति हुन्छ । यसका लागि समग्र शिक्षा प्रणालीको केन्द्रविन्दुमा नैतिक शिक्षा हुन जरुरी छ । नैतिक शिक्षाको उपयोग निश्चित धर्म संस्कृति वा नीतिका कथाहरूमा अभ्यस्त हुने वा तुल्याउने मात्र नभई यसलाई मानव जीवनका मूल्यहरूसँग सम्बन्धित गराई आचरण, चरित्र, गुण र स्वभावमा उतार्ने उपयुक्त माध्यमका रूपमा ग्रहण गर्नुपर्दछ । शिक्षाको उद्देश्य प्राज्ञिक सक्षमता मात्र नभई चरित्र विकास, सही प्रवृत्ति र मूल्यहरूको विकास गर्नुका साथै ज्ञानको प्राप्ति र उपयोग, अनुभवहरूको आदानप्रदानलाई सुनिश्चित गर्नु नै हो, जहाँ सत्य, धर्म, शान्ति, प्रेम र अहिंसाका आदर्शहरू निहित हुन्छन् । यस्तो शिक्षाले ज्ञान र बुद्धिको प्राप्तिलाई कर्तव्य र समर्पण (त्याग) सँग सन्निकट बनाउँछ । साथै मन, वचन र कर्मको समुचित र सन्तुलित परिचालनका लागि उत्प्रेरित गर्छ । यसर्थ नेपाली समाजका नैतिक मूल्य मान्यता र आस्थाहरूको संवर्धन गर्दै असल चरित्र निर्माणका माध्यमद्वारा समाजमा अनुकरणीय व्यवहार प्रदर्शन गर्ने सभ्य, सुसंस्कृत र स्वावलम्बी नागरिक तयार गर्ने उद्देश्यले आधारभूत तह (कक्षा ६-८) का लागि यो पाठ्यक्रम तयार गरिएको हो ।

नैतिक शिक्षा विषयको पाठ्यक्रमको मूलभूत उद्देश्य आधुनिक समाजका लागि सुयोग्य, स्वावलम्बी एवम् कर्तव्य र अधिकारलाई सन्तुलित ढङ्गले प्रयोग गर्न सक्ने प्रतिस्पर्धी नागरिक तयार गर्नु हो । यस प्रकारका नागरिकले नेपाली समाजमा एक आदर्श नागरिकको भूमिका निर्वाह गर्न सक्ने छन् । सामाजिक विसङ्गतिहरूको निराकरण, व्यक्ति, समाज र राष्ट्रको विकास निर्माणमा सक्रियता, प्राप्त ज्ञान र सिपको समुचित प्रयोगमार्फत् समावेशी समाज निर्माण तथा सामाजिक रूपान्तरणका लागि उदाहरणीय कार्य गर्ने छन् । अत: मानवीय मूल्यको प्रवर्धन, कर्तव्य र अधिकारको सन्तुलन, व्यक्तिगत, सामाजिक र राष्ट्रिय तहमा शान्ति, भाइचारा र विश्वबन्धुत्वको भावनाको अनुसरणका लागि स्वयम् सरिक हुने, अन्य व्यक्तिलाई पनि सरिक हुन प्रेरित गर्ने र सामाजिक सहिष्णुताका साथ सामूहिक जीवन पद्धतिको विकास एवम् चरित्र निर्माणका पक्षमा यस पाठ्यक्रमले विशेष जोड दिएको छ ।

यस पाठ्यक्रमले विशेषत: चरित्र विकास, मानवीय मूल्य मान्यता, नागरिक कर्तव्य र दायित्व, सामूहिक जीवन पद्धति र विविधता, अनुशासन तथा सकारात्मक सोच जस्ता विषय क्षेत्रलाई समेटेको छ । यस पाठ्यक्रममा सम्पूर्ण बालबालिकालाई चरित्र निर्माणका सैद्धान्तिक पक्षका साथै त्यसको व्यावहारिक प्रयोगप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिगत सिकाइ उपलब्धि, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारित रूपमा प्रस्तुत गरिएको छ ।

## २. तहगत सक्षमताहरू

यस तहको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित सक्षमताहरू हासिल गर्न समर्थ हुने छन् :

१. असल चारित्रिक व्यवहार प्रदर्शन

२. मानवीय मूल्य मान्यताको प्रवर्धन

३. नागरिक कर्तव्य र दायित्वको परिपालना तथा अधिकारको खोजी

४. विविधताको सम्मान

५. अनुशासन र सकारात्मक सोचको विकास र खोजमूलक व्यवहार प्रदर्शन

## ३. कक्षागत सिकाइ उपलब्धिहरू

**कक्षा : ६**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

१. चरित्र निर्माणको अवधारणा र प्रभाव पार्ने तत्त्वहरू व्यक्त गर्न

२. चरित्र विकासका आधारशिलाहरू उल्लेख गर्न र व्यवहारमा देखाउन

३. असल चारित्रिक गुणको विकास गर्न

४. मानवको अन्य प्राणीसँगको समानता एवम् अन्तर्निभरताका पक्षहरू पहिचान गरी भिन्नताहरू छुट्याउन

५. मानवीय विशेषताका विभिन्न पक्षहरू पहिचान गरी आफूमा त्यस्ता विशेषता भए नभएको पत्ता लगाउन

६. वैयक्तिक र पारिवारिक मानवीय मूल्यहरू पहिचान गरी सोअनुरूप व्यवहार गर्न

७. सकारात्मक सोचका साथ नागरिक कर्तव्य पालना गर्न र अधिकारको खोजी गर्न

८. सार्वजनिक सम्पत्तिको महत्त्व र आवश्यकता बुझी संरक्षण, संवर्धन र सदुपयोग गर्न

९. मर्यादित सामाजिक व्यवहार प्रदर्शन गर्न

१०. नैतिक विकासमा सहयोग पुऱ्याउने स्थानीय अभ्यासहरू खोजी गरी निरन्तरता दिन

११. जातीय, क्षेत्रीय, भाषिक विविधताको सम्मान गर्न

१२. सही कुराको पहिचान गरी कार्यान्वयन तथा पालना गर्न

१३. आफ्नो दैनिक कार्यलाई व्यवस्थित गर्न ।

**कक्षा : ७**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

१. चरित्र विकासका विभिन्न नमुनाहरू प्रस्तुत गर्न र सोअनुसार व्यवहारमा अनुसरण गर्न

२. मानवीय आचरणका सम्बन्धमा धर्मका साझा सार व्यक्त गर्न र त्यसलाई व्यवहारमा उपयोग गर्न

३. धार्मिक एवम् सामाजिक आचरणबिच समन्वय गर्न

४. सामाजिक र पेसागत मानवीय मूल्यहरू पहिचान गरी त्यस्ता मूल्यहरूलाई व्यवहारमा उतार्न

५. असल नागरिकका गुण व्यवहारमा उतार्न

६. नैतिक दायित्वप्रति सचेत रही सोहीअनुरूपको कार्य गर्न

७. सामाजिक आचरण र नियमको पालना गर्न

८. असल सामाजिक संस्कृतिको निर्माणमा सहयोग गर्न

९. नैतिक विकासमा सहयोग पुऱ्याउने स्थानीय अभ्यासहरूलाई निरन्तरता दिन

१०. वैयक्तिक, सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्न

११. अनुशासनसँग सम्बन्धित पक्षहरू अवगत गरी व्यवहारमा प्रदर्शन गर्न

१२. असल कार्यको पहिचान गरी व्यवहारमा उतार्न

**कक्षा : ८**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

१. असल चरित्रको प्रदर्शन गर्न

२. असल चरित्रले मानवीय जीवनमा पार्ने प्रभाव मनन गरी सोअनुरूपको व्यवहार गर्न

३. असल चरित्र निर्माणका लागि सत्य, सदाचार, शान्ति, प्रेम र अहिंसा जस्ता मानवीय मूल्य र मान्यता व्यवहारमा प्रयोग गर्न

४. राष्ट्रिय, अन्तरराष्ट्रिय तथा आध्यात्मिक मानवीय मूल्यहरूको पहिचान गरी त्यस्ता मूल्यप्रति सकारात्मक सोच राख्दै योगदान गर्न

५. पारिवारिक र सामाजिक दायित्व बोध गरी राज्यले निर्धारण गरेका आधारभूत कानुनको जानकारी लिई पालना गर्न र अधिकारप्रति सचेत रहन

६. दैनिक व्यवहारमा मितव्ययी भई साधन स्रोतको समुचित उपयोग गर्न

७. सामाजिक एवम् सांस्कृतिक रूपान्तरणमा सहयोग गर्न

८. शान्ति तथा सद्भाव कायम गर्न र सबैसँग मित्रवत् व्यवहार गर्न

९. नैतिक विकासमा सहयोग पुऱ्याउने स्थानीय समुदायमा भएका असल अभ्यासहरूलाई निरन्तरता दिन

१०. सामूहिक नेतृत्व विकास गरी सोअनुसार कार्य गर्न

११. सकारात्मक सोचका लागि आवश्यक क्षमताको विकास गरी त्यसलाई व्यवहारमा उतार्न

१२. सकारात्मक सोचद्वारा स्वव्यवस्थापन गर्ने उपाय अपनाउन ।

## ४. विषयवस्तुको क्षेत्र र क्रम तालिका

| एकाइ | कक्षा ६ को विषयवस्तु | कक्षा ७ को विषयवस्तु | कक्षा ८ को विषयवस्तु | पा. भा. | पूर्णाङ्क |
|---|---|---|---|---|---|
| १. चरित्र विकास | १.१ चरित्र निर्माण<br>● अवधारणा<br>● प्रभाव पार्ने तत्त्व<br>● आधारशिलाहरू | १.१ चरित्र विकासका नमुनाहरू<br>१.२ मानवीय आचरणका सम्बन्धमा धर्मका साझा सार<br>१.३ समन्वय | १.१ असल चरित्रको प्रदर्शन<br>१.२ व्यक्तिगत, सामाजिक, राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रभाव | १४ | १० |
| २.मानवीय मूल्य मान्यता | २.१ मानव र अन्य प्राणीमा समानता, भिन्नता र अन्तरनिर्भरता<br>२.२ मानवका विशेषता<br>२.३ मानवीय मूल्यहरू (**वैयक्तिक**)<br>२.४ मानवीय मूल्यहरू (**पारिवारिक**)<br>● पारिवारिक जीवन पद्धति ज्येष्ठ सदस्यको सम्मान, माया, सत्कार र उचित व्यवहार | २.१ मानवीय मूल्यहरू<br>● सामाजिक<br>● पेसागत | २.१ मानवीय मूल्यहरू<br>● आध्यात्मिक<br>● राष्ट्रिय<br>● अन्तरराष्ट्रिय | १५ | १० |
| ३.नागरिक कर्तव्य र दायित्व | ३.१ नागरिक अधिकार र कर्तव्य<br>▪ अवधारणा<br>▪ सार्वजनिक सम्पत्तिको सम्मान, संरक्षण, संवर्धन र सदुपयोग<br>▪ विद्यालयप्रतिको कर्तव्य | ३.१ नागरिक अधिकारको जिम्मेवारीपूर्ण प्रयोग<br>३.२ नैतिक दायित्व<br>३.३ सामाजिक आचरण र नियमको पालना | ३.१. नागरिकको पारिवारिक दायित्व<br>३.२. नागरिकको सामाजिक दायित्व<br>३.३. नागरिकको कानुनी दायित्व | १४ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.सामूहिक जीवन पद्धति र विविधता | ४.१ व्यक्ति, समुदाय, समाज र सामाजिक व्यवहारबिच पारस्परिक सम्बन्ध<br>४.२ नैतिकता कायम गर्ने स्थानीय अभ्यासहरू (घरपरिवार)<br>४.३ विविधताको सम्मान (जातीय, क्षेत्रीय, भाषिक) | ४.१ सामाजिक प्रक्रिया<br>४.२ नैतिकता कायम गर्ने स्थानीय अभ्यासहरू (छरछिमेक)<br>४.३ विविधताको सम्मान (धार्मिक, सांस्कृतिक, लैङ्गिक, अपाङ्गता र वर्गीय) | ४.१ शान्ति र मित्रता<br>४.२ नैतिक विकासमा सहयोग पुऱ्याउने स्थानीय समुदायमा भएका अभ्यासहरू<br>४.३ सामूहिक नेतृत्व | १३ | १० |
| ५. अनुशासन तथा सकारात्मक सोच | ५.१ अनुशासन<br>५.२ स्वव्यवस्थापन<br>५.३ स्वस्थ चिन्तन | ५.१. अनुशासनसँग सम्बन्धित पक्षहरू<br>५.२. अनुशासनबाट हुने फाइदा<br>५.३ कामअनुसारको फल | ५.१.सकारात्मक सोचका पक्षहरू<br>५.२.सकारात्मक सोचको विकास<br>५.३. इच्छा, आवश्यकता र महत्त्वाकाङ्क्षा प्रति सचेतता | १४ | १० |
| | | | **जम्मा** | ७० | ५० |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

नैतिक शिक्षाले जान्न (Learning to know), गर्न (Learning to do), बन्न (Learning to be) र सँगै बस्न तथा बाँच्न (Learning to live together) सहयोग पुऱ्याउँछ । यही शिक्षाले सामाजिक न्याय, लोकतन्त्र, मानव अधिकार, समता एवम् समानता तथा सहअस्तित्व जस्ता पक्षहरूलाई प्रस्फुटित गरिरहेको छ । यस शिक्षाले शान्ति, सहिष्णुता, सदाचार जस्ता पक्षलाई पनि सम्बोधन गरिरहेको छ । अत: यस विषयको शिक्षण सिकाइ क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको व्यावहारिक शिक्षण विधिको छनोट तथा सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्दछ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर र अपाङ्गता आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकासका आधारमा व्यावहारिक परिवर्तन गराउनुपर्दछ । विद्यार्थीहरूलाई गीत, कविता, कथा, प्रतिवेदन, समाचार, संवाद, सुक्ति आदिका माााध्यमद्वारा विषयवस्तुमा दखल गराउन सकिन्छ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई परियोजना कार्य (project work) को व्यवस्थासमेत गरी उनीहरूकै सक्रिय सहभागिताबाट सिकेको ज्ञान चीरस्थायी बनाउन विशेष ध्यान दिन आवश्यक हुन्छ । यस विषयमा मौन बसाइ, प्रार्थना, कथाकथन आदि विधिको सान्दर्भिक उपयोग पनि गर्न सकिन्छ । यस विषयले व्यवहार परिवर्तनको बढी अपेक्षा गरेको हुँदा विद्यार्थीहरूलाई भित्रैदेखि अनुभूत गराउने क्रियाकलापहरू (भूमिका अभिनय, वास्तविक घटना अवलोकन, सिर्जनात्मक चिन्तन) गर्ने क्षमताको विकास गराउन विभिन्न घटनासँग तादात्म्य गराई केही बेर मौन बस्न लगाएर दिएको विषयवस्तुमा सोच्न लगाई सिर्जनात्मकता तथा कर्तव्यपालनाको अनुभूति दिनुपर्दछ । शिक्षण सिकाइ कार्यलाई प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसार विविध शिक्षण विधिहरू प्रयोगमा ल्याउन सकिन्छ । उदाहरणका लागि-

(क) प्रश्नोत्तर

सही एवम् अनुसरणीय व्यवहार, विषयक्षेत्र सम्बद्ध अवधारणा, ठिक बेठिक, असल खराब जस्ता व्यवहारसँग सम्बद्ध ज्ञान र सुझबुझको लेखाजोखा गर्न सरल र छोटा प्रश्नहरू मौखिक तथा लिखित रूपमा प्रयोग गर्न सकिन्छ ।

(ख) छलफल

सामाजिक समस्या, दैनिक शिक्षण सिकाइ क्रियाकलापमा आइपर्ने समस्या, अनुशासन तथा आचरणसँग सम्बद्ध समस्याहरूको समाधानका लागि व्यक्तिगत तथा समूहगत रूपमा छलफल गराई शिक्षण सिकाइ क्रियाकलापका क्रममा वा सहकार्यकलापको माध्यमद्वारा ज्ञान तथा अवधारणाको विकास एवम् सिपको प्रयोग गर्न लगाउन सकिन्छ ।

(ग) परियोजना कार्य

विद्यार्थीको रुचि र आवश्यकतानुसार विषय क्षेत्र, सामूहिक जीवन पद्धतिसँग सम्बद्ध सामाजिक, सांस्कृतिक एवम् शैक्षिक समस्या, तिनको कारण, समाधानका विकल्पसमेत पहिचान

गर्ने उद्देश्यबाट व्यक्तिगत तथा समूहगत रूपमा कक्षाकोठामा वा समुदायमा आधारित स-साना समूहकार्य (परियोजना कार्य) गर्न लगाउन सकिन्छ ।

(घ) स्थलगत भ्रमण

नागरिक कर्तव्य र व्यवहार, उत्तरदायित्व र जिम्मेवारी, विविधता, अनुकरणीय व्यक्तित्व, स्थल, क्रियाकलाप आदि विषयक्षेत्र (विद्यालय वरपर सञ्चालन हुने) मा स्थलगत भ्रमण गराई मानवीय, सामाजिक, धार्मिक, सांस्कृतिक मूल्य मान्यताको प्रत्यक्ष अवलोकन गराई त्यसको अनुसरण गर्न लगाउन सकिन्छ ।

(ङ) समस्या समाधान

व्यक्ति, विद्यालय र समाजसँग सम्बद्ध समस्या पहिचान गरी सिद्धान्त र व्यवहारको तालमेल, समाजमा रहेका उदाहरणीय व्यक्तित्व तथा घटनासमेतको अध्ययनका आधारमा समाधान गर्ने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

(च) खोज/अनुसन्धान

साथीसाथीबिच भएका असल बानी व्यवहार, शिक्षकका अलल बानी व्यवहार, घरपरिवार र छरछिमेकमा बसोबास गर्ने व्यक्तिहरूका असल आचारण, शिक्षण सिकाइ क्रियाकलापका क्रममा भोगेका समस्याहरू जस्ता विषयमा छलफल, अन्तरक्रिया आदि माध्यमबाट नयाँ ज्ञान, सिप र व्यवहारको खोजी गर्न लगाउन सकिन्छ ।

(छ) कथा कथन

पौराणिक, सांस्कृतिक, सामाजिक तथा समसामयिक कथा भनी त्यसमा सत्पात्रहरूको पहिचान, सत्पात्रहरूको असल बानी व्यवहारको विश्लेषण तथा अनुकरण गर्न लगाउन सकिन्छ ।

(ज) भूमिका अभिनय

विभिन्न घटना क्रमले दिएका सकारात्मक सोचका बारेमा नाटक, एकाङ्की, संवाद जस्ता विषय क्षेत्रमा भूमिका अभिनय गर्न लगाई असल आचरण सम्बद्ध ज्ञान र सुझबुझको लेखाजोखा गर्न सकिन्छ ।

यी बाहेक अन्य विद्यार्थी केन्द्रित विधिहरू पनि प्रयोगमा ल्याउन सकिन्छ ।

## ६. मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके वा सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीको मूल्याङ्कन गर्दा सर्वप्रथम अपेक्षित उद्देश्यलाई ध्यान दिनुपर्दछ । उद्देश्यअनुरूप सिकाइका सबै स्तरलाई समेटेर मूल्याङ्कनका साधनहरू विकास गरिनुपर्दछ । अपाङ्गता भएका विद्यार्थीको मूल्याङ्कन गर्न अपाङ्गताको प्रकृति हेरी सोहीअनुरूपका मूल्याङ्कन साधनहरू विकास गर्नुपर्दछ । यस विषयमा सामान्यतया निर्माणात्मक तथा निर्णयात्मक गरी मूल्याङ्कनका दुई पद्धति अवलम्बन गर्नुपर्दछ । प्रस्तुत विषयको ५० पूर्णाङ्कमध्ये कक्षा ६ र ७ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कनका रूपमा र ६० प्रतिशत आवधिक मूल्याङ्कन गरिने छ । आवधिक मूल्याङ्कनमध्ये ५० प्रतिशत लिखित परीक्षा र ५० प्रतिशत व्यवहार परिवर्तनको मूल्याङ्कन

(प्रयोगात्मक परीक्षा) का आधारमा गरिने छ । कक्षा ८ को परीक्षा जिल्ला स्तरीय हुने छ । यस कक्षामा ५० प्रतिशत प्रयोगात्मक मूल्याङ्कन र ५० प्रतिशत लिखित परीक्षा हुने छ ।

**(क) निर्माणात्मक मूल्याङ्कन**

विद्यार्थीले के कति सिके के कति व्यवहारमा सुधार गरे भन्ने कुरा पत्ता लगाई नसिकेको भए नसिक्नुको कारण पत्ता लगाई पुनः सिकाउने गरी निरन्तर सुधार गर्दै लैजाने कार्यलाई नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापकै क्रममा कक्षाकार्य, गृहकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, हाजिरी, कक्षा परीक्षा, एकाइ परीक्षा, साप्ताहिक परीक्षा, मासिक परीक्षा आदिका आधारमा गरेर अभिलेख राख्नुपर्दछ । साथै यस क्रममा आवश्यकतानुसार विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिनुपर्दछ र विद्यार्थीमा सुधारको वातावरण तयार गरिदिनुपर्दछ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन**

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गरेको वा नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा उत्तीर्ण तथा अनुत्तीर्ण गर्ने निर्णय लिइन्छ भने त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन आवधिक परीक्षाका रूपमा गर्ने गरिन्छ । यस विषयमा १५ पूर्णाङ्कको सैद्धान्तिक लिखित परीक्षा हुने छ । १५ पूर्णाङ्कको व्यवहार परिवर्तन (प्रयोगात्मक परीक्षा) हुने छ । विद्यार्थीले कक्षा उत्तीर्ण गर्नका लागि लिखित र प्रयोगात्मक दुवै परीक्षामा अनिवार्य रूपमा ४० प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने छ ।

# व्यवहार परिवर्तनको (प्रयोगात्मक) मूल्याङ्कन

कक्षा ८ को पाठ्यक्रममा आधारित भई प्रयोगात्मक परीक्षा लिँदा वर्षभरिमा तलका पाँचओटा क्रियाकलाप गर्न लगाई ती क्रियाकलापका आधारमा प्रयोगात्मक मूल्याङ्कन गर्न सकिने छ र हरेक क्रियाकलापका लागि ५ अङ्कका दरले जम्मा २५ अङ्क दिन सकिने छ ।

**निम्नानुसारका बुँदाका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने :**

**१. असल चारित्रिक व्यवहार प्रदर्शन चारित्रिक विकास**

- विद्यार्थीको कार्यशैली
  - अरूको समस्या समाधान गरिदिने
  - पारिवारिक सहयोग

  १
- विश्वास
  - शिक्षकप्रतिको विश्वास
  - सिकाइप्रतिको विश्वास
  - सहपाठीप्रतिको विश्वास

  १
- चरित्र विकासका दृष्टान्तहरूको अनुकरण
  - समस्या पहिचान
  - विकल्पको खोजी
  - उत्तम विकल्प छनोट
  - आफ्नो काम आफैँ गर्ने बानी

  १
- असल संस्कार तथा दुष्प्रभावको पहिचान र प्रयोग
  - सामाजिक रूपमा प्रचलित असल संस्कार तथा दुष्प्रभावको पहिचान र प्रयोग
  - संस्कृतिजन्य असल संस्कार तथा दुष्प्रभावको पहिचान र प्रयोग
  - प्रविधिजन्य असल संस्कार तथा दुष्प्रभावको पहिचान र प्रयोग

  १
- असल चरित्र प्रदर्शन गर्ने तत्परता
  - कक्षाकोठामा गर्ने व्यवहार
  - विद्यालयमा गर्ने व्यवहार

अङ्क १ / ५

## २. मानवीय मूल्य मान्यताको प्रवर्धन

- मानवीय मूल्य मान्यताको बोध र तदनुरूप व्यवहार प्रदर्शन
  - मेलमिलाप
  - सम्मान, माया र सत्कार
  - सदाचार १
- सिर्जनात्मक क्षमता तथा सहयोगी भावना प्रदर्शन
  - कक्षाकोठामा गरेको सिर्जना
  - समूह कार्यमा गरेको सहभागिता १
- इमानदारी तथा उत्तरदायित्व बोध
  - गृहकार्य नियमित रूपमा गरेको
  - सरसफाइ
  - अरूलाई सम्मान १
- सामाजिक कार्यमा अग्रसरता
  - विद्यालय सरसफाइ
  - कक्षाकोठा सरसफाइ
  - जात्रा, पर्व, मेला, बाटो, पुल आदि सञ्चालन, संरक्षण तथा संवर्धनमा सहयोग १
- धैर्यधारण
  - पालो पर्खने बानी
  - ध्यानपूर्वक सुन्ने बानी
  - अवसरको सन्तुलित वितरण १

अङ्क ५

## ३. नागरिक कर्तव्य र दायित्वको परिपालना तथा अधिकारको खोजी

- आचारसंहिता, नियम कानुनको पालना
  - विद्यालयको नियम पालना
  - कक्षाकोठाको नियम पालना १
- शिष्टाचार
  - शिष्ट बोली
  - माया, आदर १
- स्वार्थरहित जीवनशैली
  - भेटेको वस्तु फिर्ता दिने
  - अनुमति विना अरूको सरसामान प्रयोग नगर्ने १

- सार्वजनिक सम्पत्तिको सदुपयोग
  - विद्यालय, धारा, चर्पीको सुरक्षा तथा जतन
  - बोटबिरुवाको संरक्षण
  - चउर, धार्मिक स्थल, बाटो, पुल आदिको संरक्षण तथा संवर्धन १
- अधिकारको खोजी गर्दा अरूको अधिकारको सम्मान
  - कक्षाकोठामा हुने अन्तरक्रियामा सबैको सहभागिता हुने अवसर
  - अरूको विचार सुन्ने बानी
  - अरूको भावनाको कदर

अङ्क १/५

**४. विविधताको सम्मान**

- सामाजिक व्यवहार
  - प्रार्थना गर्ने समयमा गर्ने व्यवहार
  - खाली तथा फुर्सदको समयमा विद्यालय तथा कक्षाकोठामा गर्ने व्यवहार १
- सामूहिक नेतृत्व र सहकार्य
  - शिक्षण सिकाइमा लिने नेतृत्व र सहकार्य
  - अतिरिक्त तथा सहकार्यकलापमा लिने नेतृत्व र सहकार्य
  - कक्षा व्यवस्थापनमा लिने नेतृत्व र सहकार्य १
- नैतिकता कायम गर्ने स्थानीय प्रचलनको अभ्यास तथा निरन्तरता १
- कर्तव्य पालना
  - साथीभाइसँग मिलिजुली बस्ने
  - आवश्यकतानुसार खाजा, पुस्तक, पेन्सिल आदिको सहयोग १
- विविधताको सम्मान
  - सहिष्णुताअनुरूपको व्यवहार प्रदर्शन
  - जातीय तथा लैङ्गिक विभेदविरुद्ध व्यवहार प्रदर्शन

अङ्क १/५

**५. अनुशासन र सकारात्मक चिन्तनको क्षमता विकास र खोजमूलक व्यवहार प्रदर्शन**

- स्वस्थ चिन्तनको अभ्यास
  - सकारात्मक सोचाइ
  - परिवर्तनका लागि तयार
  - काम गर्ने भावना १

- सही काय
  - नियमअनुसारको कार्य
  - अरूलाई चोट नपुऱ्याउने कार्य १
- लगनशीलता
  - पठाइ लेखाइमा केन्द्रित रहने बानी
  - नयाँ कुरा सिर्जनामा लागिरहने बानी १
- असल आचरण
  - समय पालना
  - विद्यालयमा नियमितता
  - गृहकार्यको पालना १
- संवेग व्यवस्थापन
  - नरिसाउने
  - सुखमा नमात्तिने
  - दु:खमा नआत्तिने
  - क्रोध तथा घमन्ड प्रदर्शन नगर्ने
  - आफ्ना समस्या साथी, शिक्षक तथा घरपरिवारमासँग व्यक्त गर्ने १

अङ्क ५

उल्लिखित प्रयोगात्मक परीक्षा मासिक रूपमा लिई त्यसको अभिलेख फाराम बनाई राख्नुपर्ने छ । मासिक परीक्षाको प्राप्ताङ्कलाई त्रैमासिक परीक्षामा समायोजन गर्नुपर्ने छ । कक्षा ६ र ७ का लागि पनि यसैलाई आधार मानी व्यवहार परिवर्तनको (प्रयोगात्मक) मूल्याङ्कन गर्नुपर्ने छ ।

# पेसा, व्यवसाय र प्रविधि शिक्षा

## १. परिचय

शिक्षाले सबै अवस्थाका बालबालिकाहरूको सम्पूर्ण पक्षको विकास गरी दैनिक जीवनलाई सुखी एवम् स्तरीय बनाउन सहयोग पुऱ्याउँछ । यस शिक्षाले राष्ट्र विकासमा टेवा पुऱ्याउन स्वावलम्बी र अर्थोपार्जन गर्ने स्वरोजगारी तथा रोजगारीका लागि पेसा व्यवसायमा संलग्न हुन योग्य नागरिक तयार पार्दछ । विद्यार्थीहरूले आफ्नो वृत्ति विकासका लागि स्थानीयदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय पेसा तथा व्यवसायको जानकारी हासिल गरी रूचि, क्षमता र अवसरलाई प्रयोग गरी भविष्यको योजना बनाउन सक्ने हुनुपर्दछ । यस शिक्षाले सबै किसिमका कामप्रति सकारात्मक दृष्टिकोण र श्रमप्रति सम्मान गर्ने भावनाको विकास गराउन मदत गर्दछ । साथै कामको संसारसँ ग परिचित हुने तथा कामका लागि आवश्यक साधारण व्यावसायिक (Soft Skills) सीप विकास गर्न सहयोग गर्दछ । वर्तमानमा बालबालिकाहरूलाई सूचना र प्रविधिको सही उपयोग गर्न सक्षम बनाउनु अति आवश्यक छ । यसर्थ कामसग परिचित तथा कामप्रति सकारात्मक भावना विकास गर्न विद्यार्थीहरूमा ज्ञान, सीप र अभिवृत्तिको विकास गराउने उद्देश्यले पेसा, व्यवसाय तथा प्रविधि शिक्षा विषयलाई पाठ्यक्रमको आधारभूत तह (कक्षा ६, ७ र ८) मा अनिवार्य विषयको रूपमा राखिएको छ ।

पेसागत शिक्षामा स्थानीय तहमा परम्परादेखि हालसम्म र उच्च तहमा हाल संचालनमा रहेका पेसाहरूको जानकारी दिइएको छ । व्यवसाय अभिमुखीकरणमा व्यवसायको जानकारी र प्रयोगात्मक कार्यमा बढी जोड दिनुका साथै साधारण व्यावसायिक सीप (क्यात क्पर्षीक) सिकाउन खोजिएको छ । त्यस्तै प्रविधि शिक्षामा परम्परागत प्रविधिको जगेर्ना गर्दै आधुनिक प्रविधिको प्रयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्ने उद्देश्य राखिएको छ । शिक्षालाई कामसँग जोडेर लैजानु पर्ने आजको आवश्यकता भएकाले यस विषयलाई ५०% सैध्दान्तिक र ५०% प्रयोगात्मक भार, साप्ताहिक ५ पाठ्यभार र वार्षिक १७५ घन्टी पढाइ हुनेगरी राखिएको छ ।

यस विषयअन्तर्गत निम्नलिखित विषय क्षेत्र समावेश गरिएका छन् ।

१. पेसागत शिक्षा
२. व्यवसाय अभिमुखीकरण
३. प्रविधि शिक्षा

## २, तहगत सक्षमताहरू

आधारभूत तहको पेसा, व्यवसाय तथा प्रविधि शिक्षा विषयको अध्ययन पश्चात् विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

१. वृत्ति विकासका सम्भावित क्षेत्रहरूसँग परिचित भई आफ्नो रूचि, क्षमता र अवसरका आधारमा भविष्यमा उपयुक्त क्षेत्र छनोट ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रमबजारको जानकारी ।
३. जीवनोपयोगी सामान्य व्यावसायिक सीपहरू (soft skills) हासिल गरी प्रदर्शन ।
४. कामप्रति सकारात्मक दृष्टिकोण राखी सबै किसिमका श्रमप्रति चाख, समभाव र सम्मान गर्ने तथा संलग्न हुने बानीको विकास ।
५. स्थानीयस्तरमा सम्भावना भएका व्यवसाय सञ्चालनमा अभिमूखीकृत भई सञ्चालनका लागि योजनाको सामान्य ढाँचा (Scheme) निर्माण ।
६. शिक्षालाई काम (Education for work) संग जोडेर लैजाने बानीको विकास ।
७. व्यावहारिक प्रयोगमा आउने उपकरणहरूको सही र सुरक्षित तवरले प्रयोग ।
८. परम्परागत प्रविधिका बारेमा जानकारी हासिल गरी संरक्षण ।
९. आधुनिक सूचना प्रविधिको जानकारी लिई उपयोग ।

**३, कक्षागत सिकाइ उपलब्धिहरू**

कक्षा ६ आधारभूत तहको पेसा, व्यवसाय तथा प्रविधि शिक्षा विषयको अध्ययनपश्चात् विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

**पेसागत शिक्षा**

१. पेसाको परिचय दिन र महत्व बताउन ।
२. नेपालका कृषि र गैरकृषिमा आधारित परम्परागत व्यावसायिक (Vocational) पेसाहरूको खोजी गरी जानकारी लिन ।
३. स्थानीय स्तरका व्यावसायिक पेसाहरूको जानकारी र वयान गर्न
४. रोजगारीका प्रकारको परिचय दिन तथा स्थानीय स्तरका रोजगारीको पहिचान गर्न ।
५. रोजगारीको शिक्षा र तालिमसँगको सम्बन्ध खोजी गर्न ।
६. साधारण र व्यावसायिक तालिमको परिचय तथा महत्व बताउन ।
७. व्यावसायिक तालिम प्रदायक संस्था र कार्यक्रमहरूको परिचय दिन ।
८. स्थानीय रोजगारीको सूचना प्राप्तिको स्रोतहरू पहिचान गरी सूचना लिन ।

**व्यवसाय अभिमुखीकरण**

१. सामान्य व्यावसायिक (soft skills) तथा व्यावसायिक सीपको परिचय दिन ।
२. सञ्चार सीप, अन्तर वैयक्तिक सीप तथा समूहकार्य सीप प्रदर्शन गर्न ।
३. व्यवसायको परिचय र महत्व बताउन ।
४. नेपालका कृषि र गैरकृषिमा आधारित परम्परागत व्यवसायहरूको खोजी गरी जानकारी लिन ।
५. स्थानीय स्तरमा सञ्चालित साना व्यवसायहरूको खोजी गरी जानकारी लिन ।

६. व्यापारको परिचय र किसिम बताउन ।
७. बजार व्यवस्थापन बारे बताउन ।
८. बिक्रेता सीप प्रदर्शन गर्न ।
९. हाटबजार तथा बजारका रूप बताउन ।

**(तलको (क) देखि (ज) मध्येबाट कुनै चार मात्र अध्यापन गराउने )**

**(क) तरकारी खेती**

१. करेसाबारी छनोट तथा तयारी गर्न ।
२. माटोको उर्वराशक्ति संरक्षण गर्ने तरिका बताउन र प्रदर्शन गर्न ।
३. माटो र मौसमअनुसारको तरकारी छनोट गर्न ।
४. सिंचाइ गर्ने तरिका पहिचान गर्न ।
५. बिउ छनोट गर्न, ब्याड बनाउन तथा बेर्ना उमार्न र सार्न ।
६. कम्पोस्ट मलको परिचय र प्रयोग गर्न

**(ख) फलफूल खेती**

१. स्थानीय स्तरमा गरिने फलफूल खेतीको पहिचान गर्न ।
२. मौसमअनुसार गरिने फलफूल खेतीको जानकारी प्रस्तुत गर्न ।
३. फलफूलमा लाग्ने रोग र किरा पहिचान गर्न ।
४. फलफूलका बोट र बेर्नाको हेरचाह गर्न ।

**(ग) सुख्खा तरकारी तथा खाद्य सामग्री तयारी**

१. तरकारी तथा फलफूल सुकाउने तरिकाहरू पहिचान गर्न ।
२. तरकारी तथा फलफूल काट्ने औजारको परिचय र सुरक्षित प्रयोग गर्न ।
३. सुख्खा तरकारी तथा फलफूल तयार गर्ने र सुरक्षित भण्डारणका तरिकाहरू पहिचान ।
४. फलफूल र तरकारीका चाना वा सुकुटी बनाउन ।
५. स्थानीयस्तरमा उत्पादन तथा प्रशोधन गरिने खाद्य सामग्रीको पहिचान गर्न ।
६. खाद्य सामग्री उत्पादन र प्रशोधन गर्न प्रयोग गरिने सामान्य औजार तथा सामग्रीको पहिचान गर्न ।
७. गुन्द्रुक, बेसार, सुठो, मस्यौरा र तितौरा उत्पादन, प्रशोधन र भण्डारण गर्न ।
८. उत्पादित वस्तुको बजार व्यवस्थापन गर्न ।

**(घ) फूल तथा जडीबुटी खेती**

१. स्थानीयस्तरमा पाइने फूलको प्रकार र पहिचान गर्न ।
२. मौसमअनुसार फूल खेतीको पहिचान गर्न

३. फूल रोप्ने स्थानको छनोट र तयारी गर्न ।

४. फूलको बेर्ना उत्पादनका लागि ब्याड तयार गरी र बेर्ना उत्पादन गर्न ।

५. बेर्ना लगाउन र हेरचाह गर्न ।

६. फूलबाट विभिन्न सजावट गर्न ।

७. जडीबुटीको परिचय दिन ।

८. स्थानीय जडीबुटी पहिचान गरी तिनीहरूको उपयोगिता बताउन र संङकलन गर्ने तरिका बताउन ।

९. स्थानीय जडीबुटी संरक्षण गर्ने उपाय खोजी गर्न ।

**(ङ) पशुपन्छीको स्याहार र हेरचाह**

१. भेडा, बाखा, च्याङ्ग्रा वा गाई, भैंसी वा कुखुरा, हाँस वा बंगुर वा माछाको स्थानीय र उन्नत जातको पहिचान ।

२. भेडा, बाखा, च्याङ्ग्रा वा गाई, भैंसी वा कुखुरा, हाँस वा बंगुर वा माछाको पोखरी, खोर, गोठ तथा घार व्यवस्थापन गर्ने तरिका बताउन ।

३. भेडा, बाखा, च्याङ्ग्रा वा गाई, भैंसी वा कुखुरा, हाँस वा बंगुर वा माछा र मौरीमा लाग्ने सामान्य रोगहरूको पहिचान ।

४. माछा र मौरी पालनका लागि आवश्यक जानकारी प्रस्तुत गर्न ।

**(च) सिल्पकला**

१. कागजको काम गर्दा ध्यान दिनुपर्ने कुराहरू बताउन ।

२. कागजको काम गर्दा आवश्यक औजार र सामानहरू प्रयोग गर्ने तरिका प्रदर्शन गर्न ।

३. कागजको खाम, फाइल, शुभकामना कार्ड आदि निर्माण गर्न ।

४. कागजले उपहार बेर्न वा पोका पार्न ।

५. बेतबाँस/पराल/छवाली/बाबियो/प्लास्टिकको काम गर्दा आवश्यक औजार र सामानहरू प्रयोग गर्ने तरिका प्रदर्शन गर्न ।

६. बेतबाँस/पराल/छवाली/बाबियो/प्लास्टिकबाट सामग्री निर्माण गर्न ।

७. खेर गएका वस्तुहरू (कपडा, बाक्लो कागज) को प्रयोग गरी खेलौना तथा सामग्री निर्माण गर्न ।

**(छ) माटोको काम**

१. माटोको सामान बनाउने उपयुक्त माटो पहिचान गर्न ।

२. माटोको काम गर्दा ध्यान दिनु पर्ने कुराहरू बताउन ।

३. माटो मुछ्ने तरिका, मुछेको माटोको संरक्षण गर्न

४. माटोको काम गर्दा आवश्यक औजार र सामानहरू सुरक्षित प्रयोग गर्ने तरिका प्रदर्शन गर्न ।

५. माटोको सामग्री बनाउन प्रयोग हुने विधि प्रदर्शन गर्न ।

६. माटोबाट सरल किसिमका सामग्री बनाउन ।

७. माटोका सामग्री सुकाउने तरिका प्रदर्शन गर्न ।

**(ज) सिलाइ बुनाइ**

१. सिलाइको परिचय दिन ।

२. सिलाइका सामान (त्ययकि) को पहिचान र सुरक्षित प्रयोग गर्न ।

३. साधारण सिलाइ (कच्चा टाँका, सरसरी सिउने टाँका र खुट्ने टाँका) गर्न ।

४. कपडामा साधारण बुट्टा र डिजाइन बनाई पेन्टिङ्ग गर्न ।

५. फ्रेब्रिक पेन्टिङ्गको परिचय प्रस्तुत गर्न ।

६. फ्रेबिक पेन्टिङ्ग गरी हाते रूमाल निर्माण गर्न ।

**प्रविधि शिक्षा**

१. स्थानीय स्तरमा प्रयोगमा आएका केही प्रविधिहरूको परिचय र महत्व बताउन ।

२. दैनिक प्रयोगमा आउने साधारण उपकरण/साधनहरूको सुरक्षित उपयोग गर्न ।

३. आधुनिक प्रविधिको आवश्यकता र महत्व बताई प्रयोग गर्न ।

४. कम्प्युटरका प्रमुख अंगहरूको जानकारी लिई कम्प्युटर खोल्न र बन्द गर्न ।

५. कम्प्युटर संचालन प्रणाली ( Operating System) को सामान्य प्रविधिको जानकारी लिई प्रयोग गर्न ।

६. सूचना प्रविधिको आवश्यकता बोध गरी कम्प्यूटर, टेलिफोन र मोबाइलको सामान्य प्रयोग गर्न ।

७. वैकल्पिक ऊर्जाको परिचय र महत्व बताउन ।

कक्षा ७ आधारभूत तहको पेसा, व्यवसाय तथा प्रविधि शिक्षा विषयको अध्ययनपश्चात् विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

**पेसागत शिक्षा**

१. पेसाका प्रकार पहिचान गर्न ।

२. आधारभूत प्राविधिक (Technical) पेसाहरूको जानकारी प्रस्तुत गर्न ।

३. तालिमको प्रकारको जानकारी प्रस्तुत गर्न ।

४. पेसा र तालिमको सम्बन्ध खोजी गर्न ।

५. राष्ट्रिय स्तरका प्राविधिक शिक्षा तथा तालिम प्रदायक संस्थाहरू तथा कार्यक्रमहरूको जानकारी लिन ।

६. रोजगारीसम्बन्धी सूचना प्राप्तिका स्रोतहरू प्रयोग गर्न

७. क्षेत्रीय तथा राष्ट्रिय स्तरका रोजगारी सम्बन्धी जानकारी हासिल गर्न ।

**व्यवसाय अभिमुखीकरण**

१. रचनात्मक सीप र नेतृत्व गर्ने सीपको प्रदर्शन गर्न ।

२. स्थानीय स्तरमा सञ्चालन गर्न सकिने सम्भावित साना व्यवसायहरूको खोजी गर्न ।

३. साना व्यवसाय सञ्चालनका लागि योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरू बताउन ।
४. सेवामूलक र उत्पादनमूलक व्यवसायको परिचय दिई महत्व बताउन ।
५. व्यापार र व्यवसायको सम्बन्ध बताउन ।
६. व्यापारको खोजी तथा सहकार्य सीपको जानकारी प्रस्तुत गर्न ।
७. व्यापारिक सीपमा आधुनिकीकरणको जानकारी प्रस्तुत गर्न ।
८. कृषिमा आधारित व्यापारको खोजी तथा सहकार्य सीप प्रदर्शन गर्न ।

**(तलको (क) देखि (ज) मध्येबाट कुनै चारमात्र अध्यापन गराउने )**

**(क) तरकारी खेती**

१. मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन ।
२. प्रांगारिक र रासायनिक मलको परिचय दिन र प्रयोग गर्न ।
३. थोपा सिचाइ बिधिको महत्व बताई उपयोग गर्न ।
४. करेसाबारीमा मौसम (season) अनुसार तरकारी खेती गर्ने, हेरचाह उत्पादन र भण्डारण गर्न ।
५. प्राङ्गारिक मलको प्रकारको जानकारी र पहिचान गर्न ।
६. कम्पोस्ट मल बनाउने तरिका प्रदर्शन गर्न । (भाँडामा र जमिनमा)
७. तरकारी बालीलाई हानिकारक रोगको जानकारी दिन र कीराबाट संरक्षण गर्ने तरिका बताउन ।

**(ख) फलफूल खेती**

१. फलफूलको नर्सरीको परिचय र महत्व बताउन ।
२. स्थानीय र उन्नत जातका प्रमुख फलफूलको पहिचान गर्न ।
३. फल टिप्ने समय र तरिका बताउन ।
४. फलफूल (आँप, सुन्तला, केरा, स्याउ र नास्पति) को संरक्षण गर्ने तरिका बताउन ।
५. फललाई टिप्ने, प्याकेजिङ गर्ने, ढुवानी गर्ने तरिकाहरू बताउन ।
६. फलफूल टिप्ने साधारण सामग्री बनाउन ।
७. फलफूलमा लाग्ने रोग र किराको पहिचान र परम्परागत रोकथाम गर्ने तरिका बताउन ।

**(ग) सुख्खा तरकारी, फलफूल तथा खाद्य सामग्री तयारी**

१. सुख्खा तरकारी तथा फलफूलको उत्पादन, प्रशोधन र भण्डारण गर्न ।
२. फलफूलको चाना वा सुकुटी उत्पादन, प्रशोधन र भण्डारण गर्न ।
३. रेसिपीको अध्ययन गर्न ।

४. अचार, चुक, तोफु, छुर्पी, जुस उत्पादन, प्रशोधन र सुरक्षित भण्डारण गर्ने तरिका पहिचान गर्न ।

५. उत्पादित वस्तुहरूको संरक्षण, प्रशोधन र भण्डारण गर्न ।

६. दूधका विभिन्न परिकारहरू (दूध, दही, घिऊ, छुर्पी, खुवा, चीज आदि) उत्पादन गर्न ।

**(घ) फूल तथा जडीबुटी खेती**

१. फूल खेती गर्ने तरिका बताउन ।

२. बिउबाट बेर्ना तयारी गर्न ।

३. गमला/प्लास्टिकमा रोप्ने फूलको विउ र वेर्नाका सङ्कलन र छनोट गर्न ।

४. फूलको हेरविचार (गोडमेल र काँटछाट) गर्न ।

५. फूल टिप्ने र भण्डार गर्ने तरिका प्रस्त'त गर्न ।

६. फूलबाट सजावट फूलबाट माला/गुच्छा तयारी

७. जडीबुटीको किसिम बताउन ।

८. स्थानीय जडीबुटीको पहिचान तथा सङ्कलन, भण्डारण, संरक्षण प्रशोधन गर्न ।

**(ङ) पशुपन्छीको स्याहार र हेरचाह**

१. भेडा, बाख्रा, च्याङ्ग्रा वा गाई, भैंसी वा कुखुरा, हाँस वा बंगुर वा माछाको प्रजनन र चरनको जानकारी प्रस्तुत गर्न ।

२. भेडा, बाख्रा, च्याङ्ग्रा वा गाई, भैंसी वा कुखुरा, हाँस वा बंगुर वा माछा र मौरीका लागि सन्तुलित आहारको जानकारी प्रस्तुत गर्न ।

३. भेडा, बाख्रा, च्याङ्ग्रा वा गाई, भैंसी वा कुखुरा, हाँस वा बंगुर वा माछा र मौरीमा लाग्ने सामान्य रोगहरूको लक्षण, चिन्ह (संकेत) पहिचान र उपचार गर्ने तरिका बताउन ।

**(च) सिल्पकला**

१. कागजबाट रंगिन थुङ्गा, शुभकामना कार्ड, चङ्गा, न्यापकिन निर्माण गर्न ।

२. निर्देशन अध्ययन गरी कागजका सामग्रीहरू बनाउन ।। (किरिगामी र ओरिगामी)

३. बेतबाँस/ पराल/छवाली/बाबियो आदिबाट कलमदानी, फूलदानी, पङ्खा निर्माण गर्न ।

४. खेर गएको वस्तुको प्रयोग गरी खेलौना तथा सामग्री निर्माण गर्न ।

५. काष्ठ तथा ढुंगामा साधारण कुँदाइ गर्न ।

६. निर्मितवस्तहरू रंगाउने काम गर्न ।

**(छ) माटोको काम**

१. माटोबाट विभिन्न ज्यामितीय आकारहरू बनाउन ।

२. माटोबाट फलफूल, जनावर, घरायसी सामान बनाउन, रंगाउन र सुकाउन ।

**(ज) सिलाइ बुनाइ**

१. सजावटीको सिलाइ टाँकाको परिचय दिन ।

२. विभिन्न प्रकार टाँकामा सिलाइ गर्न (फ्लाइ टाँका, ब्लाकेट टाँका) (क्रस टाँका, लेजीडेजी टाँका, साटिन टाँका, सिक्री टाँका)

३. साधारण रूमाल बनाउन ।

४. हातको बुनाइको परिचय दिन ।

५. बुनाइको सामानको परिचय दिन र चलाउने तरिका प्रदर्शन गर्न ।

६. घर हाल्न र सादा बुनाइ गर्न ।

७. फ्रेबिक पेन्टिङ्ग गरी हाते रूमाल, तकियाको खोल निर्माण गर्न ।

**प्रविधि शिक्षा**

१. परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध बताउन ।

२. दैनिक प्रयोगमा आउने उपकरणहरू सुरक्षित तरिकाले प्रयोग गर्न ।

३. रेडियो, एफ. एम र टि.भि. लाई सूचनाका स्रोतको रूपमा प्रयोग गर्न ।

४. कम्प्युटरको प्रयोग गरी इन्टरनेटबाट सूचना आदानप्रदान गर्न ।

५. वैकल्पिक ऊर्जाको प्रकार बताउन ।

कक्षा ८ आधारभूत तहको पेसा, व्यवसाय तथा प्रविधि शिक्षा विषयको अध्ययनपश्चात् विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

**पेसागत शिक्षा**

१. मध्यम तथा उच्च स्तरीय पेसाहरू (Professional) को जानकारी लिन ।

२. पेसा र शिक्षाको सम्बन्ध बताउन ।

३. मध्यम तथा उच्चस्तरीय  साधारण र प्राविधिक शिक्षा प्रदायक संस्थाहरू र कार्यक्रमहरूको परिचय दिन ।

४. रूचि, क्षमता र अवसरका आधारमा भविष्यमा उपयुक्त क्षेत्र छनोटको योजना बनाउन ।

५. अन्तर्राष्ट्रियस्तरका रोजगारीसम्बन्धी सूचना प्राप्तिका स्रोतहरू पहिचान गरी जानकारी प्रस्तुत गर्न ।

६. वैदेशिक रोजगारीका अवसर र चुनौती पहिचान गर्न तथा आवश्यक आधारभूत जानकारी हासिल गर्न ।

**व्यवसाय अभिमुखीकरण**

१. निर्णय गर्ने र समस्या समाधान गर्ने सीप तथा व्यावसायिक सीप प्रदर्शन गर्न ।

२. योजना व्यवस्थापन सीपको विकास गर्न ।

३. बहुराष्ट्रिय कम्पनीको परिचय र महत्व बताउन ।
४. उद्यमशील शिक्षाको परिचय दिन ।
५. स्थानीय स्तरमा साना व्यवसाय सञ्चालनको योजनाको खाका बनाउन ।
६. बजार व्यवस्थापनको परिचय र महत्व बताउन ।
७. बजार तथा उद्यमशीलताको सम्बन्ध  बताउन ।
८. विश्व व्यापार संगठनको परिचय दिन ।

**तलको (क) देखि (ज) मध्येबाट कुनै चारमात्र अध्यापन गराउने )**

**(क) तरकारी खेती**

१. कौसी/छतमा तरकारी खेतीको परिचय दिन ।
२. अन्तरबारी तरकारी खेतीको परिचय दिन ।
३. गँड्यौला खेती गर्ने तरिका प्रदर्शन गर्न ।
४. प्रांगारिक मलको प्रकार र प्रयोग गर्न ।
५. च्याउ खेती गर्ने तरिका अवलोकन गर्न ।
६. तरकारीका बिउ उत्पादन र भण्डारण गर्न ।
७. मौसमी र बेमौसमी तरकारी खेती, उत्पादन, ढुवानी र बिक्री वितरण तथा हिसाबकिताब व्यवस्थापन गर्न ।
८. रोग किराबाट बचाउने परम्परागत र आधुनिक तरिका बताउन ।
९. तरकारीको बजारको पहिचान गर्न ।
१०. साना परिमाणमा तरकारी खेती (वेमौसमी)को योजनाको खाका निर्माण गर्न ।

**(ख) फलफूल खेती**

१. फलफूल भण्डारण तरिका प्रदर्शन गर्न ।
२. फलफूलमा लाग्ने रोग र किरा पहिचान गरी जडीबुटीबाट रोकथाम गर्न ।
३. साना परिमाणको फलफूल खेतीको योजनाको खाका निर्माण गर्न ।

**(ग) सुख्खा तरकारी, फलफूल तथा खाद्य सामग्री तयारी**

१. मौसमअनुसारको सुख्खा तरकारी र फलफूल उत्पादन, प्रशोधन, प्याकेजिङ्, बिक्री वितरण तथा हिसाबकिताब व्यवस्थापन गर्न ।
२. साना परिमाणको सुख्खा तरकारी र  फलफूल निर्माण  योजनाको खाका तयार गर्न ।
३. बजार व्यवस्थापन गर्न ।
४. रेसिपीको अध्ययन गरी खाद्य परिकार बनाउन ।

५. बजारमा माग खाद्य सामग्रीको पहिचान गर्न ।

६. स्थानीय रोटी, पाउरोटी, डुनोट, केक,जाम, जुस र समोसा उत्पादन, प्रशोधन, प्याकेजिङ्, बिक्री वितरण तथा हिसाबकिताब व्यवस्थापन गर्न ।

७. साना परिमाणको खाद्य सामग्री निर्माणको योजनाको खाका निर्माण गर्न ।

**(घ) फूल तथा जडीबुटी खेती**

१. बगैचा निर्माणका लागि स्थानको छनोट र निर्माण गर्न ।

२. मल निर्माण र प्रयोग गर्न ।

३. रोप्ने फूलको बिउ र बेर्नाको छनोट गर्न ।

४. फूल खेती गर्न ।

५. प्लास्टिकको थैलामा फूल खेती गर्ने तरिका प्रदर्शन गर्न ।

६. बिउबाट बेर्ना तयार गर्ने तरिका प्रदर्शन गर्न ।

७. फूलको हेरविचार र वानस्पतीकरण(ग्राफ्टिङ, कटिङ्) प्रजनन गर्न ।

८. फूलको बीउ उत्पादन, प्रशोधन, प्याकेजिङ्, बिक्री वितरण तथा हिसाबकिताब व्यवस्थापन गर्न ।

९. साना परिमाणको फूल खेतीको योजनाको खाका निर्माण गर्न ।

१०. आयुर्वेदमा प्रयोग भएको प्रशोधित जडीबुटीको पहिचान तथा सङ्कलन गर्न ।

११. जडीबुटीको पहिचान तथा सङ्कलन, उपयोगिता, प्रशोधन, भण्डारण र संरक्षण प्याकेजिङ्, बिक्री वितरण तथा हिसाबकिताब व्यवस्थापन गर्न ।

१२. साना परिमाणमा जडीबुटी प्रशोधनको योजनाको खाका निर्माण गर्न ।

**(ङ) पशुपन्छीको स्याहार र हेरचाह**

१. भेडा, बाख्रा, च्याङ्ग्रा वा गाई, भैंसी वा कुखुरा, हाँस वा बंगुर वा माछाका लागि चरन र आहार पहिचान गर्न ।

२. पशुपन्छी र माछाबाट उत्पादित विभिन्न वस्तुहरूको गुणस्तर नियन्त्रण तथा भण्डारण गर्ने तरिका बताउन ।

३. भेडा, बाख्रा, च्याङ्ग्रा वा गाई, भैंसी वा कुखुरा, हाँस वा बंगुर वा माछामा लाग्ने सामान्य रोगहरूको पहिचान र रोकथाम गर्न

४. पशुपन्छी, मौरी र माछा पालनबाट उत्पादन हुने वस्तुको बजार व्यवस्थापन ।

५. साना परिमाणमा पशुपन्छी, मौरी र माछा पालनको योजनाको खाका निर्माण गर्न ।

**(च) सिल्पकला**

१. कागजबाट ठूला थुङ्गा, तुल, फाइल, निमन्त्रणा कार्ड, चङ्गा, बनाई बिक्री गर्न ।

२. निर्देशन अध्ययन गरी कागजका सामग्रीहरू बनाउन । (किरिगामी र ओरिगामी)

३. बेतबाँ स/ पराल/छ्वाली/बाबियो आदिबाट पंखा, पर्दा, मान्द्रो बनाउन र बिक्री गर्न ।

४. खेर गएको वस्तुको प्रयोग गरी खेलौना तथा सामग्री निर्माण गर्न र बिक्री गर्न ।

५. साधारण काष्ठ तथा ढुंगामा कुँदाइ गर्न ।

६. वस्तु रंगाउने तथा टल्काउने काम गर्न ।

७. साना परिमाणमा सिल्पकलाको सामान निर्माणको योजनाको खाका तयार गर्न ।

**(छ) माटोको काम**

१. माटोको सामान रङ्गाउने रङ्गको परिचय प्रस्तुत गर्न ।

२. माटोबाट फलफूल, जनावर, घरायसी सामान बनाउन, सुकाउन र रङ्गाउन ।

३. माटोका विभिन्न सामानहरूको विक्रीवितरण गर्न र हिसाबकिताब राख्न ।

४. साना परिमाणको माटोको सामान निर्माण योजनाको खाका निर्माण गर्न ।

**(ज) सिलाइ बुनाइ**

१. सिलाइ मेसिनको परिचय र यसको प्रयोग (कागजमा अभ्यास) गर्न ।

२. शरीरको नाप लिने तरिका प्रदर्शन गर्न ।

३. ड्राफ्टिङ परिचय र आवश्यकता बताउन ।

४. टाँक लगाउने तरिका प्रदर्शन गर्न ।

५. रफ्फु गर्न । टाल्ने र र

६. टोपी र गलबन्दी बुन्न ।

७. एप्रोनको कटाइ र सिलाइ गर्न

८. साना परिमाणमा सिलाइ बुनाइको योजनाको खाका निर्माण गर्न ।

**प्रविधि शिक्षा**

१. स्थानीय ज्ञान र प्रविधिको महत्व बताउन र त्यसको खोजी गर्न ।

२. घरायसी विद्युतीय उपकरणहरूको सुरक्षित तवरले प्रयोग गर्न ।

३. ए.टि.एम., फ्याक्स, फोटोकपी, मल्टिमेडियाको सामान्य प्रयोग गर्ने तरिका बताउन तथा प्रयोग गर्न ।

४. इन्टरनेटलाई पढाइको माध्यमको रूपमा प्रयोग गर्ने तरिका बताउन तथा प्रयोग गर्न ।

५. सूचना प्रविधि प्रयोगको आचार संहिताको जानकारी लिई पालना गर्न ।

६. वैकल्पिक ऊर्जा (सौर्य ऊर्जा) साना जलविद्युत (पेल्टिक सेट) को कार्य सिध्दान्त बताउन ।

# आधारभूत तह (कक्षा ६, ७ र ८)

४, विषयवस्तुको क्षेत्र तथा क्रम तालिका

| क्षेत्र | एकाइ | कक्षा ६ | अ.घ | कक्षा ७ | अ.घ | कक्षा ८ | अ.घ |
|---|---|---|---|---|---|---|---|
| १.पेसागत शिक्षा (Professional /Career Eduation_ | पेसागत शिक्षा (Professional /Career Eduation) | ♦ पेसाको परिचय र महत्व<br>♦ नेपालका परम्परागत पेसाहरू<br>• कृषिमा आधारित पेसाहरू<br>• गैरकृषिमा आधारित पेसाहरू<br>♦ स्थानीयस्तरका व्यावसायिक (Vocational) पेसाहरू<br>• शिक्षण सम्बन्धी<br>• कृषि सम्बन्धी<br>• व्यापार सम्बन्धी<br>• निर्माण व्यवसाय सम्बन्धी<br>• सार्वजनिक सेवा सम्बन्धी<br>• सिलाइ, कटाइ, बुनाइ (होजीयारी) सम्बन्धी | १५ | ♦ पेसाको वर्गीकरण<br>• आधारभूत र विशिष्ट<br>• उत्पादन तथा सेवामूलक<br>♦ आधारभूत प्राविधिक पेसाहरू<br>♦ तालिमको प्रकार<br>♦ पेसाको तालिमसंगको सम्बन्ध<br>♦ प्राविधिक (Technical) पेसा (परिचय, महत्व, प्रवेशको योग्यता)<br>• चिकित्सा क्षेत्रसँग सम्बन्धी (अनमी, अहेब, सिअहेब, एच.ए. आदि)<br>• इन्जिनियरिङ् क्षेत्रसँग सम्बन्धी (अमिन, सबओभरसियर, जुनियर इन्जिनियर)<br>• कृषि/वन क्षेत्र सम्बन्धी (जेटिए, जेटी, फरेष्टर, रेञ्जर)<br>• वित्तीय क्षेत्र सम्बन्धी (लेखापाल, सहायक लेखापाल)<br>• पर्यटन क्षेत्रसँग सम्बन्धी (गाइड, कुक)<br>• शिक्षण सेवा क्षेत्रसँग सम्बन्धी (सहयोगी कार्यकर्ता, शिक्षक)<br>• सार्वजनिक सेवा क्षेत्रसँग सम्बन्धी (खरिदार, नायब सुब्बा आदि) | २० | ♦ मध्यम र उच्चस्तरीय (Professional) पेसा (परिचय, महत्व, प्रवेश योग्यता)<br>• चिकित्सा क्षेत्रसँग सम्बन्धी (फार्मेसी, डेन्टीस, एम.बी.बी.एस, अप्थाल्मिसियन, फिजियोथेरापिष्ट, नर्सिङ्ग, फर्मासिष्ट,)<br>• इन्जिनियरिङ् क्षेत्रसँग सम्बन्धी (इन्जिनियर, आर्किटेक्ट)<br>• कृषि/वन क्षेत्रसँग सम्बन्धी (कृषि विज्ञ, भेटीनरी डाक्टर)<br>• वित्तीय क्षेत्रसँग सम्बन्धी (लेखा परीक्षक, व्यवस्थापक)<br>• पर्यटन क्षेत्रसँग सम्बन्धी (होटल व्यवस्थापक)<br>• शिक्षण सेवा क्षेत्रसँग सम्बन्धी - प्रधानाध्यापक, शिक्षक, प्राध्यापक)<br>• सार्वजनिक सेवा क्षेत्रसँग सम्बन्धी -शाखा अधिकृत, कार्यालय प्रमुख, प्रबन्धक, व्यवस्थापक)<br>♦ पेसाको शिक्षासंगको सम्बन्धको जानकारी | २० |
| | शिक्षा तालिम र रोजगारी, | ♦ रोजगारीको परिचय र महत्व<br>♦ रोजगारीको प्रकार<br>• स्वरोजगारी<br>• रोजगारी(मौसमी तथा नियमित) | २५ | ♦ क्षेत्रीय तथा राष्ट्रियस्तरका रोजगारीको परिचय र महत्व<br>♦ तालिमको प्रकार<br>• साधारण<br>• व्यावसायिक | २० | ♦ अन्तर्राष्ट्रिय रोजगारीको परिचय र महत्व<br>♦ मध्यम तथा उच्चस्तरीय साधारण शिक्षा प्रदायक संस्थाहरूमको परिचय र कार्यक्रम | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ♦ तालिमको परिचय महत्व<br>♦ साधारण तथा व्यावसायिक तालिमको परिचय र महत्व<br>♦ स्थानीयस्तरका रोजगारी<br>♦ रोजगारीको शिक्षासंगको सम्बन्ध<br>♦ रोजगारीको र तालिमसंगको सम्बन्ध<br>♦ व्यावसायिक तालिम प्रदायक संस्था र कार्यक्रमहरूको परिचय<br>• इलम प्रशिक्षण केन्द्र– ५<br>• सीप विकास तालिम केन्द्र<br>• घरेलु तथा साना उद्योग विभाग<br>• घरेलु तथा साना उद्योग विकास समिति | | ♦ व्यावसायिक तालिम र प्राविधिक शिक्षाको परिचय तथा महत्व<br>♦ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को परिचय<br>♦ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले संचालन गरेका कार्यक्रमहरूको किसिमको जानकारी परिचय<br>♦ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का कार्यक्रममा सहभागी हुन आवश्यक न्यूनतम योग्यता<br>♦ नेपाल सरकारका विभिन्न निकायबाट संचालित व्यावसायिक तालिमहरू<br>♦ विभिन्न कर्पोरेट संघ संस्थाबाट संचालित व्यावसायिक तालिमहरू | | • विश्व विद्यालयहरू र तिनका कार्यक्रमहरू<br>♦ मध्यम तथा उच्चस्तरीय प्राविधिक शिक्षा प्रदायक संस्थाहरूमको परिचय र कार्यक्रम<br>• विश्व विद्यालयहरू र तिनका कार्यक्रमहरू | |
| | पेसाको छनोट तथा योजनाप्रकृया | | | | | ♦ रूची, क्षमता र अवसरका आधारमा पेसाको क्षेत्र छनोट प्रकृया<br>♦ क्षेत्र छनोटअनुसार पेसाको योजना निर्माण प्रकृया | ५ |
| | रोजगारी सम्बन्धी सूचना | ♦ स्थानीय रोजगारसम्बन्धी सूचना प्राप्तिका स्रोतहरू<br>♦ सूचना प्राप्त गर्ने तरिका (सूचना पाटी, पर्चा, पम्पेट, पोष्टर, माइकिङ्ग, संस्थाको परिचय पुस्तिका (ब्रोसर), स्थानीय निकायमा कार्यरत व्यक्तिहरू, स्थानीय पत्रपत्रिका आदि) Brochure | ५ | ♦ क्षेत्रीय तथा राष्ट्रिय स्तरका रोजगारका सूचना प्राप्तिका स्रोतहरू<br>♦ सूचना प्राप्त गर्ने तरिका (सूचना पाटी, परिचय पुस्तिका, स्थानीय निकायमा कार्यरत व्यक्तिहरू, बेभसाइट, विभिन्न मिडियाहरू - पत्रपत्रिका, म्यागेजिन, रेडियो, टेलिभिजन) | ५ | ♦ वैदेशिक रोजगार सम्बन्धी सूचना प्राप्तिका स्रोतहरू<br>♦ सूचना प्राप्त गर्ने तरिका (सूचना पाटी, परिचय पुस्तिका, स्थानीय निकायमा कार्यरत व्यक्तिहरू, बेभसाइट, विभिन्न मिडियाहरू - पत्रपत्रिका, म्यागेजिन, रेडियो, टेलिभिजन)<br>♦ वैदेशिक रोजगारीका लागि आवश्यक आधारभूत जानकारी<br>♦ वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको परिचय र काम<br>♦ वैदेशिक रोजगारीका अवसर र चुनौतीको पहिचानका आवश्यक आधारभूत कुराहरू | ५ |
| २. व्यवसाय अभिमूखीकरण | सामान्य व्यावसायिक सीप (Soft Skills) | ♦ समान्य व्यावसायिक सीपको परिचय<br>♦ व्यावसायिक सीपको परिचय | ५ | ♦ तल लेखिएका सीपको प्रदर्शन<br>• व्यवस्थित सोचाइ<br>• रचनात्मक सीप | ५ | ♦ तल लेखिएका सीपको प्रदर्शन<br>• निर्णय गर्ने सीप<br>• समस्या समाधान सीप | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ♦ तल लेखिएका सीपको प्रदर्शन<br>• सञ्चारसीप<br>• समूहकार्य सीप<br>• अन्तर वैयक्तिक सीप | | • नेतृत्व सीप | | • विश्लेषण सीप | |
| | व्यवसाय | ♦ व्यवसायको परिचय तथा महत्व<br>♦ नेपालका केही परम्परागत व्यवसायहरूको खोजपूर्ण जानकारी<br>• कृषिमा आधारित<br>• गैरकृषिमा आधारित<br>♦ स्थानीय स्तरमा संचालित साना व्यवसायको खोजपूर्ण जानकारी | ५ | ♦ पूँजीका आधारमा व्यवसायका परिचय, महत्व र किसिम (साना, मझौला तथा ठूला)<br>♦ कामका आधारमा व्यवसायका परिचय, महत्व र किसिम (सेवामूलक र उत्पादनमूलक)<br>♦ स्थानीय स्तरमा संचालन हुन सक्ने संभाव्य व्यवसायको खोज गर्ने तरिका<br>♦ साना व्यवसाय संचालनका लागि योजना निर्माण गर्न आवश्यकका आधारभूत तत्वहरू<br>♦ साना व्यवसाय सञ्चालन तथा व्यवस्थापन गर्ने तरिका | ५ | ♦ व्यवसाय सचालनमा ध्यान दिनु पर्ने कुराहरू (छनोट प्रकृया, वातावरण संरक्षण, प्रभाव मूल्याङ्कन र दीगो विकास)<br>♦ उद्यमशील शिक्षाको परिचय तथा महत्व<br>♦ व्यवसाय संचालनको योजना (Scheme) को ढाँचा<br>♦ स्थानीयस्तरमा संचालित उद्योग वा व्यवसायमा संलग्न भइ प्रत्यक्ष अनुभव तथा सीपको जानकारी | १० |
| | व्यापार र बजार व्यवस्थापन | ♦ व्यापारको परिचय महत्व<br>♦ व्यापारको किसिम तथा पहुँच<br>♦ बिक्रेता सीपको परिचय र प्रदर्शन<br>♦ हाट बजार तथा बजारका रूपको वर्णन | ५ | ♦ व्यापार र व्यवसायको सम्बन्ध<br>♦ व्यापारको खोजी तथा सहकार्य सीप,<br>♦ व्यापारिक सीपमा आधुनिकीकरण/ नवीनता<br>♦ वस्तु तथा सेवाको नमूल्य निर्धारण प्रकिया<br>♦ कृषिजन्य व्यापारको खोजीका लागि सहकार्य सीप प्रदर्शन गर्न | ५ | ♦ बजार व्यवस्थापनको परिचय र महत्व<br>♦ बजार तथा उद्यमशीलताको सम्बन्ध<br>♦ सामग्री र सेवाको मूल्य निर्धारण, नाफा नोक्सानको हिसाबकिताब व्यवस्थापन<br>♦ विश्व व्यापार संगठनको अवधारणा र परिचय | ५ |
| | *तल दिइएका 'क' देखि 'ज' सम्मका एकाइहरूमध्ये कुनै चार ओटा एकाइ छनौट गर्नुपर्ने छ ।*<br><br>(क) तरकारी खेती | ♦ करेसाबारीको परिचय र महत्व<br>♦ करेसाबारीको छनोट र तयारी<br>♦ माटोको उर्वराशक्ति संरक्षणका तरीका<br>♦ सिंचाइ गर्ने तरिकाको पहिचान<br>♦ उपयुक्त माटो छनोट<br>♦ माटो र मौसम अनुसारको तरकारी छनौट<br>♦ बिउ छनौट<br>♦ ब्याडको निर्माण र बेर्नाको हेरचाह<br>♦ सिंचाइका तरिका पहिचान | २० | ♦ मौसमी र बेमौसमी तरकारी खेतीको परिचय<br>♦ प्रांगारिक मल बनाउने र प्रयोग गर्ने तरिका (भाडामा र बारीमा)<br>♦ थोपा सिंचाइको परिचय र प्रयोग<br>♦ करेसाबारीमा मौसम (season) अनुसार तरकारी खेती, हेरचाह, उत्पादन र भण्डारन<br>♦ तरकारी बालीमा लाग्ने रोग र कीराको पहिचान<br>♦ रोग कीराबाट संरक्षण गर्ने परम्परागत र तरिका | २० | ♦ कौसी/छतमा तरकारी खेती<br>♦ गड्यौला खेती<br>♦ अन्तरबारी तरकारी खेती<br>♦ तरकारीका लागि च्याउ खेती<br>♦ प्रांगारिक मलको प्रकार र प्रयोग<br>♦ मौसम (season) अनुसार तरकारी भण्डारण<br>♦ तरकारीका बीउ उत्पादन र भण्डारण<br>♦ अर्गानिक तरकारी उत्पादन, ढुवानी र बिक्री वितरण तथा हिसाबकिताब व्यवस्थापन<br>♦ रोग कीराबाट संरक्षण गर्ने आधुनिक तरिका | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ♦ प्रांगारिक मलको परिचय र प्रयोग | | ♦ प्रांगारिक मलका प्रकार | | ♦ तरकारी बजारको पहिचान<br>♦ साना परिमाणको तरकारीखेती (बेमौसमी) को योजनाको खाका निर्माण | |
| | (ख) फलफूल खेती | ♦ स्थानीय स्तरमा गरिने केही प्रमुख फलफूल खेतीको परिचय र महत्व<br>♦ हावापानी अनुसार गरिने फलफूल खेतीको पहिचान<br>♦ फलफूलका बोटको हेरचाह<br>♦ फलफूलका बेर्नाको हेरचाह (पानी, मल, गोडमेल)<br>♦ फलफूलमा लाग्ने रोग र किराको पहिचान । | २० | ♦ फलफूलको नर्सरीको परिचय र महत्व<br>♦ स्थानीय र उन्नतजातका प्रमुख फलफूलको पहिचान<br>♦ फल टिप्ने समय र तरिका बताउन<br>♦ फलफूल (आँप, सुन्तला, केरा, स्याउ र नास्पति) को संरक्षण गर्ने तरिका<br>♦ फलफूलका प्याकेजिङ्ग, भण्डारण र ढुवानी गर्ने स्थानीय तरिका<br>♦ फलफूल टिप्ने साधारण सामान निर्माण<br>♦ फलफूलमा लाग्ने रोग र कीराको परम्परागत रोकथाम | २० | ♦ फलफूलको बीउ (Seed) वानस्पतिक प्रजनन (कटिङ्ग, ग्राफ्टिङ्ग, बिडिङ्ग)<br>♦ फलफूलको बिरूवाको कांटछाट<br>♦ फलको शुन्य तापक्रम वा सोलार भण्डारण गर्ने तरिका<br>♦ साना परिमाणका फलफूल खेतीको योजनाको खाका निर्माण | २० |
| | (ग) सुख्खा तरकारी, फलफूल तथा खाद्य सामग्री तयारी | ♦ सुख्खा (Dry) तरकारी बनाउने तरिका:<br>• बफाएर सुकाउने<br>• भुजिया वा चाना बनाएर सुकाउने<br>• हावा वा रापमा सुकाउने<br>• अन्य स्थानीय तरिकाले सुकाउने<br>♦ औजारको परिचय र प्रयोग<br>♦ सुरक्षाका उपायहरू<br>♦ सुख्खा तरकारी र फलफूलको तयारी -चाना, सुकुटी गुन्द्रुक उत्पादन आदि)<br>♦ तयार गरिएका सुख्खा तरकारी र फलफूलको सुरक्षित भण्डारण<br>♦ स्थानीयस्तरमा उत्पादन वा प्रशोधन गरिने खाद्य सामग्रीको पहिचान<br>♦ खाद्य सामग्रीको उत्पादन वा प्रशोधन गर्न आवश्यक पर्ने औजार र सामानको पहिचान, | ४० | ♦ सुख्खा तरकारी उत्पादन<br>♦ सुख्खा तरकारी प्रशोधन, प्याकेजिङ र भण्डारण<br>• जमीन मुनि गाडेर<br>• परालले बेरेर /बोरा वा पातले छोपेर<br>• स्थानीय प्रविधिको प्रयोग गरेर<br>♦ फलफूलको चाना वा सुकुटी उत्पादन<br>♦ फलफूलको चाना वा सुकुटी प्रशोधन, प्याकेजिङ र भण्डारण<br>• जमीन मुनि गाडेर<br>• परालले बेरेर /बोरा वा पातले छोपेर<br>• स्थानीय प्रविधिको प्रयोग गरेर<br>♦ रेसिपीको परिचय र महत्व<br>♦ रेसिपीको अध्ययन गर्ने तरिका<br>♦ अचार, चुक, तोफु, जुस उत्पादन<br>♦ उत्पादित अचार, चुक, तोफु, जुसको प्रशोधन र सुरक्षित भण्डारण | ४० | ♦ सुख्खा तरकारी तथा फलफूलको प्रयोग<br>♦ सुख्खा तरकारी तथा फलफूल महत्व<br>♦ सुख्खा तरकारी बिक्री वितरण तथा हिसाबकिताब व्यवस्थापन<br>♦ बजार पहिचान<br>♦ साना परिमाणको सुख्खा तरकारी तथा फलफूल तयारी योजनाको खाका निर्माण<br>♦ रेसिपी अनुसार खाद्य परिकार तयारी<br>♦ चप, पकौडा, पाउरोटी, डुनोट, समौसा केक, जाम, र स्थानीय रोटी उत्पादन, प्रशोधन, प्याकेजिङ, बिक्री वितरण<br>♦ साना परिमाणको खाद्य सामग्री तयारी योजनाको खाका निर्माण<br>♦ बजार व्यवस्थापन<br>♦ हिसाबकिताब व्यवस्थापन । | ४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिचय प्रयोग र महत्व<br>♦ बेसार, सुठो, मस्यौरा र तितौरा उत्पादन र प्रशोधन<br>♦ स्थानीयस्तरमा उत्पादन हुने खाद्य सामग्री उत्पादन र प्रशोधन<br>♦ उत्पादित वा प्रशोधित खाद्य सामग्री प्याकेजिङ र भण्डारण<br>♦ हिसाबकिताब व्यवस्थापन । | | ♦ दुधका विभिन्न परिकारहरू (दुध, दही, घिउ, छुर्पी, खुवा, चीज) उत्पादन<br>♦ हिसाबकिताब व्यवस्थापन । | | | |
| | (घ) फूल तथा जडीबुटी खेती | ♦ स्थानीयस्तरमा पाइने फूलको पहिचान र प्रकार<br>♦ मौसमअनुसार फूल खेतीको पहिचान<br>♦ फूलको बीउ र बेर्नाको छनोट<br>♦ फूलको ब्याड तयारी<br>♦ बेर्नाको हेरविचार<br>♦ मलको पहिचान र प्रयोग<br>♦ फूलको विरूवाको हेरचाह<br>♦ फूलबाट विभिन्न सजावट<br>♦ हिसाबकिताब व्यवस्थापन ।<br>♦ जडीबुटीको परिचय र महत्व<br>♦ स्थानीय जडीबुटीको पहिचान<br>♦ स्थानीय जडीबुटीको उपयोगिता वर्णन<br>♦ स्थानीय जडीबुटीको संकलन र<br>♦ स्थानीय जडीबुटीको संरक्षणका उपायहरू<br>♦ जडीबुटीको धरायसी प्रयोग<br>♦ विक्री वितरण र हिसाबकिताब व्यवस्थापन । | ४० | ♦ गमला/प्लास्टिकमा फूल खेती<br>♦ गमला/प्लास्टिकमा रोप्ने फूलको विउ र वेर्नाका सङ्कलन र छनोट<br>♦ बीउबाट बेर्ना तयारी<br>♦ फूलको हेरविचार (गोडमेल र काँटछाट र सिचाई)<br>♦ फूल टिप्ने र भण्डार गर्ने तरिका<br>♦ फूलबाट सजावट: फूलबाट माला/गुच्छा तयारी<br>♦ हिसाबकिताब व्यवस्थापन ।<br>♦ जडीबुटीको किसिम<br>♦ जडीबुटीको रूपमा प्रयोग हुने महत्वपूर्ण भागहरूको पहिचान<br>♦ जडीबुटीको रूपमा प्रयोग हुने महत्वपूर्ण भागहरूको सङ्कलन गर्ने समय<br>♦ सङ्कलन गरिएका जडीबुटीको भण्डारण र संरक्षण<br>♦ जडीबुटी स्थानीय रूपमा प्रशोधन र प्रयोग<br>♦ विक्री वितरण र हिसाबकिताब व्यवस्थापन | ४० | ♦ फूलबारी निर्माणका लागि स्थानको छनोट र निर्माण<br>♦ फूलको प्रसारण (ग्राफ्टिङ, कटिङ)<br>♦ बीउ उत्पादन, संरक्षण र भण्डारण<br>♦ फूलबाट सजावट उपहारका सामग्रीहरू<br>♦ र हिसाबकिताब व्यवस्थापन<br>♦ साना परिमाणको फूलखेती योजनाको खाका निर्माण<br>♦ उत्पादनको बिक्रीवितरण हिसाबकिताब व्यवस्थापन ।<br>♦ जडीबुटी प्रयोग हुने क्षेत्रहरू<br>• औषधी<br>• श्रृंगार सामान<br>• उद्योग धन्धा<br>♦ जडीबुटीको प्याकेजिङ्<br>♦ साना परिमाणको जडिबुटी प्रशोधन योजनाको खाका निर्माण<br>♦ विक्री वितरण र हिसाबकिताब व्यवस्थापन । | ४० |
| | (ङ) पशुपंक्षी स्याहार र हेरचाह | क) भेडा/बाखा/च्याङ्ग्रा<br>ख) गाई/ भैंसी /चौंरी<br>ग) कुखुरा/हाँस<br>घ) बंगुर<br>ङ) माछा<br>च) मौरीपालन<br>**नोट:** क देखि च मध्ये कुनै एक मात्र छनोट गरी तिनका वारेमा तलका कुराहरू अध्यापन गर्ने | २० | क) भेडा/बाखा/च्याङ्ग्रा<br>ख) गाई/ भैंसी /चौंरी<br>ग) कुखुरा/हाँस<br>घ) बंगुर<br>ङ) माछा<br>च) मौरीपालन<br>**नोट:** क देखि च मध्ये कुनै एक मात्र छनोट गरी तिनका वारेमा तलका कुराहरू अध्यापन गर्ने | २० | क) भेडा/बाखा/च्याङ्ग्रा<br>ख) गाई/ भैंसी /चौंरी /खरायो<br>ग) कुखुरा/हाँस<br>घ) बंगुर<br>ङ) माछा<br>च) मौरीपालन<br>**नोट:** क देखि च मध्ये कुनै एक मात्र छनोट गरी तिनका वारेमा तलका कुराहरू अध्यापन गर्ने | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ♦ स्थानीय र उन्नतजातको पहिचान<br>♦ वासस्थानको परिचय र व्यवस्थापनका तरिका (बच्चा र वयस्क)<br>♦ आहार र चरन<br>♦ खोर/गोठ/पोखरी/घार/पोखरी व्यवस्थापन<br>♦ सामान्य रोगहरूको पहिचान । | | ♦ सन्तुलित आहार र चरनको व्यवस्थापन<br>♦ स्थानीय वस्तुबाट सन्तुलित आहार निर्माण<br>♦ प्रजनन र व्यवस्थापन<br>♦ उत्पादित वस्तुहरूको व्यवस्थापन<br>♦ पालिएका पशुपन्छीमा लाग्ने रोगहरूको लक्षण, चिन्ह र रोकथामका उपायहरू । | | ♦ चरनको संरक्षण<br>♦ रोगहरूको पहिचान र उपचारका तरिकाहरू<br>♦ उत्पादन गर्न सकिने वस्तुहरू<br>♦ उत्पादित विभिन्न वस्तुहरूको गुणस्तर नियन्त्रण तथा भण्डारण गर्ने तरिका<br>♦ उत्पादित वस्तु संरक्षण, प्याकेजिङ र ढुवानी<br>♦ उत्पादन हुने वस्तुको बजार व्यवस्थापन<br>♦ साना परिमाणको पशु र पंक्षी पालनको योजनाको खाका निर्माण | |
| | (च) सिल्पकला | ♦ कागजको सामान निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरू<br>♦ कागजको सामान निर्माण गर्ने औजारको परिचय, प्रकार, प्रयोग र सुरक्षा<br>♦ खाम, फाइल, शुभकामना कार्ड आदि निर्माण<br>♦ कागतबाट उपहार सजावट<br>♦ बेतबाँस/पराल/छवाली/बाबियो / प्लाष्टिकको काम गर्दा आवश्यक पर्ने औजारको पहिचान र सुरक्षित प्रयोग<br>♦ बेतबाँस/पराल/छवाली/बाबियो / प्लाष्टिकको काम गर्दा आवश्यक पर्ने सामानको प्रयोग र प्रदर्शन<br>♦ खेर गएको वस्तुको पुन: प्रयोग गरी खेलौना वा अन्य सामग्री निर्माण<br>♦ विक्रीवितरण र हिसाबकिताब | २० | ♦ कागजबाट थुङ्गा, रंगीन शुभकामना कार्ड, चङ्गा, न्यापकिन निर्माण<br>♦ बेतबाँस/ पराल/ छ्वाली/बाबियो आदिबाट कमलदानी, फूलदानी र पंखा आदि सामग्री निर्माण<br>♦ खेर गएको वस्तुको पुन: प्रयोग गरी सामग्री निर्माण<br>♦ काठ तथा ढुंगामा साधारण कुँदाइ गर्ने औजारको परिचय र प्रयोग<br>♦ कुँदाइ गर्न उपयुक्त काठ र ढुङ्गाको पहिचान र त्यसको महत्व<br>♦ काठ तथा ढुंगामा साधारण कुँदाइ<br>♦ निर्माण गरिएका वा कुँदिउका सामान रंगाउने काम<br>♦ विक्रीवितरण र हिसाबकिताब | २० | ♦ कागजका ठूला थुङ्गा, तुल, निमन्त्रणा कार्ड, चङ्गा, निर्माण र बिक्री वितरण ।<br>♦ बेतबाँस/ पराल/ छ्वाली/ बाबियो आदिबाट ढक्की, मान्द्रो निर्माण र बिक्री वितरण<br>♦ खेर गएको वस्तुको पुन:प्रयोग गरी सामग्री निर्माण र बिक्री<br>♦ काठ तथा ढुंगामा कुँदाइ<br>♦ वस्तु रंगाउने तथा टल्काउने<br>♦ साना परिमाणको शिल्पकला सम्बन्धी योजनाको खाका निर्माण<br>♦ विक्रीवितरण र हिसाबकिताब | २० |
| | (छ) माटोको काम | ♦ सामान निर्माण गर्न उपयुक्त माटोको पहिचान<br>♦ माटोको सामान बनाउदा ध्यान दिनुपर्ने कुराहरूको वर्णन<br>♦ माटोको काम गर्दा आवश्यक पर्ने औजारको परिचय र सुरक्षित प्रयोग | २० | ♦ व्यावसायिक रुपमा माटोका सामान निर्माणको परिचय<br>♦ माटोबाट विभिन्न ज्यामितीय आकार निर्माण<br>♦ फलफूल, घरायसी सामान निर्माण<br>♦ सेरामिकको परिचय र महत्व<br>♦ बजार व्यवस्थापन | २० | ♦ फूलदानी, जनावर आदि निर्माण<br>♦ सेरामिक सामग्री निर्माण<br>♦ रङ्गाउने रङ्गको परिचय र प्रयोग<br>♦ साना परिमाणको माटोका कामको योजनाको खाका निर्माण<br>♦ उत्पादित सामानहरूको विक्रीवितरण र हिसाबकिताब | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ♦ सुरक्षित तरिकाले माटो मुछ्ने र मुछेको माटोको संरक्षण गर्ने तरिका<br>♦ माटोबाट विभिन्न आकारका सामग्री निर्माण<br>♦ उत्पादित सामग्री सुकाउने तरिका<br>♦ रङ्गाउने रङ्गको परिचय र प्रयोग<br>♦ बिक्रीवितरण र हिसाबकिताब | | ♦ रङ्गाउने रङ्गको परिचय र प्रयोग<br>♦ बिक्रीवितरण र हिसाबकिताब | | | |
| | (ज) सिलाइ बुनाइ | ♦ सिलाइको परिचय<br>♦ सिलाइका सामान (Tools) को पहिचान र सुरक्षित प्रयोग<br>♦ कच्चा टाँका, सरसरी सिउने टाँका र खुट्ने टाँका (Hemming) लगाई साधारण सिलाई (basic stitches)<br>♦ फ्रेब्रिक पेन्टिङ्गको परिचय र महत्व<br>♦ फ्रेबिक पेन्टिङ्ग गरी हाते रूमाल निर्माण | २० | ♦ सजावटीको सिलाइ टाँकाको परिचय र प्रकार: क्रस टाँका, लेजीडेजी टाँका, साटिन टाँका, सिक्री टाँका, लाइ टाँका, ब्लाकेट टाँका<br>♦ रूमाल बनाउने तरिका<br>♦ हातको बुनाइको परिचय<br>♦ बुनाइको सामानको परिचय<br>♦ घर हाल्ने र सादा बुनाइ<br>♦ फ्रेबिक पेन्टिङग गरी टेबुल पोस, तकियाको खोल निर्माण<br>♦ बिक्रीवितरण र हिसाबकिताब | २० | ♦ सिलाइ मेसिनको परिचय र यसको प्रयोग (कागजमा अभ्यास)<br>♦ शरीरको नाप लिने तरिका<br>♦ ड्राफ्टिङ्ग परिचय र आवश्यकता<br>♦ टाँक लगाउने तरिका<br>♦ रफ्फु गर्ने/टाल्ने<br>♦ टोपी र गलबन्दी बुनाइ<br>♦ एप्रोनको कटाइ र सिलाइ<br>♦ साना परिमाणको सिलाइ बुनाइको योजनाको खाका निर्माण<br>♦ बिक्रीवितरण र हिसाबकिताब | २० |
| ३. प्रविधि शिक्षा | स्थानीय प्रविधि | ♦ स्थानीय प्रविधिको परिचय र महत्व<br>♦ स्थानीयस्तरमा प्रयोगमा आएका निम्नलिखित प्रविधिहरूको सामान्य परिचय र महत्व<br>• आरन, तुइन,<br>• ढिकी, जांतो<br>• स्थानीयस्तरमा प्रयोगमा आउने सामान्य उपकरणहरूको परिचय र प्रयोग<br>• स्थानीय कृषि औजार<br>• स्थानीय भान्साका औजार | १० | ♦ परम्परागत तथा आधुनिक प्रविधिको अन्तरसम्बन्ध<br>♦ दैनिक प्रयोगका उपकरणहरूको सुरक्षित प्रयोग<br>♦ केही परम्परागत प्रविधिका कार्य सिद्धान्तहरू: हलो, पानी घट्ट, कोल, पानी तान्ने ढिकी पम्प | १० | ♦ स्थानीय ज्ञान र प्रविधिको परिचय र महत्व<br>♦ परम्परागत प्रविधिको विकास घट्ट, -फ्लोर मिल<br>♦ फर्नेस (भट्टी) - डिस्टिलरी,<br>♦ हलो - ट्याक्टर<br>♦ चुलो - सुधारिएको चुलो<br>♦ वर्षाको पानी संरक्षण | १० |
| | आधुनिक प्रविधि | ♦ आधुनिक प्रविधिको परिचय र महत्व<br>♦ आधुनिक प्रविधिको आवश्यकता<br>♦ घरायसी प्रयोगका आधुनिक उपकरणहरूको (रेडियो, इस्त्री, | २५ | ♦ घरायसी प्रयोजनका लागि विद्युतको उपयोग (स्वीच, ज्वाइन्ट बक्स, सकेट, प्लग, वायर, भोल्ट गार्ड बल्ब, एमसिबि)घरायसी प्रयोगका आधुनिक उपकरणहरू (टेलिभिजन, | २५ | ♦ घरायसी प्रयोगका आधुनिक उपकरणहरू एसी, वासिङ मेसिन, गीजर, रेफ्रीजेरेटर, सोलर वत्ति, सोलर हिटर<br>♦ केही आधुनिक प्रविधि एवम् | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | हिटर, प्रेसर कुकर, राइस कुकर, फिल्टर, स्टोभ, ग्यास चुलो) पहिचान र सुरक्षित प्रयोग<br>♦ सूचना प्रविधिको परिचय र महत्व<br>♦ कम्प्युटरको सामान्य जानकारी र प्रयोग<br>♦ सूचनाको स्रोतको रूपमा कम्प्युटर, टेलिफोन, मोवाइल र यसको प्रयोग<br>♦ वैकल्पिक उर्जाको परिचय र महत्त्व | | ओभन, भ्याकुम क्लिनर, ग्रीन्डर, मिक्सचर (जुस बनाउने मेसिन)<br>♦ सञ्चार साधनका रूपमा कम्प्युटर (इमेल, इन्टरनेट, अनलाइन च्याट, भिडियो च्याट)<br>♦ वैकल्पिक उर्जा<br>• बायो ग्यास (गोवर ग्यास)<br>• हावा मिल<br>• ब्रिकेट (कोइला) | | उपकरणहरूको प्रयोग<br>• एटिएम<br>• एयरकण्डिसन (एसी)<br>• फोटोकपी, स्क्यानिङ्ग<br>• मल्टिमेडिया<br>• भिडियो मेल<br>♦ वैकल्पिक उर्जा<br>• सौर्य उर्जा<br>• साना जलविद्युत् (पेल्टिक सेट)<br>♦ सूचना आदानप्रदान गर्न इन्टरनेटको प्रयोग<br>♦ सूचना प्रविधि प्रयोगमा आचार संहिता | |

### पठनपाठन व्यवस्था

कक्षा ६-८ को पेसा, व्यवसाय र प्रविधि शिक्षा विषयको शिक्षण गर्नका लागि पाठ्यभार ५ निर्धारण गरिएको छ । वर्षभरिमा कम्तीमा १७५ घन्टी पढाइ हुनुपर्नेछ । जसमध्ये ५० प्रतिशत समय सैद्धान्तिक शिक्षण र ५० प्रतिशत समय प्रयोगात्मक शिक्षणका लागि छुट्याइएको छ । व्यवसाय अभिमुखीकरणमा दिइएका विषय क्षेत्र छनोट गर्दा यस अन्तर्गत दिइएका क्षेत्रहरूमध्ये स्थानीय स्तरमा सान्दर्भिक कुनै ४ ओटा क्षेत्रमात्र छनोट गर्नुपर्दछ ।

विभिन्न क्षेत्रअन्तर्गत शिक्षण क्रियाकलापको समय (घन्टी) विभाजन निम्नानुसार गरिएको छ :

| क्र.सं. | क्षेत्र | भार प्रतिशत | सैद्धान्तिक शिक्षण (घन्टी) | प्रयोगात्मक शिक्षण (घन्टी) |
|---|---|---|---|---|
| १ | पेसागत शिक्षा | २५ | ३० | १५ |
| २ | व्यवसाय अभिमुखीकरण | ५५ | ३७.५ | ५७.५ |
| ३ | प्रविधि शिक्षा | २० | २० | १५ |
| | जम्मा - | १००.०० | ८७.५ | ८७.५ |

### ५,सिकाइ सहजीकरण प्रक्रिया

पेसा, व्यवसाय र प्रविधि शिक्षा सम्बद्ध सहजीकरण क्रियाकलापहरू संचालन गर्दा विद्यार्थीहरूका पूर्वअनुभव, अवधारणा तथा रहनसहनमा ध्यान दिनुपर्दछ । यो प्रयोगात्मक विषय भएकाले प्रदर्शन, अवलोकन र उपयोगलाई विशेष प्राथमिकता दिनुपर्दछ। सैद्धान्तिक विषयवस्तुको प्रस्तुतिपछि विद्यार्थीहरूलाई यथासम्भव उदाहरण, स्थलगत अध्ययन भ्रमण एवम् प्रयोगात्मक कार्य गर्न लगाउनुपर्दछ । शिक्षणलाई प्रभावकारी र दिगो बनाउन सहजीकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । सहजिकरण प्रक्रियाले विद्यार्थीमा समझदारी, क्रियात्मक सोचाइ तथा प्रयोगात्मक सीप र अभिवृत्तिको विकास गर्दछ । त्यसैले कुनै एकाइका लागि विषयवस्तुको प्रकृति हेरेर खास शिक्षण विधि अपनाउनुपर्ने हुन्छ । सिकाइलाई बोधमा मात्र सीमित नराखी पूर्णता प्रदान गर्नका लागि पर्याप्त अवसर दिई सिर्जनात्मक प्रयोगका लागि स्थानान्तरण गर्न सक्ने अवस्थामा पुऱ्याउनुपर्छ । सहजीकरणको क्रममा विद्यालयमा उपलब्ध हुन नसक्ने सामग्री र तिनीहरूको प्रयोगका सम्बन्धमा सामुदायिक स्रोत र अभिभावकसंग सम्पर्क गर्नुपर्छ । यस्ता स्रोतहरूको प्रयोग गर्दा सम्बन्धित ठाउँमा नै लगेर तिनको प्रयोग र सञ्चालित क्रियाकलाप आवश्यकतानुसार प्रदर्शन गर्नुपर्छ । शिक्षकले कुनै पनि शिक्षण विधि अपनाउनुभन्दा पहिले निम्नलिखित कुरामा ध्यान दिनु राम्रो हुन्छ :

(क) विद्यार्थीको बुझ्ने क्षमता र परिपक्वता

(ख) आफूले रोजेका विधिहरूबाट अध्यापन सफल हुने विश्वास

(ग) सफलता प्राप्तिका लागि विद्यार्थीमा अभिरूचि जागरण

(घ) विद्यार्थीमा सिर्जनशील रूपमा विचार गर्ने र सहयोग गर्ने भावना

(ङ) विद्यार्थीमा लुकेको सिक्ने, गर्ने र बुझ्ने क्षमताको प्रस्फुरण

(च) स्थानीय स्तरमा उपलब्ध हुने साधन स्रोत

(छ) स्थानीय स्तरमा उपलब्ध हुने स्रोत व्यक्तिहरू

साथै पेसा, व्यवसाय र प्रविधि शिक्षा विषयको सहजीकरणमा निम्नलिखित शिक्षण विधिहरू प्रयोग गर्न सकिन्छ :

- छलफल
- प्रदर्शन
- प्रश्नोत्तर
- स्थलगत अध्ययन
- प्रयोगात्मक कार्य
- अवलोकन
- लघु परियोजना
- खोज विधि आदि ।

यी माथिका शिक्षण विधिहरू नमूना मात्र हुन् । विषयवस्तुको प्रकृति र परिस्थितिअनुसार अन्य विधिहरू पनि प्रयोग गर्नुपर्छ । स्थानीय परिवेस वातावरण र साधन स्रोतको उपलब्धता आदिका आधारमा उपर्युक्त बाहेकका अन्य शिक्षण विधि पनि अपनाउन सकिने छ । यो प्रयोगात्मक विषय भएकाले सम्बन्धित स्रोतव्यक्ति वा जानकारहरूलाई उपयोग गर्न सकिन्छ । दृष्टिविहीन विद्यार्थीहरूको हकमा digital accessible information system (DAISY) talks, mobile speak, jaws-screen Reading software दृष्टिवाचक जस्ता बोल्ने Software हरू र बहिरा विद्यार्थीहरूको हकमा 3G mobile जस्ता visual software हरूको जानकारी दिनुपर्ने छ ।

**प्रयोगात्मक कार्य**

यो प्रयोजनका लागि कुल पाठ्यघन्टीको ५० प्रतिशत समय दिनु अनिवार्य छ । कक्षाभित्र, कार्यशालामा वा स्थलगत परियोजना कार्य समेतमा दिइएको समयलाई प्रयोगात्मक भारभित्र लिन सकिने छ । प्रयोगात्मक कार्यका लागि स्थानीय स्तरमा उपलब्ध हुने स्रोत ब्यक्तिहरूको समेत सहयोग लिनु पर्नेछ ।

## ६, विद्यार्थी मूल्याङ्कन प्रक्रिया

पेसा, व्यवसाय र प्रविधि शिक्षा विषयको सिकाइउपलब्धि मूल्याङ्कनका लागि सैद्धान्तिक परीक्षा र प्रयोगात्मक परीक्षाको व्यवस्था गरिएको छ । सैद्धान्तिक पक्षको मूल्याङ्कनका लागि कक्षामा विद्यार्थीहरूको विषयगत छलफलमा सहभागिता, गृहकार्य, प्रश्नोत्तर, प्रयोगात्मक क्रियाकलापहरूमा सहभागिता, प्रयोगात्मक क्रियाकलापका अभिलेखहरू र विभिन्न किसिमका परीक्षाहरू आदिको प्रयोग

गर्नुपर्छ । यस विषयमा ५० पूर्णाङ्कको सैद्धान्तिक परीक्षा र ५० पूर्णाङ्ककै प्रयोगात्मक परीक्षा हुनेछ । कक्षा ६ र ७ मा ४०% निरन्तर विद्यार्थी मूल्याङ्कन र ६०% आवधिक परीक्षाद्वारा विद्यार्थी लेखाजोखा गरिनेछ । कक्षा ८ को मूल्याङ्कन जिल्लास्तरीय रूपमा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको विशिष्टीकरण तालिका बमोजिम हुनेछ ।

५० पूर्णाङ्कको सैद्धान्तिक परीक्षाका लागि अङ्कभार निम्नानुसार विभाजन गरिएको छ :

| क्र.सं. | विषय क्षेत्र | अङ्कभार |
|---|---|---|
| १ | पेसागत शिक्षा | १५ |
| २ | व्यवसाय अभिमुखीकरण | २५ |
| ३ | प्रविधि | १० |
| | जम्मा - | ५० |

त्यसै गरी प्रयोगात्मक पक्षको मूल्याङ्कनका लागि निम्नानुसारका आधारहरू लिनुपर्दछ :

- सोधखोज गरी प्रतिवेदन प्रस्तुति
- प्रयोगात्मक कार्यको अभिलेख
- सामग्री निर्माण र प्रयोग
- लघु परियोजना कार्य (योजनाको खाका निर्माण)
- मौखिक परीक्षा

५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षाका लागि अङ्कभार निम्नानुसार विभाजन गरिएको छ :

| क्र.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | सोधखोज गरी प्रतिवेदन प्रस्तुति | १० |
| २. | प्रयोगात्मक कार्यको अभिलेख | ५ |
| ३. | सामग्री निर्माण र प्रयोग | २० |
| ४. | लघु परियोजना कार्य (योजनाको खाका निर्माण) | १० |
| ५. | मौखिक परीक्षा | ५ |
| जम्मा - | | ५० |

***द्रष्टव्य : सैद्धान्तिक परीक्षाको उत्तीर्णाङ्क २० र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क २० हुनेछ ।***

# विशिष्टीकरण तालिका
## पेसा, व्यवसाय र प्रविधि शिक्षा
(प्रयोगात्मक)

**कक्षा: ८**
**पूर्णाङ्क: ५०**
**समय: १ घण्टा ३० मिनेट**
**उत्तीर्णाङ्क: १६**

| विषय क्षेत्र | एकाइ | क्रियाकलाप | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|
| पेसागत शिक्षा | पेसागत शिक्षा | १ | ५ | |
| | रोजगारी, तालिम तथा शिक्षा | | | |
| | रोजगारी सम्वन्धी सूचना | १ | ५ | |
| व्यवसाय अभिमुखीकरण | सामान्य व्यावसायिक सीप | १ | ५ | |
| | व्यवसाय | | | |
| | क) तरकारी खेती | ५ | २५ | |
| | ख) फलफूल खेती | | | |
| | ग) सुख्खा तरकारी तथा फलफूल | | | |
| | घ) खाद्यवस्तु निर्माण | | | |
| | ङ) फलफूल खेती | | | |
| | च) जडीबुटी | | | |
| | (छ) पशुपंक्षी स्याहार र हेरचाह | | | |
| | ज) शिल्प कला | | | |
| | झ) माटोको काम | | | |
| | ञ) सिलाइ बुनाइ | | | |
| प्रविधि शिक्षा | स्थानीय प्रविधि | १ | ५ | |
| | आधुनिक प्रविधि | १ | ५ | |

## पेसा, व्यवसाय र प्रविधि शिक्षा
(सैध्दान्तिक)

**कक्षा: ८** | **पूर्णाङ्क: ५०**
**समय: १ घण्टा ३० मिनेट** | **उत्तीर्णाङ्क: १६**

| विषय क्षेत्र | एकाइ | प्रश्न संख्या | पूर्णाङ्क | ज्ञान | सीप | उच्च क्षमता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| पेसागत शिक्षा | पेसागत शिक्षा | १ | ५ | १ | | | |
| | रोजगारी, तालिम तथा शिक्षा | १ | ५ | | | १ | |
| | रोजगारी सम्वन्धी सूचना | १ | ५ | | १ | | |
| व्यवसाय अभिमुखीकरण | सामान्य व्यावसायिक सीप | १ | ५ | | १ | | |
| | व्यवसाय | | | | | | |
| | क) तरकारी खेती | ४ | २० | १ | २ | १ | |
| | ख) फलफूल खेती | | | | | | |
| | ग) सुख्खा तरकारी तथा फलफूल | | | | | | |
| | घ) खाद्यवस्तु निर्माण | | | | | | |
| | ङ) फलफूल खेती | | | | | | |
| | च) जडीबुटी | | | | | | |
| | (छ) पशुपंक्षी स्याहार र हेरचाह | | | | | | |
| | ज) शिल्प कला | | | | | | |
| | झ) माटोको काम | | | | | | |
| | ञ) सिलाइ बुनाइ | | | | | | |
| प्रविधि शिक्षा | स्थानीय प्रविधि | १ | ५ | १ | | | |
| | आधुनिक प्रविधि | १ | ५ | | १ | | |

# कम्प्युटर शिक्षा

## १. परिचय

कम्प्युटर शिक्षाले विद्यार्थीको ज्ञान, सिप र अनुभवको विकास गराउनुका साथै दैनिक जीवनमा आइपर्ने कार्यलाई कुशलतापूर्वक समाधान गरी सुखी एवम् स्तरीय बनाउन सहयोग पुऱ्याउँछ । यस शिक्षाले स्वावलम्बी, अर्थोपार्जन, स्वरोजगारी तथा रोजगारीका लागि आधारभूत सिपहरू हासिल गरी योग्य नागरिक तयार पारी राष्ट्र विकासमा टेवा पुऱ्याउँछ । यसका लागि प्रत्येक विद्यार्थीले आफ्नो वृत्ति विकासका लागि स्थानीयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका सूचना तथा प्रविधिको जानकारी प्रदान गर्दछ । वर्तमान भू-मण्डलीय परिस्थितिमा विश्वमा विकास भइरहेका अत्याधुनिक प्रविधिको पनि जानकारी गराउँछ । यस विषयको शिक्षाले संसारसँग परिचित हुने तथा त्यस क्षेत्रमा आवश्यक हुने साधारण सिपको विकास गर्न सहयोग पुऱ्याउछ । वर्तमान सूचना र प्रविधिको युगमा प्रविधिको सही उपयोग गर्न सक्षम बनाउनु पनि अति आवश्यक छ । यसर्थ संसारमा भइरहेका आधुनिक सूचना प्रविधिको विकासबारे परिचित तथा त्यसप्रति सकारात्मक भावना विकास गर्न विद्यार्थीहरूमा ज्ञान, सिप र अभिवृत्तिको विकास गराउने उद्देश्यले यस विषयलाई पाठ्यक्रमको आधारभूत तह (कक्षा ६, ७ र ८) मा ऐच्छिक विषयका रूपमा राखिएको हो । यस विषयमा ५० पूर्णाङ्कको सैद्धान्तिक र ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा हुने व्यवस्था रहने छ । यस विषयअन्तर्गत निम्न लिखित विषय क्षेत्र समावेश गरिएका छन् ।

१. कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा सिप
२. सूचना, सञ्चार तथा प्रविधि, नैतिकता तथा सूचना कानुन
३. नम्बर प्रणाली
४. कम्प्युटर ग्राफिक्स
५. कम्प्युटर प्रोग्रामिङ

## २.तहगत सक्षमताहरू

आधारभूत तह (कक्षा ६-८) को कम्प्युटर शिक्षा विषयको अध्ययनपश्चात् विद्यार्थीहरू निम्न लिखित कुराहरूमा सक्षम हुने छन् :

१. कम्प्युटर प्रणालीसँग सम्बन्धित साधनहरूको समुचित, सुरक्षित रूपल प्रयोग (operate )

२. कम्प्युटरको प्रयोग गरी सूचनाको भूमिका पत्ता लगाउन (locate), छनोट (select) र व्यवस्थापन (manage)
३. कम्प्युटर प्रणालीको माध्यमबाट विचारहरूको अभिव्यक्ति गर्न र सूचनाको आदानप्रदान
४. कम्प्युटर शिक्षालाई प्रयोग गरी जीवनसँग जोडेर लैजाने बानीको विकास
५. कम्प्युटर प्रयोग गरी विचारहरूको सिर्जना गर्न, समस्या समाधान गर्न र निचोड
६. आधुनिक प्रविधिका बारेमा जानकारी हासिल गरी आधुनिकीकरण गर्ने सोचतर्फ उन्मुखता
७. आधुनिक सूचना प्रविधिमा प्रयोग हुने गरेका साधन स्रोतहरूका बारे जानकारी लिई उचित उपयोग
८. कम्प्युटर प्रविधिको प्रयोग गरी व्यक्तिगत, सामाजिक, शासकीय तथा विद्युतीय सरकार (e-governance ) को महत्व बुझी सोको उचित प्रयोग गर्न उन्मुखता ।

**३.कक्षागत सिकाइ उपलब्धि**

**कक्षा ६**

१. कम्प्युटर सम्बन्धी ज्ञानकारी लिई त्यसको प्रयोग गर्न
२. कम्प्युटरका हार्डवेयर तथा सफ्टवेयरबारे परिचित भई सो को उचित प्रयोग गर्न
३. कम्प्युटरको प्रयोग गरी चित्र बनाउन
४. कम्प्युटरमा प्रयोग हुने विभिन्न प्रकारका सहायक डिभाइसहरूका बारे परिचित भई प्रयोग गर्न
५. कम्प्युटरमा वर्ड प्रोसेसिङ र स्प्रेडसिटका बारे परिचित भई सो प्रोग्राममा विभिन्न कार्य गर्न
६. प्रेजेन्टेसन प्याकेजको ज्ञान लिई विषयवस्तु प्रदर्शन गर्न
७. इन्टरनेटबारे परिचित भई सो को उचित प्रयोग गर्न
८. मल्टिमिडियाबारे जानकारी लिन र दिन
९. सूचना, सञ्चार तथा प्रविधिबारे परिचित भई उचित प्रयोग गर्न
१०. कम्प्युटर भाइसका बारे जानकारी लिन र दिन
११. कम्प्युटर प्रयोग गर्दा नैतिकताबारे जानकारी लिई सोको पालना गर्न ।

**कक्षा ७**

१. कम्प्युटरको इतिहासबारे जानकारी लिन तथा दिन
२. कम्प्युटरका प्रकारबारे जानकारी लिन तथा दिन

३. कम्प्युटरको अपरेटिङ प्रणालीबारे परिचित भई प्रयोग गर्न
४. सफ्टवेयर तथा हार्डवेयरबारे ज्ञान लिई उचित प्रयोग गर्न
५. वर्ड प्रोसेसिङमा डकुमेन्टहरू तयार पार्न
६. स्प्रेडसिट प्रोग्राममा सूचना (data) लाई ग्राफमा प्रयोग गर्न
७. प्रेजेन्टेसन प्याकेजको उचित प्रयोग गरी विभिन्न विषयवस्तु प्रदर्शन गर्न
८. मल्टिमिडियाको ज्ञान लिई सोको प्रयोग गरी आफूलाई आवश्यक पर्ने शैक्षिक सामग्री बनाउन
९. नेटवर्कका बारे ज्ञान लिन विभिन्न कार्य गर्न
१०. कम्प्युटरका आधारभूत ज्ञान तथा सिपको आर्जन गरी उच्च शिक्षा प्राप्तितर्फ उन्मुख हुन
११. कम्प्युटर प्रोग्रामबारे जानकारी लिई सोको प्रयोग गर्न
१२. इन्टरनेटबारे जानकारी लिई यसबाट विभिन्न सेवा तथा उपयोग गर्न
१३. कम्प्युटर भाइरसबारे ज्ञान लिई यसबाट बच्न
१४. कम्प्युटरको प्रयोग नैतिकताबारे ज्ञान लिई यसको पालना गर्न ।

**कक्षा ८**

१. कम्प्युटरको विकास क्रम तथा कम्प्युटरका पुस्ताबारे जानकारी लिन तथा दिन
२. कम्प्युटरको प्रकारबारे जानकारी लिन तथा बताउन
३. व्यावहारिक रूपमा प्रयोगमा आउने कम्प्युटरीय ज्ञान तथा सिपहरूको सही र सुरक्षित तवरले प्रयोग गर्न
४. सूचना, सञ्चार तथा प्रविधिबारे प्रस्ट रूपले धारणा बताउन
५. सूचना प्रविधि र कानुनबारे जानकारी लिई सोको सदुपयोग गर्न
६. कम्प्युटर अपरेटिङ सिस्टमबारे जानकारी लिन तथा विभिन्न प्रकारका अपरेटिङ सिस्टमहरूको कार्य प्रणालीबारे जानकारी लिन तथा दिन
७. सफ्टवेयरको परिचय तथा विभिन्न प्रकारका सफ्टवेयरबारे ज्ञान लिई प्रयोग गर्न
८. अपरेटिङ सिस्टमका मुख्य-मुख्य एप्लिकेसनहरूबारे जानकारी लिई प्रयोग गर्न
९. एक्सेल प्रोग्रामका मुख्य-मुख्य कार्यहरूको ज्ञान लिई सूचना (data) लाई प्रयोग गरी विभिन्न ग्राफ तयार गर्न
१०. प्रेजेन्टेसन प्याकेजको प्रयोग गरी रचनात्मक तथा सिर्जनात्मक रूपमा प्रदर्शन गर्न

११. विभिन्न प्रकारका कम्प्युटर ग्राफिक्स सफ्टवेयरका बारेमा जानकारी लिई प्रभावकारी रूपमा प्रयोग गर्न
१२. सूचना सञ्जाल (network) को प्रयोग गरी विभिन्न सूचनाहरू लिन तथा दिन र सूचना सञ्चार वा प्रवाह गर्न
१३. राष्ट्रिय तथा अन्तर्राष्ट्रियमा विकास भइरहेका प्रविधिको जानकारी लिन र दिन
१४. इन्टरनेटबारे जानकारी लिई विभिन्न प्रकारका शैक्षिक सामग्री तथा अन्य सामग्रीहरूको सङ्कलन गर्न
१५. कम्प्युटर प्रोग्रामिङबारे आधारभूत ज्ञान तथा सिप प्रयोग गर्न
१६. कम्प्युटरमा प्रयोग हुने नम्बर प्रणालीबारे परिचित भई साधारण गणितीय कार्य गर्न
१७. इन्टरनेटमा प्रयोग हुने वेवसाइटबारे जानकारी लिन तथा वेवसाइट निर्माण प्रक्रियाको ज्ञान लिई साधारण वेवसाइट बनाउन
१८. कम्प्युटर सञ्चालन गर्दा अपनाइने कम्प्युटर सम्बन्धी नैतिकता तथा साइवर कानुनबारे ज्ञान लिन तथा दिन
१९. कम्प्युटरमा लाग्ने भाइसरबारे ज्ञान लिई त्यसको समाधान गर्न
२०. कम्प्युटरमा प्रयोग हुने विभिन्न प्रकारका सफ्टवेर सम्बन्धी ज्ञान लिई प्रयोग गर्न ।

## ४. क्षेत्र तथा क्रम

### Grade 6

1. **Fundamental Knowledge and Skill of Computer**
    - Introduction of computer
    - Introduction of Hardware
    - Introduction of Software
    - Input and output devices
    - Storage Devices
    - Basic Introduction of Operating System
    - Typing Tutor
    - Introduction of word Processing
    - Introduction of Spread sheet
    - Introduction of Presentation package

2. **ICT, Ethics and Cyber Laws**
   - Introduction of ICT and its usages
   - Computer Ethics
   - Introduction of computer virus
   - Introduction of Internet
   - Browsing Websites

3. **Computer Graphics**
   - Drawing Tools
   - Introduction of multimedia

**Grade 7**

1. **Fundamental Knowledge and Skill of Computer**
   - History of computer
   - Generation of Computer
   - Types of computer
   - Types of Software
   - Introduction of Operating system
   - Concept of file, folder and directory
   - Features of Word processor
   - Features of Spread Sheet
   - Different presentation
2. **ICT, Ethics and Cyber Laws**
   - Cyber Ethics
   - Introduction of Computer network
   - ICT tools and its usages
   - Introduction of Website, Internet and email
   - Search educational materials through Web
   - Computer virus and its remedy
3. **Number System**
   - Concept of Number system
   - Binary,decimal number system
   - Conversion

4. **Computer Graphics**
   - Concept of Computer Graphics
   - Basic concept of multimedia and its usages
5. **Concept of Computer Programming**
   - Introduction of Algorithm and flowchart
   - Concept of program design tools

## Grade 8

1. **Fundamental Knowledge and Skill of Computer**
   - History of computer Development
   - Generation of Computer
   - Types of computer
   - Introduction of software and applications
   - Different types of Operating System
   - Advance features of Word Processor
   - Advance features of Spread Sheet
   - Advance features of presentation
2. **ICT, Ethics and Cyber Laws**
   - Concept ICT technology
   - Computer Ethics and cyber law
   - Computer virus
   - Introduction of Web design
   - Introduction of data communication and Network
   - Search educational materials through Web
3. **Number System**
   - Decimal to Binary and Vice versa
   - Binary calculation
4. **Computer Graphics**
   - Introduction of Computer Graphics
   - Create multimedia document
   - Usages of Computer Graphics in various field
5. **Concept of Computer Programming**
   - Basic concept of computer programming
   - Simple programs based on pseudo code

CDC

## विषयवस्तुको क्षेत्र तथा क्रम तालिका

| क्षेत्र | कक्षा ६ | घन्टी | कक्षा ७ | घन्टी | कक्षा ८ | घन्टी |
|---|---|---|---|---|---|---|
| **Fundamental Knowledge and Skill of Computer** | • **Introduction of computer**<br>❖ Introduction of computer<br>❖ Features of computers<br>❖ Application Areas of computer<br>• **Introduction of Hardware**<br>❖ Introduction of Hardware<br>• **Introduction of Software**<br>❖ Introduction of Software<br>• **Input and output devices**<br>❖ Introduction of Input devices:<br>❖ Mouse, Keyboard, Scanner<br>❖ Introduction of | 95 | • **History of computer (in short)**<br>• **Generation of Computer (in short)**<br>• **Types of computer** (Analog, Digital and Hybrid computer)<br>• **Types of Software** (System software and Application software)<br>• **Introduction of Operating system**<br>❖ Introduction of Desktop, Icon and Taskbar<br>❖ Concept of file, folder and directory<br>• **Features of Word processor**<br>❖ Creating, editing, formatting and save document in Word Processor | 80 | • **History of computer Development**<br>• **Generation of Computer**<br>• **Types of computer**<br>❖ Analog, Digital and Hybrid<br>❖ Classification of Digital computer Super, Mainframe, Mini and Micro<br>• **Types of software and applications**<br>• **Types of Operating System**<br>❖ Based on Mode of user (Single user and Multi user OS)<br>❖ Based on user interface (CUI and GUI)<br>• **Advance features of Word Processor** | 60 |

CDC

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Output devices<br>❖ Monitor, Speaker and Printer.<br>• **Storage Devices**<br>❖ Introduction of Storage device<br>❖ Primary Storage devices<br>❖ Secondary Storage devices<br>• **Basic Introduction of Operating System**<br>❖ Introduction of Operating System.<br>❖ Common features of OS<br>❖ Starting and Shutting down the computer<br>❖ Introduction of desktop<br>• **Typing Tutor**<br>❖ Introduction of Typing Tutor<br>❖ English typing<br>❖ Nepali typing | | • **Features of Spread Sheet**<br>❖ Creating data in Spread Sheet<br>❖ Editing and formatting text in Spread Sheet<br>❖ Developing graphs and charts in Spread Sheet<br>❖ Simple calculation<br>• **Features of presentation**<br>❖ Create presentation document using Presentation Package<br>❖ Create slides having text and simple graphics. | | ❖ Creating, editing and formatting text<br>❖ Develop graphs and charts using Excel data<br>• **Advance features of Spread Sheet**<br>❖ Editing and formatting text in Spread Sheet<br>❖ Develop graphs and charts<br>❖ Basic calculation function of Spread Sheet(Sum(+), Min(-), Max(), Average(a) ,IF)<br>❖ Develop graphs and charts in Spread Sheet<br>• **Advance features of presentation**<br>❖ Layout design of Slides<br>–Fonts, Page layout, Effect | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • **Introduction of word Processing**<br>❖ Creating, editing, formatting, saving and printing document<br>• **Introduction of Spread sheet**<br>❖ Creating simple data in Spread sheet<br>❖ Save and Print<br>❖ Concept of basic calculation(+,-, x, ÷)<br>• **Introduction of Presentation package**<br>❖ Create simple presentation document<br>❖ Create simple slides having text.<br>❖ Formatting, designing and slide show<br>❖ Save | | | | ❖ Insert text and graphics or charts<br>❖ Insert new slide, delete | |
| **ICT, Ethics and Cyber Laws** | • **Introduction of ICT and its usages**<br>• **Computer Ethics**<br>• **Introduction of computer virus**<br>• **Introduction of Internet** | b\w5 | • **Cyber Ethics**<br>• **Computer virus and its remedy**<br>• **Introduction of Computer network**<br>• **ICT tools and its usages** | 20 | • **Concept of ICT**<br>• **Computer Ethics and cyber law**<br>• **Computer virus, remedy and protection**<br>• **Introduction of Web** | 35 |



CDC

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • **Browsing Websites** | | • **Introduction of Website, Internet and email**<br>• **Search educational materials through Web** | | **design**<br>❖ Introduction of web page, browser and hyperlinks<br>❖ Introduction of HTML<br>❖ Create Simple Web page using HTML (use basic tags and following tags: <P>,<B>,<U>,<I>,<SUP>,<SUB>,<HR>,<BR>,<FONT>,<H1…H6> ,<A> ,<MARQUEE> ,<ING><br>• **Introduction of data communication and Network**<br>❖ Introduction of data communication<br>❖ Introduction of computer network and its advantages<br>❖ LAN, MAN and WAN<br>• **Types of Nework**<br>• **Search educational materials through** | |

CDC

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | **Web** | |
| **Number System** | | | • **Concept of Number system**<br>❖ Binary, decimal number system<br>❖ Conversion: Binary to Decimal, Decimal to Binary | 10 | • **Decimal to Binary and Vice versa**<br>• **Binary calculation**<br>❖ Addition and multiplication | 7 |
| **Computer Graphics** | • **Drawing Tools**<br>❖ Introduction of Drawing tools<br>❖ Draw simple object using drawing tools<br>• **Introduction of multimedia** | 35 | • **Concept of Computer Graphics**<br>❖ Introduction of Photo editing<br>❖ Familiar with editing tools<br>❖ Introduction of Page Layout design<br>• **Basic concept of multimedia and its usages** | 55 | • **Introduction of Computer Graphics**<br>• **Create multimedia document**<br>• **Usages of Computer Graphics in various fields**<br>❖ Introduction of Photo Editing<br>❖ General concept of photo editing tools and usages<br>❖ Introduction and importance of Page Layout<br>❖ General concept of | b\w 0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | Page layout<br>❖ Common software for Page Layout | |
| **Concept of Computer Programmi-ng** | | | • **Concept of program design tools**<br>❖ Introduction of Algorithm<br>❖ Introduction of flowchart | 10 | • **Basic concept of computer** programming<br>❖ Computer program and programming<br>❖ Program design tools (Algorithm, Flowchart and Pseudo code)<br>❖ Simple program using Qbaisc(concept of variable and constant and program in sequence structure only: CLS, LET, PRINT, INPUT, END,REM) | 33 |
| **Total** | | **175** | | **175** | | **175** |

CDC

५ .सिकाइ सहजीकरण प्रक्रिया

कम्प्युटर शिक्षा प्रयोगात्मक विषय भएकाले यसमा समावेश भएका सम्पूर्ण विषयवस्तुहरू मुख्यत: प्रयोग सिद्धान्तमा आधारित छन् । यसका अलावा शिक्षण कार्यमा विभिन्न शिक्षण विधिहरू अपनाई सैद्धान्तिक तथा प्रयोगात्मक शिक्षण कार्यलाई अझ बढी प्रभावकारी बनाउन सकिन्छ । तल उल्लेख भएका विधिहरूलाई अपनाई शिक्षण कार्य गर्न सकिन्छ ।

- प्रश्नोत्तर तथा छलफल
- प्रदर्शन
- समस्या समाधान
- अभ्यास तथा प्रयोगात्मक
- परियोजन कार्य
- शैक्षिक भ्रमण

**परियोजना कार्य**

कम्प्युटर शिक्षा विषयलाई अझ बढी प्रभावकारी बनाउन विभिन्न परियोजना कार्य गर्न लगाएर पनि शिक्षण कार्यलाई प्रभावकारी बनाउन सकिन्छ ।

**Word Processing**

Create document/file, type, edit, formatting, print and Save in any folder

**Spread Sheet**

Create data, calculate  and develop graphs or chart

**Presentation Package**

Develop at least three slides and display

**Internet**

Search any educational material from Educational organisations Web site.

**Webpage**

Develop simple web page by using common HTML Tags.

**Computer Graphics**

Develop one page layout design in 180cm x2b\w0 cm. of Ab\w paper size.`

Develop one book cover design by using any graphic software.



CDC

६ . विद्‌यार्थी मूल्याङ्कन प्रक्रिया

यस तहमा आवधिक र  निरन्तर मूल्याङ्कन पद्धतिबाट विद्‌यार्थी मूल्याङ्कन गरिने छ । परीक्षाको हकमा सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षा प्रणाली अपनाएर गरिने छ । कक्षा ६ र ७ मा आवधिक परीक्षा (Summative) ६० प्रतिशत तथा ४० प्रतिशत निरन्तर मूल्याङ्कन प्रणालीबाट लिने व्यवस्था गरिएको छ । ४० प्रतिशतमा निरन्तर मूल्याङ्कन प्रणालीअन्तर्गत एकाइ र त्रैमासिक परीक्षामा क्रमश: १०% र ३०% मा गर्न सकिने छ । उक्त एकाइ र त्रैमासिक परीक्षाको मूल्याङ्कन प्रक्रियामा ५०%  सैद्धान्तिक र ५०% प्रयोगात्मक परीक्षामा लिन सकिन्छ ।

साथै कक्षा ८ मा पनि निरन्तर मूल्याङ्कन प्रणाली अपनाएर गर्न सकिने छ । तर आवधिक परीक्षाको रूपमा १०० पूर्णाङ्कलाई नै आधार मानी मूल्याङ्कन कार्य गर्न सकिन्छ । यसका अलावा यस कम्प्युटर शिक्षा विषयलाई प्रभावकारी तवरले मूल्याङ्कन गर्न निम्न लिखित विधिहरूलाई अपनाएर गर्न सकिन्छ ।

- प्रश्नोत्तर
- अवलोकन
- सहभागिता
- प्रयोगात्मक कार्य
- परियोजना कार्य

जिल्ला स्तरीय परीक्षा

कक्षा ८ को अन्त्यमा जिल्लास्तरीय परीक्षा सञ्चालन हुने व्यवस्थाअनुसार यस तहको अन्त्यमा ५० प्रतिशत अङ्कको सैद्धान्तिक परीक्षा तथा ५० प्रतिशत प्रयोगात्मक परीक्षा हुने व्यवस्था रहने छ । यस परीक्षामा विद्‌यार्थीले आफ्नो परियोजना प्रतिवेदन (project report) पनि संलग्न गर्नुपर्ने छ । २० प्रतिशत अङ्कको परियोजना कार्यको मूल्याङ्कन विद्‌यालय वा शिक्षकले गर्नुपर्ने छ । यस विषयमा पास हुनका लागि जम्मा ४० प्रतिशत अङ्क अनिवार्य रूपमा ल्याउनुपर्ने छ ।

CDC

**Specification Grid**

# Computer Education Class 8

**Full Mark : 50**

**Time : 1:30 Hours**

**Pass Mark : 20**

**Theory Part**

| S.N | Area | Topics | No. of Questions | Types of Questions | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | knowledge Base | Skill | Low Ability | High Ability |
| 1. | **Fundamental Knowledge & Skill Computer** | • Introduction of computer<br>• Introduction of Hardware<br>• Introduction of Software<br>• Input and output devices<br>• Storage Devices<br>• Introduction of word Processing<br>• Introduction of Spread sheet<br>• Introduction of Presentation package | b\w | 1 | 1 | 1 | 1 |
| 2. | **ICT, Ethics and Cyber Laws** | • Concept ICT technology<br>• Computer Ethics and cyber law | 2 | 1 | | 1 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • Computer virus, remedy and protection<br>• Introduction data communication and Network<br>• Introduction of Web design<br>• Use of Website, Internet and Email | | | | | |
| 3. | **Number system** | • Decimal to Binary and Vice versa<br>• Binary calculation : addition & Multiplication | 1 | | 1 | | |
| b\w. | **Computer Graphics** | • Introduction of Computer Graphics<br>• Usages of Computer Graphics in various field | 2 | 1 | 1 | | |
| 5. | **Concept of Computer Programming** | • Basic concept of computer programming | 1 | | | | 1 |
| **Total** | | | **10** | **3** | **3** | **2** | **2** |

**For Practical Exam** **Full Marks: 50**

**Time: 1.00 hrs.** **Pass Marks: 20**

| SN | Area | Topics | No. of questions | Marks |
|---|---|---|---|---|
| **1** | **Fundamental knowledge and Skill of Computer** | • Creating document by following instructions<br>• Create four different types of data and show in chart<br>• Insert given data according to instruction<br>• To create four Power Point slides and presentation | **1** | **25** |
| **2** | **Computer Graphics** | • Develop simple Web page using HTML Tags<br>• Develop four colour Book Design | **1** | **25** |

CDC

# संस्कृत

## १. परिचय

संस्कृत वाङ्मयको विश्वव्यापी महत्त्व छ । प्राचीनकालदेखि नै ज्ञान, विज्ञान, दर्शन, भाषा, साहित्य, कला आदि विषयको निरन्तर विकास र विस्तारमा यसको अतुलनीय योगदान पनि छ । संस्कृत संसारकै सर्वप्राचीन भाषा मानिन्छ । यसलाई शास्त्रीय भाषाका रूपमा लिइन्छ । यसमा आबद्ध भाषिक चिन्तन र प्रयोग अत्यन्त व्यवस्थित एवम् वैज्ञानिक छ । संस्कृतबाट संसारका अनेकौँ भाषाहरूको जन्म भएको तथ्य पनि भाषा वैज्ञानिकहरूद्वारा पुष्टि भइसकेको छ । अतः यस वाङ्मयमा निहित चरित्र निर्माणका प्रेरक प्रसङ्ग र भाषिक ज्ञान वर्तमान विद्यालयीय शिक्षामा बहुउपयोगी सिद्ध भइसकेकाले विद्यालय शिक्षाको साधारण धारतर्फ पनि संस्कृत शिक्षा अत्यावश्यक मानिएको हो ।

नेपालमा संस्कृत वाङ्मयको अध्ययन-अध्यापनको लामो परम्परा रहिआएको छ । हाम्रो भाषा, संस्कृति र सामाजिक, नैतिक एवम् मौलिक जीवनमूल्यको प्रमुख आधार संस्कृत वाङ्मय नै हो । नेपालमा प्रचलित प्रमुख भाषाको जननी पनि संस्कृत भाषालाई नै मानिन्छ । अतः सामाजिक एवम् नैतिक जीवनमूल्यको पालना र संरक्षण तथा कतिपय राष्ट्रभाषाहरूको अध्ययन र तिनमा भाषिक सीपको विकासका लागि पनि संस्कृतको अध्ययन-अध्यापन आवश्यक हुन्छ । बालबालिकालाई यस्तै जीवनोपयोगी विविध पक्षको परिचय दिई असल र योग्य नागरिक उत्पादन गर्ने उद्देश्यमा सहयोग पुऱ्याउन आधारभूत तहअन्तर्गतको कक्षा ६ - ८ स्थानीय विषय, मातृभाषा, कला विषयको सट्टामा १०० पूर्णाङ्कको संस्कृत विषय लिन पाउने व्यवस्था गरी यो विषयको पाठ्यक्रम तयार पारिएको हो ।

युगानुकूल, प्राविधिक र पारिभाषिक शब्दहरूको बोध गरी दक्ष जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउनु पनि यस पाठ्यक्रमको मौलिक पक्ष बनेको छ । यस पाठ्यक्रममा निर्दिष्ट विषयवस्तुले सामाजिक, नैतिक र चारित्रिक पक्षमा जोड दिने प्रयास गरेको छ भने व्याकरणगत पक्षले भाषाको सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता पक्षलाई विशेष जोड दिएको छ । चरित्र निर्माण र भाषिक दक्षताको विकासमा ध्यान दिनु यस पाठ्यक्रमको नवीनता बनेको छ । कक्षा ९-१० को भाषा विषयको पठनपाठनमा सरलता, मौलिकता तथा स्तरीयता कायम गर्न पनि यस पाठ्यक्रमले आधारभूमिको निर्माण गरेको छ ।

## २. तहगत सक्षमताहरू

यस तहको अन्तमा विद्यार्थीहरू निम्नलिखित सक्षमताहरू हासिल गर्न समर्थ छन् :

१. संस्कृत भाषा साहित्यका माध्यमबाट भाषिक अभिव्यक्ति कौशलका विकास गरी राष्ट्रभाषाहरूको ज्ञान र प्रयोग
२. संस्कृत भाषा र राष्ट्रभाषाहरूका बीच विद्यमान भाषिक मूल्यहरू पहिचान
३. पद्यात्मक भाषिक परम्पराको अनुसरण
४. सिकाइ र अभिव्यक्तिका लागि सरल, शुद्ध एवम् व्यावहारिक संस्कृत भाषाको प्रयोग

## ३. कक्षागत सिकाइ उपलब्धिहरू

**कक्षा : ६**

**श्रवण सीप**

१. भाषामा उच्चरित ध्वनिहरूलाई ठीकसँग सुन्न,

२. अन्य भाषाका ध्वनिको शुद्ध रूपमा श्रवण सीप बढाउन,

३. संस्कृतका शब्द, पद र वाक्य सुनी अन्य भाषामा पनि त्यसको प्रयोग गर्न,

४. निर्धारित संस्कृत शब्द तथा धातुहरूको रूपावली ध्यानपूर्वक सुन्न,

५. निर्धारित कथा, प्रबन्ध, जीवनी, चिठी र पद्य अर्थ बुझ्ने गरी ध्यानपूर्वक सुन्न,

६. संस्कृतमा गरिएको संवादमा आधारित सुनाइबाट श्रवण सीपको विकास गर्न ।

**कथन सीप**

१. आफूले अर्थ बुझेका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

२. सरल संस्कृत भाषामा प्रश्नोत्तर गर्न,

३. निर्धारित गद्य एवम् पद्यका आधारमा संस्कृत भाषामा शब्द भण्डार बढाउने गरी बोल्न र राष्ट्रभाषाका शब्दहरूको शब्द भण्डार बढाउन,

४. सरल संस्कृत भाषामा कुराकानी गर्न,

५. निर्धारित शब्द एवम् धातु रूपावली शुद्ध र स्पष्टसँग भन्न ।

**पठन सीप**

१. निर्धारित कथा, प्रबन्ध, संवाद, चिठी, जीवनी तथा पद्य सस्वर र मौनपठन गर्न,

२. निर्धारित कथा, प्रबन्ध, संवाद, चिठी, जीवनी तथा पद्य बुझ्ने र अर्थ लाग्ने गरी पढ्न,

३. लिखित सामग्रीको मौनपठनका आधारमा पढाइको गति विकास गर्न,

४. पादविश्राम, अर्धविश्राम, पूर्णविश्राम, प्रश्नचिह्न, उद्गारचिह्न इत्यादि चिह्नहरूको ख्याल गरी पढ्न,

५. लिखित सामग्री पढी शब्दभण्डार विस्तार गर्न ।

**लेखन सीप**

१. वर्णविन्यास (हिज्जे) र लेख्यचिह्नहरू मिलाई लेख्न,

२. अनुलेखनका रूपमा सफा र राम्रा अक्षर लेख्न,

३. सफा र स्पष्टसँग लेख्न र लेखेको कुरा सच्याउन,

४. शरीर, परिवार र विद्यालयसँग सम्बद्ध शब्दहरू शुद्धसँग लेख्न र अर्थ ग्रहण गरी वाक्यमा प्रयोग गर्न,

५. निर्धारित अव्ययको वाक्यमा सार्थक प्रयोग गर्न,

६. नेपालीबाट संस्कृतमा र संस्कृतबाट नेपालीमा अनुवाद गर्न,

७. पुरुष, लिङ्ग र कालको ज्ञान गरी वाक्यमा प्रयोग गर्न ।

**कक्षा : ७**

**श्रवण सीप**

१. शब्द, पद र वाक्य पहिल्याएर सुन्न र प्रतिक्रिया दिन,

२. संस्कृत भाषाका शब्दहरूको उच्चारणका माध्यमबाट राष्ट्रभाषाका शब्दहरूको शुद्ध उच्चारण सीप बढाउन,

३. संस्कृतका शब्द, पद र वाक्य सुनी अन्य भाषामा पनि त्यसको प्रयोग गर्न,

४. अकारान्त, उकारान्त, इकारान्त पुंलिङ्गी शब्द, अजन्त स्त्रीलिङ्गी शब्द एवम् अजन्त-नपुंसकलिङ्गी शब्दहरूको रूपावली ध्यानपूर्वक सुन्न,

५. निर्धारित धातुहरूको रूपावली ध्यानपूर्वक सुन्न,

६. निर्धारित कथा, प्रबन्ध, जीवनी, चिठी, संवाद र पद्य अर्थ बुझ्ने गरी ध्यानपूर्वक सुन्न तथा प्रतिक्रिया जनाउन ।

**कथन सीप**

१. आफूले अर्थ बुझेका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

२. निर्धारित अनुच्छेदको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३. संस्कृति, प्रकृति र व्यवहारसँग सम्बद्ध शब्दहरूको शुद्ध र स्पष्टसँग उच्चारण गर्न,

४. निर्धारित गद्य एवम् पद्यका आधारमा संस्कृत भाषामा शब्दभण्डार बढाउने गरी बोल्न र राष्ट्र भाषाका शब्दहरूको शब्दभण्डार बढाउन,

५. सरल संस्कृत भाषामा वार्तालाप गर्न,

६. निर्धारित शब्द एवम् धातु रूपावली शुद्ध र स्पष्टसँग भन्न,

७. भाषण, वादविवाद, प्रवचन जस्ता कार्यक्रममा सहभागिता जनाई कथनसीप अनुकरण गर्न ।

**पठन सीप**

१. निर्धारित कथा, प्रबन्ध, संवाद, चिठी, जीवनी तथा पद्य सस्वर र मौनपठन गर्न,

२. निर्धारित कथा, प्रबन्ध, संवाद, चिठी, जीवनी तथा पद्य बुझ्ने र अर्थ लाग्ने गरी पढ्न,

३. लिखित सामग्री गति, यति र लय मिलाई मौनपठन गर्न,

४. संस्कृत भाषाका विभिन्न क्षेत्रमा प्रचलित शब्दहरू शुद्धसँग पढ्न,

५. पादविश्राम, अर्धविश्राम, पूर्णविश्राम, प्रश्नचिह्न, उद्गारचिह्न इत्यादि चिह्नहरूको ख्याल गरी पढ्न,

६. लिखित सामग्री पढी शब्दभण्डार विस्तार गर्न ।

**लेखन सीप**

१. वर्णविन्यास (हिज्जे) र लेख्यचिह्नहरू मिलाई अनुलेखन गर्न,

२. संस्कृत भाषाका विभिन्न क्षेत्रमा प्रचलित शब्दहरू शुद्धसँग पढ्न, लेख्न र अर्थ ग्रहण गरी वाक्यमा प्रयोग गर्न,

३. यण्, गुण, दीर्घ तथा वृद्धि सन्धिका आधारमा शब्द निर्माण तथा प्रयोग गर्न,

४. सफा र स्पष्टसँग लेख्न एवम् लेखेको कुरा सच्याउन,

५. निर्धारित गद्यपद्यका माध्यमबाट नैतिक, सांस्कृतिक, पौराणिक तथा समसामयिक र सामाजिक मूल्य र मान्यता दर्साउने वाक्य रचना गर्न,

६. लिङ्ग, पुरुष र वचनबोधक पदसङ्गति पहिचान गरी तिनको वाक्यमा प्रयोग गर्न,

७. नेपालीबाट संस्कृतमा र संस्कृतबाट नेपालीमा अनुवाद गर्न,

८. कालका आधारमा वाक्य परिवर्तन गर्न,

९. पाठमा प्रयुक्त अव्यय शब्दको प्रयोग गरी वाक्यमा सार्थक प्रयोग गर्न ।

**कक्षा : ८**

**श्रवण सीप**

१. सन्दर्भअनुसार अभिव्यक्ति सुनी प्रतिक्रिया जनाउन,

२. अकारान्त, उकारान्त, इकारान्त, ऋकारान्त, तकारान्त एवम् सकारान्त पुंलिङ्गी शब्द, अजन्त स्त्रीलिङ्गी शब्द एवम् अजन्त नपुंसकलिङ्गी तथा सर्वनाम शब्दहरूको रूपावली ध्यानपूर्वक सुन्न,

३. पाठमा प्रयुक्त धातुहरूको वर्तमान काल, भूतकाल तथा भविष्यत् काल ध्यानपूर्वक सुन्न,

४. संस्कृतमा गरिएको वार्तालाप तथा मौखिक अभिव्यक्तिको उत्तर दिनुपर्छ भनी ध्यानपूर्वक सुन्न ।

**कथन सीप**

१. पारिभाषिक तथा प्राविधिक शब्दको उच्चारण गर्न,

२. निर्धारित गद्य एवम् पद्यको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३. सरल संस्कृत भाषामा संवाद गर्न,

४. सरल संस्कृत भाषामा मौखिक रूपमा प्रश्नोत्तर गर्न,

५. निर्धारित गद्य एवम् पद्यका आधारमा संस्कृत भाषामा शब्द भण्डार बढाउने गरी बोल्न,

६. निर्धारित कथा, प्रबन्ध, संवाद, चिठी, जीवनी र पद्यको अभिप्राय बताउन,

७. सुनेका, देखेका र पढेका विषयवस्तु तथा शब्द एवम् धातु रूपावलीलाई अभिव्यक्त गर्न,

८. भाषण, वादविवाद, प्रवचन जस्ता कार्यक्रममा बोल्न सक्रिय रूपले सहभागिता दर्साउन ।

**पठन सीप**

१. निर्धारित कथा, प्रबन्ध, संवाद, चिठी, जीवनी तथा पद्य सस्वर र मौनपठन गर्न,

२. निर्धारित कथा, प्रबन्ध, संवाद, चिठी, जीवनी तथा पद्य बुझ्ने र अर्थ लाग्ने गरी पढ्न,

३. लिखित सामग्रीको मौनपठनका आधारमा पढाइको गति विकास गर्न,

४. पादविश्राम, अर्धविश्राम, पूर्णविश्राम, प्रश्नचिह्न, उद्गार चिह्नको ख्याल गरी पढ्न,

४. संस्कृत भाषाका विविध क्षेत्रमा प्रयुक्त एवम् दैनिक व्यवहारमा प्रचलित शब्दहरू शुद्धसँग पढ्न,

५. लिखित सामग्री पढी शब्द भण्डार विस्तार गर्न ।

**लेखन सीप**

१. वर्णविन्यास (हिज्जे) र लेख्यचिह्नहरू मिलाई अनुलेखन गर्न,

२. सफा र स्पष्टसँग लेख्न र लेखेको कुरा सच्याउन,

३. संस्कृत भाषाका परिभाषा, सङ्ख्या, सर्वनाम, विशेषण र प्रविधिसँग सम्बद्ध प्रचलित शब्दहरू शुद्धसँग लेख्न र अर्थ ग्रहण गरी वाक्यमा प्रयोग गर्न,

४. पञ्चसन्धिद्वारा निर्मित प्रचलित शब्दहरूको निर्माण गर्न,

५. कारक र विभक्तिको पहिचान गरी तिनको प्रयोग गर्न,

६. निर्धारित गद्यपद्यका माध्यमबाट नैतिक, सांस्कृतिक, पौराणिक र सामाजिक मूल्यमान्यतापरक विषयवस्तुमा आधारित अनुच्छेद रचना गर्न,

७. लिङ्ग, पुरुष, काल र वचनको पदसङ्गति मिलाई वाक्य रचना गर्न,

८. नेपालीबाट संस्कृतमा र संस्कृतबाट नेपालीमा अनुवाद गर्न,

९. काल र वचनका आधारमा वाक्य परिवर्तन गर्न,

१०. प्रचलित अव्यय शब्द प्रयोग गरी उपयुक्त वाक्य रचना गर्न ।

## ४. विषयवस्तुको क्षेत्र र क्रम

**कक्षा ६**

<table>
<tr><th>क्र. सं.</th><th>विधा</th><th>सक्षमता</th><th>उप विधा</th><th>विषयवस्तुको क्षेत्र</th><th>पा.भा.</th><th>पूर्णाङ्क</th></tr>
<tr><td rowspan="3">१.</td><td rowspan="3">शब्द र वाक्य बोध तथा प्रयोग</td><td rowspan="3">१. संस्कृत भाषा साहित्यका माध्यमबाट भाषिक अभिव्यक्ति कौशलका विकास गरी राष्ट्र-भाषाहरूको ज्ञान र प्रयोग</td><td>(क) शब्द ज्ञान</td><td>(क) शारीरिक शब्द<br>(ख) पारिवारिक शब्द<br>(ग) विद्यालयीय शब्द<br>(घ) सर्वनाम शब्द : तत्, एतत्, किम् ।<br>(ङ) अव्यय : तत्र, यत्र, कुत्र, कदा, क्व, अथ, अपि ।<br>(च) सङ्ख्या : एकदेखि बीससम्म ।</td><td>८</td><td>५</td></tr>
<tr><td>(ख) क्रिया ज्ञान</td><td>(क) मूलधातुमा क्त्वा, तुमुन्, ल्यप् प्रत्यय लागि बनेका असमापिका क्रिया र कृ, पठ्, वद्, लिख्, चल् जस्ता प्रचलित धातुका लट् र लङ् लकारका रूपहरू<br>(ख) उल्लिखित धातु रूपावली वाक्यमा पहिचान र प्रयोग</td><td>८</td><td>५</td></tr>
<tr><td>(ग) वाक्य ज्ञान</td><td>(क) कर्ता, कर्म र क्रियापद भएका वर्तमान र भूतकालिक सरलवाक्य रचना र प्रयोग<br>(ख) संस्कृतबाट नेपालीमा र नेपालीबाट संस्कृतमा वाक्य अनुवाद</td><td>८</td><td>५</td></tr>
<tr><td rowspan="5">२.</td><td rowspan="5">संस्कृत गद्य</td><td rowspan="5">२. संस्कृत भाषा र राष्ट्र-भाषाहरूका बीच विद्यमान भाषिक मूल्यहरू पहिचान</td><td>(क) कथा</td><td>(क) नैतिक<br>(ख) चारित्रिक<br>(ग) पौराणिक</td><td>२५</td><td>१५</td></tr>
<tr><td>(ख) प्रबन्ध</td><td>(क) सामाजिक<br>(ख) चारित्रिक वा अनुशासन</td><td>२०</td><td>१०</td></tr>
<tr><td>(ग) जीवनी</td><td>ऐतिहासिक वा पौराणिक</td><td>१०</td><td>५</td></tr>
<tr><td>(घ) चिठी</td><td>(क) घरायसी<br>(ख) विद्यालयीय</td><td>१०</td><td>५</td></tr>
<tr><td>(ङ) संवाद</td><td>(क) पारिवारिक<br>(ख) विद्यालयीय</td><td>१०</td><td>५</td></tr>
<tr><td rowspan="2">३.</td><td rowspan="2">संस्कृत पद्य</td><td rowspan="2">३. पद्यात्मक भाषिक परम्पराको अनुसरण</td><td>(क) स्तुति पद्य</td><td>सरस्वती (२ पद्य)</td><td>१०</td><td>५</td></tr>
<tr><td>(ख) नीति पद्य</td><td>(क) विद्याप्रशंसा (२ पद्य)<br>(ख) उपदेश (२ पद्य)</td><td>१८</td><td>१०</td></tr>
<tr><td rowspan="3">४.</td><td rowspan="3">भाषा तत्त्व</td><td rowspan="3">५. सिकाइ र अभिव्यक्तिका लागि सरल, शुद्ध एवम् व्यावहारिक संस्कृत भाषाको प्रयोग</td><td>(क) पदसङ्गति</td><td>(क) पुरुषबोधक : प्रथम, मध्यम तथा उत्तम<br>(ख) लिङ्गबोधक : पुं, स्त्री र नपुंसकको जानकारी<br>(ग) वचनबोधक : एक, द्वि र बहु वचनको ज्ञान</td><td>६</td><td>४</td></tr>
<tr><td>ख) विभक्ति र कारक</td><td>(क) सात विभक्ति (पहिचान र प्रयोग)<br>(ख) कारक : कर्ता, कर्म र सम्बोधन</td><td>६</td><td>४</td></tr>
<tr><td>ग) काल</td><td>प्रकार र परिवर्तन</td><td>८</td><td>४</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | (प्रचलित धातुको वर्तमान र भूतकालमा मात्र) | | |
| | | | घ) रूपावली | अ) पुंलिङ्गी शब्द<br>(अकारान्त-१, इकारान्त-१, उकारान्त-१)<br>आ) सर्वनाम शब्द : तत्, एतत्, किम् | १० | ६ |
| | | | ङ) शब्द निर्माण | **अ) सन्धि** पाठमा प्रयुक्त यण्, गुण र दीर्घ सन्धि भएका शब्दको ज्ञान<br>**आ) उपसर्ग**<br>प्र, परा, सु, वि, अधि, उप, नि, उत् प्रत्ययबाट शब्द निर्माण | १० | ६ |
| | | | च) शुद्धाशुद्धि | प्रयोग - निर्धारित सुबन्त, तिङन्त र कारकका आधारमा वाक्य संशोधन | ५ | ३ |
| | | | छ)शब्द भण्डार | शब्दार्थ ज्ञान (पाठमा प्रयुक्त ३०० शब्द) | ५ | ३ |
| | | | | जम्मा | १७५ | १०० |

**कक्षा : ७**

| क्र.सं. | विधा | सक्षमता | उप विधा | विषयवस्तुको क्षेत्र | पा.भा. | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १. | शब्द र वाक्य बोध तथा प्रयोग | १. संस्कृत भाषा साहित्यका माध्यमबाट भाषिक अभिव्यक्ति कौशलका विकास गरी राष्ट्र-भाषाहरूको ज्ञान र प्रयोग | (क) शब्द ज्ञान | (क) सांस्कृतिक शब्द<br>(ख) प्राकृतिक शब्द<br>(ग) व्यावहारिक शब्द<br>(घ) सर्वनाम शब्द : यत्, अस्मद्, युष्मद्<br>(ङ) अव्यय : एवम्, च, एव, अद्य, बहिः, प्रातः<br>(च) सङ्ख्या : एक्काइसदेखि सयसम्म | ८ | ५ |
| | | | (ख) क्रिया ज्ञान | (क) मूलधातुमा क्त्वा, तुमुन्, ल्यप्, शतृ, शानच् प्रत्यय लागि बनेका असमापिका क्रिया र कृ, पठ्, वद्, लिख्, भू, हस्, चल् जस्ता प्रचलित धातुका लट् लृट् र लङ् लकारका रूपहरू<br>(ख) उल्लिखित धातु रूपावली वाक्य तथा अनुच्छेदमा पहिचान र प्रयोग | ८ | ५ |
| | | | (ग) वाक्य ज्ञान | (क) कर्ता, कर्म, क्रियापद र विशेषण भएका वर्तमान, भविष्यत् र भूतकालिक सरलवाक्य रचना र प्रयोग<br>(ख) संस्कृतबाट नेपालीमा र नेपालीबाट संस्कृतमा वाक्य अनुवाद | ८ | ५ |
| २. | **संस्कृत गद्य** | २. संस्कृत भाषा र राष्ट्र-भाषाहरूका बीच विद्यमान भाषिक मूल्यहरू पहिचान | (क) कथा | (क) नैतिक<br>(ख) चारित्रिक<br>(ग) पौराणिक | २५ | १५ |
| | | | (ख) प्रबन्ध | (क) सामाजिक<br>(ख) चारित्रिक | २० | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | (ग) समसामयिक | | |
| | | | (ग) जीवनी | राष्ट्रिय र सामाजिक अग्रणी एवम् अनुकरणीय व्यक्तित्व | १० | ५ |
| | | | (घ) चिठी | (क) घरायसी<br>(ख) कार्यालयीय | १० | ५ |
| | | | (ङ) संवाद | (क) पारिवारिक<br>(ख) विद्यालयीय | १० | ५ |
| **३.** | **संस्कृत पद्य** | ३. पद्यात्मक भाषिक परम्पराको अनुसरण | क) स्तुति पद्य | गणेश र शिव (४ पद्य) | ८ | ५ |
| | | | ख) नीति पद्य | (क) विद्याप्रशंसा (४ पद्य)<br>(ख) उपदेश (२ पद्य) | १० | ५ |
| | | | ख) हास्य पद्य | मनोरञ्जनात्मक (२ पद्य) | १० | ५ |
| **४.** | **भाषा तत्त्व** | ५. सिकाइ र अभिव्यक्तिका लागि सरल, शुद्ध एवम् व्यावहारिक संस्कृत भाषाको प्रयोग | क) पदसङ्गति | (क) पुरुषबोधक : प्रथम, मध्यम तथा उत्तम<br>(ख) लिङ्गबोधक : पुं, र स्त्री लिङ्ग अनुसार वाक्य परिवर्तन<br>(ग) वचनबोधक : एक, द्वि र बहु वचनानुसार वाक्य परिवर्तन | ६ | ४ |
| | | | ख) विभक्ति र कारक | (क) सरल संस्कृत वाक्यमा सात विभक्तिको प्रयोग<br>(ख) कारक : कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र सम्बोधन | ६ | ४ |
| | | | ग) काल | प्रकार र परिवर्तन (प्रचलित धातुको वर्तमान भविष्यत् र भूतकाल) | ६ | ४ |
| | | | घ) रूपावली | अ) पुंलिङ्गी शब्द (अकारान्त-३, इकारान्त-३, उकारान्त-३)<br>आ) सर्वनाम शब्द : तद्, अस्मद्, युष्मद् | १० | ६ |
| | | | ङ) शब्द निर्माण | अ) **सन्धि** पाठमा प्रयुक्त यण्, गुण, वृद्धि र दीर्घ सन्धि भएका शब्दको ज्ञान<br>आ) **उपसर्ग**<br>- पहिचान<br>- उपसर्गको प्रयोगद्वारा शब्द निर्माण | १० | ६ |
| | | | च) शुद्धाशुद्धि | प्रयोग - निर्धारित सुबन्त, तिङन्त र कारकका आधारमा वाक्य संशोधन | ५ | ३ |
| | | | छ)शब्द भण्डार | शब्दार्थ ज्ञान(पाठमा प्रयुक्त ४०० शब्द) | ५ | ३ |
| | | | | **जम्मा** | **१७५** | **१००** |

**कक्षा : ८**

| **क्र.सं.** | **विधा** | **सक्षमता** | **उप विधा** | **विषयवस्तुको क्षेत्र** | **पा.भा.** | **पूर्णाङ्क** |
|---|---|---|---|---|---|---|
| १. | शब्द र वाक्य बोध | १. संस्कृत भाषा | (क) शब्द ज्ञान | (क) पारिभाषिक शब्द<br>(ख) सङ्ख्यावाचक शब्द | ८ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा प्रयोग | साहित्यका माध्यमबाट भाषिक अभिव्यक्ति कौशलका विकास गरी राष्ट्र-भाषाहरूको ज्ञान र प्रयोग | | (ग) प्राविधिक शब्द<br>(घ) सर्वनाम शब्द : भवत्, इदम्<br>(ङ) अव्यय : उभय, चेत्, यद्यपि, अतीव, परन्तु, पश्चात्<br>(च) सङ्ख्या : सयदेखि कोटिसम्म<br>(छ) प्राणीबोधक शब्द | | |
| | | | (ख) क्रिया ज्ञान | (क) कृ, पठ्, वद्, लिख्, भू, हस्, चल् जस्ता प्रचलित परस्मैपदी धातु तथा शीङ्, लभ्, शुभ्, वर्ध जस्ता आत्मनेपदी धातुका लट् लृट्, लोट् र लङ् लकारका रूपहरू<br>(ख) उल्लिखित धातु रूपावली गद्य तथा पद्यमा पहिचान र प्रयोग | ८ | ५ |
| | | | (ग) वाक्य ज्ञान | (क) कर्ता, कर्म, क्रियापद, विशेषण र अव्यय भएका वर्तमान, भविष्यत् र भूतकालिक सरलवाक्य रचना र प्रयोग<br>(ख) संस्कृतबाट नेपालीमा र नेपालीबाट संस्कृतमा वाक्य अनुवाद | १७ | १० |
| २. | **संस्कृत गद्य** | २. संस्कृत भाषा र राष्ट्र-भाषाहरूका बीच विद्यमान भाषिक मूल्यहरू पहिचान | (क) कथा | (क) नैतिक<br>(ख) चारित्रिक<br>(ग) पौराणिक | १५ | १० |
| | | | (ख) प्रबन्ध | (क) सामाजिक<br>(ख) चारित्रिक<br>(ग) समसामयिक<br>(घ) प्राकृतिक | १० | ५ |
| | | | (ग) जीवनी | राष्ट्रिय तथा अन्तरराष्ट्रिय र सामाजिक अग्रणी र अनुकरणीय व्यक्तित्व | १० | ५ |
| | | | (घ) चिठी | (क) घरायसी<br>(ख) व्यापारिक<br>(ग) कार्यालयीय | १० | ५ |
| | | | (ङ) संवाद | (क) सामाजिक<br>(ख) सांस्कृतिक<br>(ग) वातावरणीय | १० | ५ |
| ३. | **संस्कृत पद्य** | ३. पद्यात्मक भाषिक परम्पराको अनुसरण | (क) स्तुति पद्य | देवी र विष्णु (४ पद्य) | ५ | ३ |
| | | | (ख) नीति पद्य | (क) नीतिपरक (४ पद्य)<br>(ख) उपदेश (२ पद्य) | ८ | ५ |
| | | | (ग) हास्य पद्य | मनोरञ्जनात्मक (२ पद्य) | ५ | ३ |
| | | | (घ) प्राकृतिक पद्य | प्रकृतिपरक (२ पद्य) | ७ | ४ |
| ४. | **भाषा तत्त्व** | ५. सिकाइ र अभिव्यक्तिका लागि सरल, शुद्ध एवम् व्यावहारिक संस्कृत भाषाको | (क) पदसङ्गति | (क) स्वतन्त्र रूपमा वाक्य रचना<br>(ख) वाक्य परिवर्तन | ८ | ५ |
| | | | (ख) विभक्ति र कारक | पहिचान, प्रयोग र शुद्धाशुद्धि | ३ | २ |
| | | | (ग) काल | वर्तमान भविष्यत् र भूतकाल (लट्, लृट्, लङ् | ८ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रयोग | | र लोट् लकार) | | |
| | | | (घ) रूपावली | (अ) पुंलिङ्गी शब्द<br>(अकारान्त-३, इकारान्त-३, उकारान्त-३, ऋकारान्त-३)<br>(आ) स्त्रीलिङ्गी शब्द<br>(आकारान्त-३, इकारान्त-३, ईकारान्त-३, ऊकारान्त-३)<br>(इ) नपुंसकलिङ्गी शब्द<br>(अकारान्त-३, इकारान्त-३, उकारान्त-३)<br>(ई) सर्वनाम शब्द : भवत्, इदम् | १२ | ५ |
| | | | (ङ) शब्द निर्माण | **(अ) सन्धि** पाठमा प्रयुक्त यण्, गुण, वृद्धि र दीर्घ, श्चुत्व, छत्व, उत्व, विसर्ग सन्धि भएका शब्दको ज्ञान<br>**(आ) उपसर्ग**<br>- उपसर्गको प्रयोगद्वारा शब्द निर्माण<br>- प्रकृति प्रत्यय विच्छेद र वाक्यमा प्रयोग | ८ | ५ |
| | | | (च) प्रत्यय | (क) कृदन्त<br>क्त्वा, ल्यप्, शतृ, शानच्, क्त, क्तवतु, अनीयर्, ण्वुल्, तृच्<br>(ख) तद्धितान्त<br>अण्, ठक्, छ, ख, इच्, णिनि<br>(ग) स्त्रीप्रत्यय टाप्, ङीप्, ङीन् | ५ | ३ |
| | | | छ) समास | (क) परिचय<br>(ख) प्रकार<br>(ग) पहिचान र प्रयोग | ३ | २ |
| | | | ज) शुद्धाशुद्धि | प्रयोग - निर्धारित सुबन्त, तिङन्त र कारकका आधारमा वाक्य संशोधन | ५ | ३ |
| | | | झ) शब्द भण्डार | शब्दार्थ ज्ञान<br>(पाठमा प्रयुक्त ४०० शब्द) | ८ | ५ |
| | | | | **जम्मा** | **१७५** | **१००** |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

### (क) श्रवण सीपसँग सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया

- शब्दहरू शिक्षकले पढ्ने र विद्यार्थीहरूलाई सुन्न लगाउने
- कथा, निबन्ध, जीवनी र पद्य शिक्षकले पढ्ने र अर्थ बुझ्ने गरी विद्यार्थीलाई सुन्न लगाउने
- श्रुतिलेखनका रूपमा पाठका अंशहरू शिक्षकले भन्ने र विद्यार्थीलाई लेख्न लगाउने
- प्रश्न सोध्दा उत्तर दिनुपर्छ भन्ने ठानी सुन्न लगाउने

- सुनेका कुरा अरूलाई बुझाउन सक्ने गरी सुन्न लगाउने
- प्रसारणका माध्यमबाट प्रसारित विषयवस्तु बुझेर सुन्न लगाउने
- कथाकथन, संवाद जस्ता विषयवस्तुलाई वक्ताको चेष्टा, हाउभाउ र अभिनयको ख्याल गरी सुन्न लगाउने

**(ख) कथन सीपसँग सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया**

- क्रिया नभएका वाक्यबाट सुरु गर्ने र क्रमश: कर्ता, कर्म र क्रिया भएका वाक्यमा बोल्न अभ्यास गराउने
- सरल र आफूले प्रयोग गरिसकेका शब्द प्रयोग गरी बोल्न लगाउने
- प्रश्नोत्तरका रूपमा बोल्न लगाउने
- वार्तालापका रूपमा बोल्न लगाउने र त्यस्तै अवस्थाअनुसार संयम एवम् शिष्टतापूर्वक बोल्न लगाउने
- तर्कसङ्गत र प्रभावकारी ढङ्गले संयमित भई बोल्न लगाउने
- सुनेका देखेका र पढेका विषयवस्तुलाई अभिनयात्मक तरिकाले बोल्न लगाउने
- भाषण, वादविवाद, प्रवचन जस्ता कार्यक्रममा बोल्न अभिप्रेरित गर्ने

**(ग) पठन सीपसँग सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया**

- शब्दहरूलाई शुद्धसँग उच्चारण गरी पढ्न लगाउने
- निर्धारित गद्य र पद्य सस्वर र मौन रूपमा पढ्न लगाउने
- निर्धारित गद्य र पद्य व्याख्या, विश्लेषण बुँदा टिपोट, भाव विस्तार र बोधात्मक उत्तर दिन सक्ने गरी अर्थ बुझेर पढ्न लगाउने
- विश्रामको ख्याल गरी छन्दअनुसार लय हाली निर्धारित पद्यहरू पढ्न लगाउने
- पाद विश्राम, अर्ध विश्राम, पूर्ण विश्राम, प्रश्न चिह्न, उद्गार चिह्न इत्यादि चिह्नहरूको ख्याल गरी पढ्न लगाउने
- पठित विषयको तात्पर्य ग्रहण गर्न सक्ने गरी पढ्न लगाउने

**(घ) लेखन सीपसँग सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया**

- अनुलेखनका रूपमा सफा र राम्रो अक्षर लेख्न लगाउने
- पाद विश्राम, अर्ध विश्राम, पूर्ण विश्राम, प्रश्न चिह्न, उद्गार चिह्नहरू प्रयोग गरी लेख्न लगाउने
- प्रसङ्गअनुसार अनुच्छेद छुट्याएर लेख्न लगाउने
- सामान्य, पारिभाषिक, प्राविधिक शब्दहरूको उचित प्रयोग गरी लेख्न लगाउने,
- घटना, दृश्य र चित्रको वर्णन, चिठी, निवेदन, प्रबन्ध जीवनी संवाद, कथा, निबन्ध लेख्न लगाउने

- पाठमा प्रयुक्त विशिष्ट पङ्क्तिको व्याख्या, भावार्थ वा भावविस्तार गर्न लगाउने
- पढेका र सुनेका विषयवस्तुको सारांश लेख्न र बुँदा टिपोट गर्न लगाउने
- पठित व्याकरणका आधारमा आधारभूत तत्त्व बुझी संस्कृत भाषामा निर्धारित प्रश्नोत्तर गर्न लगाउने

## ६. मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्य प्राप्ति भए नभएको वस्तुगत मापन तथा लेखाजोखा नै मूल्याङ्कन हो । तसर्थ शिक्षण कार्य सम्पादनका साथै परिणामको सूचक मूल्याङ्कनको निरन्तरतामा पनि ध्यान दिनु आवश्यक हुन्छ । यो कार्य विभिन्न रूपले सम्पादन गर्न सकिन्छ, जस्तै : पठनकै क्रममा मौखिक, लिखित, प्रश्नोत्तरात्मक, साप्ताहिक, पाक्षिक, मासिक आदि परीक्षा लिएर, औपचारिक, अनौपचारिक विचार विमर्शको माध्यमले समेत विद्यार्थीहरूको योग्यताको मापन तथा लेखाजोखा गर्न सकिन्छ । यस विषयको मूल्याङ्कन गर्दा समान्यतया निर्माणात्मक तथा निर्णयात्मक गरी मूल्याङ्कनका दुई पद्धति अवलम्बन गर्नुपर्दछ ।

### (क) निर्माणात्मक मूल्याङ्कन

यस प्रक्रियामा विद्यार्थीले के कति सिके भन्ने कुरा पत्ता लगाई नसिकेका भए नसिक्नुको कारण अन्वेषण गरी पुनः सिकाइन्छ । यस्तो मूल्याङ्कन कक्षाकोठामा सिकाइ क्रियाकलापकै क्रममा कक्षाकार्य, संवाद, गृहकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, हाजिरीका आधारमा गरेर अभिलेख राख्नुपर्दछ । साथै यस क्रममा आवश्यकतानुसार विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिनुपर्दछ र विद्यार्थीमा सुधारको वातावरण तयार गरिदिनुपर्दछ । निर्माणात्मक मूल्याङ्कन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्दछ :

(अ) प्रत्येक दिनको पठन-पाठनबाट विद्यार्थीहरूलाई सम्बद्ध विषयमा के कस्तो प्रगति भइरहेको छ, सोको जानकारीका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्दछ र यसको अभिलेख राख्नुपर्दछ ।

(आ) यसमा भाषिक सीपको प्रयोगका आधारमा मूल्याङ्कनको मापन तथा लेखाजोखामा आधार बनाउनुपर्दछ ।

(इ) सुनाइ र बोलाइ सीपलाई उपयोग गरी निरन्तर विद्यार्थी मूल्याङ्कन गराउनुपर्दछ ।

### (ख) निर्णयात्मक मूल्याङ्कन

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सीप तथा अभिवृत्ति प्राप्त गरेको वा नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा उत्तीर्ण तथा अनुत्तीर्ण गर्ने निर्णय लिइन्छ भने त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन

आवधिक रूपमा गर्ने गरिन्छ । शैक्षिक सत्रको अन्त्यमा यस्तो मूल्याङ्कन गर्ने गरिन्छ । निर्णयात्मक मूल्याङ्कन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्दछ :

(अ) प्रश्न निर्माणमा विशिष्टीकरण तालिका बनाई उपयोग गर्नुपर्दछ ।

(आ) सङ्क्षिप्तोत्तरात्मक, बोधात्मक, अनुवादपरक आदि विविध प्रकार र प्रकृतिका प्रश्नहरू निर्माण गर्नुपर्छ ।

कक्षा ६ र ७ मा आवधिकका साथै निरन्तर विद्यार्थी मूल्याङ्कन हुने छ । यसका लागि विशिष्टीकरण तालिका विद्यालयमा वा सम्बद्ध विषय शिक्षक आफैँले निर्माण गरी कार्यान्वयन गर्नुपर्ने छ तर कक्षा ८ मा सिकाइ प्रक्रियाका क्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन गरिए तापनि वार्षिक परीक्षा संलग्न विशिष्टीकरण तालिका उपयोग गर्नुपर्ने छ ।

# विशिष्टीकरण तालिका २०६९

कक्षा ८ पूर्णाङ्क : १००

समय : ३ घण्टा उत्तीर्णाङ्क : ४०

| क्र.सं. | सोधिने | समाधान गर्नुपर्ने | अङ्कभार | प्रश्नको प्रकृति | विधा (विषय क्षेत्र)/स्पष्टीकरण |
|---|---|---|---|---|---|
| १. | ७ | ५ | ५×४ = २० | बोधात्मक | कथा, प्रबन्ध, जीवनी, संवाद |
| २. | ३ | ३ | ३×५ = १५ | अतिसङ्क्षिप्तोत्तरात्मक / अन्वयलेखनात्मक/व्याख्यात्मक | पद्य विधा |
| ३. | २ | १ | १×५ = ५ | पत्रलेखनात्मक | घरायसी, व्यापारिक तथा कार्यालयीय |
| ४. | २ | १ | १×५ = ५ | सिर्जनात्मक लेखन | कथा, जीवनी, प्रबन्ध |
| ५. | १ | १ | १×५ = ५ | शब्दार्थ लेखन | शब्द ज्ञान |
| ६. | १ | १ | १×५ = ५ | क्रियार्थ लेखन | क्रिया ज्ञान |
| ७. | १ | १ | १×१० = १० | अनुवाद | संस्कृतबाट नेपालीमा ५ ओटा तथा नेपालीबाट संस्कृतमा ५ वाक्य |
| ८ | १ | १ | १×५ = ५ | लिङ्गबोधात्मक | भाषातत्त्व |
| ९ | १ | १ | १×५ = ५ | पर्यायलेखनात्मक | भाषातत्त्व |
| १० | १ | १ | १×१० = १० | शब्द निर्माणात्मक | उपसर्ग, प्रत्यय, सन्धि, समास |
| ११ | १ | १ | १×५ = ५ | अशुद्धि संशोधनात्मक | कारक, विभक्ति र शुद्धाशुद्धि |
| १२ | १ | १ | १×५ = ५ | वाक्यान्तरण | काल, पुरुष, वचन र लिङ्ग |
| १३ | १ | १ | १×५ = ५ | रूपावलीलेखन | शब्द र धातु रूपावली |
| | २३ | १९ | १०० | जम्मा | |

**द्रष्टव्य:**

**कक्षा ६ र ७ मा लिइने ६० प्रतिशतको लिखित परीक्षाका क्रममा पनि उल्लिखित विशिष्टीकरण तालिकालाई आधार बनाउन सकिने छ ।**

# सङ्गीत

## १. परिचय

सङ्गीत मानव जीवनको अभिन्न अङ्ग हो । मानिस र सङ्गीतबिच अन्योन्याश्रित सम्बन्ध रहेको छ । वास्तवमा सङ्गीत विनाको मानव जीवन कल्पना गर्न सकिँदैन । मानव जीवनका उच्चतम भावनाहरू सङ्गीतकै माध्यमद्वारा अभिव्यक्त हुन्छन् । पूर्वीय सङ्गीत शास्त्रअनुसार गायन, वादन र नृत्यको सम्मिश्रणलाई सङ्गीत रूपमा लिने प्रचलन छ । सङ्गीत राष्ट्रिय संस्कृतिको महत्त्वपूर्ण अङ्ग हो । राष्ट्रिय संस्कृतिले सङ्गीतको माध्यमबाट अभिव्यक्ति पाएको हुन्छ । सङ्गीत एउटा अन्तरराष्ट्रिय भाषा हो जसले विश्व भातृत्व भावना प्रस्फुटन गर्न सघाउन सक्छ । मानव जीवनमा यति धेरै महत्त्व राख्ने सङ्गीत विषयलाई व्यवस्थित रूपमा अध्ययन अध्यापन गर्ने कार्यले जति महत्त्व महिमा पाउनुपर्ने हो, त्यस स्तरमा यसले त्यति पाउन सकिरहेको पाइँदैन । त्यसैले सङ्गीत विषयलाई तल्लो तहदेखि नै पठनपाठन गरी यसको समुचित विकासमा सहयोग पुऱ्याउने उद्देश्यले यसको पाठ्यक्रम तयार गर्न लागिएको हो ।

बालबालिकाहरूमा लुकेर रहेको अपार क्षमतालाई प्रस्फुटन गर्न सघाउनु शिक्षाको मुख्य कार्य हो । बालबालिकाभित्र असङ्ख्य सम्भावनाहरू लुकेर रहेका हुन्छन् । त्यसैले बालबालिकाहरूलाई सानै उमेरदेखि कला र सङ्गीतप्रति अभिरुचि जगाई उनीहरूभित्र रहेको अन्तरनिहित क्षमतालाई प्रस्फुटन गर्न सघाउन सङ्गीत शिक्षा पनि दिनु अनिवार्य मानिन्छ । सङ्गीतमा मानव मनलाई छोएर विभिन्न भावनालाई सुन्दर रूपमा अभिव्यक्ति गर्न सक्ने विषेशता हुन्छ । तसर्थ बालबालिकाको शैक्षिक, शारीरिक, आध्यात्मिक तथा भावनात्मक विकासमा सङ्गीतले सकारात्मक प्रभाव पार्न सक्छ ।

विद्यालय तहको पाठ्यक्रममा प्राथमिक तहदेखि नै सङ्गीत विषयलाई समावेश गर्ने प्रयत्न गरिएको भए पनि जुन रूपमा यसलाई पाठ्यक्रमले आत्मसात् गर्नुपर्ने हो सो रूपमा महत्त्व नपाएको देखिन्छ । प्राथमिक शिक्षा पाठ्यक्रमले सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयअन्तर्गत थोरै पाठ्यभार दिएर सङ्गीतका विषयवस्तु समावेश गरिएको छ । यसको निरन्तरताका लागि कक्षा ५ पछाडि सङ्गीत विषय अनिवार्य रूपमा अध्ययन अध्यापन भइरहेको पाइँदैन । त्यसैले कक्षा ५ पछाडि पनि सङ्गीत विषयलाई निरन्तरता दिन आवश्यक देखिएको छ ।

सङ्गीत जस्तो महत्त्वपूर्ण विषयलाई ऐच्छिक वा वैकल्पिक विषयका रूपमा राखिनु व्यावहारिक देखिँदैन । प्राथमिक शिक्षा पाठ्यक्रमले सिर्जनात्मक कला विषयअन्तर्गत अनिवार्य विषयका रूपमा सङ्गीतका विषयवस्तु समावेश गरेको पाठ्यक्रम र पाठ्य

पुस्तक लागु भइसकेपछि त्यसको निरन्तरताका लागि समेत कक्षा ६-८ मा सङ्गीत विषय राख्न अनिवार्य देखिन्छ । त्यस्तै मौजुदा माध्यमिक तहको पाठ्यक्रममा ऐच्छिक विषयका रूपमा सङ्गीत र वाद्यवादन जस्ता विषयको व्यवस्था समेत भएको परिप्रेक्ष्यमा कक्षा ६-८ मा छुट्टै विषयका रूपमा सङ्गीत विषय अध्यापन गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

सङ्गीत विषयको अध्ययन अध्यापनले विद्यार्थीभित्र अन्तरर्निहित सिर्जनात्मक क्षमताको प्रस्फुटनमा सहयोग पुग्छ । त्यस्तै स्वस्थ मनोरञ्जनले मानिसको चौतर्फी विकासमा सहयोग पुग्नुका साथै अनुशासित नागरिक तयार गर्न समेत सहयोग पुग्ने भएकाले कक्षा ६-८ मा यस विषयको व्यवस्था गर्नुपर्ने देखिएको हो ।

कक्षा ६-८ का लागि तयार पारिएको यो पाठ्यक्रम सैद्धान्तिक ज्ञान र मूलतः प्रयोगात्मक अभ्यासमा आधारित भएकाले यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिमलगायत शैक्षिक सामग्रीको व्यवस्था गरिनु आवश्यक छ ।

## २. तहगत सक्षमता

कक्षा ६-८ को सङ्गीत शिक्षा विषयको अध्ययन पश्चात् विद्यार्थीहरू निम्न लिखित कुराहरूमा सक्षम हुने छन् :

१. सङ्गीत विषयप्रति गहिरो अभिरुचि राख्न

२. सङ्गीतको परिचयसहित गायन, वादन तथा नृत्यको महत्त्व बोध गर्न

३. सङ्गीतका प्रचलित पारिभाषिक शब्दहरूको ज्ञान प्राप्त गरी अभ्यास गर्न

४. लय, ताल, स्वर, हाउभाउ, मुद्रा मिलाई एकल, युगल तथा समूहमा गाउन

५. विभिन्न प्रचलित बाजाहरूसँग परिचित भई वादन गर्न

६. विभिन्न बाजाहरूको आवाज एवम् स्वर सुनेर पहिचान गर्न

७. गीत र बाजाको तालमा एकल, युगल तथा समूहमा नृत्य गर्न

८. आफ्ना स्थानीय गीत, लोक गीत र बाजाहरूप्रति परिचित भई गायन तथा वादन गर्न

९. कक्षागत गीत राष्ट्रिय गान र स्वदेश गान उचित लय, तार र स्वरबाट गाउन ।

## सिकाइका उपलब्धिहरू

**कक्षा ६ को अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

१. पूर्वीय र पाश्चात्य सङ्गीतको उपयुक्त परिचय दिन

२. पूर्वीय तथा पाश्चात्य सङ्गीतका पारिभाषिक शब्दहरूसँग परिचित भई तिनको अभ्यास गर्न

३. नेपाली सङ्गीतको परिचय दिन

४. पढे सुनेका गीतहरूलाई उपयुक्त लय, ताल, स्वरमा स्वरलिपि प्रयोग गरी गाउन र अभ्यास गर्न

५. तालको परिचय दिन

६. लयको परिचय दिन

७. अलङ्कारको परिचय दिन

८. समान र दुगुनको प्रयोग गर्न

९. रूपक ताल (सात मात्रा) को परिचय दिन

१०. दादरा, कहरवा र ख्याम्टा तालमा अभ्यास गर्न

११. C र G स्केल अन्तर्गतका धुनहरूमा अभ्यास गर्न

१२. स्थानीय बाजाहरूको परिचय दिन र अभ्यास गर्न

१३. सुशीरवादन, तालवादन, तन्त्रीवादन, आधुनिक बाजाको अभ्यास गर्न

१४. शास्त्रीय, आधुनिक सङ्गीतमा प्रचलित प्रमुख वाद्ययन्त्रहरूको अभ्यास गर्न

१५. नेपालमा प्रचलित स्थानीय लोकबाजाहरूको परिचय दिन र अभ्यास गर्न

१६. विविध वाद्ययन्त्रहरूलाई स्वर मिलाएर अभ्यास गर्न

१७. अभिनयको ज्ञान र अभ्यास गर्न

१८. नवरसको सामान्य परिचय र अभ्यास गर्न

१९. नृत्य र यसका विविध पक्षहरूलाई जान्न

२०. लोक नृत्यको परिचय दिन

२१. स्थानीय लोक नृत्यमा शब्दअनुसार नृत्य अभ्यास गर्न

२२. स्थानीय गीत र सङ्गीतको तालमा नृत्य अभ्यास गर्न

२३. सामान्य मुद्राको परिचय दिन

२४. बाल गीतमा हाउभाउ मिलाई नृत्य अभ्यास गर्न

२५. बाल साङ्गीतिक गतिविधिमा सहभागिता जनाउन

२६. विद्यालयमा साङ्गीतिक गतिविधि आयोजना गर्न सक्षम हुन ।

## कक्षा ७

**कक्षा ७ को अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

१. पूर्वीय, पाश्चात्य र नेपाली सङ्गीतको परिचय दिन

२. ध्वनि, नाद, श्रुति जस्ता सङ्गीतका पारिभाषिक शब्द ज्ञान प्राप्त गर्न

३. उपयुक्त लय, ताल, स्वर र हाउभाउ मिलाई गाउन

४. दादरा, कहरवा, ख्याम्टा, रुपक, झपताल र त्रितालको साथमा अलङ्कारको साथमा अभ्यास गर्न (western bit मिलाएर)

५. समान, दुगुन र चौगुन लयको प्रयोग गन

६. Key सिग्नेचर अभ्यास गर्न

७. C, G, F Major Scale, A, E, D minor) स्केलअन्तर्गतको सामान्य धुनहरूको अभ्यास गर्न

८. यमन रागको सामान्य परिचय दिन र अभ्यास गर्न

९. सुशीर वाद्य, ताल वाद्य, तन्त्री वाद्य र घन वाद्यको अभ्यास गर्न

१०. स्थानीय बाजाहरूको परिचय दिन र तिनको बजाउने अभ्यास गर्न

११. विभिन्न स्वरलिपि लेख्न र पढ्न

१२. नृत्यको परिचय दिई त्यसका प्रकार (लोक नृत्य समेत) बताउन

१३. अङ्ग प्रत्यङ्ग र उपाङ्गको प्रयोग गरी हाउभाउ र मुद्रासहित नृत्य गर्न

१४ शास्त्रीय नृत्यको अभ्यास गर्न

१५. सामान्य मुद्राको अभ्यास गर्न

१६. चार मात्रा र छ मात्रालाई हातले ताली खाली मिलाई नृत्य गर्न

१७. बाल साङ्गीतिक गतिविधिमा सहभागिता प्रदर्शन गर्न

१८. विद्यालयमा साङ्गीतिक गतिविधि आयोजना गर्न सक्रिय हुन ।

## कक्षा ८

**कक्षा ८ को अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

१. सङ्गीतको परिभाषा दिन

२. नेपाली सङ्गीतको विकास क्रमको ज्ञान र परिचय दिन

३. स्वर, सप्तक, वर्ण र अलङ्कार जस्ता पारिभाषिक शब्दको शब्द ज्ञान प्राप्त गर्न

४. उपयुक्त नृत्य, ताल, स्वर र हाउभाउ मिलाई गाउन
५. दसथाटको परिचय र अभ्यास गर्न
६. त्रितालको परिचय दिई १६ मात्रा अभ्यास गर्न
७. दादरा, कहरवा रूपक तालमा तिगुनको प्रयोग गर्न
८. यमन राग विशेष (बंदीश र गत) को अभ्यास गर्न
९. भैरव रागको सामान्य परिचय दिन र
१०. एक विटमा ३ नोट अर्थात् triplet को अभ्यास गर्न
११. सुशीर वाद्य, ताल वाद्य, तन्त्री वाद्य र आधुनिक वाद्य अभ्यास गर्न
१२. major & minor scale को थप अभ्यास गर्न
१३. स्थानीय बाजाहरू बजाउन
१४. major minor कर्डहरूको परिचय दिन
१५. स्वरलिपि पढ्न र लेख्न
१६. नृत्यको परिचय दिई तिनका प्रकार उल्लेख गर्न
१७. अङ्ग, प्रत्यङ्ग र उपाङ्गको प्रयोग गर्दै हाउ, भाव र मुद्रासहित नृत्य गर्न
१८. कुनै एक स्थानीय नृत्यमा विशेष अभ्यास गर्न
१९. कुनै एक विशेष लोक नृत्य गर्न (भ्याउरे, सोरठी र सङ्गीनी
२०. साङ्गीतिक कार्यक्रममा सहभागी हुन र त्यस्ता कार्यक्रम आयोजना गर्न ।

## ४. विषय वस्तुको क्षेत्र तथा क्रम तालिका

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| सङ्गीत | १. पूर्वीय र पाश्चात्य सङ्गीतको सामान्य परिचय<br>२. पूर्वीय र पाश्चात्य सङ्गीतका पारिभाषिक शब्दहरूको परिचय र अभ्यास<br>३. नेपाली सङ्गीतको परिचय | १. पूर्वीय,पाश्चात्य र नेपाली सङ्गीतको परिचय<br>२. सङ्गीतका पारिभाषिक शब्द ज्ञान : ध्वनि, नाद, श्रुति स्वर, सप्तक, थाट, लय, ताल | १. सङ्गीतको परिभाषा<br>२. नेपाली सङ्गीतको विकास क्रमको ज्ञान<br>३. सङ्गीतका पारिभाषिक शब्दको ज्ञान : स्वर, सप्तक, वर्ण र अलङ्कार (सैद्धान्तिक ज्ञान मात्र) |

| | | | |
|---|---|---|---|
| **(क) गायन** | १. सङ्गीतमा स्वरलिपिको प्रयोग<br>२. पारिभाषिक शब्दावलीहरू, अर्थ र प्रयोग<br>३. स्वरको अभ्यास<br>४. अलङ्कारको परिचय र अभ्यास<br>५. ताल परिचय र अभ्यास<br>६. लय अभ्यास<br>७. समान र दुगुनको प्रयोग<br>८. रूपक तालको सात मात्राको परिचय<br>९. दादरा, कहरवा र ख्याम्टा तालका अभ्यास<br>१०. C र G स्केलअन्तर्गतका धुनहरूको अभ्यास | १. प्रचलित १० थाटको परिचय<br>२. यमन रागको सामान्य परिचय र अभ्यास<br>३. लय अभ्यास<br>४. ताल र स्वरको अभ्यास<br>५. दादरा, कहरवा र ख्याम्टा तालको अभ्यास<br>६. झपतालको परिचय र अभ्यास (१० मात्रा)<br>७. समान दुगुन र चौगुनको प्रयोग<br>८. C, G, F, major scale A, E, D minor scale<br>९. कि सिग्नेचरको अभ्यास | १. १० थाटको परिचय<br>२. लय, ताल र स्वरको उपयुक्त अभ्यास<br>३. यमन रागको विशेष अभ्यास<br>४. भैरव रागको सामान्य परिचय<br>५. त्रितालको परिचय र अभ्यास (१६ मात्रा)<br>६. दादरा, कहरवा, रूपक र त्रितालको तिगुन<br>७. major & minor scale को थप अभ्यास<br>८. Triplet अर्थात् एक विटमा ३ नोटको अभ्यास |
| **(ख) बाजाहरू-को परिचय र अभ्यास** | १. सुशीर वाद्य, ताल वाद्य, तन्त्री वाद्य र आधुनिक वाद्य<br>२. शास्त्रीय सङ्गीतमा प्रचलित प्रमुख वाद्य यन्त्रहरू<br>३. आधुनिक सङ्गीतमा प्रचलित प्रमुख वाद्य यन्त्रहरू<br>४. नेपालमा प्रचलित लोकबाजाहरू<br>५. स्थानीय बाजाहरूको | १. यमन रागको सामान्य परिचय<br>२. दादरा, करहवा, ख्याम्टा झपतालको सामान्य ज्ञान र अभ्यास<br>३. समान, दुगुन, चौगुनको परिचय र प्रयोग<br>४. स्थानीय बाजाहरूको परिचय<br>५ सुशीर वाद्य, ताल | १. स्थानीय बाजाहरूको परिचय र अभ्यास<br>२. सुशीर वाद्य, ताल वाद्य, तन्त्री वाद्य, आधुनिक वाद्य र धन वाद्य (वाद्य वर्गीकरण) विभिन्न आधारमा<br>३. major minor कर्डहरूको परिचय<br>४. विभिन्न बाजा तथा स्वरहरूको पहिचान |

| | | | |
|---|---|---|---|
| | परिचय र अभ्यास<br>६ वाद्य यन्त्रहरूको स्वर मिलाउने अभ्यास<br>७. शृङ्गार भेशभूषा/ अभिनयको ज्ञान र अभ्यास<br>८. नौ रसको सामान्य परिचय | वाद्य, तन्त्री वाद्य, आधुनिक वाद्य र धन वाद्य (वर्गीकरण ज्ञान)<br>६. विभिन्न बाजा तथा स्वरहरूको परिचय<br>७. स्वरलिपि तथा अलङ्कार अभ्यास | ५. स्वरलिपि ज्ञान र अलङ्कार अभ्यास<br>६. विभिन्न तालको ज्ञान<br>७. राग यमनको विशेष अभ्यास/भैरव रागको सामान्य परिचय र अभ्यास<br>८. त्रितालको अभ्यास/कहरवा, दादरा, रूपक तालको तिगुन अभ्यास |
| **(ग) नृत्य** | १. नेपालमा प्रचलित लोक नृत्यहरूको परिचय<br>२. मुद्राको परिचय<br>३. शृङ्गार/वेषभूषाको परिचय<br>४. अभिनयको ज्ञान र अभ्यास<br>५. नवरसको सामान्य परिचय<br>६. बालगीतमा हाउभाउ मिलाई नृत्य अभ्यास<br>७. चार मात्रा र छ मात्रालाई हातले ताली खाली मिलाई नृत्य अभ्यास<br>८. स्थानीय लोकनृत्यमा शब्दअनुसार नृत्य अभ्यास<br>९. स्थानीय गीत र सङ्गीतको तालमा नृत्य अभ्यास | १. नृत्यको परिचय र प्रकार<br>२. अङ्ग, प्रत्यङ्ग र उपाङ्गको परिचय र प्रयोग<br>३. शृङ्गार भेशभूषा , अभिनयको परिचय र अभ्यास<br>४. नव रसको सामान्य परिचय<br>५. स्थानीय तथा पारम्पारिक भेशभूषा र शृङ्गारको<br>६.. कुनै एक स्थानीय नृत्यको परिचय र अभ्यास<br>७. कुनै एक लोक नृत्यमा अभ्यास (भ्याउरे)<br>८. कुनै एक शास्त्रीय नृत्यको परिचय तथा | १. शृङगार भेशभूषा र अभिनयको परिचय, ज्ञान र अध्ययन<br>२. नव रसका बारेमा साधारण अध्ययन<br>- स्थानीय तथा पारम्पारिक भेशभूषा र शृङ्गारको ज्ञान<br>३. त्रितालमा हात तथा खुट्टा चलाउने अभ्यास साथै त्रितालको ज्ञा<br>४. नृत्यको परिचय र प्रकार : शास्त्रीय, नृत्य, लोक नृत्य आधुनिक आधुनिक नृत्य<br>५. अङ्ग, प्रत्यङ्ग र उपाङ्ग मुद्राहरूको परिचय र प्रयोग<br>६. स्थानीय नृत्यमा विशेष अभ्यास तथा |

| | | | |
|---|---|---|---|
| | | सामान्य ज्ञान | तालहरूको अभ्यास<br>७. कुनै एक लोक नृत्यको परिचय र अभ्यास (झ्याउरे, सोरठी र सङ्गिनी आदि) |
| **(घ) साङ्गीतिक गतिविधि** | १. बाल साङ्गीतिक गतिविधिमा सहभागिता र त्यस्ता गतिविधि आयोजना | १. बाल साङ्गीतिक गतिविधि आयोजना र प्रदर्शन | १. बाल साङ्गीतिक गतिविधि आयोजना र प्रदर्शन । |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

सङ्गीत मूलतः प्रयोगात्मक प्रकृतिको विषय हो । गायन, वाद र नृत्य तीनै ओटा कार्यहरू व्यवहारमा उतार्नका लागि यस विषयको शिक्षण गर्दा प्रयोगात्मक शिक्षण प्रक्रियालाई जोड दिन आवश्यक हुन्छ । प्रयोगात्मक रूपमा कार्य गर्नका लागि सैद्धान्तिक ज्ञानको समेत आवश्यकता पर्नुका साथै सङ्गीतको परिचय, महत्त्व, विकास क्रमका साथै विभिन्न प्रकारका बाजाहरू एवम् तिनको आवश्यक पर्दछ ।

यस विषयलाई व्यावहारिक र प्रयोगात्मक बनाउन शिक्षक, विद्यार्थी र विद्यार्थी विद्यार्थीबिच सामूहिक छलफल र प्रयोगात्मक कार्य निरन्तर रूपमा गर्नुपर्दछ । सिकेका ज्ञान र सीपलाई कक्षाकोठामा, विद्यालयमा, घरमा, रङ्गमञ्चमा तथा विभिन्न साङ्गीतिक कार्यक्रममा प्रयोग र प्रदर्शन गर्ने कार्यमा जोड दिनुपर्दछ । यस विषयको शिक्षण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीले अघिल्लो कक्षामा अध्ययन गर्न पहिले नै सिकिसकेका ज्ञान तथा सिपलाई पुनरावलोकन गर्दै थप नयाँ क्रियाकलाप गराउन आवश्यक हुन्छ । यस विषयको शिक्षण गर्दा निम्न लिखित विधि तथा प्रक्रियाहरू प्रयोग गरी शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्दछ :

१. छलफल तथा प्रश्नोत्तर विधि
२. प्रयोगात्मक विधि
३. प्रदर्शन विधि
४. समस्या समाधान विधि
५. खोज विधि
६. अध्ययन प्रमुख विधि
७. मञ्च प्रदर्शन विधि
८. श्रवण विधि आदि ।

यस विषयको शिक्षण गर्दा मूलतः बाजाहरू अनिवार्य रूपमा आवश्यक हुन्छन् । बाजाहरू नभएमा शिक्षण प्रक्रिया सैद्धान्तिक मात्र हुन जाने भएकाले बाजा विनाको शिक्षण सङ्गीत विषयमा असम्भव प्रायः हुन्छ । तसर्थ शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपूर्व आवश्यक सबै खाले बाजाहरूको व्यवस्था अनिवार्य हुन्छ । पाठ्यक्रमसँग सम्बन्धित सबै प्रकारका बाजाहरू तथा उपकरणहरू राख्नका लागि छुट्टै कोठाको व्यवस्था गरिनुपर्दछ । बाजाको प्रयोग गर्दा टुट्ने, फुट्ने गरी जथाभावी प्रयोग गर्नुहुँदैन । तसर्थ प्रत्येक बाजा चलाउनुअघि त्यसको प्रयोगका बारेमा बताउन जरुरी हुन्छ । त्यस्ता बाजा बजाउँदा अपनाउनुपर्ने सावधानीका बारेमा विद्यार्थीहरूलाई प्रयोग गर्नुपूर्व नै सचेत गराउनुपर्दछ ।

## ६. पाठ्य भार वितरण तालिका

| *क. स.* | *पाठ्यक्षेत्र* | *कक्षा ६ को पाठ्य भार* | | *कक्षा ७ को पाठ्य भार* | | *कक्षा ८ को पाठ्य भार* | |
|---|---|---|---|---|---|---|---|
| | | सैद्धान्तिक | प्रयोगात्मक | सैद्धान्तिक | प्रयोगात्मक | सैद्धान्तिक | प्रयोगात्मक |
| १. | सङ्गीतको परिचय | २५ | ५ | २० | १० | १५ | १५ |
| २. | गायन | १० | २५ | १० | २५ | १० | २५ |
| ३. | बाजाहरूको परिचय र अभ्यास | १० | २५ | १० | २५ | १० | २५ |
| ४. | नृत्य | १० | २० | १० | २० | १० | २० |
| ५. | साङ्गीतिक गतिविधि | ५ | १५ | ५ | १५ | ५ | १५ |
| **जम्मा** | | **६०** | **९०** | **५५** | **९५** | **५०** | **१००** |
| **कुल जम्मा** | | **१५०** | | **१५०** | | **१५०** | |

## ७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

मूल्याङ्कन प्रक्रिया शिक्षण सिकाइको अभिन्न अङ्ग हो । शिक्षण गरेपछि विद्यार्थीहरूले के कति मात्रामा सिके सिकेनन् र अपेक्षित उपलब्धि हासिल भयो भएन भनेर निरन्तर रूपमा विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । यसरी मूल्याङ्कन गरेपछि प्राप्त भएका पृष्ठपोषणका आधारमा आवश्यक मात्रामा सुधारात्मक शिक्षण गर्नुपर्दछ ।

सङ्गीत विषय शिक्षण गर्दा निम्न लिखित आधार लिई विद्यार्थी मूल्याङ्कन गरिने छ :

- निर्दिष्ट, विशिष्ट उद्देश्यहरू हासिल गर्न सके वा नसकेको परीक्षण गर्न
- नयाँ पाठ शिक्षणका लागि पूर्वाधार भए नभएको परीक्षण गर्न
- विद्यार्थी स्वयम्लाई आफूले गरेका प्रगतिसम्बन्धी पृष्ठपोषण दिन
- शिक्षणलाई उसको शिक्षण प्रभावकारिता सम्बन्धी पृष्ठपोषण दिन
- विद्यार्थीहरूलाई उनीहरूको उपलब्धि मापन गरी स्तर निर्धारण गर्न
- सङ्गीतको व्यावहारिक प्रयोगको उपलब्धि मापन गरी पृष्ठपोषण दिन र आवश्यक सुधार गर्न ।

## ८. मूल्याङ्कन विधि

विद्यार्थी मूल्याङ्कन औपचारिक तथा अनौपचारिक दुवै रूपमा हुने छ । यसका लागि निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन प्रयोग गरिने छ ।

### (क) निर्माणात्मक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कन गर्दा अवलोकन, सहभागिता, प्रयोगात्मक कार्य, मञ्च प्रदर्शन, छलफल आदिका मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिइने छ । कक्षाभित्र सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासहरू दिई तिनीहरूको मूल्याङ्कन गरी पृष्ठपोषण दिनुपर्दछ । गृहकार्यका रूपमा घर तथा क्षेत्र भ्रमणमा अभ्यास गराई समस्या समाधान गर्न उत्प्रेरित गर्नुपर्दछ । त्यस्तै प्रत्येक एकाइको अन्तमा सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गरी मूल्याङ्कन गरी पृष्ठपोषण दिने गर्नुपर्दछ ।

### (ख) निर्णयात्मक मूल्याङ्कन

यस तहमा मूलतः निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई जोड दिइने छ । तथापि विद्यार्थी मूल्याङ्कनका लागि आवश्यकताअनुसार त्रैमासिक, अर्धवार्षिक र अन्तिम परीक्षाको प्रयोग गर्न सकिने छ । यस्ता खाले प्रत्येक परीक्षामा सैद्धान्तिक र प्रयोगात्मक गरी दुवै किसिमका परीक्षा सञ्चालन गर्नुपर्ने छ । सैद्धान्तिक र प्रयोगात्मक परीक्षाको पाठ्यभार माथि उल्लेख भएको पाठ्यभार वितरण तालिकामा उल्लेख भएको सैद्धान्तिक र प्रयोगात्मक पाठ्यभार वितरणलाई आधार मानी तय गर्न सकिने छ । यस्ता परीक्षा मध्ये सैद्धान्तिक परीक्षाको उत्तीर्णाङ्क ३२ प्रतिशत र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ ।

## अनुसूची : १

### पाठगत निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम
### शैक्षिक सत्र .............

**कक्षा : ..................        विषय : ..........................................**

| क्र. सं. | विद्यार्थीको नाम | पहिलो त्रैमासिक | | | | | दोस्रो त्रैमासिक | | | | | वार्षिक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पाठ …. | पाठ …. | पाठ …. | ….. | औसत श्रेणी | पाठ …. | पाठ …. | पाठ …. | …. | औसत श्रेणी | पाठ …. | पाठ …. | पाठ …. | … . | औसत श्रेणी |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

कक्षा शिक्षकको हस्ताक्षर : ..............................        प्रधानाध्यापकको हस्ताक्षर : ...........................

**द्रष्टव्य :**

(क) पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुरालाई माथि दिइएको फाराममा तोकिएका मापदण्डका आधारमा क,ख वा ग दिने । अति उत्तम सिकेकालाई क, उत्तम सिकेकालाई ख र सामान्य सिकेकालाई ग दिने ।

(ख) प्रत्येक त्रैमासिकको अन्त्यमा विद्यार्थीले प्राप्त गरेका उपलब्धिका आधारमा उनीहरूको श्रेणी छुट्याएर सोको जानकारी विद्यार्थी र अभिभावकलाई दिनुपर्छ ।

(ग) प्रत्येक पाठमा निरन्तर मूल्याङ्कनका लागि आवश्यकतानुसार तल उल्लिखित मापदण्डहरू छनोट गरी उपयोग गर्नुपर्ने हुन्छ :

- प्रयोगात्मक कार्य वा परियोजना कार्य
- कक्षा सहभागिता
- सिकाइसम्बद्ध सिर्जनात्मक कार्यहरू
- कक्षा कार्य
- उपलब्धि परीक्षा (साप्ताहिक परीक्षा,एकाइ परीक्षा,मासिक परीक्षा)
- सिकाइ व्यवहारमा आएको परिवर्तन (सिकाइ उपलब्धि हासिल गरे नगरेको)
- ***शिक्षकले मूल्याङ्कन गर्न चाहेका अन्य पक्ष थप्न सकिने***

(घ) पाठगतरूपमा सिकेका कुरा मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइउपलब्धिहरू पूरा भएनभएको विचार गर्नुपर्छ । यसका लागि पाठ्यक्रमले निर्धारण गरेका सक्षमता र सिकाइ उपलब्धिका आधारमा समेत मूल्याङ्कन गर्न सकिने छ ।

**अनुसूची : २**

# श्रेणी निर्धारण प्रक्रिया

(क) पाठगत आधारमा अङक दिइसकेपछि हरेक त्रैमासिकमा अङकका आधारमा विद्यार्थीहरूलाई निम्नलिखित तरिकाले क, ख, ग श्रेणीमा छुट्याउने :

- ८० प्रतिशत र सोभन्दा माथि - **क** श्रेणी
- ६० प्रतिशत र सोभन्दा माथि ७९ प्रतिशतसम्म - **ख** श्रेणी
- ४० प्रतिशत र सोभन्दा माथि ५९ प्रतिशतसम्म - **ग** श्रेणी

(ख) पाठगत उपलब्धिको औसत निकाल्ने तरिका :

प्रत्येक पाठमा विद्यार्थीले प्राप्त गरेको श्रेणीलाई आधार मानी **क** पाएकामा ८०, **ख** पाएकामा ६० र **ग** पाएकामा ४० अङ्क ठानी त्रैमासिक अवधिमा प्राप्त गरेका **क,ख** वा **ग** को सम्पूर्ण अङ्कलाई सिकाइसकेका पाठ सङ्ख्याले भाग गरी औसत श्रेणी निर्धारण गर्ने

उदाहरणार्थ : गणित विषयमा पहिलो त्रैमासिकमा चारओटा पाठ सिकाइसक्दा विद्यार्थीले क्रमशः ग,ख,ख,क पाएमा उसको औसत श्रेणी (४०+ ६० +६०+ ८० = २४०/४ = ६०) **ख** हुन्छ ।

**अनुसूची : ३**

**श्री ............................................ विद्यालय**

## विद्यार्थी प्रगति विवरण

**शैक्षिक सत्र .............**

**विद्यार्थीको नाम : ........................................................** **कक्षा :......रो.नं. ..........**

**अभिभावकको नाम :.......................................................**

| विषय | (क) आवधिक मूल्याङ्कन ( ६० %) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पहिलो त्रैमासिक (लिखित र प्रयोगात्मक) | | दोस्रो त्रैमासिक (लिखित र प्रयोगात्मक) | | वार्षिक (लिखित र प्रयोगात्मक) | | जम्मा प्राप्ताङ्क (लिखित र प्रयोगात्मक) | कक्षाको अधिकतम प्राप्ताङ्क (लिखित र प्रयोगात्मक) |
| | पूर्णाङ्क १०% | प्राप्ताङ्क | पूर्णाङ्क ३०% | प्राप्ताङ्क | पूर्णाङ्क ६०% | प्राप्ताङ्क | | |
| १. नेपाली | ६ | | १८ | | ३६ | | | |
| २. अङ्ग्रेजी | ६ | | १८ | | ३६ | | | |
| ३. गणित | ६ | | १८ | | ३६ | | | |
| ४. सामाजिक अध्ययन तथा जनसङ्ख्या शिक्षा | ६ | | १८ | | ३६ | | | |
| ५. विज्ञान तथा वातावरण | ६ | | १८ | | ३६ | | | |
| ६. स्वास्थ्य तथा शारीरिक शिक्षा | ३ | | ९ | | १८ | | | |
| ७. नैतिक | ३ | | ९ | | १८ | | | |
| ८. पेसा,व्यवसाय र प्रविधि शिक्षा | ६ | | १८ | | ३६ | | | |
| ९.मातृभाषा वा स्थानीय विषय वा अन्य विषय | ६ | | १८ | | ३६ | | | |
| जम्मा | ४८ | | १४४ | | २८८ | | | |
| | **प्रतिशतः.........** **श्रेणीः.................** **स्तरः.... ...........** | | | | | | | |

## (ख) निरन्तर मूल्याङ्कन ( ४० %)

| मूल्याङ्कनका आधार | पाठ्यक्रममा उल्लिखित मापदण्डका आधारमा क,ख वा ग उल्लेख गर्ने (पत्रै= पहिलो त्रैमासिक,दोत्रै= दोस्रो त्रैमासिक, वा= वार्षिक) | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा | | | विज्ञान तथा वातावरण | | | स्वास्थ्य तथा शारीरिक शिक्षा | | | नैतिक | | | पेसा,व्यवसाय र प्रविधि शिक्षा | | | माभा/स्थावि/सं/कला/अन्य | | |
| | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | दोत्रै | दोत्रै | वा | दोत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा | पत्रै | दोत्रै | वा |
| प्रयोगात्मक कार्य वा परियोजना कार्य | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कक्षा सहभागिता | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सिकाइसम्बद्ध सिर्जनात्मक कार्यहरू | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कक्षा कार्य | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| उपलब्धि परीक्षा (**साप्ताहिक परीक्षा,एकाइ परीक्षा,मासिक परीक्षा**) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सिकाइ व्यवहारमा आएको परिवर्तन (सिकाइ उपलब्धि हासिल गरे नगरेको) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| *शिक्षकले मूल्याङ्कन गर्न चाहेका अन्य पक्ष थप्न सकिने* | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ***विषयगत औसत उपलब्धि*** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

**विद्यालय खुलेको दिनः.......... विद्यालयमा पढाइ भएको दिन :...... उपस्थित दिन :..........** **समग्र उपलब्धि**

**कक्षा शिक्षकको नाम : ......................** **प्रधानाध्यापकको नाम.................**

**हस्ताक्षर :** **हस्ताक्षर :**